नेपाली इतिहासको परिवेश

केही ऐतिहासिक र मसीजीवी

महेशराज पन्त

नेपाली इतिहासको परिवेश

केही ऐतिहासिक र मसीजीवी

नेपाली इतिहासको परिवेश

केही ऐतिहासिक र मसीजीवी

महेशराज पन्त

मार्टिन चौतारी

नेपाली इतिहासको परिवेश : केही ऐतिहासिक र मसीजीवी

महेशराज पन्त

पहिलो संस्करण : २०७७ (सन् २०२१)

प्रकाशक
मार्टिन चौतारी
२७ जीतजंग मार्ग, थापाथली
पोष्ट बक्स १३४७०; काठमाडौँ, नेपाल
फोन ४२३८०५०/४१०२०२७ । फ्याक्स ४२४००५९
e-mail: chautari@mos.com.np
www.martinchautari.org.np
ISBN: 978-9937-594-23-3
मूल्य : ३९९/- रुपैयाँ
चौतारी पुस्तक शृंखला - १०१
ले-आउट तथा आवरण सज्जा : किशोर प्रधान
काठमाडौँ, नेपालमा मुद्रित

विषयसूची

कृतज्ञता		छ
वाङ्मुख		झ
अध्याय १ :	*आज्ञापत्र, उपदेश* र *राजविधानसार*	१
अध्याय २ :	कवि मौलाराम र नेपाल	९
अध्याय ३ :	वि.सं. १८७७ को अङ्ग्रेजविरोधी कृति	१९
अध्याय ४ :	पण्डित अमृतानन्द बाँडा	२७
अध्याय ५ :	को हुन् भगवान्लाल इन्द्रजी ?	३५
अध्याय ६ :	हरप्रसाद शास्त्री र हस्तलिखित ग्रन्थको खोजी	४३
अध्याय ७ :	सेसिल बेण्डल र नेपालको ऐतिहासिक अन्वेषण	५३
अध्याय ८ :	सिल्विं लेवि र नेपालको इतिहासको खोजी	६१
अध्याय ९ :	लेविमा लाञ्छना ?	७१
अध्याय १० :	दिव्यदेव पन्त र उनको *शाहवंशचरित*	८१
अध्याय ११ :	पर्सिभल ल्याण्डन र उनको नेपालको इतिहास	८९
अध्याय १२ :	विद्वच्छिरोमणि हेमराज पण्डित	९९
अध्याय १३ :	इतिहासशिरोमणि बाबुराम आचार्य	१०७
अध्याय १४ :	शुक्रराज शास्त्री र उनको शहादत	११५
अध्याय १५ :	नेपालको इतिहासको खोजी र जूजेप्पे तुच्चि	१२३
अध्याय १६ :	अम्बिकाप्रसाद उपाध्याय र उनको *नेपालको इतिहास*	१३५
अध्याय १७ :	सूर्यविक्रम ज्ञवालीका इतिहास	१४५
अध्याय १८ :	जयचन्द्र विद्यालंकार र नेपालसँग उनको सम्बन्ध	१५१
अध्याय १९ :	बालकृष्ण सम, अनि उनको विषयमा नयराज पन्त	१६३

अध्याय २० : *ब्राह्मणमहासम्मेलन* र जगन्नाथ गुरागाञी १७१
अध्याय २१ : यदुनाथ खनाल, अनि उनीसँग नयराज पन्त जोडिएको कथा १८१
अध्याय २२ : डिल्लीरमण रेग्मीको *मेडिइभल नेपाल* र संशोधन-मण्डल १८७
अध्याय २३ : योगी नरहरिनाथ १९५
अध्याय २४ : धनवज्र वज्राचार्य र ऐतिहासिक आकरको परिशीलन २०३
अध्याय २५ : नेपालमा पुराविद्याको खोजी २०९
सन्दर्भ सामग्री २१९
व्यक्ति अनुक्रमणिका २४९

कृतज्ञता

यस पुस्तकमा सङ्गृहीत लेख यसअघि अन्यत्र प्रकाशित भैसकेका हुन् । अध्याय १ : *आज्ञापत्र, उपदेश* र *राजविधानसार* (शीर्षक परिवर्तित), *राजधानी*, २०७१ कात्तिक २, पृ. ७ । अध्याय २ : कवि मौलाराम र नेपाल, *राजधानी*, २०७२ चैत २७, पृ. ३ । अध्याय ३ : वि.सं. १८७७ को अङ्ग्रेजविरोधी कृति (शीर्षक परिवर्तित), *राजधानी*, २०७१ असोज १३, पृ. ७ । अध्याय ४ : पण्डित अमृतानन्द बाँडा, *राजधानी*, २०७१ असार १, पृ. ७ । अध्याय ५ : को हुन् भगवान्लाल इन्द्रजी ? *राजधानी*, २०७२ मंसिर ५, पृ. ४ । अध्याय ६ : हरप्रसाद शास्त्री र हस्तलिखित ग्रन्थको खोजी (शीर्षक परिवर्तित), *राजधानी*, २०७२ पुस ४, पृ. ४ । अध्याय ७ : सेसिल बेण्डल र नेपालको ऐतिहासिक अन्वेषण (शीर्षक परिवर्तित), *राजधानी*, २०७२ मंसिर १९, पृ. ४ । अध्याय ८ : सिल्विं लेवि र नेपालको इतिहासको खोजी, *राजधानी*, २०७३ असार ४, पृ. ३–४ । अध्याय ९ : लेविमा लाञ्छना ? *राजधानी*, २०७३ भदौ ११, पृ. ३–४ । अध्याय १० : दिव्यदेव पन्त र उनको *शाहवंशचरित*, *राजधानी*, २०७२ पुस १८, पृ. ४ । अध्याय ११ : पर्सिभल ल्याण्डन र उनको नेपालको इतिहास, *राजधानी*, २०७२ फाल्गुन १, पृ. ३ । अध्याय १२ : विद्वच्छिरोमणि हेमराज पण्डित, *राजधानी*, २०७१ असार १५, पृ. ७ । अध्याय १३ : इतिहासशिरोमणि बाबुराम आचार्य (शीर्षक परिवर्तित), *राजधानी*, २०७० चैत २, पृ. ७ / को हुन् त नयराज पन्त, २०७१, पृ. २३४–२४६ । अध्याय १४ : शुक्रराज शास्त्री र उनको शहादत (शीर्षक परिवर्तित), *राजधानी*, २०६९ माघ १५, पृ. ७ । अध्याय १५ : नेपालको इतिहासको खोजी र जूजेप्पे तुच्चि (शीर्षक परिवर्तित), *राजधानी*, २०७२ कात्तिक १५, पृ. ४ । अध्याय १६ : अम्बिकाप्रसाद उपाध्याय र उनको *नेपालको इतिहास*, *राजधानी*, २०७२ माघ २, पृ. ४ । अध्याय १७ : सूर्यविक्रम ज्ञवालीका इतिहास (शीर्षक परिवर्तित), *राजधानी*, २०७१ फागुन १, पृ. ७ । अध्याय १८ : जयचन्द्र

विद्यालंकार र नेपालसँग उनको सम्बन्ध, *राजधानी*, २०७३ वैशाख २५, पृ. ३, १० । अध्याय १९ : बालकृष्ण सम, अनि उनको विषयमा नयराज पन्त, *राजधानी*, २०६९ चैत १, पृ. ७ / *को हुन् त नयराज पन्त*, पृ. १८०–१८७ । अध्याय २० : *ब्राह्मणमहासम्मेलन* र जगन्नाथ गुरागाञी, *राजधानी*, २०७१ जेठ १५, पृ. ७ । अध्याय २१ : यदुनाथ खनाल, अनि उनीसँग नयराज पन्त जोडिएको कथा (शीर्षक परिवर्तित), *राजधानी*, २०७० कात्तिक ३, पृ. ७ / *को हुन् त नयराज पन्त*, २०७१, पृ. २१९–२२५ । अध्याय २२ : डिल्लीरमण रेग्मीको *मेडिइभल नेपाल* र संशोधन-मण्डल, *राजधानी*, २०७० फागुन १, पृ. ७ । अध्याय २३ : योगी नरहरिनाथ (शीर्षक परिवर्तित), *राजधानी*, २०७० फागुन १५, पृ. ७ / *को हुन् त नयराज पन्त*, २०७१, पृ. २२६–२३३ । अध्याय २४ : धनवज्र वज्राचार्य र ऐतिहासिक आकरको परिशीलन (शीर्षक परिवर्तित), *राजधानी*, २०६९ चैत १५, पृ. ७ । अध्याय २५ : नेपालमा पुराविद्याको खोजी, *राजधानी*, २०७१ असोज १, पृ. ७ ।

वाङ्मुख

नास्य श्लाघामकलितगुणः पोषयन् प्रीतये नः
कोऽन्धैश्चित्रस्तुतिशतविधौ शिल्पिनः स्यात् प्रकर्षः ।
निन्दामेव प्रथयतु जनः किन्तु दोषान् निरूप्य
प्रेक्षांस्तथ्यस्खलितकथनं प्रीणयेदेव भूयः ॥

– उदयन

(यसको सहनी गर्ने निर्गुण मानिसले हामीलाई प्रसन्न पार्दैन । अन्धाहरूले गरेका तस्वीरका सयौँ तारिफले कालीगडको के बढ्ती हुन्छ र । मानिसहरूले निन्दै फैलाऊन्, तर दोष खोजेर । तथ्यबाट चुकेको कुरा भन्दा बुद्धिमान्हरूलाई ज्यादै नै खुशी पार्छ ।)

नेपाली इतिहासको आकरको खोजीमा म लागेको र श्रीयोगेश राज पनि त्यही काममा लागेकाले वर्षौंवर्षदेखि हामी नजीकिएका थियौँ । त्यही विषयवस्तुमा हामीबीच शास्त्रचर्चा भन्ने कि गफगाफ भन्ने बराबर हुने गर्थ्यो । वि.सं. २०७३ बर्खाको कुरा हो । मैले *राजधानी* दैनिकमा पपन्ध्र दिनमा लेख छाप्न थालेको साढे चार वर्ष जति भइसकेको थियो । त्यहाँ छापिएका लेखको सङ्ख्या पनि सवा सयभन्दा बढी भइसकेको थियो । *राजधानी*मा छापिएका लेखमध्ये केही मार्टिन चौतारीबाट पुस्तकाकारमा छपाउन पाए हुन्थ्यो भनी एक दिन कुरैकुरामा श्रीयोगेश राजले भनेकाले मैले नाइँनास्ति गरिनँ र कुरा अगाडि बढ्दै गयो । अनि मैले त्यस वेलासम्म छापिएका सबै लेखको फाइल ई-मेलद्वारा पठाइदिएँ । त्यसबाट २५ ओटा लेख मार्टिन चौतारीबाट छनोट भई प्रकाशित हुने ठहर भयो । तीमध्ये

चार ओटा लेख मेरो *को हुन् त नयराज पन्त* (संशोधन–मण्डल, २०७१) मा परिमार्जित रूपमा छापिई पनि सकेका थिए ।

मार्टिन चौतारीको शैलीमा पच्चीसै ओटा लेखको सम्पादन श्रीलोकरञ्जन पराजुलीबाट परिश्रमपूर्वक भएको कुराको सम्झना यस प्रसङ्गमा अनायास हुन्छ । विभिन्न समयमा छुट्टाछुट्टै छापिएका ती लेखमा दोहरिएका प्रसङ्ग पनि उहाँले हटाइदिएपछि ती लेख पुस्तकाकारमा छरिता देखिए । ती लेखको सँगालो मकहाँ आइपुगेपछि *राजधानी*मा छाप्दा स्थानाभावले खुम्चिएका विषयवस्तु र सन्दर्भग्रन्थसूची फैलाउने काम मैले गरें । पूरै पुस्तक मार्टिन चौतारीको शैलीमा ढालिएको भए पनि मैले संस्कृत शब्दको हकमा भने पुरानै वर्णविन्यास यहाँ कायम राखेको छु । त्यसपछि श्रीकिशोर प्रधानबाट मेरो थपथाप र काटकुटअनुसार मनोयोगपूर्वक सच्याउने काम भयो । यसरी आठ पटकसम्म लेखमा परिष्कारको सिलसिला चल्यो र कुनै कुनै लेखको त कायाकल्प नै हुन गयो । श्रीयोगेश राजले एकपटक आद्योपान्त पढी सुझाव दिनाले पनि पुस्तकको सौष्ठव अझ बढेको छ ।

नेपालको इतिहास किंवा पुराविद्याको खोजीको र नेपाली मसीजीवित्वको इतिहासतर्फ यस पुस्तकले रुचि जगाउन सक्यो भने मेरो यो प्रयास सफल हुनेछ भन्ने मैले ठानेको छु ।

जान्ने सुन्ने जनहरु कुनै लेख मेरो सुनेर
देख्लान् केही त्रुटिहरु, तिनी ती गराऊन् प्रकाश ।
श्रद्धा राखी मतिर अथवा द्वेष राखी ममाथि
झूटा चर्चा यसतिर नहून्, यत्ति मेरो छ बिन्ती ।।

– नयराज पन्त

महेशराज पन्त

वि.सं. २०७७।८।१६।३, संशोधन-मण्डल

१

आज्ञापत्र, उपदेश र राजविधानसार

पश्चिमसागर अर्थात् आजभोलिको भाषामा अरबसागरको पूर्वपट्टि रहेको बीजापुर सल्तनतको कमजोरीबाट उठ्दै गएको मरहट्ठा भोँसलेवंशका शिवाजीले वि.सं. १७३० सम्म स्वतन्त्र मरहट्ठा साम्राज्यको स्थापना गरिसकेका थिए । वि.सं. १७३१ ज्येष्ठशुक्ल त्रयोदशीको दिन धूमधामसँग उनको राज्याभिषेक भयो र त्यसै वेला उनले शककर्ता (संवत्प्रवर्तक), क्षत्रियकुलावतंस (क्षत्रियकुलका गहना) र छत्रपति (छाताका मालिक अर्थात् एकच्छत्र राजा) पदवी लिए । त्यस वेलादेखि छत्रपति पदवी उनको र उनका छोरानातिको नाउँअगाडि रहन लाग्यो । आफ्नो शासन चलाउन शिवाजीले आठ जना मन्त्री नियुक्त गरेका थिए । त्यस मन्त्रिपदका बहालवालाहरू अष्टप्रधान भन्ने सामूहिक नामले पुकारिन्थे । यी मन्त्रीहरूको नियुक्ति शास्त्रीय परम्पराअनुसार भएको थियो । उदाहरणका लागि, राजा दशरथका आठ जना अमात्य (मन्त्री) भएको कुरा *वाल्मीकीय रामायण* (बालकाण्ड ७ सर्ग १–३ श्लोक) मा छ । त्यस्तै, *महाभारत* (शान्तिपर्व ८५ अध्याय ९–११ श्लोक) मा आठ जना मन्त्री बनाउनू भनिएको र सात वा आठ सचिव (मन्त्री) बनाउनू भनी *मनुस्मृति* (७ अध्याय ५४ श्लोक) मा उल्लेख छ । *मनुस्मृति*को यही श्लोकको प्रभावमा पण्डितराज रङ्गनाथ पौड्यालले आफ्नो *राजविधानसार* (१ विलास ४७ श्लोक) मा पनि सात वा आठ अमात्य बनाउनुपर्छ भनी लेखेका छन् ।

शिवाजीको राजकाजमा अष्टप्रधानहरूलाई मुख्यप्रधान, अमात्य, सेनापति, पण्डितराव, न्यायाधीश, सचिव, मन्त्री र सुमन्त गरी पद विभाजन गरिएको थियो । दोस्रो तहका अर्थात् खास गरी अर्थसम्बन्धी कामकार्वाइ गर्ने मन्त्रीलाई मरहट्ठा शासनमा अमात्य भनिन्थ्यो । शिवाजीका त्यस्ता अमात्य रामचन्द्र नीलकण्ठ बावाडेकर किंवा रामचन्द्र पन्त थिए । अमात्य

पदमा नियुक्त भएकाले रामचन्द्रको नाउँमा अमात्य गाँसिएको हो । गुजराती र मरहट्ठाहरूमा आफ्नो नाउँपछि बाबुको नाउँ राखेर मात्र थर लेख्ने चलन भएकोले उनको नाउँ रामचन्द्र नीलकण्ठ बावाडेकर पनि चलेको हो । सह्य पर्वत र पश्चिमसागरको बीचमा बढीमा २७ कोस मात्र चौडा भएको कोङ्कण देश पन्तहरूको मूल थलो भएको र त्यहाँबाट केही पन्तहरू कुमाउमा बसोबास गर्न थालेकाले पन्त थर भएकाहरू सामान्यतया उत्तर भारतमा कुमाउनी र नेपालमा कुमाई ब्राह्मण कहिन्छन् । तर पण्डित शब्दको अपभ्रंशको रूपमा पन्त चलेको र मन्त्रीको अर्थमा मराठी भाषामा अहिलेसम्म पनि पन्त शब्द चलेकोले महाराष्ट्रिय समाजमा ब्राह्मणहरूले आफ्नो थर नलेखी पन्त लेख्ने चलन पनि देखिएको छ । यसैले रामचन्द्रको थरको ठाउँमा पन्त र उनी अमात्य भएकाले उनलाई अमात्य पनि भनिएको हो ।

तस्वीर १.१ : रामचन्द्र पन्त अमात्य (इन्टरनेटमा उपलब्ध) ।

वि.सं. १७३६ मा शिवाजी परलोक भएपछि उनका कान्छा छोरा राजारामलाई गद्दीमा राखियो । तर, शिवाजीका जेठा छोरा संभाजीले यसको तीन महिनापछि सौताने भाइ राजारामलाई गद्दीबाट हटाई आफू राजा भए । मुगल बादशाह औरंगजेबको प्रयोगबाट वि.सं. १७४५ मा संभाजी मारिएपछि राजाराम फेरि राजा भए । यस वेलासम्म पनि रामचन्द्र पन्त आफ्नो पदमा बहालै थिए । आजभोलि तमिलनाडुमा पर्ने जिञ्जीमा वि.सं. १७४६ मा लडाइँको लागि जानुभन्दा अगाडि राजारामले रामचन्द्र पन्तलाई राज्यको कारोवार जम्मै सुम्पी हुकूमतपन्हा अर्थात् राज्यको नायब दर्जाले विभूषित गरे । वि.सं. १७५६ मा राजाराम बितेपछि संभाजीका छोरा शाहूजीलाई औरंगजेबले थुनिराखेकाले राजारामकी

रानी ताराबाईले आफ्ना बालक छोरा द्वितीय शिवाजीको नायबको हैसियतले राजकाज चलाइन् । वि.सं. १७६३ मा औरंगजेब बितेपछि शाहूजीले छुटकारा पाएपछि मात्र वि.सं. १७६४ मा उनको राज्याभिषेक गरियो । शिवाजीका अर्का नाति द्वितीय संभाजीलाई राजकाज सिकाउन रामचन्द्र पन्त अमात्यले वि.सं. १७७२ मा *आज्ञापत्र* भन्ने पुस्तक लेखेका हुन् । मूल पुस्तक महाराष्ट्रबाट वारंवार छापिएको छ (उदाहरणको लागि, जोशी र भिंगारे सन् १९६०) र यसको अङ्ग्रेजी उल्था पनि दुई पटक भएको मलाई थाहा भए पनि पढ्न भने पाएको छैन (पुणताम्बेकर सन् १९२९; कुलकर्णी मिति नखुलेको) ।

हुकुमतपन्हा रामचंद्रपंत अमात्य यांचें

आज्ञापत्र आणि राजनीति

: १ : प्रास्ताविक व शिवाजी महाराजांची कारकीर्द

स्वस्ति श्रीराज्याभिषेक शके ४२, मन्मथनाम संवत्सरे मार्गशीर्ष शुद्ध चतुर्थी गुरुवासरे, [शनिवार?] क्षत्रियकुलावतंस श्रीराजा शंभु छत्रपति स्वामी यांणीं समस्तराजकार्यधुरंधर विश्वासनिधि राजमान्य राजश्री रामचंद्र पंडित अमात्य हुकुमतपन्हा यांसी आज्ञा केली ऐसी जे:—

१. कोल्हापूरकर संभाजीच्या राज्याभिषेकाच्या वेळची स्थिति

स्वामी राज्यासनारूढ जाहले असतां सर्वांचीं समाधानें केलीं. राज्याचा सर्वही अर्थ मनास आणिला. त्यास सकळही लहान थोर सेवक राज्याचे विज्वर प्रसंगामुळें कितीएक आपलाले योगक्षेमाविषयीं

रा. प्रतीची सुरवात:—

(श्लोक)

(श्रीमन्महागणाधिपतये नमः ।
श्रीमन्महासरस्वत्यै नमो नमः ।
श्रीसांबपरब्रह्मणे नमो नमः ।
श्री म्हालसाकांत—मलारिमार्तंडाय नमः ॥)

तस्वीर १.२ : आज्ञापत्रको सन् १९६० मा प्रकाशित संस्करणको पहिलो पृष्ठ ।

नौ प्रकरणमा बाँडिएको *आज्ञापत्र*को पहिलो प्रकरणमा प्रस्तावना र शिवाजीको पालाको कुरा छ । दोस्रो प्रकरणमा शिवाजीका जेठा छोरा संभाजीको पालाको र कान्छा छोरा राजारामको पालाको कुरा छ । तेस्रो प्रकरण राजकर्तव्यको, चौथो प्रकरण मन्त्रिमण्डलको, पाचौँ सावकार अर्थात् साहूमहाजनहरूको, छैटौँ वतनदार अर्थात् परम्परागत रूपले जग्गाजमीन भोग गर्नेको, सातौँ वृत्ति अर्थात् सरकारी इनामको, आठौँ दुर्ग अर्थात् किल्लाको

र नवौँ आरमार अर्थात् नौसेनाको विषयमा छ । शिवाजीको राज्याभिषेक भएको बयालीसौँ वर्षमा मोडी लिपिले मराठी भाषामा सङ्घट्टित रूपमा लेखिएको त्यस पुस्तकमा कहींकहीं नीतिश्लोकको पनि उद्धरण भएको छ । रामचन्द्र पन्त र पृथ्वीनारायण शाह दुवै प्रयोक्ता अर्थात् राजकाजमा लागेका हुनाले यस *आज्ञापत्र*को तुलना आफ्नो अन्तिम अवस्थामा पृथ्वीनारायणले सुनाएर गएको *उपदेश*सँग हुनु भरतखण्डको इतिहासको गम्भीर परिशीलनको लागि अत्यावश्यक छ ।

पृथ्वीनारायणले "दषिनको समुन्द्रका बादशाहसित घाहा ता राष्नु. तर त्यो महाचतुर छ" भन्नुभन्दा ५९ वर्षअगाडि नै रामचन्द्रले टोपीकर अर्थात् युरोपियनहरू, अझ खुलाएर भन्दा भारतप्रवेश गरेका फिरंगी (पोर्तुगीज), इंग्रज (अङ्ग्रेज), वलंदे (डच), फरासीस (फ्रेन्च) र डिंगमार (डेनिश) आदि जहाज बनाउने काममा र तोपबन्दूक, गोलाबारुद बनाउने र चलाउने काममा हामीभन्दा ज्यादा होशियार छन्, यिनीहरूलाई यहाँ बस्नको लागि जग्गाजमीन दिनु हुँदैन, दिए किल्ला बनाएर यिनीहरूले हामीलाई दुःख दिन्छन् भनी लेखेका छन् । जयचन्द्र विद्यालंकार (सन् १९५९ : १५३) ले लेखे जस्तै जहाज र हातहतियार बनाउन सक्ने भएकाले युरोपियनहरूलाई भारतमा बस्न दिनु हुँदैन भन्ने कुरा मात्र रामचन्द्रको मनमा आयो, उनीहरूबाट त्यस्तो विद्या सिक्ने कुरा आएन ।

तस्वीर १.३ : पृथ्वीनारायण शाहको तात्कालिक मूर्ति (हाल नुवाकोट दरबारमा राखिएको) ।

रामचन्द्रले आफ्ना राजालाई शिक्षित पार्न राजनीतिसम्बन्धी पुस्तक लेखे जस्तै रङ्गनाथ पौड्यालले पनि आफ्ना राजा गीर्वाणयुद्धविक्रम शाहको लागि *राजविधानसार* भन्ने पुस्तक संस्कृत पद्यमा लेखेका छन् । राष्ट्रिय अभिलेखालयले वि.सं. २०४० मा नेपाली उल्थासहित यो पुस्तक छापेको छ (गौतम २०४०) । तर पुस्तकको सम्पादन र उल्थाको तह पुरातत्त्व विभागबाट छापिने धँरैजसो पुस्तकको भन्दा माथि उठ्न सकेको छैन । दुई विलास (अध्याय) मा *राजविधानसार* बाँडिएको छ । पहिलो विलासमा ६७ श्लोक छन् भने दोस्रो पहिलोभन्दा साढे तीन गुनाभन्दा ठूलो आकारको (२४१ श्लोक) छ । शास्त्रीय ढङ्गले लेखिएको त्यस पुस्तकमा व्यावहारिकभन्दा सैद्धान्तिक कुराको बाहुल्य छ । *आज्ञापत्र*मा जस्तो वस्तुगत कुरा कम छ । रामचन्द्रको *आज्ञापत्र* र पृथ्वीनारायणको *उपदेश*मा जस्तो तात्कालिक राजनीतिको विषयमा रङ्गनाथको *राजविधानसार*मा एक शब्द पनि परेको छैन ।[1] एक प्रकारले भन्दा प्राचीन नीतिशास्त्रहरूको यो अनुकृति मात्र हो । नेपालमा पछि मन्त्री हुनेले लेखेको पुस्तकमा राजनीतिको व्यावहारिक कुरा नहुनु र त्यस्ता व्यावहारिक कुरा महाराष्ट्रका मन्त्रीले लेखेको पुस्तकमा हुनुको कारण आफूले अनुभव गरेको कुरा नलेख्ने र पढेको आदर्श कुरा मात्र पुस्तकमा लेख्ने परिपाटी भएकोले हो जस्तो मलाई लाग्छ ।

पृथ्वीनारायण शाह पढेलेखेका मान्छे थिएनन् । आफ्नो जन्मजात प्रतिभाले उनले तात्कालिक राजनीति हृदयङ्गम गरेका थिए । रामचन्द्र पन्त अमात्यले कति शिक्षा पाएका थिए, मलाई थाहा छैन । तर उनको लेखाइको हिसाबबाट उनले राम्रो शिक्षा हासिल गरेको अनुमान लगाउन सकिन्छ । *राजविधानसार*का कर्ता रङ्गनाथ पौड्याल भने उच्चशिक्षित थिए, त्यसैले उनले पण्डितराजको उपाधि पाएका थिए । रङ्गनाथले काममा खटाइनेहरूलाई मुख्य गरी गुरु, पुरोहित, धर्माध्यक्ष अर्थात् धर्माधिकार, सेनापति, कोशपति अर्थात् खजाञ्ची, भाण्डागारिक अर्थात् भँडारे, भिषक् अर्थात् वैद्य, कार्तान्तिक अर्थात् ज्योतिषी, सूद अर्थात् भान्से, द्वारपाल, चर अर्थात् जासूस, दूत, भृत्य अर्थात् नोकर र भक्तमा छुट्याएका छन् (१ विलास २३–४३ श्लोक) । शूरो, अर्थशास्त्रमा निपुण, हातहतियार चलाउन तालिम पाएको, लडाइँको रीतिमा चलाख, चतुरङ्गसेना अर्थात् हात्ती, घोडा र रथ चढेर लड्ने तथा पैदल हिँडेर लड्ने सेना सञ्चालन गर्न सक्ने, राजाको आदेश सधैँ पालना गर्ने, सल्लाह दिन सक्ने सेनापति हुनुपर्छ भनी *राजविधानसार* (१ विलास ३० श्लोक) मा लेखिएको छ । जुन समयमा रङ्गनाथ हुर्केबढे, त्यस वेला चतुरङ्ग सेनाको प्रयोग हुन्थेन । उनले शस्त्रविद्या भनेर कुनै शस्त्रविशेषको नाउँ पनि तोकेका छैनन् । त्यसताका पठनपाठनमा अर्थशास्त्र पनि थिएन । यी कारणले उनले सेनापतिको योग्यताको जुन बयान गरे, त्यो उनले शास्त्रमा पढेको कोरा सिद्धान्तको अनूक्ति मात्र हो भन्दा अत्युक्ति हुँदैन ।

[1] यस विषयमा नयराज पन्त २०१९ख : ७८–७९ पनि हेर्नुहोस् ।



तस्वीर १.४ : पृथ्वीनारायण शाहको उपदेशको पहिलो पृष्ठ (अभिलेख अङ्क ३ बाट) ।

रङ्गनाथको *राजविधानसार* कति कोरा सैद्धान्तिक र परम्परावादी छ भन्ने कुराको नमूनाका लागि पूर्वाह्न (मध्याह्नअघि) को राजाको दिनचर्या सम्बन्धमा त्यहाँ लेखिएका कुराको चर्चा गर्नु उपयुक्त हुन्छ : बिहान उठेर गुरुको ध्यान गरेर ईश्वरको स्तुति गर्नू (२ विलास ११ श्लोक); मन्त्र पढेर दतिवन गर्नू (१२–१३ श्लोक); मन्त्र पढेर नुहाउनू, सन्ध्या र होम गर्नू (१४ श्लोक); मान्नुपर्नेलाई ढोगेर विद्यागृह (पाठशाला) मा जानू, त्यहाँ वेद जान्ने चोखा बूढा ब्राह्मणहरूसँग सङ्गत गर्नू (१५ श्लोक); विद्याको लागि तिनीहरूबाट रातोदिन विनय प्राप्त गर्नू (१६ श्लोक); दण्डनीतिमा शुक्रको तन्त्र अर्थात् नीति, बृहस्पतिको ग्रन्थ र कौटल्यको मत, संसार पैसाले चल्ने हुनाले वार्ता अर्थात् कृषि, पशुपालन र बेपार, त्रयी अर्थात् वेद, आन्वीक्षिकी अर्थात् दर्शनशास्त्र पढ्नू (१७ श्लोक); ब्राह्मणहरूलाई रत्न, सुन, चाँदी, अन्न, आदि दान दिनू (३८ श्लोक); अब्राह्मणमा दान दिनाले काम छैन, सामान्य ब्राह्मणलाई दान दियो भने दोबर, आचार्य अर्थात् विद्वान् ब्राह्मणमा दान दियो भने हजारगुना,

तस्वीर १.५ : रङ्गनाथ पौड्याल (इन्टरनेटमा उपलब्ध) ।

वेद पढेको ब्राह्मणलाई दान दियो भने अनन्तगुना फलप्राप्ति हुन्छ (४१ श्लोक); अनि बाहुनहरूलाई ढोगी बिदा गरेर बिहान गर्नुपर्ने काम सिद्ध्याउनू (४२ श्लोक); रनिवासका पत्यारिला सेवकहरूसँग सँगै बसेर मुख्य मुख्य वैद्यहरूलाई ल्याएर औषधि आदि सेवन गर्नू (४३ श्लोक); सबै प्रकारका औषधि, पिउने कुरा, पानी अरूहरूलाई खुवाएर मात्र खानू (४४ श्लोक) ।

कौटलीय अर्थशास्त्र (१.१९.९–१२) मा एक दिन अर्थात् ६० घडीलाई १६ भागमा बाँडी राजाको दिनचर्याको विषयमा खुलाएर लेखिएको छ । ६० घडी अर्थात् २४ घण्टालाई १६ भागमा बाँडिएकोले १ भागमा ९० मिनेट पर्छ । त्यसअनुसार पूर्वाह्न अर्थात् बिहानको ६ घण्टाभित्र दिनको पहिलो भागमा राजाले रक्षासम्बन्धी र आम्दानी खर्चसम्बन्धी कुरा सुन्नू; दोस्रो भागमा पौर अर्थात् शहरिया र जानपद अर्थात् देशको अरू भागमा बस्नेहरूको कामकुरा हेर्नू; तेस्रो भागमा नुहाउनू, खानू र स्वाध्याय गर्नू; चौथो भागमा मालपोत नगदहरू बुझ्नू र विभिन्न विभागका अध्यक्षसँग भेटघाट गर्नू भन्ने बुझिन्छ ।

*राजविधानसार*अनुसार राजाको बिहान खास गरी धर्मकर्ममा बित्ने र *कौटलीय अर्थशास्त्र*अनुसार भने मुख्य गरी राजकाजमै बित्ने देखिन्छ । *राजविधानसार* प्रयोगमा नआउने एउटा आदर्श ग्रन्थ हो, यसबाट राजकाज हुने होइन । खालि ग्रन्थकारको शास्त्रीय पाण्डित्य मात्र यस पुस्तकमा प्रतिविम्बित छ ।



श्रीगणेशायनमः॥श्रीगुरुचरणाभ्यांनमः॥प्रण
म्यगोविन्दपदारविन्दंदेवीगिरांगौरवमंद्रियुग्म
म्॥लोकद्वयानन्दकरंकरोतिगूढाशयंराज
विधानसारम्॥१॥नानानिबंधनविलोकन
खेदशान्त्यैसंगृह्यधर्मनयमूलवचोविभाव्य
सारंनिगृह्यनृपशिक्षणकौतुकायश्रीरङ्गना
थकृतिनारचितोनिबन्धः॥२॥नेपालदेशा
लिककांतिपुर्योगीर्वाणयुद्धोत्तरविक्रमस्य॥
राजाधिराजस्यमनःसरोजेप्रकाशयेद्राजवि
धानसारः॥३॥पूर्णाङ्गोधर्मनिष्ठोगुणगण
निपुणःशक्तिसंपन्नसारोनानोपायप्रकाराव
सररचनविन्नीतिविज्ञःकलावान्॥भूपाले
न्द्रोविपक्षंतृणमिवलघयन्नीतिचर्याकला
पैर्यावज्जीवंप्रमोदंवहुविततयशोविन्दतेस्व

तस्वीर १.६ : राजविधानसारको लेखोट पुस्तकको पहिलो पृष्ठ (राष्ट्रिय अभिलेखालयबाट)।

सारांशमा, रामचन्द्र पन्तको *आज्ञापत्र* र पृथ्वीनारायण शाहको *उपदेश* जस्ता पुस्तक राजनीतिको परिशीलनको लागि उपयोगी हुन सक्छन्, तर रङ्गनाथ पौड्यालको *राजविधानसार* जस्तो पुस्तकले राजनीति बुझ्न सघाउँदैन।

१

कवि मौलाराम र नेपाल

मुगल बादशाह शाहजहाँका चारभाइ छोरा थिए । तीमध्ये जेठा दारा शिकोह बाबुको हजुरिया भई दिल्ली-आगरातिर रहन्थे । माहिला छोरा शुजा पूर्व भारतका, साहिँला छोरा औरंगजेब दक्षिण भारतका र कान्छा छोरा मुराद पश्चिम भारतका शासक बनाइएका थिए । वि.सं. १७१४ असोजमा कडा रोग लागी शाहजहाँ ओछयान परेपछि उनले जेठा छोरा दारा शिकोहलाई उत्तराधिकारी छाने । तर अरू तीन भाइले पनि गद्दीमा दावी गरी शुजाको सेनाले तथा औरंगजेब र मुरादको संयुक्त सेनाले राजधानी कब्जा गर्न खोज्यो । बादशाहको सेनाले शुजाको सेनालाई रोक्न सके पनि औरंगजेब र मुरादको संयुक्त सेनालाई रोक्न सकेन । यसको परिणाम वि.सं. १७१५ जेठको ठूलो लडाइँमा युवराज दाराको हार भयो र उनी राजधानी छाडी भागे ।

त्यस वेला दाराका जेठा छोरा सुलेमान शिकोह इलाहाबादको किल्लामा ससैन्य थिए । आफ्ना बाबुलाई हराई काका औरंगजेब र मुरादको फौज दिल्ली-आगरातिर बढिरहेको थाहा पाएपछि सुलेमानले दुर्गम पहाडी राज्य गढवालका राजा पृथ्वीपति शाहसँग शरण मागे । पृथ्वीपतिले शरण दिए । सुलेमानको आश्रयमा रहेका तस्वीरदार श्यामदास र उनका छोरा केहरदास पनि पछि लागी गढवाल पुगे । त्यही साल साउन महिनामा गढवालको राजधानी श्रीनगर पुगेका सुलेमानलाई पृथ्वीपतिले दरबारभित्रै एउटा घरमा राखे । सुलेमानले गढवालमा शरण लिएको थाहा पाएपछि औरंगजेबले उनलाई फिर्ता गर्न जोड लगाए पनि पृथ्वीपतिले वास्ता गरेनन् । वि.सं. १७१७ को शरद् ऋतुमा पृथ्वीपतिको हातबाट उनका छोरा मेदिनी शाहले राज्यको अधिकार अँठ्याएपछि औरंगजेबको प्रलोभनमा फसी मेदिनीले वि.सं. १७१७ पुसमा सुलेमानलाई फिर्ता पठाए । सुलेमानसँगै आएका श्यामदास र

केहरदासचाहिँ श्रीनगरमै रही दरबारमा तस्वीरदारी गरी बसिरहे। ती तस्वीरदार बाबुछोरालाई मेदिनीले ६० गाउँको बिर्ता र दिनको पाँच रुपियाँ तलब दिने गरी आफ्ना बाबु पृथ्वीपतिको पालामा भन्दा बढी सुविधा दिएर राखे। मेदिनीले ती बाबुछोरासँग फारसी पढ्ने गरेका थिए (डबराल "चारण" २०२८ : २८८–३०५, ४९०–४९१)।

केहरदासका छोरा हीरालाल र उनका छोरा मङ्गतरामले पनि गढवाली दरबारमा तस्वीरदारीकै काम गरे। श्यामदासदेखि मङ्गतरामसम्मको चार पुस्ताले त्यहाँ मुगलशैलीमा तस्वीर कोर्ने काम गरे। मङ्गतरामका छोरा मौलाराम पनि आफ्नो २५ वर्षको उमेरसम्म मुगलशैलीमै चित्र बनाउँथे। पछि काँगडाका राजा संसारचन्दको दरबारमा जाँदा त्यहाँका चित्रकारहरूसँग सम्पर्क भएपछि उनले पहाडी शैलीमा चित्र बनाउन थाले भनी गढवाली चित्रकलाका ऐतिहासिक मुकन्दी लालले लेखेका छन् (सन् १९८३ : "दो शब्द" १, ९, २१–२२)।

मौलारामले संस्कृतमा लेखेका देवीदेवताका स्तोत्रको एउटा गुटिका अर्थात् सानो आकारको लेखोट पुस्तक र संस्कृतको नीतिश्लोक माथि लेखी त्यसको उल्था सवैया आदि छन्दमा तल लेखी उनले तयार पारेको अर्को गुटिका आफूले भेट्टाएको कुरा उत्तराञ्चलका ऐतिहासिक शिवप्रसाद डबराल "चारण" ले लेखेका छन्। अरू चार गुटिकामा समेटिएका मौलारामका अनेकन् हिन्दी रचना पनि उनले भेट्टाएका थिए। ती रचनामध्ये ज्यादा महत्त्वको *मन्मथसागर* हो भनी उनी भन्छन्। मौलारामका हिन्दी कविताभन्दा उनका संस्कृत कविता ज्यादा प्रभावोत्पादक र मधुर छन् भनेर पनि उनले लेखेका छन् (डबराल "चारण" २०२८ : ४८९–४९०)। तर, मौलारामको संस्कृत काव्यको एक अंश पनि उनले छापेका छैनन्।

गढवालमा पहिला गोरखाली शासक चौतरिया हस्तदल शाहको लागि मौलारामले गढवालको इतिहास हिन्दी कवितामा लेखेका थिए। *गढराजवंशकाव्य* भनी ऐतिहासिकहरूले नाउँ राखेको त्यस काव्यका बहुविध उद्धरण राहुल सांकृत्यायन (सन् १९५३) ले, शिवप्रसाद डबराल "चारण" (२०२८, २०३०) ले र मुकन्दी लाल (सन् १९८३) ले गरे पनि समग्र पुस्तक प्रकाशित रूपमा आएको मैले देखेको छैन। तर शिवप्रसाद डबराल "चारण" द्वारा सम्पादित भई त्यो पुस्तक सन् १९७७ मै प्रकाशित भइसकेको रहेछ (लाल १९८३ : "दो शब्द" १)।

त्यो काव्यात्मक इतिहास हस्तदल शाहको लागि लेखिएको भए पनि (डबराल "चारण" २०२८ : ८) अङ्ग्रेजसँगको लडाइँमा वि.सं. १८७२ मा उनले वीरगति पाएको (डबराल "चारण" २०३० : ४७१) कुरा मात्र होइन, बूढाकाजी अमरसिंह थापा परलोक भएका (डबराल "चारण" २०३० : ५२७) जस्ता पछिपछिका कुरा पनि त्यहाँ परेकाले मौलारामले त्यो काव्य परिवर्धित गर्दै गएको देखिन्छ।



तस्वीर २.१ : मौलाराम (इन्टरनेटमा उपलब्ध) ।

मौलारामले वि.सं. १८५७ मा लेखेको *गनिकानाटक* अजय सिंह रावतद्वारा सम्पादित भई सन् १९७५ मा नैनीतालबाट छापिएको (रावत सन् १९८९ : ७०, ९१, २१८ र १९ सङ्ख्याको चित्र) भन्ने थाहा भए पनि देख्न भने पाएको छैन । *गढराजवंशकाव्य*कै छाँटमा मौलारामले लेखेका *रणबहादुरचन्द्रिका*, *शमशेरजंगचन्द्रिका* र *बखतावरसिंहयशश्चन्द्रिका*बाट शिवप्रसाद डबरालले आफ्नो *उत्तराखंड का इतिहास*मा उद्धरण गरेको मैले पढेको छु ।

आफूभन्दा अगाडिका राजा जयकीर्ति शाहका पक्षको भनी मौलारामले गढवाली राजाहरूबाट पाएको बिर्ताको ठूलो भाग गढवालका नयाँ राजा प्रद्युम्न शाहले खोसेर लिए (डबराल "चारण" २०३० : २१८–२१९) । प्रद्युम्न शाहका प्रतिस्पर्धी र सौताने भाइ पराक्रम शाहले त मौलारामको बिर्ता मात्र होइन, उनको अरू धन-सम्पत्ति लुटेर लिई उनलाई कारागारमा जाके । धेरै दण्ड तिरेर मात्र छ महिनापछि उनलाई छुटकारा मिल्यो (डबराल "चारण" २०३० : १०९–११०) ।

वि.सं. १८६१ मा गढवाल राज्यमा पूरा अधिकार भएपछि गोरखाली अधिकारीहरूले मौलारामको बिर्ता पूरै फिर्ता दिने र उनले दैनिक खर्च जति पाउने गरेका थिए, त्यो पनि चालू गर्ने निधो गरे । अनि बूढाकाजी अमरसिंह थापाले मौलारामलाई घोडा दिई आफ्नै हातले खिल्लत (सम्मानसूचक लुगा) र शिरमा सुवर्णचूडा लगाइदिएका थिए (डबराल "चारण" २०३० : ११८ओ–११८औ) ।

आफ्नो बिर्ता फिर्ता हुने र आफूले पहिले पाउने गरेको दैनिक वृत्ति फेरि चालू हुने कुरा निधो भए पनि आफूले केही पनि नपाएपछि वि.सं. १८६२ मा काठमाडौँ आई आफ्नो बिर्ता फिर्ता हुनुपर्ने र वृत्ति चालू हुनुपर्ने कुरा मौलारामले उठाए । स्वामी महाराज रणबहादुर शाहको विषयमा काव्य लेखी आएका मौलारामको बिर्ता फिर्ता दिने र वृत्ति चालू गर्ने आदेश दरबारबाट भयो (डबराल "चारण" २०३० : २१९) । *रणबहादुरचन्द्रिका* नाउँ भएको त्यस काव्यमा स्वामी महाराजको र गद्दीनशीन गीर्वाणयुद्धविक्रमको प्रशस्ति गाइएको छ भनी शिवप्रसाद डबराल "चारण" ले लेखेका छन् । त्यस काव्यबाट मौलारामले रणबहादुर शाहबाट सवा लाख रुपियाँको आशा गरेका थिए भन्ने कुरा त्यही काव्यको उद्धृत अंशबाट बुझिन्छ (२०३० : १२५) ।

मुगल बादशाह द्वितीय शाह आलमको नाउँबाट पृथ्वीनारायण शाहलाई वि.सं. १८२८ मा लेखिएको एउटा फर्मानअनुसार उनलाई "बहादुर शमशेरजंग" को खिताब दिएपछि नेपालका शाह राजाहरूको प्रशस्तिमा त्यो खिताब जोडिन लागेकोले (आचार्य २०२६क : ७११–७१८) मौलारामको *शमशेरजंगचन्द्रिका* पनि नेपाली शाह राजाहरूको विषयमा लेखिएको देखिन्छ । काजी बख्तावरसिंह बस्नेत वि.सं. १८६७ मा गढवालमा खटिएका थिए । उनले गढवालको शासन सह्यालेको वेलामा मौलारामले *बखतावरसिंहयशश्चन्द्रिका* लेखेको हुनुपर्छ ।

यिनै काव्यको शैलीमा मौलारामले लेखेको अर्को काव्य पनि छ । वि.सं. १८६७ मा तयार भएको *गीर्वाणयुद्धप्रकाश* भन्ने सचित्र काव्यको मूल पुस्तक बलभद्र कुँवरका पनाति रेवतबहादुर कुँवरसँग थियो । त्यस पुस्तकबाट वि.सं. २०१० मा धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालले सारेको प्रति संशोधन-मण्डलको सङ्ग्रहमा छ । त्यसैको आधारमा मैले भक्ति थापासम्बन्धी आफ्नो लेखमा *गीर्वाणयुद्धप्रकाश*को उपयोग गरेको छु (महेशराज पन्त २०२४ : ३९१–३९३, २०२५क : ५४–५७, २०२५ख : १३३–१३७, १३९–१४१) । रेवतबहादुर परलोक भएको धेरै वर्ष भइसकेकोले अहिले *गीर्वाणयुद्धप्रकाश*को मूल पुस्तक कहाँ, कुन अवस्थामा छ भन्ने थाहा भएन । मौलारामले जम्माजम्मी ३६ ओटा पुस्तक रचेको थाहा छ भनी मुकन्दी लालले लेखेका छन् (सन् १९८३ : "दो शब्द" १) । यी सबै कुराबाट मौलाराम खालि तस्वीरदार मात्र नभई संस्कृत र लोकभाषाका कवि पनि रहेछन् भन्ने थाहा हुन्छ ।

मौलारामले आफूले बनाएका तस्वीरमा आफैले बनाएका कविता हाल्ने गरेकाले उनको चित्रको व्याख्या गर्न सजिलो भएको छ । उनले पहाडी शैलीमा लेखेको पाइएसम्ममा पहिलो चित्र वि.सं. १८२६ को र दोस्रो चित्रचाहिँ वि.सं. १८३२ को हो भनी मुकन्दी लाल (सन् १९८३ : ९) ले लेखेका छन् । मौलारामका धेरैजसो चित्रका विषयवस्तु पौराणिक र तिनमा पनि खास गरी कृष्णचरित्रसँग सम्बद्ध छन् । केहीचाहिँ काव्यशास्त्रमा बताइएबमोजिम

स्त्रीका लक्षण, मनोभाव र अवस्थाभेदसम्बन्धी, राजामहाराजका, ठूलाबडाका र उनका आफ्नै चित्र छन् ।

मौलारामका चित्रको गहिरो परिशीलन गर्ने मुकन्दी लालले लेखेअनुसार उनले आफूलाई "कवि" भनेका छन्; "चित्रकर" अथवा आजभोलिको बोलीमा "चित्रकार" भनेका छैनन् । कहींकहीँ उनले आफूलाई "कवि" भन्दाभन्दै पनि "चित्रकर" बुझाउने अरबी शब्द "मुसव्वर" भनेको पनि मुकन्दीले औँल्याएका छन् । आफूलाई "कवि" भन्दा गौरवको अनुभव गर्ने मौलारामले आफूलाई "चित्रकर" भन्न सङ्कोच मान्ने गरेको यताबाट देखिन्छ । हाम्रो जाति व्यवस्थामा हातको काम गर्नेलाई तल्लो जातमा राखेकोले यस्तो अवस्था आएको हो भन्नेमा शङ्का छैन । त्यसमाथि, मौलारामका बाबु मङ्गतरामले बनाएका धातुका मूर्ति, तरवारका मूठ र म्यान मुकन्दी लालले देखेकाले तथा मौलारामका नाति तेजराम र जनाति तुलसीरामले आजन्म सुनारको काम गरेको पनि उनले देखेकाले मौलारामको वंश चित्रकर्मको साथै धातुकर्म पनि गर्थ्यो भन्ने स्पष्ट हुन्छ । अझ, पहाडी कलाका धैरैजसो चित्रकर सुनचाँदीका गहना बनाउने सुनार नै हुन्थे भनी मुकन्दी लालले लेखेको कुरामा पनि हामीले ध्यान दिनुपर्छ (सन् १९८३ : ४–१६) ।

गढवालमा गोरखाली शासन भएपछि गोरखालीहरूले गरेको अत्याचारको विरोधमा मौलारामले पद्यमा तात्कालिक नेपालका वास्तव शासक भीमसेन थापालाई आवेदनपत्र (सांकृत्यायन सन् १९५३ : २१३–२१५, डबराल "चारण" २०३० : ६–८) लेखेपछि गढवालमा बसेका गोरखाली अधिकारीहरूले उनका बिर्ता र दैनिक वृत्ति खोसिदिए । यसपछि आफूलाई परेको मर्का बिन्ती गर्न गद्दीनशीन गीर्वाणयुद्धको प्रशंसामा काव्य लेखी वि.सं. १८६५ मा उनी फेरि काठमाडौँ आए ।

भीमसेन थापाले मौलारामको बिर्ता फिर्ता गर्ने र उनलाई दिनको एक रुपियाँको दरले वृत्ति दिने लालमोहर गराई गढवाल भई काँगडाको लडाइँमा जान लागेका वीरभद्र कुँवरको हातमा त्यो लालमोहर पठाइदिए । त्यो लालमोहर वि.सं. १८६५ को फागुमा आफ्नो हात परेपछि बल्ल मौलारामको इच्छा पूरा भयो (डबराल "चारण" २०२८ : १७१; पन्त २०२५ख : १३९–१४१) ।

यसरी गोरखाली शासकहरूको नजिक हुन पुगेका मौलाराम वि.सं. १८६७ मा रणजोर थापा र वीरभद्र कुँवरले सिरमोर राज्यको मोरनी किल्ला कब्जा गरेपछि त्यहीँ पुगे । रणजोरले उनको सम्मान गरी घोडा र सुवर्णचूडा दिई सिरमोरको एउटा गाउँ पनि बिर्ता दिए । मौलारामको नाउँमा गरिएको त्यो लालमोहर कच्चा भन्दै वि.सं. १८६८ मा काजी बहादुर भण्डारी र बख्शी दशरथ खत्रीले रद्द गरिदिए । यसबाट उनले फिर्ता पाएको बिर्ता त गयो नै, दिनको एक रुपैयाँ पाउने गरेको वृत्ति पनि आधा भयो (डबराल "चारण" २०३० : २१९) ।

वि.सं. १८७१–१८७२ को अङ्ग्रेजसँगको लडाइँमा नेपाल हारेपछि गढवालमा अङ्ग्रेज राज चल्यो । अङ्ग्रेज राजबाट पनि मौलाराम सन्तुष्ट भएनन् भन्ने कुरा उनको काव्यबाट थाहा हुन्छ (सांकृत्यायन सन् १९५३ : २३७–२३९) ।

गढवालमा पवाँरवंशको, त्यसपछि गोरखालीहरूको र अन्त्यमा अङ्ग्रेजको शासन भोगेका मौलारामले कूची र कलम दुवै चलाए पनि उनको कीर्ति कूचीबाट बढी फैलिएको छ र उनी गढवाली चित्रकलाका प्रवर्तक मानिएका छन् । तर हामी जस्ता इतिहासरसिकलाई उनका *गढराजवंशकाव्य* जस्ता काव्य इतिहासका गहकिला आकर अर्थात् आजभोलिको बोलीमा स्रोत बन्न गएका छन् । ती काव्यात्मक कृतिबाट गोरखाली विजययात्राको र बृहत्तर गोरखाराज्यको इतिहासका नखुलेका पाटा खुलेका छन् ।

यस लेखसँगै मौलारामले बनाएका तीन ओटा चित्र यहाँ दिइएको छ । तीमध्ये अघिल्ला दुइटा मुकन्दी लालको *गढवाल चित्रकला* (१२ र १५ सङ्ख्याका रङ्गीन चित्र) बाट उतारिएका हुन् । तेस्रोचाहिँ *गीर्वाणयुद्धप्रकाश*को एउटा पाना हो । पहिलो र दोस्रो चित्रले संस्कृत साहित्यमा प्रचुर मात्रामा वर्णित नायिकाका अवस्थाभेद व्यक्त गर्छन् । खुलाएर भन्दा, पहिलोमा अभिसारिकाको चित्रण छ । आफ्ना प्रेमीलाई अरूले थाहा नपाउने गरी भेट्न जानुलाई अभिसार र त्यसरी भेट्न जाने स्त्रीलाई अभिसारिका भनिन्छ । मौलारामले अभिसारिकाको चित्रण गरी त्यसको व्याख्या कविताद्वारा गरेका छन् । यस चित्रमा दुई जना स्त्री देखिन्छन् (तस्वीर २.२) । तीमध्ये एउटीले पहेँलो रङ्गको लुगामाथि रातो ओढ्ने ओढेकी छन्, अर्कीले चाहिँ आकाशे रङ्गको लुगामाथि नीलो चादर ओढेकी छन् । अरूले नचिनून् भनी नीलो चादर ओढेर दूतीसँग हिँडेकी अभिसारिका प्रेमीकहाँ पुगेको कुरा माथि झ्यालमा बसी हेरिरहेका पुरुष चित्रमा देखाई व्यक्त गरिएको छ । विवाहिताले मात्र नत्थ लाउने हुनाले नत्थ लाएकी यी नायिका "स्वकीया" नभई "परकीया" भएको चित्रबाट बुझिन्छ । नीलो चादर ओढेकी यी नायिकालाई मौलारामले आफ्नो कवितामा "कृष्ण अभिसारिका" भनेका छन् । संस्कृत भाषामा कृष्ण र नीलमा त्यति भेद नमानिने र दुवै शब्दले गाढा नीलो बुझाउने हुनाले मौलारामले यी अभिसारिकालाई कृष्णाभिसारिका भनेको हुनुपर्छ ।

दोस्रो चित्र (तस्वीर २.३) चाहिँ विप्रलब्धा नायिकाको हो । विप्रलम्भको अर्थ ठगी र विप्रलब्धाको अर्थ ठगिएकी भन्ने हुन्छ । प्रेमी र प्रेमिका फलानो ठाउँमा भेट्ने भनी निर्णय गरी प्रेमिका त्यस ठाउँमा पुगेर कुर्दाकुर्दा पनि प्रेमी नआउँदाको अवस्थाकी नायिकालाई संस्कृत साहित्यमा विप्रलब्धा शब्दले बुझाइन्छ । विप्रलब्धाको चित्रण गरी मौलारामले यहाँ पनि त्यसको व्याख्या कविताद्वारा गरेका छन् । सिँगारपटार गरी रूखको छहारीमुनि बसेकी नायिकाले आफ्ना गहनागुरिया भुइँमा फ्याँकेको दृश्य यस चित्रमा छ । कुर्दाकुर्दा पनि प्रेमी नआएकाले नायिकालाई चन्द्रमाको किरणले जेठ महिनाको दोपहरको सूर्यले जस्तो पोल्न लाग्यो, चराहरूको आवाजले पनि दुःख दिन लाग्यो भनी मौलारामले कवितामा लेखेका छन् ।

तस्वीर २.२ : अभिसारिका ।

तस्वीर २.३ : विप्रलब्धा ।

तेस्रो चित्र (तस्वीर २.४) काजी नयनसिंह थापाले वि.सं. १८६३ मा काँगडाको लडाइँमा वीरगति पाउँदाको हो । तोपको गोला लागी उनी ढलेपछि युद्धभूमिबाट उनलाई डेरामा ल्याई वैद्यहरूले उनको औषधि गर्दागर्दै तेस्रो दिनमा उनको प्राण गयो भनी मौलारामले



तस्वीर २.४ : नयनसिंह थापाको वीरगति ।

लेखेका छन् (पन्त २०२५क : ५६–५७) । यस चित्रमा छातीमा दाहिनेपट्टि घाउ भएका नयनसिंहलाई ओछ्यानमा पल्टिरहेको देखाइएको छ । उनलाई छाता ओढाइएको छ र उनको वरिपरि केही मानिस उभिइरहेका छन् । तस्वीरको माथिल्लो भागमा परस्परमा बन्दूक ताकिरहेका घोडचढी देखिन्छन् । त्यसमाथि घरैघर भएको बस्ती छ । त्यसभन्दा माथि आकाशको चित्रण छ र त्यहाँ तीन जना मानिस विभिन्न मुद्रामा देखाइएका छन् । चित्रको तल र माथि गरेर एउटा दोहा लेखिएको छ । त्यो दोहा छत्तीसौँ हो भनी त्यहीँ लेखिएको छ । "कहै लोक सभि अपसोचमाहि नैनसिंह काजि दये प्रांन राजकाजमैं" अर्थात् "नयनसिंह काजीले राजकाजमा प्राण दिए भनी सबै मानिसले अपसोच गरेर भने" भनी तल्ला दुई पङ्क्तिमा लेखिएको छ ।

३

वि.सं. १८७७ को अङ्ग्रेजविरोधी कृति

वि.सं. १८७१ कात्तिक १८ गतेको दिन ब्रिटिश इष्ट इण्डिया कम्पनीका गभर्नर जनरल लर्ड हेस्टिङ्जले लखनौबाट नेपालसँग लडाइँ घोषणा गरे । तर यसको १२ दिनअगाडि (कात्तिक ६ गते, आश्विन शुक्लसप्तमी, फूलपातीको दिन) नेपालको पश्चिमी सरहदमा अङ्ग्रेजी सेना लडाइँका लागि घुसिसकेको थियो । नेपालीहरूको ठूलो चाड दशैँको मौका छोपी कम्पनीले लडाइँको घोषणा हुनुभन्दा आठ दिनअगाडि (दशैँको एकादशीको दिन) नै लडाइँ खोलिसकेको थियो ।

इष्ट इण्डिया कम्पनीको विरोधमा अखिल भरतखण्डका राजाहरूको एकताको लागि अपील गर्दै अङ्ग्रेजसँग लडाइँ हारेको झण्डै पाँच वर्षपछि वि.सं. १८७७ मा एक जना नेपालीले अङ्ग्रेजविरोधी एउटा कृति लेखेका थिए । सोही कृतिको विषयमा यो सानो लेख कोरिएको छ ।

पृथ्वीनारायण शाहले गोरखाको गादी चढ्दा भारतमा मुगलवंशको प्रभाव अस्ताउने क्रममा थियो । एकातिर मरहट्ठाहरू चम्केर आएका थिए भने अर्कोतर्फ उदीयमान शक्तिको रूपमा इष्ट इण्डिया कम्पनी थियो । वि.सं. १६६९ मा मुगल बादशाह जहाँगीरबाट सूरतमा कोठी खोलेर बस्ने प्रमाङ्गी पाएको त्यो व्यापारी कम्पनी १२० वर्षभित्र एक प्रकारको राज्यको रूपमा बदलिइसकेको थियो । बम्बई, मद्रास एवं बङ्गालमा उसको एक प्रकारको शासन चल्न थालिसकेको थियो ।

आफ्नो बत्तीस वर्षको राज्यकालमा पृथ्वीनारायण शाहले चेपे नदी र त्रिशूली नदीबीचको गोरखा राज्यलाई विस्तार गरी चेपेदेखि तिस्ता नदीसम्म फैलाई नेपाल राष्ट्रको रूप बसाल्न सके । राज्य बढाउने विषयमा त्यसभन्दा धेरै बढी साफल्य इष्ट इण्डिया कम्पनीले पाएको थियो ।



तस्वीर ३.१ : अङ्ग्रेजसँग लडाइँ हानुभन्दा अगाडिको नेपालको नक्शा (ह्यामिल्टनको एन एकाउन्ट अफ द किङ्डम अफ नेपाल पुस्तकबाट) ।

साँच्चै भन्ने हो भने यस वेला भारत भन्नु नै इष्ट इण्डिया कम्पनी भइसकेको थियो । उत्तरभारतमा पनि पूर्वमा बङ्गालदेखि लिएर पश्चिममा रुहेलखण्डसम्म कम्पनीले कहीँ सोझै, कहीँ घुमाउरो ढङ्गले राज्य गर्न थालिसकेको थियो ।

भारतमा अङ्ग्रेजको राज्य झन्झन् बलियो हुँदै गइरहेको थियो तापनि सुदूर दक्षिणमा मैसूरका सुल्तान हैदर अलीलाई पूरै दबाउन अङ्ग्रेजहरूले अझै सकेका थिएनन्; उनीहरूमा हैदरको डर अझै बाँकी थियो । अङ्ग्रेजलाई सबभन्दा ठूलो डर त मरहट्ठाको थियो । मरहट्ठाहरूले अङ्ग्रेजको विरोधमा दिल्लीका बादशाहलाई पनि उचालिसकेका थिए । अङ्ग्रेजको बल बढ्दो थियो, तथापि यो समय उनीहरूको लागि अप्ठ्यारोको पनि थियो । भारतवर्षका साना-ठूला राज्य मिलेर अङ्ग्रेजको विरोधमा भिड्न सक्ने सम्भावना पृथ्वीनारायणले देखेका थिए । यस कारण नेपालको गिरिदुर्गको आश्रय लिई भारत दबाउन अङ्ग्रेजहरू पहाडतर्फ लागे भने के नीति लिने भन्ने कुरा पृथ्वीनारायणको मनमा खेल्नु स्वाभाविक थियो । धनजनले सम्पन्न इष्ट इण्डिया कम्पनीसँग भिड्न जाने मूर्खता पृथ्वीनारायण जस्ता कम धनजन भएका, तर चतुरा राजनीतिज्ञ गर्न सक्दैनथे । यसैले अङ्ग्रेजसँग मित्रतै कायम राख्ने नीति उनले लिएका थिए । यसो भए पनि "चीनबादशाहसित ठूलो घाहा राष्नु" भनी उपदेश दिने पृथ्वीनारायण "दषिनको समुन्द्रका बादशाहसित घाहा ता राष्नु. तर त्यो महाचतुर छ" भनी आफ्ना भाइभारदारलाई कम्पनीसँग सावधान हुन सिकाएका थिए । "यक दिन त्यो बल आउन्याछ" भनी पृथ्वीनारायणले बोलेकाले नेपालमा अङ्ग्रेजले हमला गर्छ भन्ने उनले देखेका थिए । धनजन र उम्दा हातहतियारले सम्पन्न अङ्ग्रेजी फौजमाथि हमला गर्ने गल्ती पृथ्वीनारायण जस्ता अङ्ग्रेजले छोडेर गएका हातहतियारबाट पाँच सात पुस्तालाई खरखजाना पुऱ्याउने विचार गर्ने मानिसले कहिल्यै गर्नु सम्भव थिएन । त्यसैले अङ्ग्रेजले हमला गऱ्यो भने मात्र लड्न जानू, आफू जान्ने भएर हमला गर्न नजानू भनी उनले भनेका हुन् । उनको यो उपदेश कोरा थिएन किनभने उनले आफ्नो लामो राज्यकालमा अङ्ग्रेजसँग सम्बन्ध बिग्रने अवस्था आइपर्दा पनि खामोश खाएरै काम चलाएका थिए ।

मकवानपुरको तराईको कुरा नै लिऊँ । मकवानपुरका राजाले ती तलहट्टी मुगल बादशाहलाई नजराना चढाई भोगचलन गरिआएका थिए । पछि मुगल बादशाह कमजोर हुँदै गएपछि बङ्गालका नवाबलाई नजराना चढाई मकवानी राजाले ती तलहट्टीको भोगचलन गर्दै आए । वि.सं. १८१९ मा मकवानपुर जितेपछि मकवानपुरको तराईमा पनि पृथ्वीनारायण शाहको अधिकार भयो । उता वि.सं. १८२१ मा बक्सरको लडाइँमा अङ्ग्रेजको विजय भएपछि बङ्गाल, बिहार र उडिसामा वि.सं. १८२२ मा अङ्ग्रेजको शासन भयो र मकवानपुरको तराईमा अधिकार जमाइसकेका पृथ्वीनारायणको राज्यको साँध अङ्ग्रेजको राज्यसँग जोडिन पुग्यो । वि.सं. १८२४ मा काठमाडौँका राजा जयप्रकाश मल्लको पक्ष लिई पृथ्वीनारायणको सेनासँग लड्न आएको अङ्ग्रेजी सेना पृथ्वीनारायणको राज्य सिँधुलीसम्म

बेरोकटोक आयो। सिँधुलीबाट ठाडो उकालो उक्लन लागेको अङ्ग्रेजी फौजलाई माथिबाट गोरखालीले खेद्दा अङ्ग्रेजी फौज पहाडबाट भाग्न बाध्य भयो र तल ओर्लिएर त्यस फौजले मकवानपुरको तराई अर्थात् बारा, पर्सा, रौतहट, सर्लाही र महोत्तरीमध्ये बारा र पर्सा पूरापूर र रौतहटको आधा जति इलाका अँठ्याएर तीन वर्ष बस्यो।

पहाडबाट अङ्ग्रेजी फौजलाई धपाउन समर्थ पृथ्वीनारायण त्यही अङ्ग्रेजी फौजले तराईका आफ्ना इलाका अँठ्याएको किन पक्क परेर हेरेर बसे, किन अङ्ग्रेजलाई त्यहाँबाट धपाउने कोशिश गरेनन् भन्ने प्रश्न यहाँनिर उठ्न सक्छ। पहाडमा मात्र लड्न बानी परेका र अङ्ग्रेजको दाँजोमा सबै कुरामा कम्ती भएका आफ्ना सैनिकले तराईमा लड्न सक्दैनन् भन्ने उनको धारणा भएकैले उनी र उनको सेना चुप लाएर बसेको देखिन्छ। आफ्नो राज्य जनकपुरबाट तीन दिनको बाटो हिँडी पहाड खण्डमा अङ्ग्रेजी सेना पसेपछि मात्र गोरखाली सेनाले दपेटेको हो। यही कुरा सम्झेर "जाइ कटक् नगर्नु झिकी कटक् गर्नु" र "चुरेघाटीमा षुपै काटिन्याछ" भन्ने उनको उपदेशको अर्थ गर्न बस्यौँ भने दक्षिणको मैदानबाट अघि बढ्दै आएको अङ्ग्रेजी सैन्यलाई तराईमा भने नरोक्ने, चुरे काटी पहाड खण्डमा पस्न नदिने र त्यहीँ गिरिदुर्गको आड लिएर अङ्ग्रेजी सैन्यलाई तहसनहस पार्ने उनको नीति थियो भन्ने बुझिन्छ। यसैले आफ्नो इलाका अङ्ग्रेजले अँठ्याएर बसिरहे पनि पृथ्वीनारायण अङ्ग्रेजी सेनामा हमला गर्न गएनन् र सुलहसँगै उनले मकवानपुरको तलहट्टीको समस्या टुङ्ग्याउने विचार गरे।

बक्सरको लडाइँपछि त्यतातिरको अधिकार अब अङ्ग्रेजको हातमा आएकोले अब अङ्ग्रेजलाई नै नजराना चढाई त्यस इलाकामा आफ्नो अधिकार पक्का गर्ने पृथ्वीनारायणले विचार गरे। यसमा उनी सफल भए र अङ्ग्रेजी सेनाले अँठ्याइरहेको इलाकामा उनको अधिकार फेरि कायम हुन गयो।

जुन अवस्था पृथ्वीनारायणको पालामा मकवानपुरको तराईमा परेको थियो, त्यस्तै त्यस्तै अवस्था गीर्वाणयुद्धको पालामा भीमसेन थापाको शासनकालमा पाल्पाको तराईमा परेको थियो। हुन त त्यस वेला अङ्ग्रेजले दाबी गरेको इलाका छोडी नेपालले झगडा साम्य पारेको भए पनि पछि केही कालपछि अन्त झगडा उठाई लडाइँ गर्ने निहुँ अङ्ग्रेजले अवश्य खोज्थ्यो, यसमा शङ्का छैन। तर पनि नेपालको त्यस वेलाको अवस्था अङ्ग्रेजसँग जोरी खोज्न सक्ने नभएकोले निकै अनुभवी भारदारहरूले अहिले अङ्ग्रेजसँग लडेर पार पाइँदैन भनी भीमसेनलाई सम्झाएका थिए। तर भीमसेनले अङ्ग्रेजसँग लडाइँ गरेरै छोडे। यसको नतीजा अङ्ग्रेजसँगको युद्धमा हार भयो र नेपालले आफ्नो राज्यको तीन खण्डको एक खण्ड गुमाउनुपऱ्यो।

नेपाल र अङ्ग्रेजको त्यो लडाइँ वि.सं. १८७१ मा मात्र भयो, तर त्यसभन्दा ४० वर्षअगाडि नै पृथ्वीनारायणले त्यो लडाइँ हुन्छ भन्ने देखिसकेका थिए। त्यही कुरा अङ्ग्रेज राज्यसँग

साँध जोडिएको नेपाली प्रदेशमा वर्षौं शासन गरी बसेका बूढाकाजी अमरसिंह थापाले लडाइँ हुनुभन्दा एक वर्षअगाडिसम्म पनि देख्न सकेनन्। यसैले गोभक्षक म्लेच्छ डेभिड अक्टरलोनीको छोरासँग आफ्नो छोराको मीत लगाउन गोरक्षक धर्मप्राण अमरसिंहलाई अप्ठ्यारो लागेन। अक्टर्लोनीले आफ्नो छोराको मीत अमरसिंहका छोरासँग लाएकोमा सोझा अमरसिंह मख्ख परे र हामीसँग लड्ने निश्चय अङ्ग्रेजहरूले गरिसकेका हुनाले मेरो रहस्य बुझ्न उनी मकहाँ लोलोपोतो गर्न आएका हुन् भन्ने कुरा उनले बुझ्न सकेनन् (पन्त २०२३ : ४८–६४)।

"गोर्षा अंगरेज दुवै सर्कारका दुस्मनहरूको दील् घट्न्या दोस्त दील् बढ हुन्या र गोर्षा अंगरेजको दोबर्दोस्ति बढन्या सबुजी सरसी हुन्या काम भयो भन्न्या कुरा गऱ्यो" भनी अक्टर्लोनीको छोरासँग आफ्नो छोरा रामदासको मीत लाएको कुरा जर्नेल अमरसिंह थापालाई वि.सं. १८७० मंसिर १० गतेको दिन लेख्ने बूढाकाजी अमरसिंह थापाले यसको १५ महिनापछि वि.सं. १८७१ फागुन २१ गते श्री ५ गीर्वाणयुद्धकहाँ पठाएको अर्जी हेर्दा अङ्ग्रेजसँगको लडाइँमा हार खाएपछि अनुभवबाट खारिई उनी पूरा राजनीतिज्ञ भइसकेको देखिन्छ।

त्यो अर्जी काठमाडौँ पुग्न नपाई बीच बाटोमै अङ्ग्रेजहरूको हात पऱ्यो। मूल नेपाली भाषामा होइन कि त्यस अर्जीको अङ्ग्रेजी उल्था *पेपर्स रेस्पेक्टिङ द नेपाल वार* भन्ने पुस्तकमा वि.सं. १८८० मै प्रकाश भइसकेको हो (कोर्ट अफ प्रोप्राइटर्स सन् १८२४ : ५५३–५५७)। त्यही अङ्ग्रेजी उल्थाको नेपाली उल्था आआफ्नो ढङ्गले गरी सूर्यविक्रम ज्ञवाली (२००० : ११९–१३१) र ललितजङ्ग सिजापति (२००७ : १४७–१५७) ले छपाएका छन्। अङ्ग्रेजीमा उल्था गरिएको यही पत्रको सङ्क्षिप्त रूप नेपालीमा बनाई अम्बिकाप्रसाद उपाध्याय (१९८६ : ११०–११४, २००४ : ११०–११४) ले छपाएका छन्। सूर्यविक्रमले त्यसको हिन्दी उल्था (ज्ञवाली सन् १९४७) र धनवज्र वज्राचार्य (२०१०) ले त्यसको केही भागको संस्कृत पद्यमा उल्था छपाएका छन्।

अङ्ग्रेजसँगको लडाइँमा नेपाल राज्यको तीन खण्डको एक खण्ड गुमाएपछि भीमसेन थापाको चेत खुल्यो र अङ्ग्रेजको विरोधमा भारतीय राजाहरूसँग सङ्घट्टन गर्ने उद्योगमा उनी लागे। त्यसको मुखर उदाहरण गौतमगोत्री ब्राह्मण वाणीनिधिले पाशुपत क्षेत्रमा बसी वि.सं. १८७७ मंसिरमा लेखेको एउटा सानो कृतिमा पाइन्छ (वाणीनिधि २०१० : १–५; नरहरिनाथ र ढकाल २०१२ : ११७–११९; नयराज पन्त २०१८ : ८६–९१)। ओजस्वी संस्कृतमा अनुष्टुभ् छन्दका ५० श्लोकमा लेखिएको त्यो कृति काव्यरूपको भए पनि त्यसमा कल्पनाको उडान छैन। काव्य बहुधा शृङ्गारबहुल हुने भए पनि यहाँ शृङ्गारको लेश पनि छैन। यसैले यहाँ कामिनीहरूको र उनीहरूमा आसक्त कामीहरूको बयान गरिँदैन भनी यस काव्यको शुरू (दुई श्लोक) मै कविले गरेको प्रतिज्ञा सच्चा ठहर्छ। शृङ्गारबाहेक भक्ति, वेदान्त र स्तुतिपरम्परामा पनि काव्यरचना हुने भए पनि ती परम्परामा पनि यो काव्य छैन; प्रत्युत राजनीति पूरै काव्यमा छाएको छ।



ॐ

गोरण्डाख्यो म्लिम्लुचः

याचकोऽहं तृणीभूतः कण्टक्या गन्तुमक्षमः ॥
समीपं भवदीयानां दूरादेव समर्प्यते ॥ १ ॥
वर्ण्यन्ते नात्र कामिन्यः कामिनो वा तदादराः ॥
किन्तु कामहराः कामजनकस्यांघ्रिपल्लवाः ॥ २ ॥

स्वस्तिश्रीगणपतये नमः ॥ श्रीसरस्वत्यै नमः ॥

यं विना सत्प्रतीतिर्न यस्मिन्स्वर्गे नृपेच्छया ॥
सदसद्धेतुरात्मा यो जगतो नौमि तं हरिम् ॥ १ ॥
स्रष्टाविता च संहर्ता मूर्तिभेदैर्गुणात्मकैः ॥
नानावतारैर्यो धर्मे जागर्ति प्रणतार्तिहा ॥ २ ॥
तस्येच्छया द्विजः कश्चिद्गौतमर्षिकुलोद्भवः ॥
क्षेत्रे पाशुपते रम्ये वसन्नेवं व्यचिन्तयत् ॥ ३ ॥
वर्णाश्रमैरनुष्ठेयो वेदवाक्यनियोगतः ॥
धर्मो यः कालवशतः स्वयं क्षयतरः स्थितः ॥ ४ ॥
तस्याप्यभावमन्विच्छन्समुद्रद्वीपगोचरः ॥
शनैः शनैरुपगतो गोरण्डाख्यो म्लिम्लुचः ॥ ५॥
गोभूदेवसुराणां यो निन्दको हिंसकः खलः ॥
छिद्रान्वेषी बाहुजानामग्रजानाम्भयप्रदः ॥ ६ ॥

तस्वीर ३.२ : वि.सं. १८७७ मा लेखिएको अङ्ग्रेजविरोधी काव्यको प्रकाशित रूपको पहिलो पृष्ठ (संस्कृत-सन्देश वर्ष १ अंक ९ बाट) ।

पाश्चात्त्य अर्थात् पश्चिमा, दाक्षिणात्य अर्थात् दक्खिना र आर्यावर्तका अर्थात् हिमालय र विन्ध्य पहाडको बीचका—पूर्वसागर (बङ्गालको खाडी) र पश्चिमसागर (अरबसागर) बीचको भूभागका—राजाहरूलाई अङ्ग्रेजसँग लड्नको लागि एक गठ हुन यस काव्यमा आह्वान गरिएको छ । एक गठ नहुने हो भने मौका खोजीखोजी हान्ने शत्रुले हजुरहरूलाई एकल्याई फिरंगीले सिद्ध्याउनेछ र हजुरहरूको सर्वनाश हुनेछ भनी वाणीनिधिले लेखेका छन् (२०१० : ४१–४३ श्लोक) ।

कालवशले वर्णाश्रमधर्म आफसेआफ टाक्सिएर जाँदै थियो, त्यो पनि मास्न खोज्दै फिरंगी आइरहेछ भनी त्यस काव्यमा लेखिएको छ । अङ्ग्रेजलाई त्यस काव्यमा गोरण्ड शब्दले बुझाइएको छ । यो शब्द चल्तीको होइन, कुनै कोषमा चढेको पनि देखिएको छैन ।

*भविष्यपुराण*मा यस शब्दको प्रयोग भएको छ भन्ने सुन्नमा आएको छ। अङ्ग्रेजलाई चोरसम्म भन्न यस काव्यमा बाँकी राखिएको छैन—शनैः शनैरुपगतो गोरण्डाख्यो मलिम्लुचः अर्थात् गोरण्ड नाउँ भएको चोर बिस्तारै बिस्तारै आयो (वाणीनिधि २०१० : ४–५ श्लोक)।

भारतमा अङ्ग्रेजी शासन आउनाले चारै वर्णको सत्यानाश भयो भन्न वाणीनिधि यस्तो लेख्छन्—गाई, बाहुन र देवताको निन्दा गर्ने, गाई र बाहुन मार्ने, बदमाश फिरंगी क्षत्रियहरूको छिद्र खोज्दै, बाहुनहरूलाई तर्साउँदै, वैश्यहरूको कुभलो गर्दै शूद्रहरूको जीविका खोस्छ (वाणीनिधि २०१० : ६–७ श्लोक)।

नीति छोडेर राजकाज गर्ने राजाहरूलाई त फुल्याएर हुन्छ कि, केही दिएर हुन्छ कि, दण्ड दिएर हुन्छ कि, अनेक किसिमले बुद्धि लडाएर फुटाइदिने र ती राजाहरूको चित्त फाटेपछि केही राजासँग मिलेर अरू राजाहरूलाई मारेर आफूसँग मिलेका राजाहरूलाई पनि निर्धो पार्दै कज्याउँदै त्यो फिरंगी वास्ता नगरेको रोग जस्तै यस भूमिमा बढ्यो (वाणीनिधि २०१० : ७–९ श्लोक) भनी वाणीनिधिले लेखेकाले तात्कालिक भारतको राजनीति-अवस्था उनले राम्रोसँग बुझेको देखिन्छ।

अङ्ग्रेजको शक्ति केमा छ र उसको अभीष्ट के हो भन्ने कुरा वाणीनिधिको शब्दमा यसरी व्यक्त छ : फिरंगी हातहतियारमा सिपालु छ। ऊसँग मन्त्र अर्थात् विद्या, कोश अर्थात् धन, दुर्ग अर्थात् किल्ला, बल अर्थात् फौज छ। फिरंगी हाम्रा राजाहरूको कुभलो गर्दा गर्दै पनि राजाहरूलाई तक्मा दिंदै बादशाह जस्तो चम्कियो। भूमिलाई राजा रहित पारेर चक्रवर्ती हुन ऊ खोज्छ (वाणीनिधि २०१० : १०–११ श्लोक)।

भारतवर्षका राजाहरूमा परस्परमा मेल नभए पनि साझा शत्रु अङ्ग्रेजसँग लड्न मेल गर्नुपर्छ भन्ने भावको पुष्टि गर्न वाणीनिधि अरूसँग विरोध गर्दा हामीहरू १०५ हुनुपर्छ, आपसमा विरोध गर्दा भने तिमीहरू तिमीहरू नै हौ, हामीहरू हामीहरू नै हौँ भनी कौरव र पाण्डवले साझा शत्रुसँग लड्नुपर्ने अवस्था आउँदा युधिष्ठिरको मुखबाट निकालिएको, *महाभारत* वनपर्वको श्लोकको समेत उद्धरण गरी वाणीनिधिले लेखेका छन् (२०१० : १९–२२ श्लोक)।

राजाहरूको आपसी कलहले गर्दा जहाजी बेपारी फिरंगीको शक्ति बढेको हो, आइन्दा राजाहरूले परस्परमा दूतहरूको विनिमय गरेर फिरंगीउपर जासूस छोडेर चनाखो भएर बस्नुपर्छ भनी वाणीनिधि लेख्छन् (२०१० :२३–२५ श्लोक)।

मङ्गल गरी तपाईंहरू लडाइँको लागि तयार हुनुहोस्। तिमीहरू कसैले पनि डराउनुपर्दैन, तिमीहरूको रक्षा हामी गर्छौँ, समुद्रको टापूमा बस्ने, जहाजी बेपारीलाई खोजी खोजी मार्नुपर्छ भनी चारै वर्णका मानिसहरू जहाँजहाँ छन्, त्यहाँत्यहाँ गई लोग्नेमान्छे, स्वास्नीमान्छे, केटाकेटी, बूढाबूढी, तरुनातरुनीहरूको अगाडि यी शब्दको घोषणा गर्नुहोस् (२०१० : २६–२९ श्लोक) भनी वाणीनिधिले लेखेकाले अङ्ग्रेजको विरुद्ध राजाहरूले दुनियाँ भड्काउनुपर्छ भन्ने उनको विचार रहेको देखिन्छ।

शूरवीर भारतीय राजाहरूले अङ्ग्रेजलाई लडाइँको मैदानमा हाँक दिनुपर्छ भन्ने प्रसङ्गमा वाणीनिधि महाभारतको समयका वक्ता अर्थात् राजनीति-सिद्धान्तको प्रवर्तक उद्धवले भनेको कुरा र अर्जुनको वैराग्य हटाउन श्रीकृष्णले *भगवद्गीता* (२।३७) मा बोलेको कुरा पनि हालेका छन्—फिरंगीका हातहतियारको वर्षादेखि नडराउने जो राजा छन्, तिनीहरूले देवताहरूले दैत्यहरूलाई झैँ लडाइँ गर्न फिरंगीलाई हाँक दिऊन् । होशियार भएर हजुरहरू एकैपल्ट लडाइँमा उत्रनुपर्छ । अबुझहरू सानो काम उठाउँछन् र आत्ती पनि हाल्छन् । बुद्धिमान्हरू ठूलाठूला काम उठाउँछन् र नहडबडाइकन रहन्छन् भन्ने उद्धवको उक्ति हजुरहरूले सुन्नुभएकै होला । धेरै कुरा के गरूँ, महाभारतको लडाइँमा भगवान् कृष्णले अर्जुनलाई जुन उपदेश दिनुभएथ्यो, त्यसलाई सम्झेर तपाईंहरूले लडाइँ गर्नु बढिया छ—हे अर्जुन लडाइँमा मऱ्यौ भने स्वर्ग पाउनेछौ, जित्यौ भने पृथ्वीको रजाइँ गर्नेछौ, त्यसैले लडाइँका निमित्त कस्सिएर उठ (वाणीनिधि २०१० : ३१–४० श्लोक) ।

भारतमा अङ्ग्रेजी शासनको विरोधमा भारत र भारतबाहिरका केही राज्यमा नेपालबाट चिठी गएको देखिएकोले वाणीनिधिको अङ्ग्रेजविरोधी यो काव्य पनि ती-ती राज्यमा पठाउन नै लेखिएको देखिन्छ । तर यो काव्य कहाँ-कहाँ पठाइयो, मलाई थाहा छैन । ती राज्यका राजाहरूमा अङ्ग्रेजविरोधी भावना फैलाउनको लागि अखिल भरतखण्डको साझा भाषा संस्कृतको प्रयोग यस काव्यमा भएको देखिन्छ ।

देवताहरूमा बृहस्पतिको वाणी सफल भए जस्तै वाणीनिधिले राम्रोसँग जोडी पठाएको यो वाणी राजाहरूमा पुगेर सफल होओस् । मैले संस्कृतमा आफ्नो पण्डित्याइँ छाँटेको होइन, राजाहरूको मर्यादा देखाएको हो । चारै वर्णका मानिसहरूले बोलेका शुभ आशीर्वचनले हजुरहरूको बढिबढाउ होओस्, फिरंगीको नाश होओस् । हजारन् किरण भएको सूर्य जस्तै हजारन् हतियार भएका राजारूपी सूर्यहरू फिरंगीको नाश गर्न दिशा-विदिशाबाट एकैचोटि उदाउनुहोस् । एक्कासि उदाएका, क्षत्रियरूपी सूर्यका हजारन् किरणले मारिएको फिरंगीरूपी अँध्यारोको थुप्रो छिटै बिलाओस् (वाणीनिधि २०१० : ४३–४७ श्लोक) भनी यस काव्यको अन्त्यतिर लेखिएको छ ।

नेपालीले लेखेका, संस्कृतका राम्रा-राम्रा कृतिमा पर्ने यस लघुकाव्यको गम्भीर परिशीलन आवश्यक छ । विवक्षित विषयलाई सुन्दर शब्दशय्यामा सजाउन सक्ने, वश्यवाग् यी कविको नाउँ र गोत्र छोडेर अरू केही हामीलाई थाहा छैन, यसैले यिनको विषयमा पनि विशेष खोजी गर्नु जरुरी छ ।[१]

[१] यस काव्यको मूल पुस्तक वीरपुस्तकालय अर्थात् आजभोलिको राष्ट्रिय अभिलेखालयमा छ, त्यहाँ यसको नाम अलङ्ध्यशासन नीतिकविता इत्यादि लेखिएका छन्, यसको आदि अन्तमा श्री ५ राजेन्द्र र मुख्तियार भीमसेन थापाको प्रशस्ति पनि छ, वाणीनिधिका सन्तान अद्यापि छन् भनी यस लघुकाव्यका अनुवादक नरहरिनाथ र जनकलाल ढकालले लेखेका छन् (२०१२ : ११९) ।

४

पण्डित अमृतानन्द बाँडा

पाटनको महाबौद्ध बनाउने अभयराज शाक्यका वंशधर पण्डित रामानन्दका छोरा अमृतानन्द र सुन्दरानन्दको नेपाली विद्वत् परम्परामा ख्याति भए पनि दाजुको प्रसिद्धि भाइको दाँजोमा बढी छ । यिनीहरूको थर कहीँ शाक्य, कहीँ बन्द्य, कहीँ बाँडा, कहीँ वज्राचार्य लेखिएको पाइन्छ । रामानन्दका बाबु सर्वानन्दले पाटनका राजा विष्णु मल्लको पालामा वज्राचार्याभिषेक पाई वज्राचार्यको पदवी पाए पनि सरकारिया कागजातमा यिनीहरूलाई बाँडा लेखिएकोले (पन्त २०६९ : २५७) तथा शाक्य, बन्द्य र बाँडा यी तीनै शब्द पर्यायको रूपमा चलेकाले सरकारी कागजातमा भएको बाँडा शब्द अमृतानन्दको थरको रूपमा यस लेखमा प्रयोग गरिएको छ ।

अमृतानन्द बाँडाले कमसेकम २१ ओटा पुस्तक लेखेको तथ्य उनीबारे लेखिएको पुस्तकबाट थाहा पाइएको छ (शाक्य २०७३ : ७२) । उनले लेखेका धेरैजसो पुस्तक वज्रयानसँग सम्बद्ध छन् । ब्रिटिश इष्ट इण्डिया कम्पनी सरकारको काठमाडौँमा रहेको रेजिडेन्सी अर्थात् दूतावासमा वि.सं. १८७७ देखि दुई वर्ष असिस्टेण्ट रेजिडेण्ट, वि.सं. १८८० मा पोष्ट माष्टर, वि.सं १८८१ देखि १८८८ सम्म फेरि असिस्टेण्ट रेजिडेण्ट र त्यसको अर्को वर्षदेखि वि.सं. १९०० सम्म रेजिडेण्ट भएर ब्रायन हटन हज्सन बसेका थिए । हज्सनको पदावधिभर र पछि पनि उनको सहायक भई अमृतानन्दले बौद्ध धर्मसम्बन्धी अन्वेषणको काम गरेका थिए । आफ्नो सहायक भई वर्षौं काम गरेका अमृतानन्दको हज्सनले ठाउँठाउँमा निकै तारिफ गरेका छन् । नेपालको वज्रयानको विदेशमा निकै प्रचार गर्ने धर्मादित्य धर्माचार्यले इलाहाबादमा भएको सम्मेलनमा नेवारी भाषा र वाङ्मयको विषयमा बोल्दा हज्सन सरह यिनको नाउँ पटक पटक लिएकाले र धर्मादित्य धर्माचार्यको त्यो अङ्ग्रेजी वक्तव्य



तस्वीर ४.१ : अमृतानन्द बाँडा (पण्डित अमृतानन्द शाक्य [बन्द्य] *बाट*) ।

पुस्तकाकारमा छापिएको (धर्माचार्य सन् १९२७)[1] र अङ्ग्रेजी शासनविरोधी भारतीय नेताहरूमध्ये बौद्ध दर्शनका विद्वान् भनी कहलिएका नरेन्द्रदेवले बौद्ध दर्शनसम्बन्धी आफ्नो प्रसिद्ध पुस्तकमा अमृतानन्दको तारिफ गरेका (नरेन्द्रदेव सन् १९९४[सन्१९५६] : १२३) जस्ता कुराले "गतानुगतिको लोको न लोकः पारमार्थिकः" अर्थात् "दुनियाँ आफूभन्दा अगाडि जो जान्छ, त्यसैको पछि लाग्छ, उसले वास्तव कुरा बुझेको हुँदैन" भन्ने भनाइलाई चरितार्थ पार्दै यिनको पाण्डित्यको चर्चा झन्झन् चुलिँदै गइरहेको छ ।

आफ्नो विचार जनसाधारणसम्म पुगोस् भनेर सिद्धार्थ गौतम बुद्धले संस्कृत भाषाको आश्रय नलिई जनभाषा अर्थात् मागधीमा प्रवचन दिए । जनभाषामा प्रवचन दिएकाले उनका विचार लोकप्रिय हुन निकै मद्दत गऱ्यो । तर जनभाषाको रूप स्थिर रहँदैन, कालान्तर र स्थानान्तरले गर्दा त्यसमा परिवर्तन आउँछ, यो कुरा हामीले अनुभव गरेकै हो । आदिकवि भानुभक्त आचार्यको रामायण हामीकहाँ अद्यापि लोकप्रिय छ, तर त्यसको भाषा र हामीले अहिले बोल्ने भाषा दुवै नेपाली भए पनि ती दुईको बीचमा दूरी छ । जनभाषामा रूपभेद हुँदै जाने कुराको उदाहरणको रूपमा यसलाई देखाउन सकिन्छ । बुद्धका उपदेश उनका शिष्यप्रशिष्यको परम्पराले कण्ठस्थ गर्दै गए पनि कालान्तरमा त्यो भाषा जनभाषा रहेन र संस्कृत जस्तै केही वर्ष पढेर मात्र बुझिने भाषा त्यो बन्न गयो । संस्कृतको विधिवत् पढाइ नेपाल र भारतमा जसरी

[1] धर्म आदित्य धर्माचार्य सन् १९२७ मैले देखेको छैन । यस विषयमा मेरो आधार त्यसको नेवारी रूपान्तर (धर्माचार्य ने.सं. १०८४) हो ।

हुन्छ, बुद्धको वचन लिपिबन्ध गरिएको पाली भाषाको पढाइ बर्मा, स्याम अर्थात् थाइल्याण्ड र श्रीलङ्का जस्ता देशमा त्यसरी नै हुन्छ । संस्कृत जनभाषा हुन छोडेको सयौँ सय वर्ष भए पनि व्याकरणले जकडिएकोले वैदिक संस्कृत छाडेर त्यसपछि संस्कृतमा लेखिएका ग्रन्थ अहिलेसम्म पनि दुर्बोध्य छैनन् । यसैले संस्कृतका महाकवि कालिदासको संस्कृत र अहिले लेखिने बोलिने संस्कृत मूलतः एकै रूपका छन् ।

पाली भाषा पनि संस्कृत जस्तै केही वर्ष खर्चेर मात्र जानिने भाषा भएपछि बौद्ध विद्वान्हरूले भारतीय विद्याको मूल स्रोत संस्कृतमा नै बौद्ध ग्रन्थ लेख्दै जाँदा संस्कृतमा बौद्ध वाङ्मयको उदय भयो । नागार्जुन, दिङ्नाग र धर्मकीर्ति जस्ता बौद्ध दार्शनिकको संस्कृत र न्याय, मीमांसा, वेदान्त आदि दर्शनका ग्रन्थकारको संस्कृतमा भेद नभए पनि पछिपछिका बौद्ध संस्कृत ग्रन्थमा पाली, प्राकृत जस्ता जनभाषाको प्रभावले गर्दा व्याकरणको दृष्टिले भेद हुँदै गयो । कालान्तरमा त्यो भेद यति व्यापक भयो कि एक थरी विद्वान्हरूले ती भेदको परिशीलन गर्दै जाँदा समष्टिमा यिनलाई बुद्धिस्ट हाइब्रिड संस्कृत अर्थात् बौद्ध सङ्कर संस्कृत भन्ने नाउँ राखी भिन्नै भाषाको रूपले व्यवहार गर्न थाले । यिनमा मुखर प्रयाङ्कलिन एजर्टनले झण्डै २० वर्ष मिहिनेत गरी बौद्ध सङ्कर संस्कृतका व्याकरण, कोष र पाठ्यपुस्तक वि.सं. २०१० मा निकाले (सन् १९५३ए, सन् १९५३बी, सन् १९५३सी) । उनका कृतिमा केही अपुग भएको अनुभव गरी त्यसमा अरू विद्वान्हरूले संशोधन गर्नुपर्ने जरुरी देखी काम गर्दै गएका छन्, तथापि एजर्टनका कृति यस विषयमा पथिकृद् भएका छन् ।

बौद्ध सङ्कर संस्कृतको उदय मूलतः पाली, प्राकृत आदि भाषाको प्रभावले भएको भए पनि नेपालमा चाहिँ संस्कृत भाषामा अधिकारको कमीले र नेवारी भाषाको प्रभावले गर्दा संस्कृतमा लेखिएका कृतिको भाषा अनौठो बन्न गएको देखिन्छ । नेवारहरूका संस्कृत कृतिको भाषालाई एजर्टनकै अनुसरण गरी मैले नेवारी हाइब्रिड संस्कृत (पन्त सन् १९९३ : १९) वा नेवारी सङ्कर संस्कृत (पन्त २०४४ : ५) भन्ने गरेको छु । अहिले विचार गर्दै जाँदा यसको पनि भेद गर्नुपर्ने देखिएको छ ।

पन्ध्रौँ शताब्दीसम्मको कुरा लेखिएको र अहिले *गोपालराजवंशावली* भनी कहलिएको इतिवृत्तको संस्कृत खण्ड, यहाँका वज्रयानीहरूमा अतिप्रसिद्ध *स्वयम्भूपुराण* र विष्णुमतीको तीरमा रहेका तीर्थको माहात्म्यको रूपमा लेखिएको *लुन्तिकेश्वरपुराण* नेवारी सङ्कर संस्कृतका तीन भिन्नाभिन्नै भेदका प्रतिनिधि रचना हुन् जस्तो मलाई लाग्छ ।

नेवारी सङ्कर संस्कृतको यी तीनै रूपभन्दा धेरै नै राम्रो रूप अमृतानन्द र उनका भाइ सुन्दरानन्दका लेखमा देखिन्छ । सुन्दरानन्दको लेखमा देखिएको संस्कृत भाषालाई लिएर उनको *त्रिरत्नसौन्दर्यगाथा*को सम्पादनको सन्दर्भमा नयराज पन्त (२०१९ख : १६–१९, ३४) ले लेखेको कुराबाट त्यस लेखाइलाई बौद्ध सङ्कर संस्कृत भन्न नमिल्ने होइन ।

भारतमा बौद्ध धर्म लुप्त भएपछि बौद्ध धर्मका ग्रन्थ त्यहाँ पाइन छाडे । नेपालमा केही अंशमा यहाँका वज्राचार्य र शाक्यले त्यस्ता ग्रन्थ जोगाएर राखे । यसै क्रममा अश्वघोषका बौद्ध काव्य *सौन्दरनन्द* र *बुद्धचरित* पनि नेपालमै भेटिए । *बुद्धचरित*का केही सर्ग मूल संस्कृतमा नष्ट भएकाले त्यो खण्डित थियो ।

अश्वघोषको *बुद्धचरित*को संस्कृतमा हराइसकेका १४–१७ सर्ग अमृतानन्दले वि.सं. १८८६ मा फेरि संस्कृतमा तयार गरे । *बुद्धचरित* पहिलोपटक सम्पादन गरी वि.सं. १९४१ मा छपाउँदा एडवर्ड बायल्स कवेलले अमृतानन्दले संस्कृतमा रचेका ती सर्ग पनि अश्वघोषको मूल संस्कृतमा बचेका सर्गसँगै प्रकाश गराएका छन् (सन् १८९४) । यसैले पनि यहाँका विद्वान्हरू अमृतानन्दको प्रशंसा गरी कहिल्यै थाक्दैनन् । यसको पछिल्लो उदाहरण हो : "अश्वघोषको *बुद्धचरित*का १४, १५, १६ र १७ सर्गको लेखन एक जना प्रतिभाशाली नेवारले गरेका थिए । अश्वघोषको *बुद्धचरित*का हराएका सर्गको पूर्ति गर्न विद्वान्हरूलाई सन्तुष्ट पार्ने खालको कृति भनी त्यस लेखनलाई आधुनिक विद्वान्हरूले मानेका छन्" (थापा २०७० : ११७; अङ्ग्रेजीबाट मेरो उल्था) ।

बाहिरफेरका विद्वान्हरू अमृतानन्दको यस्तो तारिफसँग असहमत भएका दृष्टान्त पनि छन् । अमृतानन्दले थपेका सर्ग आफूले सम्पादन गरेको *बुद्धचरित*मा गाभ्दा-गाभ्दै पनि ती थपुवा सर्गको विषयमा लेख्दा "यसमा कुनै अलङ्कार छैन र अक्सर व्याकरण र छन्दको दृष्टिले यो अशुद्ध छ" भनी कवेल (सन् १८९४ : प्रिफेस ७; अङ्ग्रेजीबाट मेरो उल्था) ले लेखेका छन् । यसले अमृतानन्दको लेखाइ उच्चस्तरको भएकाले भन्दा पनि अभाव पूर्ति गर्न मन मोसेर उनले अमृतानन्दको लेख अश्वघोषको मूल ग्रन्थमा गाभेको देखिन्छ ।

"हज्सनको सङ्ग्रहमा रहेका संस्कृतका अरू धेरै लेख जस्तै यस लेखोट पुस्तकका कर्ता पनि विद्वान् बौद्ध वज्राचार्य अमृतानन्द हुन् । यिनी ब्रिटिश रेजिडेन्सीमा स्थायी पण्डित थिए । नेपाली बौद्ध धर्मको विषयमा हज्सनका मुख्य स्रोत यिनै हुन् । ...नेपालका पहिलेका र अहिलेकामध्ये विद्वत्तम बौद्ध अमृतानन्द बन्द्यले केही वर्षअगाडि मेरो लागि यी उद्धरण तयार गरेका हुन्" भनी बौद्ध धर्मको तत्त्व स्पष्ट पार्ने शास्त्रीय उद्धरणको अङ्ग्रेजीमा उल्था गर्दा हज्सन (सन् १८७४ : ६५) ले लेखेका छन् । अश्वघोषको *बुद्धचरित*मा थपिएका चार सर्गका रचयिताको हैसियतले अमृतानन्दले अलिकति ख्याति पाएका छन् र त्यहाँ संस्कृत व्याकरणसम्बन्धी भद्दा गल्ती हुँदाहुँदै पनि जटिल छन्दमा यिनले श्लोक रच्न सकेको देखेर सर्र हेर्दा अचम्म लाग्न सक्छ । तथापि, यी सर्ग उत्कृष्ट गुणले युक्त छैनन्, न यी गल्तीबाट नै मुक्त छन् । संस्कृत भाषाको क्रियाको वर्तमानकालज्ञापकको मध्यमपुरुष बहुवचनको अन्त्यमा "आव" आउँछ भनी अमृतानन्दले ठानेकाले यिनको यतातर्फको योग्यता यिनले बनाएको नेवारी व्याकरणबाट अझ छर्लङ्गिएको छ । त्यहाँ भविष्यत्कालमा पनि लोट्—"भविष्यतु र यूयं न भविष्यन्तु"—(१६ क पृ. मा) लेखिएको

छ । यस पुस्तकमा पितृ शब्दको तृतीया "पितृणा" लेखेको त्यसभन्दा कम गल्ती होइन" (ब्रफ सन् १९४८ : ६६८–६६९; अङ्ग्रेजीबाट मेरो उल्था) भनी जोन ब्रफले अमृतानन्द बाँडाको विद्वत्ताको विषयमा लेखेको कुरा एडवर्ड बायल्स कवेलले ५४ वर्षअगाडि लेखेर गएको कुराकै शब्दविस्तर हो ।

संस्कृत भाषामा अमृतानन्दको अधिकार नभएको देखाउन मेरो तर्फबाट पनि यस प्रसङ्गमा केही जोड्नु उपयुक्त नै होला । हज्सनका लागि वि.सं. १८८३ मा उनले तयार पारेको *धर्मकोशसङ्ग्रह*मा ठाउँठाउँमा व्याकरणविरुद्ध पद देखिएका छन् । उदाहरणका लागि "इन्दुपतिले देख्यो" भनी संस्कृतमा कर्तृवाच्यमा भन्नुपर्दा "इन्दुपतिरपश्यत्" हुनुपर्नेमा यहाँ "इन्दुपतिनाऽपश्यत्" (अर्ज्याल २०५९ : १२०) भनी उनले लेखेकोलाई *गोपालराजवंशावली*का "तेन कृतः" वा "तेन कृतवान्" जस्ता वाक्यसँग दाँज्न मिल्छ । मूल धातुमा उपसर्ग लागे मात्र क्त्वाको ठाउँमा ल्यप् (य) प्रत्यय हुन्छ भनी संस्कृतज्ञहरूलाई भनिरहनु नपर्ला । यसैले "ढाकेर" भन्ने अर्थमा छद् धातुदेखि क्त्वा (त्वा) प्रत्यय गर्दा "छादयित्वा" रूप बन्छ र त्यस धातुमा आ, प्र जस्ता उपसर्ग लागे मात्र ल्यप् (य) प्रत्यय लागी "आच्छाद्य, प्रच्छाद्य" जस्ता रूप बन्छन् । यति सामान्य कुरा पनि याद नराख्दा अमृतानन्दले गेरु रङ्गको कपडाले त्यसलाई ढाकेर भन्ने अर्थमा "काषायवाससा तं छाद्य" लेख्न पुगेका छन् (अर्ज्याल २०५९ : १३१) ।

हज्सनभन्दा १८ वर्ष जतिअगाडि काठमाडौँ आउने दूत कप्तान विलियम हण्टर डग्लस नक्सबाट अमृतानन्द बाँडाको अङ्ग्रेजसँगको सम्पर्क शुरू भएको हो । स्वामी महाराज रणबहादुर शाह आफ्नो दुर्विनयले गर्दा नेपालमा टिक्न नसकी बनारसमा इष्ट इण्डिया कम्पनीको शरणमा पर्न गएपछि वि.सं. १८५८ मा नेपाल र कम्पनीबीच सन्धि भयो । त्यसपछि वि.सं. १८५९ मा कम्पनीका दूत भई नेपाल आएका नक्सका सहायक पनि यिनै अमृतानन्द बाँडा थिए (वाटरहाउस सन् २००४ : ५; लोस्टी सन् २००४ : ८३; तुलाधर-डग्लस सन् २००६ : ३६–३७) ।

तिब्बतमा महायान जीवित भए पनि महायानको आधार संस्कृत भाषाका ग्रन्थ नभई संस्कृतबाट तिब्बतीमा उल्था गरिएका ग्रन्थ भएकाले विद्वान्हरू मूल संस्कृतमा लेखिएका महायानी ग्रन्थको खोजीमा लागिपरेका थिए । खोजी गर्दा त्यस्ता ग्रन्थ छिटपुट पाइए पनि संस्कृत भाषाको आधारमा महायान मान्ने र संस्कृतमा लेखिएका महायानी ग्रन्थचाहिँ नेपालमा हज्सनले देखी त्यस विषयमा उनले खोजमेल गर्न थालेकाले उनीमार्फत विद्वत् समुदायमा यस कुराको प्रचार हुन गयो । बुद्धको सिद्धान्तको ऐतिहासिक र परीक्षणात्मक परिशीलनको वास्तव प्रारम्भ वि.सं. १८८१ मा भयो । "बौद्ध शास्त्रका मूल ग्रन्थ संस्कृत भाषामा नेपालका विहारमा सुरक्षित छन् भन्ने कुराको प्रख्यापन त्यो साल श्रीहज्सनले गरे" (सन् १८७२ : १८७; अङ्ग्रेजीबाट मेरो उल्था) भनी म्यूलरले लेखेका छन् ।



तस्वीर ४.२ : विलियम हन्टर डग्लस नक्सलाई अमृतानन्द बाँडा ललितविस्तरको पुस्तक दिँदै (दि ओरिजिन्स अफ हिमालयन स्टडिज*बाट*) ।

त्यस्तो महायानका प्रयोक्ता शाक्य र वज्राचार्यहरूले जे जानेका थिए त्यही नै महायानको व्याख्याको रूपमा अमृतानन्दमार्फत हज्सनले पाए । बौद्ध धर्मको गम्भीर शास्त्रीय ज्ञान यी शाक्य-वज्राचार्यहरूमा पहिल्यै हराइसकेकोले कर्मकाण्डको हथौडी र पुराना पुस्तक मात्र यिनीहरूसँग थियो । त्यसमाथि, हज्सनले पाएको शिक्षा तात्कालिक यूरोपमा दिइने उच्च शास्त्रीय शिक्षा नभई भारतमा राज्य चलाउन ब्रिटिश इष्ट इण्डिया कम्पनीद्वारा प्रवर्तित निजामती शिक्षा मात्र थियो । विद्यार्थीकालमा बङ्गाली भाषा राम्रोसँग पढेर इनाम पाए (हण्टर सन् १८९६ : २२) पनि उनी न संस्कृत, न बौद्ध धर्मकै विद्वान् थिए । यसैले अमृतानन्दले जे-जे भने त्यसैलाई उनले ब्रह्मवाक्यको रूपमा ग्रहण गरे । त्यस वेलासम्म संस्कृत महायानको खास प्रचार नभएकोले हज्सनको काम नौलो थियो र त्यसैले उनी प्रशंसापात्र भए । हज्सनले भारत र यूरोप पुऱ्याएका यिनै ग्रन्थहरूको आधारमा महायानको परिशीलनले निकै फड्को मार्दै गयो र पछिपछिका विद्वान्हरूले यस विषयमा गहिरिएर हेर्दै जाँदा हज्सनका कृतिमा त्रुटि देखिँदै गए र ती सच्चिँदै पनि गए ।

हज्सनसँग काम गर्दै जाँदा अमृतानन्द ब्रिटिश रेजिडेन्सीमा स्थायी पण्डित बन्न पुगे र उनीपछि उनका सन्तान-दरसन्तान त्यहाँ पण्डित हुने प्रथा बस्यो । हज्सनभन्दा ६१

वर्ष कान्छा सिल्विं लेवि वि.सं. १९५४ मा यहाँ आउँदा अमृतानन्दका पनाति इन्द्रानन्द रेजिडेन्सीमा पण्डित थिए । इन्द्रानन्दले आफ्ना छोरा मित्रानन्दलाई लेविको सहायकको रूपमा खटाइदिएका थिए ।

हज्सनको समयमा भन्दा लेविको समयमा बौद्ध विद्याको परिशीलनमा निकै उत्कर्ष भइसकेकोले र खुद लेवि आफै पनि मूलतः बौद्ध शास्त्रकै विद्वान् भएकाले नेपालमा बौद्ध विद्याको स्थितिबाट हज्सनलाई जस्तो उनलाई प्रभाव नपरेको कुरा उनको लेखबाट थाहा पाइन्छ । "यिनीहरूलाई साँच्चै केही पनि थाहा छैन । यी बौद्ध पण्डितहरू केही जान्दैनन्, यिनीहरूलाई बौद्ध साहित्यको ज्ञानै छैन, पुस्तकको शीर्षकसम्म पनि जान्दैनन्, खालि 'नौ धर्म' बारे थाहा छ तर यो पनि सबै पढेर थाहा पाएका होइनन्" (लेवि सन् १९०५बी : ३९७=उप्रेती सन् २००७ : २१७–२१८) भनी अमृतानन्दका भाइ सुन्दरानन्दका नाति टोडरानन्द र आफ्ना सहायक मित्रानन्दलाई भेटेपछि लेविले लेखेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ ।

"म संस्कृतमा कुरा गर्छु, उनले मन नपराएको अनुहार बनाई, भकभकाएर पचास प्रतिशत हिन्दुस्तानी मिलाएर मलाई बुझाउँछन् । बौद्ध पुस्तकहरूबारे उनको ज्ञान ललितविस्तरभन्दा बढी रहेनछ । मैले उनीसँग चिनियाँ भाषामा अनुवाद भइसकेका धेरै पुस्तकबारे कुरा गरेँ र ती पुस्तकहरूको मौलिक प्रति हेर्न चाहन्छु भनी बताएँ । उनलाई एउटा पुस्तकको पनि नाम थाहा रहेनछ, उनलाई पटक्कै ज्ञान रहेनछ । अन्त्यमा जो हात लाग्यो त्यही सही । उनलाई साधारण तलब दिएर म घुम्न जाँदा सँगसँगै लग्ने प्रस्ताव गरेँ । यहाँका बौद्ध विद्वान्हरूसँग मलाई चिनाइदिने काम गर्लान् भन्ठानेँ" (लेवि सन् १९०५बी : ३२३–३२४=उप्रेती सन् २००७ : २२२) भनी मित्रानन्दका काका भुवनानन्दको विषयमा लेविले लेखेका छन् ।

आफ्नो पालाका प्रसिद्धतम नेपाली बौद्ध विद्वान् कुलमान वज्राचार्यको विषयमा सिल्विं लेविको धारणा त मैले पहिल्यै लेखिसकेको छु (महेशराज पन्त २०६२ : ७) । बौद्ध धर्मको र संस्कृतबारे कुलमानको ज्ञानको खिल्ली उडाई उनले आफूलाई संस्कृतमा लेखेका चिठी पनि लेविले छपाएका छन् र ती चिठीलाई स्थानीय बौद्ध संस्कृतको नमूना भनी उनले टिप्पणी गरेका छन् । लिङ्ग, विभक्ति, सन्धि आदि बिग्रिएको कुलमानको संस्कृत भाषाबाट लेविलाई प्रभाव नपर्नु स्वाभाविकै हो । एक जना वज्रयानी पण्डितको विषयमा त "मलाई जति तुर्की आउँछ, त्यति नै उनलाई संस्कृत आउँछ" (लेवि सन् १९०५बी : ३९०) सम्म भनेर उनले लेखेका छन् ।[२] लेविले नेवार वज्रयानी पण्डितहरूबारे जे लेखे, त्यो अतिशयोक्ति होइन वास्तव हो ।

[२] यो कुरा उप्रेती सन् २००७ : २६६ मा हुनुपर्ने, तर अनुवादकले छुटाएका छन् ।

हो, बौद्ध विद्याको यस्तो अवनति भएको अवस्थामा अमृतानन्द अवश्य पनि उनीभन्दा अगाडिपछाडिका अरू शाक्य-वज्राचार्यभन्दा निकै अगाडि थिए, तर यसको मतलब उनको ज्ञान अपरिमेय थियो भन्नमा कुनै तुक छैन भन्ने यहाँसम्मको कुराबाट स्पष्ट हुनुपर्छ ।

५

को हुन् भगवान्लाल इन्द्रजी ?

"मेरो 'इन्स्क्रिप्शन्स फ्रम नेपाल' 'इण्डियन एण्टिक्वरी' ९ ठेली (१६३ पृष्ठदेखि उता) मा छापिनुभन्दा अगाडिसम्म नेपालका पुस्तकखानाहरूमा रहेका नयाँ वंशावलीहरूबाट निकालिएको कुरा नै नेपालको इतिहास भनेर जानिन्थ्यो" (इन्द्रजी सन् १८८४ : ४११; अङ्ग्रेजीबाट मेरो उल्था) भनी लेख्ने भगवान्लाल इन्द्रजीलाई चिनाउन तयार गरिएको यो लेख उनकै वरिपरि घुम्छ ।

जुनागढको गुजराती नागरब्राह्मण वंशमा जन्मी घरमै आफ्ना बाबुसँग संस्कृत र वैद्यक पढेका भगवान्लाल इन्द्रजी कैशोर्यदेखि नै वरपरका ब्राह्मी लिपि र त्यसको भेदोपभेदमा कुँदिएका शिलालेखमा आकृष्ट हुँदै गए र, उनकै शब्दमा, शास्त्रहरूको गूढ ज्ञानमा खास ध्यान नदिई यस्तै काममा रमाए (ब्यूलर सन् १८८८ : २९३) । महाराष्ट्रिय र गुजरातीहरूमा आफ्नो नाउँ र थरको बीचमा बाबुको नाउँ घुसाउने चलन हुँदा भगवान्लालका बाबुको नाउँ इन्द्रजी र उनको थर भट्ट भएकोले उनको पूरा नाउँ "भगवान्लाल इन्द्रजी भट्ट" हुँदाहुँदै (शास्त्री सन् १९८६ : १; वाकङ्कर सन् १९८६ : ५५, ५८–५९, ६३) पनि उनी "भगवान्लाल इन्द्रजी" मात्रले प्रसिद्ध भए ।

दण्डोपनत अर्थात् आश्रित देशी राज्य काठियावाडमा ब्रिटिश भारत सरकारका पोलिटिकल एजेण्ट अर्थात् प्रतिनिधि भएर बसेका गुजराती भाषाका प्रेमी येलेक्जान्डर किन्लोक फोर्बस भगवान्लाललाई लिपिज्ञानमा लिप्त देखेर उनीसँग प्रभावित भए । यसैले उनले भारतीय पुराविद्याका प्रख्यात अन्वेषक भाऊ दाजीसँग वि.सं. १९१८ मा भगवान्लालको चिनाजानी गराइदिए । केही सहायकहरू राखी अन्वेषण गरिरहेका भाऊ दाजीले भगवान्लाललाई पनि आफूकहाँ जागिर दिए । पुराना शिलालेखको छापा उतार्ने

तस्वीर ५.१ : भगवान्‌लाल इन्द्रजी (नेपाली पूर्णाङ्क ४१ बाट) ।

र तिनको पाठ पढ्ने काममा भगवान्‌लालको प्रावीण्य देखेर भाऊ दाजीले भारतवर्षभर ठाउँठाउँमा उत्कीर्ण लेख आदि पुरावस्तुको खोजीमा उनलाई अर्को वर्षदेखि पठाउन थाले । वि.सं. १९२७ र त्यसपछि पनि भाऊ दाजीको सिफारिशमा जुनागढ राज्यका नवाबको खर्चमा भगवान्‌लालले ठाउँठाउँमा पुरावस्तुको खोजी गर्न थाले । यसै क्रममा उनी वि.सं. १९३० मा नेपाल आए । यस काममा वि.सं. १९१८ देखि १९३० मा भाऊ दाजी परलोक नभएसम्म झण्डै १२ वर्षभन्दा बढी समय उनको अधीनमा रही काम गर्दा भगवान्‌लाल अन्वेषणपद्धति राम्रोसँग बुझी स्वतन्त्र रूपले काम गर्न सक्ने भइसकेका थिए। भाऊ दाजीसँग भगवान्‌लालले काम गरेको अवधि गेओर्ग ब्यूलर (सन् १८८८ : २९३) को शब्दमा "सिक्ने र घुम्ने" काममा बितेको थियो ।

भाऊ दाजी बितेपछि भगवान्‌लालको वृत्ति टुट्यो र उनी बेरोजगार भए । त्यसपछि सानोतिनो बेपार गरेर वा मुम्बई बसेर व्यवसाय गरिरहेका जुनागढका एक जना बेपारीकहाँ काम गरेर उनले आफ्नो वृत्ति चलाए (ब्यूलर सन् १८८८ : २९७) । भाऊ दाजीसँग काम गरेसम्म उनको बाहिरफेर कतै सम्पर्क भएन । त्यस ताका यूरोपियन विद्वान्‌हरूले निजी तवरले पण्डित पालेर काम लिने चलन भएकोले (उदाहरणको लागि, कवेल सन् १८८० : २५) प्रभावशाली अन्वेषक भाऊ दाजीले पनि त्यसैको सिको गरी पण्डित पाल्ने गरेका

थिए । भाऊ दाजीका सहयोगी भगवान्लाल उच्च स्तरका पण्डित भनेर होइन कि यसै चलनअनुसार "भाऊ दाजीको पण्डित" भनी अलिअलि चिनिन्थे । भाऊ दाजी परलोक भएपछि भगवान्लालले पखेटा फिँजाउन थाल्दा यूरोपियन विद्वान्हरू उनीतर्फ तानिँदै गए । परिणामतः उनका लेख अन्वेषणात्मक पत्रिकाहरूमा क्रमशः छापिन थाले । अङ्ग्रेजी भाषामा पकड बलियो नहुनाले अङ्ग्रेजीमा लेख तयार गर्दा उनलाई सहयोग चाहिन्थ्यो । भारतमा बसिरहेका यूरोपियन पुराविद्मध्ये गेओर्ग ब्यूलर गुजराती जान्ने हुनाले उनीकहाँ भगवान्लाल वि.सं. १९३२ मा पुगे । पछि यी दुई जनाको मैत्री झाँगिदै जाँदा भगवान्लालका लेख गुजरातीबाट ब्यूलरले अङ्ग्रेजीमा उल्था गरी त्यसमा आवश्यक टिप्पणी हाली छापिए ।

गेओर्ग ब्यूलरमार्फत भगवान्लालको चिनजान रोयल एशियाटिक सोसाइटीको बम्बई शाखाका मानार्थ सेक्रेटरी ओ. कोड्रिङ्टनसँग हुँदा भगवान्लाललाई चार ओटा अन्वेषणात्मक लेख अङ्ग्रेजीमा तयार गर्न उनले मद्दत गरे । यीमध्ये पहिलो प्राचीन सिक्कासम्बन्धी थियो भने दोस्रो र तेस्रो प्राचीन उत्कीर्ण लेखसम्बन्धी थियो । चौथोचाहिँ अक्षराङ्कबारे थियो । यी चार ओटै लेख वि.सं. १९३३ असोज ३० गतेदेखि माघ २ गतेभित्र त्यही सोसाइटीको सभामा पढेर सुनाइए र पछि त्यही सोसाइटीको पत्रिकाको बाह्रौँ ठेलीमा छापिए (धरमशी सन् २०१२बी) ।[1] भगवान्लालको पाँचौँ लेख पनि अक्षराङ्ककै विषयमा थियो । त्योचाहिँ गुजरातीबाट अङ्ग्रेजीमा ब्यूलरले उल्था गरी *दि इण्डियन एण्टिक्वरी*का सम्पादक जेम्ज बर्जेसको प्रबन्धबाट त्यही पत्रिकामा छापियो (इन्द्रजी सन् १८७७ : ४२–४७) र सँगसँगै त्यस लेखमाथि ब्यूलरको टिप्पणी पनि प्रकाशित भयो (ब्यूलर सन् १८७७ : ४७–४८) । यसरी काम गर्दै जाँदा रोयल एशियाटिक सोसाइटीको बम्बई शाखाको मानार्थ सदस्यमा वि.सं. १९३३ चैत २५ गतेको दिन भगवान्लाल छानिए । त्यस शाखाको ७२ वर्षको इतिहासमा पहिलोपटक भारतीय जानपद अर्थात् नागरिक सदस्य भएको उनी नै हुन् ।

पश्चिम भारतको अन्वेषणमा लागेका जेम्ज बर्जेसको सहयोगी भई वि.सं. १९३४ देखि भगवान्लाल इन्द्रजी काम गर्न लागे । यसरी काम गरेबापत उनले पश्चिम भारतको पुरातत्त्व विभागबाट मेहनताना पाउने भए । तर बर्जेसले उनलाई पक्का जागिरमा नराखी काम पूरा गरेको अनुपातमा चुभुरचुभुर मेहनताना दिने गरे । यस अन्वेषणबाट *नोट्स अन द बुद्ध रक-टेम्पल्स अफ अजन्ता* भन्ने पुस्तक तयार भयो । वि.सं. १९३६ मा प्रकाशित त्यस पुस्तकमा बर्जेस र भगवान्लाल दुवै ग्रन्थकारको रूपमा देखिनुपर्नेमा परिशिष्टको एउटा टिप्पणीमा भगवान्लालको कामको विषयमा लेखेर बर्जेस (सन् १८७९) ले कर्तव्य पूरा गरेका छन् । त्यसै गरी बर्जेसको नाउँमा मात्र छापिएका अरू अरू पुस्तकमा पनि भगवान्लालउपर न्याय नभएको भन्ने चर्चा छ (धरमशी सन् २०१२बी) ।

[1] यो पुस्तक अनलाइनबाट डाउनलोड गरी हेरेको हुँ । त्यहाँ पृष्ठसंख्या दिइएको छैन ।

यसरी जेम्ज बर्जेसको सहयोगी भएर र *बम्बे गजिटीअर* तयार गर्न लागेका जेम्ज म्याक्नाब क्याम्प्बेलका लागि केही समय काम गरे पनि भगवान्‌लालले बेपारसँग नाता तोडेनन् । सरकारी जागिरमा हुल्न पटकपटक कोशिश गर्दा पनि उनले पर्याप्त अङ्ग्रेजी नजानेकाले र उनका शर्त पनि ठूला भएकाले तथा जागिरमा अलि स्वतन्त्रता उनले खोजेकाले त्यो सम्भव भएन भनी गेओर्ग ब्यूलरले लेखेका छन् (सन् १८८८ : २९७) ।

*बम्बे गजिटीअर*का सम्पादक जेम्ज म्याक्नाब क्याम्प्बेलले त्यस जर्नलका लागि कला, वास्तुशास्त्र, उत्कीर्ण लेख र इतिहाससम्बन्धी लेख पहिले जेम्ज बर्जेस र गेओर्ग ब्यूलरद्वारा लेखाउने विचार गरेका थिए । पछि ती लेख उनले भगवान्‌लालद्वारा लेखाए । यसले भगवान्‌लाल त्यस अवधिका उत्कृष्ट विद्वान्‌मध्ये पर्थे भन्ने प्रमाणित हुन्छ भनी भगवान्‌लालसम्बन्धी अन्वेषकले लेखेका छन् (धरमशी सन् २०१२बी) ।

गेओर्ग ब्यूलरमार्फत भगवान्‌लालको परिचय फोर्स्टर फिट्‌ज्गेराल्ड आर्बुथ्नटसँग भयो । उनी त्यस ताका *कामसूत्र*को अन्वेषणमा लागेका थिए । उनका लागि भगवान्‌लालले लेखोट पुस्तकहरूका आधारमा *कामसूत्र*को मूलपाठ सम्पादन गरी त्यसको गुजरातीमा उल्था गरे । भगवान्‌लालले गुजरातीमा गरेको *कामसूत्र*को उल्थाको अङ्ग्रेजीमा उल्था शिवराम परशुराम भिडे नाउँका एक जना संस्कृत अङ्ग्रेजी दुवै भाषा जान्ने विद्यार्थीले गरे । अनि आर्बुथ्नटले त्यही अङ्ग्रेजी उल्था परिमार्जन गरिसकेपछि रिचर्ड फ्रान्सिस बर्टनले त्यसको सम्पादन गरे । त्यस कृतिको नाउँ *द काम सूत्र अफ वात्स्यायन* राखी बर्टन र आर्बुथ्नटको नाउँमा प्रकाशित भयो । तात्कालिक स्थितिमा "कामशास्त्र" निषिद्ध भएकोले कामशास्त्र सोसाइटी भन्ने संस्थालाई प्रकाशक बनाई वि.सं. १९४० मा लण्डन र बनारसबाट त्यो पुस्तक छापियो । पुस्तकको पहिलो संस्करण नदेखे पनि त्यसको संशोधित संस्करण (बर्टन र आर्बुथ्नट सन् १९६३) देखेको छु । त्यहाँ भगवान्‌लालको नाउँ कतै उल्लेख छैन । बर्टन र आर्बुथ्नटको *कामसूत्र*को उल्थामा भगवान्‌लालको विषयमा एक शब्द पनि परेको छैन भनी तिनै अन्वेषकले लेखेका छन् (धरमशी सन् २०१२बी) ।

वि.सं. १९४० मा भगवान्‌लाललाई लाइडेन विश्वविद्यालयबाट पीएच.डी.को मानार्थ उपाधि मिल्यो र लगत्तैजसो नेदरल्याण्डको भारतवर्षसम्बन्धी राजकीय परिषद्‌को र रोयल एशियाटिक सोसाइटी अफ ग्रेट ब्रिटेन एण्ड आयरल्याण्डको मानार्थ सदस्यता दिइयो ।

चार वर्ष जति रोगाएर वि.सं. १९४४ मा उनी ओछयान छोड्न पनि नसक्ने अवस्थामा पुगे । त्यस्तो हालतमा पनि अन्वेषणात्मक लेख तयार गर्ने काममा उनी जुटिरहेकै थिए भन्ने कुरा उनले आफू बित्नुभन्दा ५० दिनअगाडि वि.सं. १९४४ माघ १५ गतेको दिन आफ्ना हितैषी, भियना विश्वविद्यालयमा संस्कृतका प्रोफेसर गेओर्ग ब्यूलरलाई गुजरातीमा लेखेको चिठीमा "एक जना ग्राजुएटलाई बडो कष्टसँग सधाएर मेरा लेख लेखाउँदैछु (पेपरो लखावुं छुं)" भनी लेखेकोबाट स्पष्ट हुन्छ । आफ्नो जन्मभूमि जुनागढ राज्यका दीवान अर्थात्

मन्त्री हरिदास विहारीदास देसाईलाई आफ्नो पेन्सनको सिफारिश गरी चिठी लेख्ने अनुरोध पनि ब्यूलरसँग त्यही चिठीमा उनले गरेका थिए । ब्यूलरले पनि चिठी हात पर्नेबित्तिकै दीवानलाई पत्र लेख्दा दीवानले पेन्सनको व्यवस्था गरिदिने कुरा लेखी ब्यूलरकहाँ चिठी पठाए । तर छोटो अन्तरालमै, त्यही साल चैत ५ गते भगवान्लाल परलोक भएकाले त्यो कोशिश ढीलो भइसकेको थियो (ब्यूलर सन् १८८८ : २९७) ।

पाश्चात्त्यहरूमा मनको बल जति हुन्छ, त्यो हिन्दूहरूको हुँदैन; हाम्रा पुर्खाहरूले ग्रीकहरू र अरू विदेशीहरूबाट निकै विद्या लिएको कुरा भगवान्लाल वारंवार निस्सङ्कोच भनिरहन्थे भनी गेओर्ग ब्यूलरले उनको तारिफ गरेका छन् (सन् १८८८ : २९७) । उत्कीर्ण लेख जस्ता पुरावस्तुमा पूरापूर घोटिएका भगवान्लालमा त्यति साह्रो शास्त्रीय पाण्डित्य र बहुविध ज्ञान नभएकोले र एक प्रकारले यूरोपियनहरूप्रति कृतज्ञताको बोझले थिचिएका हुनाले पनि विजेता यूरोपियनहरूको गुरुताको र विजित भारतीयहरूको हीनताको चर्चा जताततै चलिरहेको त्यस जमानामा भगवान्लालमा त्यस्तो विचार आउनु आश्चर्य छैन । "उनको सुशील र निष्कपट चरित्र, उनको तीखो बुद्धि र विस्तीर्ण पाण्डित्यले गर्दा उनी मेरा प्रिय थिए" (सन् १८८८ : २९७; अङ्ग्रेजीबाट मेरो उल्था) भनी भगवान्लाल परलोक भएपछि उनको विषयमा ब्यूलरले लेखेका छन् ।

भगवान्लालको प्रसिद्धि भाऊ दाजी बाँचुञ्जेल भएन । भाऊ दाजीले आफ्ना लेखमा भगवान्लालको नाम नलिई नहुने ठाउँमा पनि लिएका छैनन् भनी गेओर्ग ब्यूलरले लेखेका छन् (सन् १८८८ : २९५) । तर, उनले पनि भगवान्लाल र उनको नाउँमा *दि इण्डियन एण्टिक्वेरी*मा वि.सं. १९३९ मा छापिएको नेपालका २३ ओटा उत्कीर्ण लेखको सम्पादन केही उलटपुलट पारेर आफू भियना फर्केपछि आफ्नै नाउँमा वि.सं. १९४१ मा प्रकाशित गरे भनी वि.सं. १९५१ तिर बङ्गाली भाषामा लेखिएको नेपालको इतिहासमा परेको छ (मिश्र मिति नखुलेको : ३०–३१) । भियनाबाट ब्यूलरले आफ्नो नाउँमा छपाएको त्यो पुस्तक मैले देखेको छैन र बङ्गालीमा लेखिएको यस पुस्तकमा बाहेक अन्त कतै यसको चर्चा भएको पनि पाएको छैन ।

वि.सं. १८४८ मा ब्रिटिश इष्ट इण्डिया कम्पनीको दूत भई नेपाल आएका विलियम कर्कप्याट्रिकले लेखेको पुस्तक (सन् १८११) को आठौँ अध्यायमा प्राचीन कालदेखिको नेपालको एक प्रकारको इतिहास दिइएको छ । त्यस वृत्तान्तको प्राचीन कालको आधार पहिल्यै लेखेर राखिएको वृत्तान्त हो जस्तो मलाई लाग्छ । प्राचीन कालको त्यो वृत्तान्त मूल रूपमा कुन भाषामा थियो भन्ने कुरा कर्कप्याट्रिकको किताबबाट नखुले पनि "आफ्नो नेपालनामक ग्रन्थमा कर्कप्याट्रिकले राजाहरूको एउटा सूची दिएका छन्, पर्वतीय भाषामा लेखिएको कुनै छोटकरी ग्रन्थको आधारमा त्यो सूची तयार भएको हुन सक्छ" (सन् १८८४ : ४११; अङ्ग्रेजीबाट मेरो उल्था) भनेर भगवान्लाल इन्द्रजीले वि.सं. १९४१ मा

लेखेका छन् । यस कुराको पुष्टि बङ्गाली भाषामा लेखिएको नेपालको इतिहासबाट पनि हुन्छ (मिश्र मिति नखुलेको : ३०) ।

जुनागढका नवाबको खर्चमा वि.सं. १९३० मा नेपाल आएका भगवान्‌लाल झण्डै छ महिना यहाँ बसे । उनले यस यात्रामा श्री ३ जङ्गबहादुरको दर्शनभेट पाएका थिए । काठमाडौँ, पाटन, भक्तपुर र वरपर घुम्दा १८ ओटा लेखोट पुस्तक र ६० ओटा उत्कीर्ण लेखका छापा उनले सङ्ग्रह गर्न सके । आफू अन्तअन्त अन्वेषण गर्न जाँदा गर्ने खालको टिपोट नेपाल यात्रामा पनि उनले गुजराती भाषामा गरेका छन् । त्यस टिपोटको उठान यसरी गरिएको छ :

> झरीले गर्दा म केही महिना नेपालमा बसेँ । ती महिनाभित्र केही नेपाली बौद्धहरूसँग मेरो चिनाजानी भयो र उनीहरूमार्फत उनीहरूको धर्म, धार्मिक अवस्था, विधिविधान, रीतभाँत र परम्पराको विषयमा सूचना बटुलेँ । काठमाडौँ, पाटन, भादगाउँ र वरपर जाँदा १८ ओटा लेखोट पुस्तक र ६० ओटा उत्कीर्ण लेख सङ्ग्रह गर्न मैले सकेँ । (धरमशी सन् २०१२ए : ८८; अङ्ग्रेजीबाट मेरो उल्था)

नेपाल खाल्डाका लिच्छवि, मल्ल र शाहकालका गरी २३ ओटा शिलालेखको पाठ पढी तिनको गुजराती भाषामा उल्था र ती शिलालेखमाथि टिप्पणी गरी भगवान्‌लालले नेपालका उत्कीर्ण लेखसम्बन्धी पुस्तक तयार गरे । त्यो पुस्तक पहिले गुजराती भाषामा छापियो । पछि त्यसको अङ्ग्रेजी उल्था कहींकहीँ आफ्नो टिप्पणीसमेत हाली गेओर्ग ब्यूलरले तयार गरे । वि.सं. १९३३ को शरद् ऋतुमा र वि.सं. १९३६ को असारको आधाआधीदेखि भदौको आधाआधीसम्म दुई महिना बिहान-बिहान ६ बजेदेखि ९ बजेसम्म भगवान्‌लालले तयार गरेका, अक्षराङ्क र नेपाली उत्कीर्ण लेखको विषयमा काम गरेर तिनलाई प्रकाशनयोग्य बनाइयो भनी ब्यूलरले लेखेका छन् (सन् १८८८ : २९६–२९७) । भगवान्‌लाल इन्द्रजी र ब्यूलर दुवैको नाउँमा *इन्स्क्रिप्शन्स फ्रम नेपाल* शीर्षकमा वि.सं. १९३७ मा *दि इण्डियन एण्टिक्वरी*मा त्यो छापियो (सन् १८८० : १६३–१९४) । त्यही लेख र वि.सं. १९४१ मा *दि इण्डियन एण्टिक्वरी*कै १३ ठेलीमा छापिएको भगवान्‌लाल इन्द्रजीले लेखी ब्यूलरले सम्पादन गरेको नेपालको इतिहासको कालनिर्णयसम्बन्धी लेख (इन्द्रजी सन् १८८४ : ४११–४२८) केही संशोधनसहित पुस्तकाकारमा वि.सं. १९४२ मा प्रकाशित भयो (इन्द्रजी सन् १८८५) । *दि इण्डियन एण्टिक्वरी*को ९ ठेलीमा छापिएको, नेपालका शिलालेखसम्बन्धी लेखमा भगवान्‌लाल र ब्यूलर दुवै जनाको नाउँ राखिएकोमा त्यही लेख पुस्तकाकारमा आउँदा भने ग्रन्थकारमा भगवान्‌लालको नाउँ मात्र र ब्यूलरको चाहिँ गुजरातीबाट उल्था गर्नेमा आएको

चाखलाग्दो छ । त्यो पुस्तक आफ्ना राजा तथा नेपालमा आफू अन्वेषण गर्न जाँदा खर्च बेहोर्ने जुनागढका नवाबलाई भगवान्लालले समर्पण गरेका छन् ।

ती २३ ओटा शिलालेखमध्ये अघिल्ला १५ ओटा लिच्छविकालका, सात ओटा मल्लकालका र एउटा शाहकालका छन् । १४० वर्षअगाडि नेपालका शिलालेख प्रकाशित गरी भगवान्लाल पुराविद्याको यस अङ्गमा पथिकृद् बनेका छन् । उनको यस अन्वेषणले गर्दा वंशावलीलाई नै इतिहास मान्ने अवस्थाबाट नेपालको इतिहासलेखनले फड्को मार्न सक्यो । यसैले भगवान्लालले "मेरो 'इन्स्क्रिप्शन्स फ्रम नेपाल' छापिनुभन्दा अगाडिसम्म नयाँ वंशावलीहरूबाट निकालिएको कुरा नै नेपालको इतिहास भनेर जानिन्थ्यो" भनी लेख्नु अत्युक्ति थिएन । बाबुराम आचार्यको शब्दमा भन्दा "पण्डित भगवान्लाल इन्द्रजीले जुन मार्ग हामीलाई देखाइदिएका थिए, त्यही मार्गबाट अगाडि बढ्दा हामीले नेपालका प्राचीन इतिहासको खोजी गर्न सकेका छौं" (आचार्य २०२६ख : ६३) ।

भगवान्लालको नेपाली शिलालेख सम्बन्धी सामग्री छापिए पछिको यस अवधिमा नेपालको प्राचीन इतिहासमा निकै खोजी भइसकेकोले उनले पढेका शिलालेखका पाठमा ठाउँठाउँमा संशोधन भइसकेको छ । उदाहरणका लागि, संवत् ४१३ मा पशुपतिमा स्थापना गरिएको एउटा शिवलिङ्गका प्रतिष्ठापकको नाउँ उनले "जयवर्मा" पढेकोमा सो "जयलम्भ" ठहरिनु (वज्राचार्य २०१६); द्वितीय जयदेवको पशुपतिको शिलालेखमा प्रथम जयदेवदेखि वृषदेव नआउञ्जेलसम्म ११ राजा भए भनी उनले मानेकोमा "एकादश क्षितिपतीनपरञ्च भूपं" भन्ने पाठ ठहरिई १२ जना राजा भएको प्रमाणित हुनु (महेशराज पन्त २०१८); पशुपतिको त्यही शिलालेखको संवत्को एकस्थानी अङ्क "३" पढी उनले संवत् "१५३" मानेकोमा त्यो एकस्थानी अङ्क "७" ठहऱ्याई त्यसको संवत् "१५७" सिद्ध हुनु (महेशराज पन्त २०१९); बुङ्मतीको अंशुवर्माको सनदको संवत् उनले "३४" पढेकोमा "२९" ठहरिनु (पन्त २०२२ : ५); अंशुवर्माको टुँडिखेलको धाराको संवत् उनले "४५(?)" पढेकोमा "४४" ठहरिनु (पन्त २०४३ख : ५४१); प्रथम शिवदेवको पशुपतिको सनदको संवत् उनले "१(४)३" पढेकोमा "१०३" ठहरिनु (न्योलि सन् १९५६ : ९९–१०१); मीननाथको मन्दिरको सामुन्नेको धारामा रहेको सनदको संवत् उनले "१४५" पढेकोमा "१४८" ठहरिनु (वज्राचार्य २०२५ : १८७) आदि ।

लिच्छविकालका शिलालेखमा मिति दिँइदा वर्षको अङ्क अगाडि "संवत्" मात्र लेखिएको पाइन्छ; कुन संवत् हो भनी खुलाइएको पाइँदैन । ती शिलालेखमध्ये कुनैमा एक थरी र कुनैमा अर्को थरी संवत्को प्रयोग भएको छ । भगवान्लालले ती दुवै थरी संवत्मध्ये अघिल्लोलाई विक्रमसंवत् र पछिल्लोलाई वि.सं. ६३३ देखि उठेको हर्षसंवत् भनी माने । तर, खोजी हुँदै जाँदा भगवान्लालका यी दुवै मत गलत साबित भई पहिलोचाहिँ वि.सं. १३५ देखि उठेको शकसंवत् र दोस्रोचाहिँ वि.सं. ६३३ देखि उठेको मानदेवसंवत् भन्ने निर्णय भयो (नयराज पन्त २०४३ख) ।

६

हरप्रसाद शास्त्री र हस्तलिखित ग्रन्थको खोजी

भूकम्प, अग्निकाण्ड र बाढी जस्ता प्राकृतिक प्रकोपले, लडाइँभिडाइले र समयको खेलले गर्दा हाम्रा प्राचीन वाङ्मयका हजारौँहजार पुस्तक लुप्त भए । त्यस्ता प्राचीन पुस्तकका उद्धरण पछिपछि लेखिएका पुस्तकहरूमा पाइए पनि मूल पुस्तक धेरै अंशमा हराएको हरायै हुन्थे । पठनपाठनमा ज्यादा उपयोग हुने ग्रन्थहरू पछिपछि परिष्कार हुँदै जाने भएकाले त्यस्ता ग्रन्थको मूल रूप पत्ता लगाउन हम्मे पर्ने कुरा यस्तो अन्वेषण गर्नेहरूले भोगेकै कुरा हो । प्राचीन कालमा पुस्तक ताडपत्र र भोजपत्रमा लेखिने र तिनको आयु परिमित हुने हुनाले प्राचीन संस्कृतवाङ्मयका कुनै पनि प्राचीन पुस्तकको ग्रन्थकारले लेखेको मूल प्रति पाइँदैन । ग्रन्थकारको मूल पुस्तक नपाइएको अवस्थामा "टेक्स्चुअल क्रिटिसिज्म" अर्थात् "पाठालोचनात्मक रीति" अनुसार ग्रन्थको मूल रूप पहिल्याउन लागेका अन्वेषकका लागि पाइएसम्ममा पुरानो पुस्तक अत्यन्त उपयोगी हुन्छ ।

नेपाल खाल्डोको समशीतोष्ण हावापानीले गर्दा भरतखण्डका अन्य ठाउँमा भन्दा यहाँ पुस्तकको आयु लामो भएको देखिन्छ । यसैले सयौँ वर्षअगाडि लेखिएका पुस्तक पनि यहाँ अहिलेसम्म सुरक्षित छन् । भारतमा हराइसकेका निकै पुस्तक यही कारणले गर्दा यहाँ भेट्टिएका छन् । भारतमा भेट्टिने पुस्तकमध्ये पनि केहीको प्राचीनतम प्रति यहीँ पाइएको दृष्टान्त *शुक्लयजुर्वेद*, *वाल्मीकीय रामायण*, *महाभारत*, आयुर्वेदको शल्यतन्त्र *सुश्रुतसंहिता*जस्ता पुस्तक हुन् (पन्त सन् १९७९ : ११०–१२१) ।

भारतमा बौद्ध धर्म लुप्त भएपछि बौद्ध धर्मका ग्रन्थ त्यहाँ पाइन छोडे । नेपालका वज्राचार्य र शाक्यले केही अंशमा त्यस्ता ग्रन्थ जोगाएर राखे । भोटमा महायान जीवित भए पनि त्यहाँको महायानको आधार संस्कृत भाषाका ग्रन्थ नभई संस्कृतबाट भोटभाषामा उल्था गरिएका ग्रन्थ भएकाले विद्वान्हरू मूल संस्कृतमा लेखिएका महायानी ग्रन्थको खोजीमा

लागिपरेका थिए। त्यसरी खोजी गर्दा त्यस्ता ग्रन्थ छिटपुट पाइए पनि संस्कृतमा लेखिएका महायानी ग्रन्थ र ती ग्रन्थअनुसार महायान मान्ने जाति ब्रायन हटन हज्सन काठमाडौँको ब्रिटिश रेजिडेन्सीमा आएर खोजमेल गर्न थालेपछि मात्र बाहिरफेर चर्चामा आए। संस्कृतमा लेखिएका महायानी वा वज्रयानी पुस्तक हज्सनले यहाँ देखेपछि उनी तिनको सङ्ग्रह गर्न लागे। आफूले सङ्ग्रह गरेका त्यस्ता पुस्तक उनले पछि कलकत्ताको एशियाटिक सोसाइटीमा, लण्डनको ब्रिटिश म्यूजियममा र प्यारिसको आँस्तित्यु द सिभिलिजास्यौँ आँदियन्नमा बाँडिदिए। त्यसपछि संस्कृतज्ञहरूमा संस्कृतमा लेखिएका बौद्ध ग्रन्थको परिशीलन गर्ने परिपाटी बस्यो। यसरी संस्कृतवाङ्मयको ग्रन्थराशिमा नेपालमा भेट्टाइएका पुस्तकको विशिष्ट ठाउँ छ भन्ने स्पष्ट हुन्छ।

नेपालका प्राचीन पुस्तकको सूचीपत्र तयार गर्ने काममा र यहाँ भेट्टिएका त्यस्ता पुस्तकको सम्पादन गर्ने काममा हरप्रसाद शास्त्रीको अग्रगण्य स्थान छ। यिनकै प्रयासले वज्रयानी *स्वयम्भूपुराण* (शास्त्री सन् १८९४) *अश्वघोषको सौन्दरनन्द* (शास्त्री सन् १९१०) र *चर्यापद* (शास्त्री बङ्गाली सन् १३२३) जस्ता ग्रन्थ प्रकाशमा आउन सके।

भारतविजय गर्दै गएपछि ब्रिटिश इष्ट इण्डिया कम्पनीले "रगत र रङको दृष्टिले भारतीय भए पनि रुचि, विचार, आचरण र बुद्धिले अङ्ग्रेज भएका मानिसहरूको वर्ग बनाउन" (लाउरी सन् १८८८ : १८३; अङ्ग्रेजीबाट मेरो उल्था) भनी अङ्ग्रेजी शिक्षा चलायो। भारतमा मुसलमानको ६०० वर्षको शासनले पनि हिन्दूहरूको जीवन पद्धतिमा खास असर नपरेकोमा अङ्ग्रेजी शिक्षाले गर्दा हिन्दूहरूको सोचविचारमा परिवर्तन आउन थाल्यो। आफूहरूले सयौँ सय वर्षअघिदेखि मान्दै आएका कुरा अब परीक्षा गरेर मात्र मान्नुपर्छ भन्ने एक थरी मानिस देखा पर्न थाले। अङ्ग्रेजी शासनको गढ बङ्गाल भएकोले यस नयाँ विचारधाराको ठूलो प्रभाव बङ्गालमा पऱ्यो। पन्ध्रौँ शताब्दीमा प्राचीन ग्रीस र रोमको ज्ञानबाट यूरोपमा आएको जागर्तिलाई बुझाउन पुनर्जन्म बुझाउने "रिनेसन्स" शब्द चलेकोले त्यसैको सिको गरी यस नयाँ विचारधाराबाट आएको चेतनालाई "बङ्गाली रिनेसन्स" नाउँ दिइयो। यूरोपमा प्राचीन विद्याको परिशीलनबाट "पुनर्जागर्ति" भएको थियो भने बङ्गालमा चाहिँ प्राचीन विद्याको यथाशक्य उछित्तो गर्ने कामले पुनर्जागर्ति नाउँ पाएको तथ्य विद्यासम्बन्धी इतिहासको एउटा चाखलाग्दो पक्ष हो।

प्रसिद्ध पण्डितले परम्परागत ढङ्गले निजी रूपमा संस्कृत शिक्षा दिने पाठशालालाई बङ्गालमा टोल भनिन्थ्यो र त्यस्ता विद्यालयबाट पढाइ सिद्ध्याएकालाई थरीथरीका उपाधिले विभूषित गर्ने चलन थियो। त्यस्तो उपाधि पाएकाहरूको नाउँमा उनीहरूको थर नजोडिई उपाधि जोडिने हुनाले उनीहरूको थर त्यति चर्चामा आउँथेन। "हिन्दू वाङ्मय र पढैया हिन्दूहरूलाई प्रोत्साहन दिन" भनी वि.सं. १८८१ मा अङ्ग्रेज सरकारले कलकत्तामा स्थापना गरेको संस्कृत कलेजमा १२ वर्षसम्म व्याकरण, साहित्य, अलङ्कारशास्त्र, वेदान्त,

स्मृति र ज्यौतिष पढी वि.सं. १८९८ मा पुरानो परम्पराअनुसार "विद्यासागर" को उपाधि पाएपछि ईश्वरचन्द्र वन्द्योपाध्याय आफूले पाएको उपाधिले गर्दा ईश्वरचन्द्र विद्यासागर नाउँले प्रसिद्ध भए। बङ्गाली पुनर्जागर्तिको एउटा खम्बा मानिएका ईश्वरचन्द्र प्राचीन परम्पराको विरुद्ध गई विधवा विवाहको पक्षमा उभिन पुगेको कुरा भारतीय लौकिक इतिहासको एउटा चाखलाग्दो पाटो हो।

भट्टाचार्य वंशका माणिक्यचन्द्र तर्कभूषणले बङ्गालका राजा-रजौटाको आश्रयमा रही संस्कृतविद्याको टोल चलाएका थिए। तिनका छोरा श्रीनाथ तर्कालङ्कार, तिनका छोरा रामकमल न्यायरत्न र तिनका जेठा छोरा नन्दकुमार न्यायचुञ्चुले पनि त्यस्तै टोलमा पढेका थिए। बङ्गालमा पश्चिमी हावा बग्न थालेपछि त्यस्ता टोल प्रसिद्ध बङ्गाली कवि द्विजेन्द्रलाल राय र प्रसिद्ध वृक्षायुर्वेदज्ञ अर्थात् आजभोलिको भाषामा वनस्पतिशास्त्री प्रफुल्लचन्द्र राय जस्ताको दृष्टिमा "बङ्गालीहरूको उर्वर मस्तिष्क बिगार्ने केन्द्र" भनी कहलिन थाले (साहा सन् २०१३ : १८)। पटकपटक न्यायविषयक शास्त्रार्थमा प्रसिद्ध नैयायिकहरूलाई हराई पहिले संस्कृत कलेजमा सहायक प्रोफेसर र पछि वि.सं. १९१८ मा मुर्शिदाबादको एउटा पाठशालामा हेड पण्डित भएका नन्दकुमार न्यायचुञ्चुले आफूले टोलमा शिक्षा पाएको भए पनि टोलमा दिइने शिक्षामा विकर्षण बढ्दै गएकोले आफूभन्दा १८ वर्ष कान्छो नौ वर्षको ठाहिँलो भाइ हरप्रसादलाई त्यहाँ नपढाई आफूले पढाउने गरेको पाठशाला नजिकैको स्कूलमा भर्ना गरिदिए। यसरी पुस्तौँपुस्तादेखि टोलमा पढी आएका भट्टाचार्यहरू अब स्कूलमा पढ्ने भए।

हरप्रसाद स्कूलमा भर्ना भएको एक वर्षमै उनका दाजु नन्दकुमार न्यायचुञ्चु २७ वर्षको उमेरमा बितेकाले उनले त्यो स्कूल छोडी घर फर्कनुपऱ्यो। बाबु र जेठा दाजु बितिसकेका हरप्रसादलाई नन्दकुमारका हितैषी ईश्वरचन्द्र विद्यासागरले आफ्नो घरसँगैको स्कूलमा भर्ना हुने सल्लाह दिए। त्यहाँको पढाइ सिद्ध्याइसकेपछि हरप्रसादलाई ईश्वरचन्द्रले आफ्नै घरमा खानेबस्ने सुविधा दिई संस्कृत कलेजमा वि.सं. १९२३ मा भर्ना गरिदिए। त्यस वेला हरप्रसादको उमेर १३ वर्ष थियो। खास गरी संस्कृत कलेजमा र केही समय प्रेसिडेन्सी कलेजमा पनि उनले पढे। संस्कृत कलेजमा भर्ना भएको पाँच वर्षपछि वि.सं. १९२८ मा उनले "एण्ट्रन्स" अर्थात् आजभोलिको हाम्रो एस.एल.सी. सरहको परीक्षा, त्यसको दुई वर्षपछि एफ.ए. अर्थात् पछि आई.ए. भनिने गरेको परीक्षा, वि.सं. १९३३ मा बी.ए. र त्यसको अर्को वर्ष संस्कृतमा "अनर्स" गरे। एम.ए.को उपाधि पाएपछि उनलाई शास्त्रीको पदवी दिइयो र उनी हरप्रसाद भट्टाचार्यको ठाउँमा हरप्रसाद शास्त्रीको नाउँले कहलिन थाले।

पढाइ सिद्ध्याएपछि वि.सं. १९३४ मा कलकत्ताको हेर स्कूलमा हेड पण्डित भएका हरप्रसादले वि.सं. १९३९ सम्म त्यहाँ काम गरे। वि.सं. १९४० मा उनी संस्कृत कलेजमा लेक्चरर र त्यही साल बङ्गाल सरकारको अनुवाद विभागमा सहायक अनुवादकमा पनि



तस्बिर ६.१ : हरप्रसाद शास्त्री (इन्टरनेटमा उपलब्ध) ।

नियुक्त भए । वि.सं. १९४३ मा उनी बङ्गाल लाइब्रेरीमा लाइब्रेरियनको ओहदा सह्याल्न पुगे । वि.सं. १९५१ मा प्रेसिडेन्सी कलेजमा संस्कृत विभागको अध्यक्ष भएका उनी वि.सं. १९५७ मा संस्कृत कलेजको प्रिन्सिपल भए । त्यस पदमा झण्डै आठ वर्ष काम गरिसकेपछि वि.सं. १९६५ मा संस्कृत कलेज छोडी बङ्गालको इतिहास, धर्म, रीतभाँत र लोककथा विषयमा बङ्गालका निजामती कर्मचारीहरूका लागि ज्ञान दिन भनी खडा गरिएको अड्डाको अभिभारा बोक्न उनी पुगे । त्यो अभिभारा उनले नमरुञ्जेल बोके । वि.सं. १९७८ देखि वि.सं. १९८१ सम्म ढाका विश्वविद्यालयमा बङ्गाली र संस्कृत विभागमा प्रोफेसर भई उनले काम गरे ।

बङ्गालको एशियाटिक सोसाइटीको मातहतमा लेखोट पुस्तकहरूको सङ्ग्रह गर्ने र सूचीपत्र बनाउने काममा लागेका राजेन्द्रलाल मित्रका सहयोगी भई हरप्रसादले काम गरे । वि.सं. १९३९ मा प्रकाशित आफ्नो द *संस्कृत बुद्धिष्ट लिटरेचर अफ नेपाल* (मित्र सन् १८८२) तयार गर्ने काममा राजेन्द्रलालले तीन जना पण्डितको मद्दत लिएका थिए । उनको त्यस सूचीपत्रभित्र पर्ने ८५ ओटा पुस्तकका सारांशमध्ये तीन खण्डको दुई खण्ड पुस्तकको सारांश हरिनाथ विद्यारत्नले, ठूलो *प्रज्ञापारमिता*को सारांश रामनाथ तर्करत्नले र ससाना पुस्तकमध्ये तीन ओटाको सारांश कामाख्यानाथ तर्कवागीशले संस्कृतमा लेखे ।

पण्डितहरूले संस्कृतमा लेखेका ती सारांशमध्ये १५ ओटा ठूलठूला पुस्तकका सारांशको अङ्ग्रेजीमा उल्था गर्ने काम हरप्रसादले गरे । बाँकी पुस्तकका सारांश बनाउने काम र पण्डितहरूले लेखेका अरू सारांशको उल्था गर्ने काम राजेन्द्रलालले आफै गरे (मित्र सन् १८८२) । पण्डितहरूका संस्कृतबाट हरप्रसादले अङ्ग्रेजीमा उल्था गरेका ती सारांश हरप्रसादकै नाउँ राखी राजेन्द्रलालले आफ्नो पुस्तकमा छपाएका छन् ।

राजेन्द्रलाल मित्रको प्रयत्नले हरप्रसाद वि.सं. १९४२ मा एशियाटिक सोसाइटीका सदस्य पनि बने । वि.सं. १९४८ मा राजेन्द्रलाल परलोक भएपछि उनको ठाउँमा एशियाटिक सोसाइटीमा संस्कृत लेखोट पुस्तकहरूको खोजी गर्ने कामको डाइरेक्टर भई हरप्रसादले काम गर्न थाले । एशियाटिक सोसाइटीमा रहेका विभिन्न विषयका १० हजार जति लेखोट पुस्तकको विवरणात्मक सूचीपत्र ती पुस्तकको विषयमा आफूले लेखेका विस्तृत उपोद्घातसहित १२ ठेली उनले तयार पारे । तीमध्ये धेरैजसो उनी जीवितै हुँदै र केही उनी बितेपछि प्रकाशित भए (शास्त्री सन् १९१७–१९४८) । एशियाटिक सोसाइटीका लेखोट पुस्तकका यी सूचीपत्र छापिन थालिनुभन्दा अगावै उनका लेखोट पुस्तकसम्बन्धी *नोटिसेज अफ संस्कृत म्यान्युस्क्रिप्ट्स* शीर्षकका तीन ठेली (शास्त्री सन् १८९२, १८९५, १८९८) र *रिपोर्ट अन द सर्च फर संस्कृत म्यान्युस्क्रिप्ट्स* (शास्त्री सन् १९०५ए) प्रकाशित भइसकेका थिए ।

प्राचीन ग्रन्थको खोजीमा बङ्गालको एशियाटिक सोसाइटीको तर्फबाट वि.सं. १९५३ देखि १९७९ भित्र हरप्रसाद चार पटक नेपाल आए । दोस्रो पटक वि.सं. १९५५ को हिउँदमा उनी यहाँ आएका थिए । यसपटक केम्ब्रिज विश्वविद्यालयका संस्कृतका प्रोफेसर सेसिल बेण्डल पनि सँगै थिए । हरप्रसादले आफ्ना सहायक पण्डित विनोदविहारी भट्टाचार्य पनि सँगै ल्याएका थिए । नेपालको सरकारी पुस्तकखानामा रहेका ताडपत्रमा लेखिएका पुस्तक र कागतमा लेखिएका छनौट पुस्तकहरूको सूचीपत्रको पहिलो भाग हरप्रसादको यस यात्राबाट तयार हुन सक्यो र त्यो सूचीपत्र वि.सं. १९६२ मा प्रकाशित भयो (शास्त्री सन् १९०५बी) । त्यो सूचीपत्र छापिँदा उनी एशियाटिक सोसाइटीमा भाषासम्बन्धी अन्वेषणमा संयुक्त सचिव थिए भन्ने कुरा त्यस सूचीपत्रको मुखपृष्ठबाट थाहा हुन्छ । बेलायतकी महारानी भिक्टोरियाले सिंहासनारोहण गरेको ६० वर्ष पुगेको अवसरमा भारतका ठूलठूला पण्डितहरूसँगै हरप्रसाद पनि वि.सं. १९५४ मा महामहोपाध्यायको उपाधिले विभूषित भए । त्यसैले त्यस सूचीपत्रको मुखपृष्ठमा उनको नाउँको अगाडि त्यो पदवी जोडिएको छ (तस्वीर ६.२) ।

वि.सं. १९६४ को ग्रीष्म ऋतुमा तेस्रो पल्ट नेपाल आई यहाँको सरकारी पुस्तकखानामा रहेका थप पुस्तकका विषयमा हरप्रसादले अन्वेषण गरे । यसपटक उनलाई सहायता गर्न अङ्ग्रेजी ढङ्गबाट संस्कृत पढेका "रिसर्च स्कलर" रामलाल काञ्जिलाल र पण्डित आशुतोष तर्कतीर्थ पनि आएका थिए । भरखरै "एण्ट्रन्स" गरेका आफ्ना जेठा छोरा


A

CATALOGUE

OF

PALM-LEAF & SELECTED PAPER MSS.

BELONGING TO THE DURBAR LIBRARY, NEPAL.

BY

MAHĀMAHOPĀDHYĀYA HARA PRASĀD ŚĀSTRI, M.A.

Joint Philological Secretary, Asiatic Society, Bengal, and Principal, Sanskrit College, Calcutta.

TO WHICH HAS BEEN ADDED

A

HISTORICAL INTRODUCTION

BY

PROFESSOR CECIL BENDALL, M.A.

Professor of Sanskrit in the University of Cambridge.

CALCUTTA:

PRINTED AT THE BAPTIST MISSION PRESS.

1905.

तस्वीर ६.२ : हरप्रसाद शास्त्रीले तयार गरेको वीर पुस्तकालयमा रहेका ताडपत्र र कागतमा लेखिएका अरू पुस्तकको सूचीपत्रको पहिलो भाग ।

सन्तोषलाई पनि उनले सँगै ल्याएका थिए । उनको यस यात्राबाट नेपालको राजकीय पुस्तकालयमा रहेका पुस्तकको दोस्रो भाग तयार हुन सम्भव भयो र त्यो ठेली वि.सं. १९७२ मा प्रकाशित भयो (शास्त्री सन् १९१५; तस्वीर ६.३) । दोस्रो भाग छापिँदा उनी एशियाटिक सोसाइटीका उपाध्यक्ष भइसकेका थिए भन्ने कुरा त्यस ठेलीको मुखपृष्ठबाट थाहा पाइन्छ । पछि उनी त्यस सोसाइटीको अध्यक्ष पनि भए ।

हरप्रसादले यहाँको सरकारी पुस्तकखानामा खोजमेल गरिरहँदा एक पटक कर्णेल डम्बर शमशेर थापाले उनलाई देखेका थिए । बी.ए. पास गरेका डम्बर शमशेरको संस्कृत भाषा र ज्यौतिष आदिमा पनि गति थियो र उनी संस्कृतमा कुरा गर्न सक्थे । हरप्रसादले पुस्तकखानाका पण्डितहरूसँग संस्कृतमा कुरा गरेको सुनेका डम्बर शमशेरले हरप्रसाद त्यति राम्ररी संस्कृत बोल्न नसक्ने रहेछन् भनी नयराज पन्तसँग पछि प्रसङ्गवश भनेका थिए । टोलमा संस्कृतविद्या नपढी अङ्ग्रेजी ढङ्गले उनले संस्कृत पढेकाले संस्कृतमा उनको त्यति गति नभएको हो कि जस्तो मलाई लाग्छ । हरप्रसादले सम्पादन गरेको *स्वयम्भूपुराण*मा लगाइएको विशेषण "बृहत्" को पेट नचिरी "वृहत्" छापिएको (शास्त्री सन् १८९४) देख्दा उनलाई अरू साधारण बङ्गाली र नेपालीमा जस्तै "ब" र "व" को हेक्का नभएको स्पष्ट हुन्छ (तस्वीर ६.४) ।


CATALOGUE

OF

PALM-LEAF & SELECTED PAPER MSS.

BELONGING TO THE DURBAR LIBRARY, NEPAL.

BY

MAHAMAHOPÂDHYAYAHARA PRASADŚÂSTRI, M.A., C.I.E.

Vice-President, Asiatic Society, Bengal.

VOL. II.

CALCUTTA:

PRINTED AT THE BAPTIST MISSION PRESS.

1915.

तस्वीर ६.३ : वीर पुस्तकालयमा रहेका ताडपत्र र कागतमा लेखिएका अरू पुस्तकको सूचीपत्रको दोस्रो भाग ।


BIBLIOTHECA INDICA:

A

COLLECTION OF ORIENTAL WORKS

PUBLISHED BY THE

ASIATIC SOCIETY OF BENGAL.

NEW SERIES, No. 842.

बृहत् स्वयम्भूपुराणम्।

THE VRIHAT SVAYAMBHÚ PURÂṆAM.

CONTAINING

THE TRADITIONS OF THE SVAYAMBHU KSHETRA IN NEPAL

EDITED BY

PAṆDIT HARAPRASAD SÂSTRI, M. A.

FASCICULUS II.

CALCUTTA:

PRINTED AT THE BAPTIST MISSION PRESS,

AND PUBLISHED BY THE

ASIATIC SOCIETY, 57, PARK STREET.

1894.

तस्वीर ६.४ : हरप्रसाद शास्त्रीद्वारा सम्पादित बृहत् स्वयम्भूपुराण ।

नेपालका लेखोट पुस्तकको सूचीपत्र बनाउने काममा मात्र होइन, श्री ३ चन्द्रको तर्फबाट अक्स्फोर्ड विश्वविद्यालयलाई लेखोट पठाउने काममा पनि हरप्रसाद शास्त्री खटिएको विषयमा यस प्रसङ्गमा लेख्नुपरेको छ ।

अक्स्फोर्डमा संस्कृतका प्रोफेसर अर्थर एन्थोनी म्याक्डोनेल लेखोट पुस्तकको खोजी गर्न भनी सोही विश्वविद्यालयको खर्चमा वि.सं. १९६४ को शरद् ऋतुमा भारत आएका थिए । थुप्रो पुस्तकका धनी एकजना बनारसी पण्डितले आफ्नो सङ्ग्रह बेच्न खोजेकाले हरप्रसाद शास्त्रीले म्याक्डोनेलसँग तिनको भेट गराइदिए । तिनको सङ्ग्रहबाट म्याक्डोनेलले अक्स्फोर्डको लागि एक सय थान पुस्तक किने । मसँग अझ छ हजार थानभन्दा बढी पुस्तक छन्, १० हजार रुपैयाँ पाए ती सबै पुस्तक बेच्छु भनी ती पण्डितले म्याक्डोनेललाई भने । तर विश्वविद्यालयबाट एक सय पाउण्ड बोकी आएका उनको बेलायती मुद्रामा ६६६ पाउण्ड, ६ शिलिङ, ८ पेनी पर्ने ती सबै पुस्तक उठाउने सामर्थ्य भएन । त्यसैले एक सय थान किताबमै चित्त बुझाई उनी बेलायत फर्के ।

वि.सं. १९५५ देखि १९६२ सम्म भारतको भाइसराय भएका जर्ज नाथेनियल कर्जन त्यस ताका अक्स्फोर्ड विश्वविद्यालयको चान्सलर पदमा विराजमान थिए । श्री ३ चन्द्रसँग उनका दाजु श्री ३ वीरको पालादेखि कर्जनको राम्रो सम्बन्ध थियो । त्यसैले त्यस ताका बेलायतको यात्रा गरिरहेका श्री ३ चन्द्रलाई खास गरी कर्जनको प्रयासबाट डीसीएल अर्थात् डाक्टर अफ सिभिल लजको मानार्थ उपाधिद्वारा वि.सं. १९६५ असार ११ गतेको दिन अक्स्फोर्ड विश्वविद्यालयले विभूषित गऱ्यो ।

बनारसमा देखिएको पुस्तकको त्यो रास जसरी भए पनि आफ्नो विश्वविद्यालयलाई किनाउने मनसायले अक्स्फोर्ड विश्वविद्यालयको बोडेलियन लाइब्रेरीका हाकिम एडवर्ड विलियम्स बाइरन निकोल्सनलाई म्याक्डोनेलले वि.सं. १९६५ असोज २२ गते चिठी लेखे । यो मोल पोहरको भए पनि त्यो अझै कायम छ, कुरा भने छिटै टुङ्गिनुपर्छ भन्ने भावले हरप्रसाद शास्त्रीले आफूलाई असोज १२ गते लेखेको चिठी पनि सँगै नत्थी गरेर म्याक्डोनेलले लाइब्रेरीका हाकिमकहाँ पठाएका थिए । त्यति रकम कतैबाट पनि जुट्न गाह्रो भएकोले चान्सलर कर्जनले श्री ३ चन्द्रलाई गुहार्दा उनी त्यो खर्च बेहोर्ने भए । त्यस कामको जिम्मा श्री ३ चन्द्रको तर्फबाट पनि हरप्रसाद शास्त्रीलाई नै दिइयो । ती पुस्तक जम्माजम्मी ६,३१० थान थिए । तिनको ६३३ ओटा पोका पारियो । ती पोकालाई टिनका २८ ओटा बाकसमा हाली वि.सं. १९६६ भदौ २४ गने लण्डनतर्फ चलान गरियो । ती पुस्तकको लण्डनसम्मको मात्र होइन, अक्स्फोर्डसम्मको ढुवानी खर्च पनि श्री ३ चन्द्रले नै बेहोरेका थिए । ती पुस्तक अक्स्फोर्ड पुगेपछि विश्वविद्यालयका अधिकारीहरूले श्री ३ चन्द्रको अभिनन्दन गरी उनीकहाँ प्रशस्तिपत्र लेखी पठाए । अनि चन्द्रशमशेरको सङ्ग्रह भनी ती पुस्तकलाई बोडेलियन लाइब्रेरीमा राखियो (काट्ज सन् १९८४ : ५–७; कोवान

सन् २०१८ : १४८–१६९; तमोट २०७४ : ५०–५४) । ती पुस्तकको विषय छुट्ट्याई तयार पारिएका सूचीपत्रका चार भाग अहिलेसम्म छापिइसकेका छन् । तिनमा पहिलो भागमा ज्यौतिषका (पिङ्ग्री सन् १९८४), दोस्रोमा पुराणेतिहासका (ब्रोकिङ्टन सन् १९९९), तेस्रोमा स्तोत्रका (ऐठल सन् १९८३) र चौथोमा वेदका (ऐठल सन् २०२०) पुस्तकको सूची सँगेटिएको छ ।

श्री ३ चन्द्रले अक्स्फोर्ड पठाएका ती पुस्तकको विषयमा प्रसङ्गवश लेख्दा "आफ्नो देशका लेखोट पुस्तकको प्राचीनताको महत्त्व बुझेकोले होला, श्री ३ चन्द्रले नेपाली पुस्तक होइन, ६ हजार थानभन्दा बढी भारतीय पुस्तक किनेर त्यहाँ पठाई आफ्नो देशका पुरावस्तुको बहिर्गमन रोकेको जस्तो मलाई लाग्छ" भनी तीन वर्षभन्दा पनि अगाडि मैले लेखेको थिएँ (पन्त २०७४ख : ९) । अक्स्फोर्ड पठाइएका ती पुस्तकको सूचीपत्र केलाउने अवसर पाएका काशीनाथ तमोट (२०७४ : ५१–५२) ले त्यस सूचीपत्रमा नेपाली मूलका केही पुस्तक भेट्टाएकाले मेरो कुरामा विप्रतिपत्ति उठाएका रहेछन् । नेवारी लिपिमा सारिएका भए पनि ती पुस्तक बनारसमा पहिल्यै पुगेका होइनन् वा अक्स्फोर्ड पठाइएको त्यस पुस्तकको रासमा नेपालका पुस्तक पनि थपथाप गरी पठाइएको थियो भन्ने सिद्ध नहुञ्जेल यो विवाद थाँती राख्नु नै उत्तम होला ।

सरकारी पुस्तकखानामा रहेका पुस्तकहरूका वि.सं. १९०९ देखिका सात ओटा लगत र हरप्रसादको सूचीपत्रका दुई ठेलीको पनि मद्दत लिई वि.सं. १९७९ मा संस्कृत शिक्षा विभागका डाइरेक्टर हेमराज पण्डितले खटाएका रानीपोखरी संस्कृत पाठशालाका हेड पण्डित सोमनाथ सिग्देल, पण्डित हरिनाथ उपाध्याय, पुस्तकखानाका बहालवाला हाकिम पण्डित दीपकेश्वर लोहनी, रानीपोखरी संस्कृत पाठशालाका पण्डित राधानाथ लोहनी र बुद्धिनाथ अर्जेल आदि मिली तयार गरिएको सूचीपत्र अझै अप्रकाशित छ (पन्त २०४४ : ७–८) । अप्रकाशित अवस्थामा रहेको त्यो सूचीपत्रको अत्यल्प अंश हालै छापिएको छ (राष्ट्रिय अभिलेखालय २०७६, २०७७) । ज्यादै खुलस्त गरी लेखिएको त्यही सूचीपत्रको आधार लिई विषय-विषय छुट्ट्याई अलगअलग भागमा वि.सं. २०१७ देखि त्यस पुस्तकखाना (पछि वीर पुस्तकालय र अहिले राष्ट्रिय अभिलेखालय भनिने) बाट छापिन थालेको *बृहत् सूचीपत्र* वि.सं. २०३१ मा १० भागसम्म छापिई अकाण्डमै रोकिएको छ । हरप्रसादको दाँजोमा हाम्रो राष्ट्रिय अभिलेखालयमा जनगन्तीको दृष्टिले पुरुषसम्पद् अर्थात् जनशक्ति धेरै भए पनि हरप्रसादको सूचीपत्रभन्दा निकै तल्लो तहको त्यो *बृहत् सूचीपत्र* बन्न गएको छ । अब फेरि सूचीपत्र प्रकाशित गर्न थालिए पनि हरप्रसाद शास्त्रीको दाँजोको सूचीपत्र त के, वि.सं. २०१७ देखि २०३१ सम्म छापिएको *बृहत् सूचीपत्र*को दाँजोको सूचीपत्र पनि राष्ट्रिय अभिलेखालयबाट आउन सक्ने छाँट म देख्दिनँ । अहिले छापिएको सूचीपत्र पनि मूल अनुसारको छैन भन्ने कुरा मूल सूचीपत्रको उपक्रममा परेको "पण्डित राधानाथ"

भन्ने नाउँ "पण्डित भवानाथ" (राष्ट्रिय अभिलेखालय २०७६) भई छापिएकोबाट मात्र पनि भन्न सकिन्छ ।[1]

वि.सं. १९५२ मा हरप्रसादले आफ्नो जन्मभाषा बङ्गालीमा भारतको सम्पूर्ण इतिहास लेखेका थिए । त्यसको दुई वर्षपछि वि.सं. १९५४ मा *अ स्कूल हिस्ट्री अफ इण्डिया* नाउँले त्यो पुस्तक अङ्ग्रेजीमा छापियो । हरप्रसादको यो पुस्तक मैले पढ्न पाएको छैन । मरहट्ठा राज्यविस्तार जस्तै गोरखाली राज्यविस्तार पनि हिन्दू पुनरुत्थानको प्रेरणाबाट अनुप्राणित थियो भन्ने कुरा यस पुस्तकमा छ भनी जयचन्द्र विद्यालंकारले लेखेका छन् । उनको भनाइमा गोरखाली राज्यविस्तारलाई हिन्दू पुनरुत्थानको प्रेरणाबाट अनुप्राणित भन्नेमा हरप्रसाद पहिला हुन् (विद्यालंकार सन् १९५९ : ४६०–४६१) । यो देख्दा इतिहासमा हरप्रसादको गहिरो पैठ भएको स्पष्ट हुन्छ ।

इतिहासमा हरप्रसादको गहिरो पैठ भएको देखिँदादेखिँदै पनि उनको ऐतिहासिकत्वमा एक थरीले औँला ठड्याएका छन् । भारतमा शिलापत्र वा ताम्रपत्र आदिको परिशीलन हुन थालेपछि एक थरी विद्वान्हरूमा प्राचीन ग्रन्थहरूबाट आउने इतिहासलाई निरर्थक ठान्ने प्रवृत्ति बढ्यो । त्यस्ता बङ्गाली ऐतिहासिकहरूमा बङ्गालका प्राचीन उत्कीर्ण लेखको सङ्ग्रहात्मक ग्रन्थ *गौडलेखमाला*का यशस्वी सम्पादक अक्षयकुमार मैत्रेय, संस्कृत लिपि र उत्कीर्ण लेखका प्रख्यात विशेषज्ञ राधागोविन्द बसाक आदि थिए । उत्कीर्ण लेखको आधारमा मात्र इतिहास लेख्ने प्रवृत्तिको पक्षमा यिनीहरूले वारेन्द्र-अनुसन्धानसमितिको गठन गरे । प्राचीन पुस्तकहरूसँग धेरै खेलेका हरप्रसादको झुकाव प्राचीन पुस्तकबाट आउने इतिहासमा भए पनि उनी उत्कीर्ण लेखबाट आउने इतिहासलाई बेवास्ता गर्ने खालका थिएनन् भन्ने कुराको प्रमाण उनले प्राचीन उत्कीर्ण लेखहरूको सम्पादन गरी निकालेका निबन्धबाट स्पष्ट हुन्छ । "पथरे प्रमाण" अर्थात् "पत्थरमा प्रमाण हुन्छ" भन्ने धारणा राख्नेहरूले हरप्रसादको इतिहास लेखाइको विरोध गर्न थालेपछि उनले इतिहास लेख्ने काम चटक्कै छाडिदिए ।

[1] त्यस सूचीपत्रको उपक्रम पन्त २०४४ : ७–८ मा छापिइसकेको छ ।

७

सेसिल बेण्डल र नेपालको ऐतिहासिक अन्वेषण

नेपालको इतिहासका आकरको खोजी गर्ने काम सबभन्दा पहिले भगवान्लाल इन्द्रजीले गरेका र उनको बिँडो सेसिल बेण्डलले थामेका हुन् । केम्ब्रिज विश्वविद्यालयमा ग्रीक, ल्याटिन, संस्कृत तथा अरू केही भारतीय भाषा पढी वि.सं. १९३८ मा एम.ए. गरेपछि सेसिल बेण्डल जागिरमा लागे । उनको जागिरको शुरूआत ब्रिटिश म्यूजियमबाट भयो । उनले त्यहाँ वि.सं. १९३९ देखि १९५५ सम्म प्राच्य देशका लेखोट र छापा पुस्तकहरूको विभागमा मुख्य सहायक भई काम गरे । यसैबीच वि.सं. १९४२ देखि १९६० सम्म उनी लण्डनको यूनिभर्सिटी कलेजमा संस्कृतका प्रोफेसर भए । त्यहाँ काम गर्दागर्दै वि.सं. १९५८ देखि १९६० सम्म उनी केम्ब्रिज विश्वविद्यालयमा संस्कृतका लेक्चरर र वि.सं. १९५९ मा त्यही विश्वविद्यालयको पुस्तकखानामा प्राच्य देशका लेखोट र छापा पुस्तकहरूको विभागमा क्युरेटर थिए । केम्ब्रिज विश्वविद्यालयमा संस्कृतका पहिला प्रोफेसर एवं आफ्ना गुरु एडवर्ड वायल्स कवेल वि.सं. १९५९ माघ २७ गते परलोक भएपछि बेण्डल त्यहीँ प्रोफेसर नियुक्त भई वि.सं. १९६२ चैत १ गते परलोक नभएसम्म त्यही पदमा बहाल थिए । ५० वर्ष नपुग्दै बितेका सेसिल बेण्डलले संस्कृत पुराविद्याको विषयमा गरेका काममध्ये नेपालको इतिहाससँग सम्बद्ध उनका कृतिको सामान्य परिचय दिने काम यस लेखमा गरिन्छ ।

ब्रिटिश म्यूजियममा प्राच्य देशका लेखोट र छापा पुस्तकहरूको विभागमा मुख्य सहायक भई बेण्डलले काम गरेको एक वर्षमै केम्ब्रिजको पुस्तकालयमा रहेका बौद्ध संस्कृत लेखोट पुस्तकहरूको सूचीपत्र निस्कियो (बेण्डल सन् १८८३) । त्यस सूचीपत्रमा खास गरी नेपालका र थोरै मात्रामा बङ्गालका पुस्तकहरूको वर्णन छ । ती पुस्तक काठमाडौँको ब्रिटिश रेजिडेन्सी अर्थात् दूतावासमा डाक्टर भई आएका ड्यानियल राइटले वि.सं. १९२९ देखि

तस्वीर ७.१ : सेसिल बेण्डल (इन्टरनेटमा उपलब्ध) ।

१९३३ भित्र पटकपटक गरी केम्ब्रिजमा पठाएका हुन् । राइटले केम्ब्रिज विश्वविद्यालयमा पठाएका ती पुस्तकमध्ये प्राचीनतम र खूब चाखलाग्ने खालका पुस्तकहरूको वर्णनात्मक सूचीपत्र बनाउने काम बेण्डलका गुरु एडवर्ड वायल्स कवेलले थालिसकेका थिए । तर उनले यस काममा लगातार समय दिन नसकेकाले आफ्ना चेला बेण्डललाई सूचीपत्र पूरा गर्ने काममा लगाए । बेण्डलले आफ्ना गुरुले नछोएका पुस्तकबाट काम शुरू गरे । उनले ती पुस्तकको सूचीपत्र बनाउँदै गर्दा राजेन्द्रलाल मित्रको द *संस्कृत बुद्धिष्ट लिटरेचर अफ नेपाल* (मित्र सन् १८८२) प्रकाशित भयो । बेण्डलले तयार गरेको सूचीपत्र राजेन्द्रलालको सूचीपत्र छापिएको अर्को वर्ष प्रकाशित भयो (सन् १८८३; तस्वीर ७.२) । राजेन्द्रलाल र बेण्डल दुवैको पुस्तक नेपालबाट गएका बौद्ध पुस्तकको विषयमा भए पनि ती दुई पुस्तकको प्रकृतिमा तात्त्विक वैभिन्य छ । ब्रायन हज्सनले नेपालबाट कलकत्ताको एशियाटिक सोसाइटीमा पठाएका बौद्ध ग्रन्थहरूको विषयवस्तुमा राजेन्द्रलाल एकोहोरिएका छन् भने बेण्डलले राइटले केम्ब्रिजमा पठाएका त्यस्ता पुस्तकबाट आउने इतिहास र लिपिमा बढी ध्यान दिएका छन् । यसैले इतिहास र लिपिमा काम गर्नेका लागि बेण्डलको पुस्तक ज्यादा उपयोगी छ ।

बेण्डलको दोस्रो पुस्तक पुरावस्तुसम्बन्धी अन्वेषणको लागि वि.सं. १९४१ को हिउँदमा उनले नेपाल र उत्तरभारतमा गरेको यात्राको वृत्तान्त हो (बेण्डल सन् १८८६; तस्वीर ७.३) । यात्राको क्रममा उनी कहाँकहाँ गए, उनले ककसलाई भेटे, केके भेट्टाए भन्ने कुराको विशद विवरण त्यहाँ छ । नेपाल र उत्तरभारतमा पुरावस्तुसम्बन्धी अन्वेषणको लागि गरिने यात्राका लागि चाहिने खर्चको व्यवस्था गरिदिन केम्ब्रिज विश्वविद्यालयमा बेण्डलले निवेदन दिएका थिए । यात्राको उपलब्धिको विषयमा विस्तृत विवरण तयार गर्नुपर्ने शर्तमा वि.सं. १९४१


CATALOGUE

OF THE

BUDDHIST SANSKRIT

MANUSCRIPTS

IN THE

UNIVERSITY LIBRARY CAMBRIDGE,

WITH INTRODUCTORY NOTICES AND ILLUSTRATIONS
OF THE PALÆOGRAPHY AND CHRONOLOGY
OF NEPAL AND BENGAL

BY

CECIL BENDALL, M.A.,
FELLOW OF GONVILLE AND CAIUS COLLEGE, CAMBRIDGE.

Cambridge:
AT THE UNIVERSITY PRESS
1883

तस्वीर ७.२ : सेसिल बेण्डलले तयार गरेको केम्ब्रिजमा रहेका बौद्ध ग्रन्थको सूचीपत्र ।


A JOURNEY

OF

LITERARY AND ARCHÆOLOGICAL

RESEARCH

IN

NEPAL AND NORTHERN INDIA,

DURING THE WINTER OF 1884-5.

CECIL BENDALL, M.A.
FELLOW OF GONVILLE AND CAIUS COLLEGE, CAMBRIDGE;
PROFESSOR OF SANSKRIT IN UNIVERSITY COLLEGE LONDON;
MEMBER OF THE ROYAL ASIATIC SOCIETY.

CAMBRIDGE:
AT THE UNIVERSITY PRESS.
1886

All Rights reserved.

तस्वीर ७.३ : सेसिल बेण्डलको नेपाल र उत्तर भारतको अनुसन्धान-यात्रा वृत्तान्त ।

असार ७ गते उनको निवेदन स्वीकृत भयो । यात्राबाट फर्केपछि आफ्नो विश्वविद्यालयका भाइसचान्सलरलाई वि.सं. १९४२ को निगल्दोमा पेश गरेको यात्राविवरण नै अर्को वर्ष पुस्तकाकारमा छापिएको हो ।

उनको तेस्रो कृति वि.सं. १९५९ मा लेखको रूपमा बङ्गालको *एशियाटिक सोसाइटी*को जर्नलमा छापिएको छ (बेण्डल सन् १९०३ : १–३२) । यस लेखमा प्रामाणिक आकरको आधारमा नेपालको मध्यकालको इतिहासको विवेचना गरिएको छ । यही लेख दुई वर्षपछि हरप्रसाद शास्त्रीले तयार गरेको वीर पुस्तकालयको सूचीपत्र (शास्त्री सन् १९०५बी) मा गाभिई "हिस्टोरिकल इण्ट्रोडक्शन" शीर्षकमा छापियो ।

बेण्डलका नेपालसम्बन्धी कृतिमध्ये यी तीन ओटा मुख्य भए पनि लेखसङ्ग्रह र अन्वेषणात्मक पत्रिकाहरूमा वि.सं. १९३९ देखि १९५७ भित्र उनका नेपालसम्बन्धी अरू आठ ओटा लेख प्रकाशित छन् । बेण्डलका पुस्तकाकारमा छापिएका नेपालसम्बन्धी दुई कृतिमध्ये अघिल्लो अर्थात् बौद्ध लेखोट पुस्तकहरूको सूचीपत्रभन्दा पछिल्लो अर्थात् पुरावस्तुसम्बन्धी अन्वेषणको लागि गरेको यात्राको विवरण बढी चर्चित देखिन्छ । विद्वत्पत्रिकामा पहिलो पुस्तकको एउटा मात्र समीक्षा छापिएको देखिन्छ (बूल्न्वा र मिलो सन् १९६९ : प्रविष्टि ४४०७) भने दोस्रोको चाहिँ पाँच ओटा (बूल्न्वा र मिलो सन् १९६९ : प्रविष्टि ५०) ।

बेण्डलले तयार गरेको र केम्ब्रिज विश्वविद्यालयमा रहेका बौद्ध संस्कृत ग्रन्थहरूको सूचीपत्रमा गाभिएको लिपिविषयको लेख गेओर्ग ब्यूलरको लिपिसम्बन्धी प्रख्यात ग्रन्थ *इन्दिशे पालिओग्राफी* (ब्यूलर सन् १८९६) भन्दा १३ वर्षअगाडि छापिएको हो। बेण्डलको सूचीपत्र छापिनुभन्दा दुई वर्षअगाडि वि.सं. १९३८ मा बर्लिनमा भएको प्राच्यविद्यासम्बन्धी पाँचौँ सभामा उनले पेश गरेको नेपालबाट यूरोपमा गएका पुस्तकसम्बन्धी लेख नेपाली लिपिसम्बन्धी पहिलो परिशीलन हो। त्यस सभामा पेश गरिएका अरू लेखसँगै अर्को वर्ष त्यो लेख पनि प्रकाशित भयो (बेण्डल सन् १८८२ : १८९–२११)। नेपालमा चलेका लिपिको परिशीलनमा बेण्डल पथिकृद् बन्दाबन्दै पनि लिपिमा उनको त्यति पकड नभएकोले उनले तयार गरेको त्यस सूचीपत्रमा कहींकहीँ गल्ती भेट्टिन्छन् (महेशराज पन्त २०६९ : २२४)।

नेपाल र उत्तरभारतको यात्राको लागि वि.सं. १९४१ कात्तिक ८ गते बम्बई उत्रेका बेण्डल नेपालको इतिहासको आकरसम्बन्धी अन्वेषणको शुरूआत गर्ने भगवान्लाल इन्द्रजीलाई भेट्न गए। उनले आफ्नो यात्रावृत्तान्तको उठानमै त्यस भेटघाटको बयान गरेका छन्। बम्बईबाट बनारस हुँदै उनी कात्तिक २६ गते काठमाडौँ आइपुगेपछि ब्रिटिश रेजिडेण्ट चार्ल्स एडवर्ड रिज्वे गर्डल्स्टोनका अतिथि भई दूतावासमै एउटा छुट्टै बङ्गलामा बस्न लागे। खास गरी प्राचीन पुस्तक सङ्ग्रह गर्ने उद्देश्यले उनले यो यात्रा गरेकाले रेजिडेन्सीका खानदानी पण्डित इन्द्रानन्द बाँडासँग उनको सम्पर्क भयो। यी इन्द्रानन्द ड्यानियल राइटले सम्पादन गरी *हिस्ट्री अफ नेपाल* (राइट सन् १८७७) शीर्षकमा छापिएको, नेपालीमा लेखिएको *भाषावंशावली* भनी कहिएको वंशावलीका सङ्कलक गुणानन्दका छोरा हुन्। आफूले खोजेका पुस्तकको फेहरिस्त बेण्डलले अघिबाटै हुलाकमार्फत रेजिडेन्टलाई पठाएका र त्यो फेहरिस्त रेजिडेन्टले इन्द्रानन्दलाई बुझाउँदा उनलाई पुस्तक किन्ने काममा निकै सहयोग मिल्यो। शिलालेखहरूको खोजी गर्ने क्रममा उनी कात्तिक २९ गतेदेखि काठमाडौँ शहरका ठाउँठाउँमा, स्वयम्भू, बौद्ध, पाटन, गोकर्ण, कीर्तिपुर र भक्तपुर पुगे। पाटन र भक्तपुरमा चाहिँ उनले शिलालेख मात्र होइन, पुस्तकहरूको पनि खोजी गरे।

सेसिल बेण्डलले मंसिर १ गते श्री ३ महाराज रणोद्दीपसिंहको दर्शनभेट पाए। त्यस वेला रणोद्दीपसँगै उनका भतिजा जनरल खड्ग शमशेर थिए। त्यहाँ राजपण्डित वाचस्पति पन्तको पनि उपस्थिति थियो। खड्ग शमशेरको राम्रो शिष्टाचारले र उनको अङ्ग्रेजीको विशिष्ट ज्ञानले त्यस दर्शनभेटमा र पछिपछि पनि आफूलाई सजिलो भएको बेण्डलले लेखेका छन्। त्यसै गरी वाचस्पतिले स्पष्ट र विशिष्ट संस्कृतमा कुरा गर्दा श्री ३ महाराज पनि आकलझुकल त्यस कुराकानीमा जोडिन आएका भनी उनले लेखेका छन्।

नेपालको वाङ्मय र पुरावस्तुको विषयमा आफूले र अरूहरूले पहिल्यै गरिसकेको कामको विषयमा सो दर्शनभेटमा श्री ३ लाई छोटकरीमा बताई नेपालमा आफू आउनाको उद्देश्यको विषयमा सेसिल बेण्डलले बताए। त्यसपछि उनलाई सरकारी पुस्तकखाना (पछि

वीर पुस्तकालय भनिएको र हाल राष्ट्रिय अभिलेखालय भनिने) हेर्न, उत्कीर्ण लेखहरू सार्न र मन्दिरहरूको फोटो खिच्न अनुमति मिल्यो । भगवान्‌लाल इन्द्रजी यहाँ आउँदा उनले यहाँका बहालहरूमा देखेका पुस्तक दरबारमा ल्याउन लगाएर वा यस्तै अरू उपायले बेण्डलले हेर्न पाउने व्यवस्था गर्ने कुरा पनि त्यस दिन भयो ।

वि.सं. १९४१ मंसिर १४ गतेको दिन रणोद्दीपसिंहले बेण्डलकहाँ केही नेपाली टक केकस्ता हुन् भनी जाँच्न पठाए । तीमध्ये एउटाबाहेक सबै मल्लकालका भएका र तिनले गर्दा आफूले तयार गरेका राजाहरूका नाउँ र तिनको राज्यकालमा कहींकहीं संशोधन गर्नुपर्ने अवस्था आएको बेण्डलले लेखेका छन् । त्यही दिन सरकारी पुस्तकखानाको सङ्ग्रह हेर्ने अवसर बेण्डललाई जुऱ्यो । दरबारमै राखिँदै आएको हजारौँ हजार पुस्तकको त्यो सङ्ग्रह दरबारबाट आफ्नो लागि दरबार स्कूल भएको घरमा ल्याइएको बेण्डलले लेखेका छन् । यसको मतलब हनूमान्‌ढोका दरबारबाट श्री ३ जङ्गको पालामै थापाथली दरबारमा राजकीय पुस्तकसङ्ग्रह सारिएकोले र त्यस वेला दरबार स्कूल पनि थापाथली दरबारमै भएकोले दरबारभित्रको कुनै घरबाट स्कूल भएको घरमा पुस्तक ओसारिएको देखिन्छ ।

"मलाई पुस्तक हेर्ने काममा मद्दत गर्न भनी केही पण्डित त्यहाँ भेला गराइएका थिए, तिनमा स्वदेशबाहिर कहलिएका, हाल पाठशालाका पण्डित डमरुवल्लभ पन्त पनि थिए" (बेण्डल सन् १८८६ : १७; अङ्ग्रेजीबाट मेरो उल्था) भनी बेण्डलले लेखेका छन् । बनारसको राजकीय संस्कृत पाठशालामा पढेका डमरुवल्लभले पढाइ सिद्ध्याएपछि नेपाल फर्की यहाँको पाठशालामा जागिर खानुभन्दा अगाडि बङ्गालका नवद्वीप, भाट्टपाडा र कलकत्तामा बसी पढाउने र कलकत्ताबाट संस्कृतका काव्य, नाटक र अलङ्कारग्रन्थमा टीका लेखी छपाउने काम गरेका थिए (प्रपन्नाचार्य २०४९ : ७६–८०; नयराज पन्त २०२४क : १७०–१७२) । यसैले उनलाई "स्वदेशबाहिर कहलिएका पण्डित" भनी बेण्डलले लेखेको देखिन्छ ।

नेपालको सरकारी पुस्तकखानामा जति छिटो पुस्तक भेट्टाउन सकिन्छ त्यति छिटो यूरोपका धेरै पुस्तकखानामा भेट्टाउन सकिँदैन भनी बेण्डलले लेखेको कुरा चाखलाग्दो छ । सरकारी पुस्तकखाना प्रत्यक्ष हेर्न पाउने यूरोपियन आफू मात्र भएको पनि उनले लेखेका छन् । त्यस दिन चार घण्टा जति पुस्तकसङ्ग्रहमा बिताउँदा केही दुर्लभ पुस्तक आफूले हेर्न पाएको कुरा लेखी ती पुस्तकको नामनामेसीसहित उनले तिनको बयान गरेका छन् ।

ब्रिटिश रेजिडेन्सीको जुन बङ्गलामा सेसिल बेण्डल बसिरहेका थिए सोही बङ्गलामा ब्रिटिश भारतको निर्माण विभागका अधिकारी सरकारी भ्रमणमा आएर बस्ने निर्णय केही दिनअगाडि नै भइसकेकोले सरकारी पुस्तकखानाको सङ्ग्रह हेरेको भोलिपल्टै उनले नेपाल छोड्नुपर्ने थियो । त्यसैले श्री ३ महाराजबाट पाएको अवसरको मैले राम्रो उपयोग गर्न सकिनँ भनी उनले दुःखमनाउ गरेका छन् । यसरी उनको नेपालयात्रा अकाण्डमै टुङ्गियो ।

बेण्डलको त्यस यात्राको मूल उद्देश्य पुस्तकसङ्ग्रह भएकोले आफूले नेपालमा किनेर सङ्ग्रह गरेका पुस्तकको सूची र तीमध्ये केहीको विवरण उनले आफ्नो यात्रावृत्तान्तमा दिएका छन् । पुस्तकसङ्ग्रहसँगै शिलालेखका छापा लिने काम पनि उनले गरेकाले केही शिलालेखको पाठ र व्याख्या पनि त्यसमा छ । भगवान्लाल इन्द्रजीले लिच्छविकालका १५ ओटा शिलालेख प्रकाश गरेकोमा बेण्डलले थप तीन ओटा शिलालेख प्रकाश गरेकाले त्यस्ता शिलालेखको सङ्ख्या १८ पुग्न गयो । भगवान्लालले लिच्छविकालका शिलालेखमा देखिएका अघिल्लो थरी संवत्लाई "विक्रमसंवत्" र पछिल्लो थरीलाई वि.सं. ६६३ देखि उठेको "हर्षसंवत्" मानेकोमा बेण्डलले पहिलो थरी संवत्लाई वि.सं. ३७६ देखि उठेको "गुप्तसंवत्" र आफूले छपाएको अघिल्लो थरी संवत्को शतस्थानी अङ्क "३००" पढी दोस्रो थरी संवत्लाई चाहिँ भगवान्लालले जस्तै "हर्षसंवत्" नै माने । बेण्डलले छपाएको पहिलो थरी संवत्लाई उनले जस्तै "गुप्तसंवत्" र त्यस संवत्का "५००" मानिएका शतस्थानी अङ्कलाई उनले जस्तै "३००" मानी भारतको गुप्तवंशका उत्कीर्ण लेखका प्रसिद्ध सम्पादक जोन फेथ्फुल फ्लीटले पनि माने । तर पछिल्लो खोजीले ती गलत साबित भए (नयराज पन्त २०४३ख) । नेपालमा चलेका लिपिको विषयमा बेण्डलले निकै काम गरे पनि उनको लिपिज्ञान पर्याप्त थिएन भन्ने कुरा उनको यही यात्रावृत्तान्तमा छापिएको उत्कीर्ण लेखको उनले पढेको पाठबाट पनि थाहा हुन्छ (महेशराज पन्त २०६९ : २२४) ।

संस्कृत पढी सो विषयको प्रोफेसरसमेत भएका बेण्डलमा शास्त्रीय पाण्डित्य खास नभएको कुरा उनको यस यात्रावृत्तान्तबाट पनि थाहा पाइन्छ । यस यात्रावृत्तान्तमा उनले छपाएको स्थितिराज मल्लको पालाको ने.सं. ५१२ तदनुसार वि.सं. १४४९ वैशाख कृष्णषष्ठीको शिलापत्रमा मिति दिँदा आएको "गरकरणे" को अर्थ नबुझ्दा उनले "शरकरणे" पाठ पढी हाँसोउठ्दो ढङ्गले टिप्पणीमा "यो हिन्दुस्तानी भाषाको 'सरकारने' हुनुपर्छ" (बेण्डल सन् १८८६ : ८३; अङ्ग्रेजीबाट मेरो उल्था) लेखी त्यसको उल्था "सरकारको आदेशले" (बेण्डल सन् १८८६ : ८६; अङ्ग्रेजीबाट मेरो उल्था) भनी गरेका छन् । "प्रकाशित पाठ 'शरकरणे' छ । यसलाई हिन्दुस्तानी भाषाको 'सरकारने' भनी मानिएको र 'सरकारको आदेशले' भनी यसको उल्था गरिएको छ । यसको मितिको मेरो गणनाबाट 'गरकरणे' पाठ ठीक छ भन्ने देखाउँछ" (कील्हर्न सन् १८८८ : २४९; अङ्ग्रेजीबाट मेरो उल्था) भनी फ्रन्त्स कील्हर्नले वि.सं. १९४५ मा लेखेको कुरा पनि अहिले सम्झन पुगिन्छ ।

सेसिल बेण्डल दोस्रोपटक नेपालमा वि.सं. १९५५ मा आए । यसपटक उनीसँग बङ्गालको एशियाटिक सोसाइटीतर्फबाट महामहोपाध्याय हरप्रसाद शास्त्री र उनका सहायक पण्डित विनोदविहारी भट्टाचार्य पनि आएका थिए । अघिल्लो पटक आउँदा एक दिन र त्यसमा पनि चार घण्टा जति मात्र पुस्तकखानामा बिताउन पाएकोमा यसपालि भने उनले मनग्य समय त्यहाँ बिताउन पाए । तीन जनाको त्यस अन्वेषक मण्डलीले सरकारी

पुस्तकखानामा रहेका पुस्तकहरूबाट पाइने सूचनाको सङ्ग्रह गर्दा हरप्रसाद शास्त्रीले त्यस पुस्तकखानामा रहेका खासखास पुस्तकहरूको विस्तीर्ण सूचीपत्र तयार गरे (शास्त्री सन् १९०५बी)। बेण्डलले चाहिँ लेखोट पुस्तकका "पुष्पिकावाक्य" अर्थात् पुस्तकको अन्त्यमा लेखिएको, यो पुस्तक कसले, कहाँ, कहिले, कुन राजाको पालामा लेखेको वा सारेको हो इत्यादि सूचना भएको वाक्यको जरियाले नेपाली इतिहासको कालक्रम मिलाउने धेरै अगाडिदेखिको आफ्नो कोशिश बढी सफल पार्न सके। त्यसमाथि, कलियुग लागेदेखि ने.सं. ५०८ तदनुसार वि.सं. १४४५ सम्मका नेपाली इतिहासका घटनाको बयान गरिएको तथा संस्कृत र नेवारी भाषामा रचिएको एवं भुजिमोल लिपिले ताडपत्रमा लेखिएको पुस्तक आफू बेलायत फर्कनुभन्दा केही दिनअगाडि मात्र त्यस पुस्तकखानामा बेण्डलले भेट्टाए। त्यस पुस्तकबाट नेपालको इतिहास बढी स्पष्ट हुने हुनाले बेण्डलको लागि त्यसको प्रतिलिपि पण्डित लगाई ब्रिटिश रेजिडेन्सीले तयार गराई उनीकहाँ पठाइदियो। फेरि मूल पुस्तक पनि श्री ३ वीर शमशेरले तीन महिनाको लागि उनीकहाँ पठाइदिए। यही पुस्तक पछि *गोपालराजवंशावली* नाउँले प्रसिद्ध भयो।

खास गरी तिनै पुष्पिका वाक्यहरू र *गोपालराजवंशावली*को आधारमा बेण्डलको *हिस्ट्री अफ नेपाल एण्ड सराउण्डिङ किङ्डम्स (१०००–१६०० ए.डी.)* तयार हुन सक्यो (बेण्डल सन् १९०३)। मेरो विचारमा उनका नेपालसम्बन्धी कृतिमध्ये महत्तम अर्थात् "म्याग्नम ओपस" यही हो। नेपालको दशौँ शताब्दीदेखिको इतिहास लेखिएको यस कृतिको आधारमा सिल्विं लेवि, बाबुराम आचार्य, नयराज पन्त, लूछयाह्रो पेतेक तथा धनवज्र वज्राचार्य आदि संशोधन-मण्डलका सदस्यहरू र अरूहरूको अन्वेषण थपिँदै जाँदा नेपालको मध्यकालको इतिहास यति स्पष्ट भएको हो।

८

सिल्विं लेवि र नेपालको इतिहासको खोजी

उत्कीर्ण लेख, टक, प्राचीन पुस्तक, वंशावली आदि सामग्रीको आधारमा समग्र नेपालको सिलसिलेवार इतिहास तयार पार्ने काम सिल्विं लेविबाट भयो। नेपाली, भारतीय, तिब्बती र चिनियाँ आकर पर्गेली उनले लेखेको *ल नेपाल* (लेवि सन् १९०५ए, सन् १९०५बी) का अघिल्ला दुई ठेली वि.सं. १९६२ मा र तेस्रो ठेली वि.सं. १९६५ (लेवि सन् १९०८) मा छापिए। *ल नेपाल* छापिएको एक सय वर्ष नाघिसकेपछि पनि प्राचीन नेपालको इतिहासको लागि त्यो अझै बेजोडको छ। लेविको पालामा लिच्छविकालका ३९ ओटा मात्र उत्कीर्ण लेख भेट्टाइएकोमा अहिले त्यस्ता लेखको सङ्ख्या झण्डै अढाई सय पुगिसके पनि लेविले लेखेको नेपालको प्राचीन इतिहाससँग जोडा लाग्न सक्ने पुस्तक अझै निस्कन सकेको छैन।

यहूदी धर्म मान्ने कुलमा प्यारिसमा सिल्विं लेविको जन्म आजभन्दा झण्डै १६० वर्षअगाडि भयो। तेजस्वी विद्यार्थीमा गनिएका लेवि स्कूलको शिक्षा सिद्ध्याई २० वर्षको उमेरमा सोर्बोन विश्वविद्यालयमा पढ्न गए। उनले त्यहाँ ग्रीक वाङ्मय पढ्ने विचार गरेका थिए। मूल विषय र आफूलाई रुचि भएका सहायक विषय छान्दा हप्ताको ३२ "क्लास आवर" पुगेको र पढाइ हुने त्यति समय उनलाई र उनका एक जना सहपाठीलाई कम लागेकोले अब थप कुन विषय पढ्ने भनी सल्लाह गर्न ती सहपाठीका बाबुका साथी मध्यपूर्वका प्राचीन भाषाहरू र वाङ्मयका प्रसिद्ध विद्वान् एर्नेस्त रेननकहाँ उनीहरू पुगे। प्रतिभाशाली प्रोफेसर आबेल बर्गेनसँग पढ्ने अहिले कुनै विद्यार्थी छैनन्, उनी संस्कृत पढाउँछन्, उनैसँग संस्कृत पढ्न जाओ भनी रेननले भनेकाले आफू संस्कृत पढ्न पुगेको भनी लेविले लेखेका छन् (रिकार्डी सन् १९७५ : ५)। खास गरी वैदिक वाङ्मय र तुलनात्मक भाषाशास्त्रका

तस्वीर ८.१ : सिल्विं लेवि (इन्टरनेटमा उपलब्ध) ।

विद्वान् बर्गेनसँग पढ्दै जाँदा लेविको मूल विषय संस्कृत हुन गयो र २५ वर्षको उमेरमा भारतीय नाट्यशालाको विषयमा पीएच.डी.को थेसिस लेखी उनले पढाइ पूरा गरे ।

यसपछि लेवि सोर्बोन विश्वविद्यालयको इकोल प्रातिक दे हाउत् एत्यूद अर्थात् माथिल्लो पढाइको व्यावहारिक विद्यालयमा लेक्चरर नियुक्त भए । उनका गुरु आबेल बर्गेन त्यहीँ प्रोफेसर थिए । वि.सं. १९४५ मा आल्पस पर्वतमा यात्रा गर्दा ५० वर्षको उमेरमा बर्गेन बितेपछि लेवि त्यहीँ प्रोफेसर भए । अनि उनले बौद्ध वाङ्मयको लागि अपरिहार्य जस्तै भएको तिब्बती र चिनियाँ भाषा पनि पढे । वि.सं. १९४७ मा तिब्बती भाषाका विद्वान् फिलिप एद्वा फाउकास कलेज द फ्रान्सबाट सेवानिवृत्त भएपछि लेवि त्यहीँ प्रोफेसर भई त्यस पदमा आजीवन बहाल रहे । त्यसपछि कलेज द फ्रान्समा चिनियाँ भाषाका प्रोफेसर एद्वा चावानेसँग मिलेर उनी बौद्ध वाङ्मयको परिशीलन गर्न थाले ।

लेविले वि.सं. १९४४ मा भारतीय नाट्यशालाको विषयमा आफ्नो पीएच.डी.को थेसिस लेखे पनि उनको अन्वेषणात्मक लेखचाहिँ एघाह्रौँ शताब्दीका काश्मीरी कवि क्षेमेन्द्रको *बृहत्कथामञ्जरी*को सम्पादनबाट वि.सं. १९४२ मा शुरू भयो । यसैताका उनका भारत र भारतीय वाङ्मयसम्बन्धी लेख वि.सं. १९४२ देखि शुरू भएको फ्रेन्च भाषाको ठूलो विश्वकोश *ग्राँद आँसिक्लोपेदिमा* छापिन थालिसकेका थिए । आफ्ना गुरु आबेल बर्गेनको

तस्वीर ८.२ : सिल्विं लेवि आफ्नो परिवारसँग नेपाली वेषभूषामा (कैलाश ठेली ३, अङ्क १ बाट) ।

प्रभावमा उनले वैदिक वाङ्मय र बौद्धेतर संस्कृत वाङ्मयमा अन्वेषण गरे पनि पछिपछि उनी बौद्ध वाङ्मयतर्फ आकृष्ट हुँदै गए । बौद्ध वाङ्मयको अन्वेषणबाटै बौद्ध धर्मको जीवित परम्परा भएको नेपालतर्फ उनी तानिए । यसैले पहिलोपटक पूर्वका देश घुम्न आउँदा वि.सं. १९५४ मा उनी नेपाल पनि आए । दोस्रोपटक उनको नेपाल यात्रा वि.सं. १९७८ मा भयो र उनको अन्तिम नेपाल यात्राचाहिँ वि.सं. १९८५ मा भयो । आफ्नो पहिलो नेपाल यात्राबाटै उनले नेपालको इतिहास लेख्न पर्याप्त सामग्री जम्मा गरे । उनको नेपालसम्बन्धी पहिलो कृति प्राचीन नेपालको कालनिर्णय विषयको हो (लेवि सन् १८९४ : ५५–७२) ।

सिल्विं लेविको *ल नेपाल*को पहिलो ठेलीमा ३९५, दोस्रोमा ४११ र तेस्रोमा २२४ पृष्ठ गरी जम्माजम्मी १,०३० पृष्ठ छन् । समग्र नेपाल राज्य र नेपाल खाल्डोको परिचय, यूरोपियन, चिनियाँ र तिब्बती तथा स्थानीय गरी नेपालको इतिहासका आकरको वर्गीकरण,


ANNALES DU MUSÉE GUIMET

BIBLIOTHÈQUE D'ÉTUDES
TOME XVII

LE NÉPAL

PAR
SYLVAIN LÉVI

VOLUME I

तस्वीर ८.३ : ल नेपालको पहिलो ठेली ।


ANNALES DU MUSÉE GUIMET

BIBLIOTHÈQUE D'ÉTUDES
TOME XVIII

LE NÉPAL

PAR
SYLVAIN LÉVI

VOLUME II

तस्वीर ८.४ : ल नेपालको दोस्रो ठेली ।


ANNALES DU MUSÉE GUIMET

BIBLIOTHÈQUE D'ÉTUDES
TOME XIX

LE NÉPAL

PAR
SYLVAIN LÉVI

VOLUME III

तस्वीर ८.५ : ल नेपालको तेस्रो ठेली ।

नेपालका बासिन्दा खास गरी नेवार र उनको भाषामा "गोरखा" अर्थात् पर्वतेको वर्णन, अन्त्यमा यहाँका ग्रामदेवताहरूको विषयमा लेखी पहिलो ठेली टुङ्ग्याइएको छ । दोस्रो ठेलीमा यहाँको धर्म र पूजापद्धतिको विषयमा लेखिएको छ । यहाँका मठमन्दिर र चाडपर्वहरू, अनि प्राचीन कालदेखि नेपालको इतिहासको शुरूआत गरी आफ्नो पालासम्मको अर्थात् वि.सं. १९५८ मा चन्द्र शमशेर श्री ३ महाराज भएसम्मको कुरा यो ठेलीमा छ । त्यस ठेलीको अन्त्यमा नेपालमा आफूले वि.सं. १९५४ को हिउँदमा बिताएका दुई महिनाको डायरी दिइएको छ । तेस्रो ठेलीमा चाहिँ आफूले पत्ता लाएका २० ओटा र भगवान्लाल इन्द्रजीले चाँगुको मानदेवको स्तम्भलेखको पाठ छपाउँदा जमीनमुनि गडेको भाग छोडेकोमा त्यो भाग पनि पढी जम्मा २१ ओटा शिलालेखका फोटो, मूलपाठ, उल्था र व्याख्या छापिएको छ । परिशिष्टको रूपमा *मूलसर्वास्तिवादविनयवस्तु*मा आएको नेपालको वर्णन, चीनका वादशाह कुब्लै खाँको दरबारमा नेपालबाट गएको वास्तुविद्हरूको मण्डल, स्वयम्भूचैत्य, *स्वयम्भूपुराण* र नेपालका टकको विषयमा लेखिएको छ ।

लेख र पुस्तक गरी ३५४ ओटा कृति छपाएका लेविले आजन्म विद्याव्यासङ्ग नै गरिरहे भन्ने कुरामा सन्देह छैन । यसो हुँदाहुँदै पनि विद्यासम्बन्धी कामको साथै आफ्नो जातिको उन्नति हुने काममा पनि लेवि लागेका थिए । यहूदीहरूको कल्याणको लागि वि.सं. १९१७ मा प्यारिसमा स्थापना गरिएको अलियन्स इज्राएलित यूनिभर्सलका अध्यक्षमा उनी वि.सं. १९७७ मा चुनिनु यसको प्रमाण हो । त्यही संस्थाको सभामा बस्दाबस्दै ७२ वर्ष ७ महिनाको उमेरमा वि.सं. १९९२ कात्तिक १४ गते उनी बिते । यहूदीको पत्ता साफ गर्न लागेको नाजी जर्मनीले वि.सं. १९९७ मा फ्रान्स कब्जा गरेपछि लेविकी पत्नी दिजिरिले आफ्ना दिवङ्गत पतिको कागजात नष्ट गरेकी थिइन् ।

मूलतः बौद्ध वाङ्मयबाट नेपालतर्फ आकृष्ट सिल्विं लेविलाई यहाँको बौद्ध धर्मको स्थितिले गर्दा कुनै प्रभाव परेन । यसैले "नेपालका बौद्ध धर्मावलम्बीहरूबारे ममा नराम्रो छाप पऱ्यो...यहाँ बौद्ध धर्म मरिसकेको छ, जताततै स्तूप र चैत्यहरू त देखिन्छन्, तर सहरको भित्र सबै त्यसै अलपत्र परेका छन्, कसैलाई वास्ता छैन र आधा भत्केको अवस्थामा छन् । चैत्य र स्तूपका भक्तहरू कोही छन् भने ती हुन् सहरको बाहिर बस्ने तल्लो वर्गका र फोहोरी तिब्बतीहरू" (लेवि सन् १९०५बी : ३२५=उप्रेती सन् २००७ : २२३) सम्म भन्न उनी पुग्छन् ।

यसै गरी वज्राचार्य-शाक्यहरूको ज्ञानबाट पनि सिल्विं लेवि पूरै निराश भएको देखिन्छ : "यिनीहरूलाई साँच्चै नै केही पनि थाहा छैन । यी बौद्ध पण्डितहरू केही जान्दैनन्, यिनीहरूलाई बौद्ध साहित्यको ज्ञानै छैन, पुस्तकको शीर्षकसम्म पनि जान्दैनन्, खालि 'नवधर्म' बारे थाहा छ, तर यो पनि सबै पढेर थाहा पाएका होइनन् ।" वज्राचार्य-शाक्यहरूमा संस्कृत भाषा र बौद्ध शास्त्रको राम्रो ज्ञान नभएको विषयमा लेविले लेखेको

कुरामा आफ्नो तर्फबाट मैले टिप्पणी गरिसकेकोले त्यसलाई यहाँ दोहऱ्याइरहनु पर्दैन (महेशराज पन्त २०६२ : ४–८, यही पुस्तकको अध्याय ४ हेर्नुहोस्) ।

नेपालमा शाक्य-वज्राचार्यले पुस्तक सार्ने पेशा लिएकाले लिपिको ज्ञान केही मात्रामा यहाँ बचेको थियो । यहाँ पुराविद्याको अन्वेषण गर्न आउने विदेशी विद्वान्हरूलाई यी शाक्य-वज्राचार्यले लिपि पढ्ने काममा धेरथोर मद्दत गर्ने गरेका थिए । सिल्विं लेविले नेपालका शिलालेखहरूको खोजी गर्दा सिद्धिहर्ष वज्राचार्यले मद्दत गरेका थिए भन्ने कुरा प्यारिसको नासिओनल बिब्लिओथेक अर्थात् राष्ट्रिय पुस्तकालयमा वि.सं. २०५१ मा खोजी गर्दा मैले थाहा पाएँ । केसर शमशेरले सिद्धिहर्षलाई लेविको लागि लिच्छविकालको एउटा शिलालेख पढिदेऊ भनी लेखेकोमा सिद्धिहर्षले चाहिँ जर्साहेब (केसर शमशेर) बाट पनि यस्तै आज्ञा हुन्छ, गुरुज्यू (हेमराज पण्डित) बाट पनि यस्तै आज्ञा हुन्छ, पढ्न भने यो शिलालेख गाह्रो छ भन्ने भावले लेखेको कागत देखेथें ।

सिल्विं लेविले आफूले नेपालमा भेटेका मानिसबारे *ल नेपाल*मा लेख्दा सिद्धिहर्ष वज्राचार्यबारे नलेखेकाले लेविसँग उनको सोझै सम्पर्क भएन कि जस्तो लाग्छ । तर *बुद्धधर्म* पत्रिकाका सम्पादक धर्मादित्य धर्माचार्यलाई लेखेको चिठीमा "पण्डित सिद्धिहर्षको मद्दतले अलिकति नेवारी सिक्ने उद्योग गरेँ । तर यो भाषा बढी जान्ने मेरो उत्कट इच्छा छ । त्यसैले तपाईंको पत्रिका रमाएर पढेँ" (कुलिशाचार्य २०५३ : ३३; अङ्ग्रेजी चिठीबाट मेरो उल्था) भनी लेविले लेखेकाले उनको र सिद्धिहर्षको सोझै सम्पर्क भएको देखिन्छ ।

सिल्विं लेविमा सूक्ष्मेक्षिका अर्थात् गहिरिएर हेर्न सक्ने शक्ति थियो भन्ने कुराको एउटा उदाहरण यहाँ दिन्छु । साँखु शहरको लिच्छविकालको एउटा शिलालेख लेविले आफ्नो *ल नेपाल*मा प्रकाशित गरेका थिए (लेवि सन् १९०८ : १७ सङ्ख्या) । त्यो शिलालेख खण्डित भएकाले त्यसको मिति थाहा हुन सकेको थिएन । यसको लिपिको आधारमा लेविले ईसाको सातौँ शताब्दीको पूर्वार्ध भनी त्यसको मिति निर्धारण गरेका थिए (लेवि सन् १९०८ : ११०–१११) । मिति नभेट्टाइएको यस शिलालेखको समयनिर्धारण लिपिको आधारमा गर्दा उनीभन्दा पछिका उत्कीर्ण-लेखशास्त्रीहरूले यस शिलालेखलाई आठौँ शताब्दीसम्मको पनि ठहऱ्याएका थिए । तर पछिको खोजीले यस खण्डित शिलालेखको मिति भएको खण्ड पाइयो । तदनुसार यो (मानदेव) संवत् ४० श्रावण शुक्लपञ्चमीको भएकोले र त्यसलाई सन्मा परिवर्तित गर्दा ६१७ हुने भएकोले सिल्विं लेविको अनुमान बढी मिल्न गएको स्पष्ट हुन्छ (पन्त २०७१घ : ९–१४) ।

नेपालमा इतिहासको खोजी गर्न भनी आएका सिल्विं लेविले यहाँ राम्रै राजकीय सहयोग पाएका थिए । वि.सं. १९५४ पौष ३० गते उनी काठमाडौँ आइपुग्दा श्री ३ वीर शमशेर काठमाडौँबाहिर थिए । यसैले कमाण्डर-इन-चीफ देव शमशेरको दर्शनभेट उनले पाउने भए । त्यसको लागि माघ २ गतेको मिति तय गरियो । दरबारबाट पठाइएको बग्गीमा चढी देव शमशेरको

वास थापाथली दरबारमा उनी पुगे। देव शमशेरको बैठकमा त्यस वेला दुई जना पण्डित पनि उपस्थित थिए। "एउटा नाम मात्रको पण्डितले संस्कृतमा केही कुरा गरे। खूब परिश्रम गरेर उनले अशुद्ध संस्कृत बोले। अनि दोस्रो पण्डित अघि सरे, मलाई सफलता पाउन सजिलो रहेछ" (लेवि सन् १९०५बी : ३२२=उप्रेती सन् २००७ : २२१) भन्ने लेखी लेविले ती पण्डितहरूको योग्यता उदाङ्गो पारिदिएका छन्। देव शमशेरले पनि उनीसँग संस्कृतमा "पूर्वस्मिन्... काले...युधिष्ठिर" भनेपछि संस्कृतमा अरू बोल्न नसक्दा अङ्ग्रेजीमा "किङ...वज...देन... संस्कृत भाखा... इन यूस..." (लेवि सन् १९०५बी : ३२२=उप्रेती सन् २००७ : २२१) भनी वाक्य पूरा गरेको उनले लेखेका छन्। पुराना पुस्तक र शिलालेखको काममा म मद्दत गर्छु, यति टाढाबाट आएका यस्ता विद्वान्लाई सहयोग गर्नु हाम्रो कर्तव्य होइन र भनी देव शमशेरले आफूलाई भनेको पनि लेविले लेखेका छन्। देव शमशेरको दर्शनभेट लेविले दोस्रोपटक माघ १९ गते पाए। त्यो भेट अझ शानदारको थियो। दरबारमा लेवि भित्रिंदा सैनिक टुकडीले आफूलाई स्वागत गरेको देखेर "यो देशमा रातो फूली लगाउनुभन्दा सेतो छाला हुनु महत्त्वपूर्ण हुने रहेछ" (लेवि सन् १९०५बी : ३६१=उप्रेती सन् २००७ : २४८) भन्ने लेविको टिप्पणी चाखलाग्दो छ।

भारतबाट छापिने *पायनियर* अखबार सिल्विं लेविकहाँ पुऱ्याउनू भनी देव शमशेरले आदेश दिएको र उनीकहाँ एक डालो सुन्तला र कागती पठाइदिएको कुरा लेविले लेखेकाले देव शमशेर उनीउपर स्निग्ध दृष्टि राख्थे भन्ने देखिन्छ। "गोरखा अति कञ्जुस छन् भन्ने उखान भएकोले यस्तो सौगातको महत्त्व अझ बढी भएको छ" (लेवि सन् १९०५बी : ३५१=उप्रेती सन् २००७ : २४१) भनी लेविले टिप्पणी गरेका छन्। यस्तो लेखेको चार दिनपछि यही सौगातको विषयमा फेरि यस्तो "मलाई अखबार, सुन्तला, खाने कुरा बराबर पठाउने र व्यवहारमा सभ्य, दयालु देखिने यी देव शमशेरले आफुभन्दा ठूला दुईजना साथ लिएर जङ्गबहादुरका छोराहरूलाई विशेष अनुग्रह देखाउने आफ्ना बूढा भलाद्मी ठूलाबालाई मारेका थिए। पछि जङ्गबहादुरका अरू सन्तानको पनि हत्या गरेका थिए" (लेवि सन् १९०५बी : ३५७=उप्रेती सन् २००७ : २४५) भनी लेविले लेखेकाले १९४२ साल पर्वको स्मरण गरेको देखिन्छ।

पुरावित् सिल्विं लेविको सङ्गतबाट हनूमान्ढोका पटाङ्गिनीको लिपि नै लिपि भएको शिलापत्रको अर्थ खुलाउने विचार देव शमशेरको भएको (लेवि सन् १९०५बी : ३५१, ३५६=उप्रेती सन् २००७ : २४१, २४४) र एक दिन देव शमशेर र लेवि रानीपोखरीभित्र गफ गर्दै घुम्न जाँदा त्यहाँको शिलालेखको अर्थ बुझ्न देव शमशेरले खोजेको कुरा लेविले लेखेका छन् (सन् १९०५बी : ३५९=उप्रेती सन् २००७ : २४५–२४६)।

वीर शमशेर काठमाडौँ फर्केपछि लेविले उनको दर्शनभेट पाउने भए। त्यसको लागि फागुन ८ गतेको दिन तोकियो। यस वेला लेविको लागि दरबारबाट बग्गी नआई घोडा

आएको थियो । चाँगुको मानदेवको स्तम्भलेख जमीनमुनि गडेकोले भगवान्‌लाल इन्द्रजीले छाप्दा अपूरो पाठ मात्र छापिएकोमा पूरै स्तम्भलेख हेर्न र अरू अरू शिलापत्रको पनि छापा लिन पाऊँ भनी लेविले गरेको निवेदन स्वीकृत भयो । भोलिपल्ट शिवरात्रि भएकोले टुँडिखेलमा आउने निम्ता पनि वीर शमशेरले उनलाई दिए । त्यहाँ वीर शमशेरले उनको परिचय श्री ५ पृथ्वीवीरसँग गराए । चन्द्र शमशेरसँगै बसी आफूले शिवरात्रिको बढाइँ हेरेको लेविले लेखेका छन् ।

नेपालमा वि.सं. १९५४ मा दुई महिना बस्दा सिल्विं लेवि यहाँको सरकारी पुस्तकखाना अर्थात् आजभोलिको राष्ट्रिय अभिलेखालयमा वारंवार पुगेका थिए । उनले गरेको बयानअनुसार त्यस पुस्तकखानामा चार जना मुख्य अधिकृत, उनीहरूको अधीनमा अरू पण्डितहरू, पुस्तक सार्नेहरू र तिब्बती पुस्तकहरू मिलाएर राख्ने कर्मचारीहरू पनि थिए । बहालहरू डुल्दाडुल्दै माघ ७ गतेको दिन काठमाडौँ महाबौद्धमा डमरुवल्लभ पन्तसँग आफ्नो भेट हुँदा शुद्ध संस्कृतमा कुरा गरी उनले काठमाडौँका पुराना भग्नावशेषको विषयमा बताए भनी लेविले लेखेका छन् । भोलिपल्ट सरकारी पुस्तकखानामा लेवि र डमरुवल्लभले भेट गरे । डमरुवल्लभलाई भेट्दा "नेपालका गौरव, साहै उच्च कोटिका विद्वान्" भनी हरप्रसाद शास्त्रीले उनको तारिफ गरेको कुरा लेवि सम्झन पुगे । लेविका यी वाक्य पढ्दा यसको १३ वर्षअगाडि सेसिल बेण्डलले डमरुवल्लभलाई भेट्दा "स्वदेशबाहिर कहलिएका" भनी लेखेको सम्झन पुगिन्छ ।

सिल्विं लेविको *ल नेपाल* छापिँदा चन्द्र शमशेर श्री ३ थिए । उनी पहिलोपटक नेपाल आउँदा वीर शमशेर श्री ३ थिए । उनले वीर शमशेर र चन्द्र शमशेरको मात्र होइन, देव शमशेरको पनि नाउँ लिई आफ्नो *ल नेपाल*को अग्रभागमा नै संस्कृतमा समर्पणवाक्य प्रकाशित गरेका छन् । *ल नेपाल*को लागि अन्वेषण हुँदा र त्यो पुस्तक लेखिँदासम्मको समयमा नेपालमा तीन जना श्री ३ ले शासन गरेकाले र उनीहरूसँगको आफ्नो सम्बन्ध राम्रो भएकोले लेविले कृतज्ञतापूर्वक यसरी आफ्नो पुस्तक समर्पित गरेको हुनुपर्छ ।

आफ्नी कान्छी महारानी बालकुमारीतर्फका जेठा छोरा विष्णु शमशेर एउटी मीम लिई बसेकाले चन्द्र शमशेरले उनको रोल काटी उनलाई देशनिकाला गरेका थिए । विष्णु शमशेर कहिले भारत कहिले यूरोप घुमिरहन्थे । भतिजा विष्णु आजभोलि प्यारिसमा आएको छ भन्ने सुनेको छु, तपाईंले यसो हेरविचार गरिदिनुहोला भन्ने आशयले श्री ३ भीम शमशेरले सिल्विं लेविलाई अङ्ग्रेजीमा लेखेको चिठी प्यारिसको राष्ट्रिय पुस्तकालयमा पढेको थिएँ ।

नेपालका प्राचीन पुस्तकको प्रतिलिपि आदि गराइदिने अनुरोध गरी यहाँका ठूलाबडालाई सिल्विं लेविले लेखेका केही चिठी प्रकाशमा आएका छन् । त्यस्तै एउटा चिठी चन्द्र शमशेरलाई उनले लेखेका रहेछन् (पन्त २०७१ङ : ४०–४३) । हेमराज पण्डितलाई लेविले लेखेका केही चिठीपत्र (पन्त २०४८ख : ६०; नेपाल २०५७ : १४३–१४५; गर्जिल्लि सन्

२००१ : १४३–१४९, सन् २०१५ए : ४१–४८) र लेविको चिठीको जवाफमा हेमराजले लेखेका केही चिठी पनि प्रकाशमा आएका छन् (नेपाल २०५७ : १४६–१४७) । लेविको अन्वेषणको विषयमा सोधपूछ गरी केसर शमशेरले लेखेको चिठीचाहिँ मैले प्यारिसको राष्ट्रिय पुस्तकालयमा पढेको थिएँ । नेपालमा सरकारी पुस्तकखानामा रहेका वृत्तिसहितको वसुबन्धुको *विंशतिका* र स्थिरमतिको भाष्य सहितको वसुबन्धुकै *त्रिंशिका*को आफूले सम्पादन गरी प्रकाश गरेको कृति लेविले हेमराज पण्डितलाई समर्पण गरेका छन् (लेवि सन् १९२५) ।

आजभोलिको पञ्चाङ्ग गणना पद्धतिअनुसार पौष महिनामा अधिमास पर्दैन । लिच्छविकालका शिलालेखमा भने पौषमा अधिमास परेको देखिन्छ । नेपालका पुराविद्याका ज्ञाताहरूलाई यो हाँकको विषय भएकोले आफू दोस्रोपटक नेपाल आउँदा हेमराज पण्डितसँग सिल्विं लेविले यस विषयमा छलफल गरे । आफूलाई ज्यौतिष नआउने हुनाले रानीपोखरी संस्कृत पाठशालाका ज्यौतिषका अध्यापक भुवननाथ पाँडेलाई पर्दापछाडि राखी उनलाई आफूकहाँ आएका ज्यौतिषसम्बन्धी सबै काम हेमराज गराउँथे । त्यसैले त्यस्ता अधिमास कहिले परेका होलान् भनी वि.सं. ६६७, ६९७ र ७४३ का गते, तिथि, वार, अधिमास र क्षयमासको गणना हेमराजले भुवननाथलाई गर्न लगाएका थिए (पन्त २०४३क : ३, २४–३९) ।

भगवान्लाल इन्द्रजीको दाँजोमा लिच्छविकालका शिलालेखको सिल्विं लेविले गरेको व्याख्या उत्कृष्ट छ भन्ने कुराको दृष्टान्त पर्याप्त छन् । आफ्ना पति धर्मदेव अकस्मात् बितेपछि सती जान आँटेकी रानी राज्यवतीले आफ्ना छोरा मानदेवलाई "हे छोरा राज्य गर" भन्न मानदेवको चाँगुको स्तम्भलेखमा "राज्यम्पुत्रक कारय" भनी लेखिएकोमा "सामान्य क्रियापदको सट्टा ण्यन्त कारयको प्रयोग गर्नु गल्ती भएको छ" (इन्द्रजी र ब्यूलर सन् १८८० : १६४; अङ्ग्रेजीबाट मेरो उल्था) भनी भगवान्लालले लेखेका छन् । "सामान्य क्रियापदको अर्थमा ण्यन्त 'कारय' को प्रयोगलाई अनौचित्यको रूपमा भगवान्लाल टिप्पणी गर्छन्, तर उनको आलोचना गलत छ । 'राज्यं कारय' यो भनाइ परंपरीण पद्यहरूद्वारा स्थापित छ" (लेवि सन् १९०८ : ३–४, फ्रेन्चबाट मेरो उल्था) भन्दै लेविले "राज्य" को सन्दर्भमा ण्यन्त "कारय" को प्रयोग *रामायण*, *महाभारत*, *हरिवंश* र *दशरथजातक*मा भएको देखाएका छन् (महेशराज पन्त २०६९ : २२९–२३०) ।

लिच्छविकालका शिलालेखमा एक थरीमा एक थरी संवत् र अर्को थरीमा अर्को थरी संवत्मा मिति दिइएको छ । तर खालि "संवत्" मात्र लेखिएकाले कुन संवत् हो भन्ने खुल्दैन । यसले गर्दा पहिलो थरी शिलालेखमा आएको संवत्लाई भगवान्लाल इन्द्रजीले विक्रमसंवत् र जोन फेथ्फुल फ्लीटले वि.सं. ३७६ देखि चलेको गुप्तसंवत् मानेकोमा लेविले चाहिँ वि.सं. १६८ देखि चलेको लिच्छविसंवत् भनी माने र दोस्रो थरी संवत्लाई चाहिँ

इन्द्रजीले वि.सं. ६६३ देखि चलेको हर्षसंवत् मानेकोमा लेविले चाहिँ वि.सं. ६५२ देखि चलेको तिब्बती संवत् भनी माने । तर पछिल्लो खोजीले पहिलो थरी शिलापत्रका संवत् वि.सं. १३५ देखि चलेको शकसंवत् र दोस्रो थरी संवत् वि.सं. ६३३ देखि चलेको मानदेव संवत् भन्ने निर्णय भएकोले (पन्त २०४३ख) लेविको प्राचीन इतिहासको कालक्रम पूरै सच्याउनुपर्ने देखिन्छ ।

सिल्विं लेविको पालामा भन्दा अहिले लिच्छविकालका उत्कीर्ण लेखको सङ्ख्या छ गुनाभन्दा बढी भइसकेकोले उनकै शैलीमा लिच्छविकालको इतिहास फेरि लेख्न जरुरी भइसकेको छ । लिच्छविकालपछिको इतिहासको लागि उपयुक्त सामग्री त सय वर्षभन्दा बढीको यस अन्तरालमा झन् प्रशस्त मात्रामा प्रकाशमा आइसकेकाले ती टुक्राटाक्रीलाई जोडेर त्यही शैलीमा इतिहास लेख्ने काम बाँकी छ ।

पश्चिममा संस्कृतविद्याको पठनपाठन भए पनि त्यहाँका संस्कृत विद्वान्हरूमा संस्कृतमा त्यति अधिकार नहुने हुँदा सिल्विं लेवि पनि त्यसको अपवाद थिएनन् । यसैले लेविको बहुश्रुतताको कायल हुँदाहुँदै पनि "लेभी तुलनात्मक भाषाविज्ञानका असल पण्डित थिए तापनि संस्कृत भाषाका व्याकरण, काव्य, कोशहरूमा उनको प्रौढ पाण्डित्य थिएन । संस्कृत भाषाका व्याकरण, काव्य, कोशमा राम्रो अधिकार नभई प्रौढ संस्कृतमा लेखिएका लिच्छविकालका शिलापत्रको अर्थ गर्नु असम्भवप्रायः छ । यस कारण लेभीको भरबाट जानेको नेपालको प्राचीन इतिहास अत्यन्त अपूरो छ" भनी नयराज पन्त (२०५९ : ११) ले गरेको टिप्पणी उपयुक्त ठहर्छ ।

९

लेविमा लाञ्छना ?

३२ वर्ष यतादेखि नेपाली भाषाका छापामा लेखकको हैसियतले सौरभ छाइरहेका छन् । छाइरहने मात्र होइन, पढ्नेलाई निकै खुराक मिल्ने लेख उनको कलमबाट निस्किरहन्छन् । त्यसैले उनका लेख म भेट्टाए जति चाख मानी पढ्छु र तिनबाट आफ्नो ज्ञान पनि बढाउँछु । विभिन्न पत्रपत्रिकामा वेलाबखत छापिएका (केही नछापिएका समेत) उनका लेखका तीन ओटा सङ्ग्रह पुस्तकाकारमा पनि बजारमा आइसकेका छन् (सौरभ २०६९, २०७१क, २०७३घ) । मेरो र अरू धेरैको पनि गुनासो के छ भने सौरभका लेखबाट जति फाइदा उठाउन सकिन्थ्यो, उनको शैलीले गर्दा त्यति उठाउन नसकी पाठक बीचैमा अलमलिन्छन् । यसले गर्दा उनको बहुश्रुतताको छाप परे पनि पाठक पार भने पाउन सक्दैनन् । उनको वृक्षायुर्वेद अर्थात् वनस्पति र वानस्पत्यको ज्ञान त मेरो लागि अगम्य नै छ । त्यस ज्ञानको प्रतिविम्ब उनका लेखमा बराबर झल्कन्छ । उनको त्यससम्बन्धी ज्ञानको केही अंश अनौठो हिज्जेमा शीर्षक हालिएको अङ्ग्रेजी पुस्तकमा आएको छ (सत्याल सन् २००८) ।

विषयवस्तुलाई हल्का ढङ्गले लिने बानीले गर्दा सौरभका लेखमा बराबर गल्ती पनि छिर्छन्, यद्यपि यस विषयमा अहिलेसम्म मैले लेखेको थिइनँ । *नयाँ पत्रिका*मा छापिएको उनको लेख (सौरभ २०७३ख : ५, २०७३घ : १८१–१९०) हेर्दा मलाई उकुसमुकुस भएकोले यस लेखको जन्म भएको हो । यस्तो लेख उनको अहिले मात्र आएको होइन भनी देखाउन पूर्वपीठिकाको रूपमा केही लेख्नु परे पनि उनका लेखमा परेका त्यस्ता सबै कुराको विवेचना यो सानो लेखमा सम्भव छैन र त्यसैले केही दृष्टान्त मात्र यहाँ दिइएको छ ।

आफ्नो एउटा लेखमा सौरभले "त्रिभुवनकालीन चार पैसाबाहेक चीन, तिब्बत, भारत र अन्यत्र जस्तो प्वाल भएको मुद्रासमेत निकालेन नेपालले" लेखेका छन् (२०६८ : ६, २०७१क : ९४) । तर, बीचमा प्वाल भएको, पित्तलको चार पैसे टक राजा त्रिभुवनको

पालामा निकालिएको नभई राजा महेन्द्रको पालामा वि.सं. २०१२ मा मात्र निकालिएको हो । आफ्नो कैशोर्यमा त्यो टक मैले निकै खेलाएकोले त्यसमा मलाई कुनै सन्देह छैन । त्यसको प्रमाण मुद्राशास्त्रबाट समेत यथेष्ट दिन सकिन्छ । अहिलेको लागि *नेपाली टकको सूची* (श्री ५ को सरकार २०१७ : प्रविष्टि २११) वा सत्यमोहन जोशीको *नेपाली टक*सम्बन्धी पुस्तक (जोशी २०१९ : १३७) बाट मात्र काम चलाऊँ ।[१]

आफ्नो औपचारिक नाउँ लीलानटेश्वर शर्मा बरालको नाउँमा ईश्वर बरालले पृथ्वीनारायण शाहको विषयमा थेसिस लेखी लण्डन विश्वविद्यालयबाट सन् १९६४ (वि.सं. २०२०/२१) मा पीएच.डी.को उपाधि लिएका थिए । त्यस थेसिसको विषयमा सौरभ लेख्छन् : "जबकि ईश्वर बरालकै थेसिस पनि नयराज पन्तको लेखोटको अनुवाद हो, अङ्ग्रेजहरूले पत्तो पाएनन् भनेर जनकलाल शर्माले लेखेका छन्" (२०७०क : ७, २०७१क : ८१) । "लेखोट" शब्दको प्रयोग यहाँ कुन अर्थमा भएको हो, बुझ्न अलि गाह्रो छ । नेपालीले लेखेको सबभन्दा पुरानो कोष (चालिसे १९९८ : लेखोट) अनुसार लेखोटको अर्थ "लेखाइ; लेखेको कागत, चिट्ठीपुर्जी आदि" भए पनि त्यही कोषमा "लेख" को अर्थ दिँदा "लेखोट, लेखिएको कुरा, प्रबन्ध कविताआदि; लिखत" लेखिएकोले "लेखोट" शब्दले "वाङ्मयसम्बन्धी रचना" लाई पनि बुझाउने देखिन आएको छ ।

नयराज पन्तको लेखको उल्था नै ईश्वर बरालको थेसिस हो भनी जनकलाल शर्माले कहीँ लेखेको भन्ने सौरभको लेख पढेपछि ईश्वर बराल र नयराजको विषयमा जनकलालले लेखेका सामग्री म खोतल्न लागेँ । ईश्वर बरालको विषयमा जनकलालले वि.सं. २०५४ मा एउटा लेख लेखेका रहेछन् (शर्मा २०५४ख : ११५–११९) । सो लेख त्यही साल ईश्वर बरालको अभिवादन गर्न निकालिएको एउटा पुस्तकमा पनि गाभिएको रहेछ (शर्मा २०५४ग : ११५–११९) । पत्रपत्रिकामा छरिएका जनकलालका लेख समेटी उनी परलोक भएपछि निकालिएको एउटा सँगालोमा पनि त्यही लेख छापिएको रहेछ (पोखरेल र ढकाल २०६० : १९४–१९८) । ईश्वर बराल बितेपछि निकालिएको अर्को एउटा सँगालोमा पनि त्यही लेख छापिएको रहेछ, शीर्षक र पछिल्ला केही शब्द फेरेर (शर्मा २०५७ : १२३–१२८) ।

नयराज पन्तको विषयमा पनि जनकलाल शर्माले वि.सं. २०५४ मै एउटा लेख लेखेका रहेछन् (२०५४क : १–४) । नयराजसम्बन्धी वि.सं. २०५५ मा निकालिएको लेखसङ्ग्रहमा पनि सो लेख गाभिएको रहेछ (शर्मा २०५५ : १–४) । पत्रपत्रिकामा छापिएका जनकलालका लेख सङ्ग्रह गरी पछि निकालिएको एउटा पुस्तकमा पनि त्यही लेख छापिएको रहेछ (पोखरेल र ढकाल २०६० : १३०–१३२) । जनकलालका ती दुवै लेखमा ईश्वर बराल र

[१] मेरो खण्डन आइसकेपछि यस लेखको नयाँ संस्करण (सौरभ २०७६ : ९७) मा "महेन्द्रकालीन" भनी लेखिएको छ । मैले गरेको संशोधन यहाँ र अन्त सौरभले सकारेका छन् । तर कहीँ पनि संशोधकको चर्चै गरेका छैनन् ।

नयराजबारेमा माथि चर्चित विषयमा केही लेखिएको छैन । उनका अरू कुनै लेखमा यस्तो कुरा परेको छ भने म जान्दिनँ ।

जनकलाल शर्मालाई यसरी सौरभले आप्तवाग् माने पनि हेमराज पण्डितलाई "औपचारिक शिक्षा" नपाएको भन्ने प्रा.डा. माधवप्रसाद पोखरेल (पोखरेल २०६० : ४७, २०६२ : ९) जनकलालका पत्रपत्रिकामा छरिएका लेख सम्पादन गर्न पुगे (पोखरेल र ढकाल २०५८, २०६०) पनि म जनकलाललाई त्यति मान्दिनँ । अन्वेषणको क्रममा ईश्वर बरालले नयराजका शिष्य तथा सहयोगी धनवज्र वज्राचार्यलाई केही चिठी लेखेर आफ्ना शङ्का समाधान गरेका (सिवाकोटी २०६४ : ८०–८४) भए पनि नयराजको लेखकै उल्था उनको थेसिस हो भन्न कुनै हालतमा मिल्दैन ।[२]

"गढवालको नगरकोटबाट ५ सय क्षत्रीहरूलाई जयप्रकाश मल्लले झिकाए युद्धमोर्चामा खटाउन" भनेर सौरभ (२०६६ : ६, २०७१क : २०४) ले लेखेका छन् ।[३] यसले उनको भुवनकोष अर्थात् भूगोलको अल्पज्ञान दर्शाउँछ । नगरकोट गढवालमा होइन कि गढवालको प्राचीन कालदेखि प्रसिद्ध शहर श्रीनगरबाट १६० कोस जति उत्तरपश्चिममा रहेको काँगडामा छ ।[४] अर्को शब्दमा भन्दा, अहिलेको भारतको राज्यविभाजनमा गढवाल उत्तराखण्डमा पर्छ भने नगरकोट हिमाचल प्रदेशमा पर्छ ।

थरीथरीका लिपि भएको, बडेमानको शिलापत्र हनूमान्ढोका दरबारको पटाङ्गिनीमा छ । त्यस शिलापत्रमा लेखिएको छ :

मनुलिपिलिखितं यत्पद्यमत्यद्भुतम्वै
कविकुलमुकुटेन श्रीप्रतापेन राज्ञा ।

[२] आफ्नो यस कुराको खण्डन आएपछि आफूले जे लेख्यो, त्यही नै कायम गर्ने उद्योग गरी आफ्नो त्यही लेखको नयाँ संस्करणमा सौरभले कोषराज न्यौपानेको एउटा लेख अघि सारेका छन् (सौरभ २०७६ : ८५) । त्यसअनुसार "जनकलाल शर्माले भने नेपाली नबुझ्ने बेलायतीलाई डा. बरालको चातुर्य थाहा भएन यता नेपालमा पं. नयराज पन्तले दिव्योपदेशको व्याख्या गरेर नेपाली भाषामा पुस्तक छपाइसकेका थिए । त्यसैले खुरुखुरु अङ्ग्रेजीमा अनुवाद गरेर बरालले डाक्टरी पुरा गरे" (न्यौपाने २०५७ : १११) भनी जनकलालले कोषराजलाई भनेका रहेछन् । पृथ्वीनारायणको उपदेशको नयराजले गरेको व्याख्या वि.सं. २०२५ मा मात्र छापिएको (पन्त र अरू २०२५) र ईश्वर बरालले वि.सं. २०२०/२१ मै थेसिस बुझाइसकेकाले (शर्मा बराल सन् १९६४) जनकलाल कति हल्का गफ गर्दा रहेछन् र त्यही गफको लहैलहैमा मानिसहरू लाग्दा रहेछन् भन्ने मात्र सिद्ध हुन्छ ।

[३] यही गल्ती आफ्नो अर्को लेखमा सौरभले लेखेका दोहऱ्याएका छन् (२०७१ख : ७, २०७३घ : १२६) ।

[४] "...नगरकोट कांगडामा होइन, कांगडाको पुरानो नाम हो नगरकोट" (सौरभ २०७३ग : ९) ।

स भवति बुधवर्यो वाचयित्वाऽर्थकर्ता
निगदितमतिविज्ञैर्न्यथा चौरवाच्यः ॥

अर्थात् "कविसमूहका मुकुट अर्थात् श्रेष्ठ राजा श्रीप्रताप मल्लले १४ लिपिमा लेखेको, ज्यादै अचम्मको जुन पद्य छ, यो बाचेर अर्थ गर्ने त्यो मानिस विद्वान्हरूमा श्रेष्ठ हुन्छ, नत्र भने त्यो चोर कहिन्छ भनी धेरै जान्नेहरूले भनेका छन्" भनी प्रताप मल्लले लेखेका छन् (पन्त २०७१ख : २०–२१) लेखेर त्यही शिलापत्रमा १४ थरी अक्षरका नाउँ किटे पनि सर्वसाधारणमा यो शिलापत्र १४ भाषामा लेखिएको छ भन्ने भ्रम परेको छ । सौरभलाई पनि त्यही भ्रम परेकोले उनी "हनुमानढोकाको चौध भाषाको शिलापत्र" लेख्न पुग्छन् (सौरभ २०७०ख : ७, २०७१क : २१४) ।[५]

यस पूर्वपीठिकाको अन्त्य सौरभको एउटा अर्को लेखबाट गरौँ । नेवारी भाषाका कवि चित्तधर "हृदय" को विषयमा सौरभले लेखेका छन् : "चित्तधर हृदयको साहित्यिक सफलताको रहस्य सायद उनी महान् साहित्यिक परम्परा भएको पाली भाषा छिचोल्न सक्थे भन्ने पंक्तिकारलाई लाग्छ" (सौरभ २०७३क : ज) ।[६] साधारण संस्कृतबाहेक चित्तधरले अरू प्राचीन भाषा पढेको जस्तो मलाई लाग्दैन । त्यसमाथि, उनका प्रशंसकहरूले पनि उनले पाली पढेको कहीँ लेखेको देखिन्न (उदाहरणको लागि हेर्नुहोस्, वज्राचार्य २०६३ : ५–८) । उनको पढ्ने उमेरमा यहाँ पाली भाषाको प्रचार पनि थिएन, यस कारण उनले पाली पढे भन्न मिल्ला जस्तो मलाई लाग्दैन ।

त्यही लेखमा सौरभले एक ठाउँमा लेखेका छन् : "हुन त कमलप्रकाश मल्ललाई जवाफ दिने क्रममा नयराज पन्तले भनेका हुन्[७]—'इतिहास परिशोधनका निम्ति तालिम चाहिन्छ ।' अर्थात् प्रौढ संस्कृतको ज्ञान, लिपिको ज्ञान अनि ज्योतिष गणितको ज्ञान आदि पनि चाहिन्छ ।" यो कुरा नयराजले लेखेको त अवश्यै हो, तर उनले यो लेख्दा कमलप्रकाश मल्ल पुराविद्याका अन्वेषकका रूपमा उदाएका थिएनन् । यस्तो भाव पहिलोपटक नयराजले वि.सं. २०१६ मा प्रकाशित रूपमा प्रकट गरेका हुन् :

[५] मेरो खण्डन आइसकेपछि यस लेखको नयाँ संस्करणमा "चौध लिपिको" भनी संशोधन गरिएको छ (सौरभ २०७६ : २१३) ।

[६] मेरो विप्रतिपत्ति आइसकेपछि "पाली भाषा छिचोल्न सक्थे भन्ने पंक्तिकारलाई लाग्छ" को ठाउँमा यस लेखको नयाँ संस्करणमा "पाली भाषा छिचोल्न सक्थे होलान् भन्ने पङ्तिकारलाई लाग्छ" भनी सच्याइएको छ (सौरभ २०७३घ : १४५) ।

[७] मेरो खण्डन आइसकेपछि यही लेख पछि आफ्नो पुस्तकाकार कृतिमा गाभ्दा यस वाक्यको सट्टा सौरभले "हुनत एकपटक नयराज पन्तले भनेका हुन्" (२०७३घ : १४८) मात्र लेखेका छन् ।

हजारौं वर्षअगाडि राज्य गरेर गइसकेका राजाहरूको परिचय पाउन उनले र उसवेलाका अरू मानिसले लेखी छोडिदिएका लेखबाहेक अरू कुरा हामीहरू अहिले पाउन सक्तैनौं । ती लेखहरू पनि क्रमबद्ध पाइँदैनन् । पाइएका पनि राम्रोसँग बुझिंदैनन्, बुझिएकाको पनि राम्रोसँग अर्थसंगति मिलाउन सकिंदैन । यस कारण प्राचीन विषयको अनुसन्धान गर्ने रीति पनि एउटा विद्या बन्न गएको छ । प्राचीन लिपिमा जति अभ्यास गऱ्यो प्राचीन भाषा जति पढ्यो, इतिहासको घटना केलाउने बानी जति बसायो, उति नै वास्तव प्राचीन इतिहास हाम्रो हात लाग्दछ । (पन्त २०१६ : २–३)

त्यसपछि यस विषयमा नयराज पन्तले छिटपुट अन्त पनि लेखे, तर पछि वि.सं. २०४३ मा सारांशमा उनले यस्तो लेखे : "यस्तो अन्वेषण गर्नाका लागि शिक्षा पनि तदनुकूल चाहिन्छ भन्ने मेरो विचार भयो । सो विचार अहिले पनि छँदैछ । सोही विचारअनुसार केही विद्यार्थीलाई संस्कृत भाषा, गणित तथा इतिहासको शिक्षा दिन म लागें" (पन्त २०४३क : २१) । नयराजले यस्तो लेख्दा कमलप्रकाश मल्लसँग हाम्रो मुठभेड भइसकेको थियो तापनि नयराजले उनलाई मुछेर यस्तो कहीँ लेखेका छैनन् । यस्तो लेखाइ, मैले माथि भने जस्तै, विषयवस्तुलाई हल्का ढङ्गले लिने सौरभको बानीको द्योतक हो ।

अब मूल विषयपट्टि लागूँ । मैले माथि चर्चा गरेको सौरभको लेवि सम्बन्धी लेख (२०७३ख : ५) मा सिल्विं लेविको सन् १९०५ मा प्रकाशित *ल नेपाल* (लेवि सन् १९०५ए) मा परेका २५ ओटा त्रुटि छोइएका छन् । ती २५ ओटामध्ये "१–९ चाहिँ आफूलाई सर्सर्ती सम्झना भएका बुँदा हुन्, १०–२५ चाहिँ ती मित्रले बाध्य पारेपछि पहिलो खण्डको १ देखि १६ पेज पढ्दा लागेका कुरा हुन् । कुल ५३५ पेज हेर्दा अर्को छुट्टै किताबै बन्ने छाँट आएकाले दोहोऱ्याएर पढिएन । जति बन्यो, त्यति नै प्रस्तुत छ" भनी सौरभले लेखेका छन् । हुन पनि हो, गढेर हेर्ने हो भने १०२६ पृष्ठ ओगटेको, लेविको सो पुस्तकमा २५ का कैयन् गुना बढी गल्ती नभेटिने होइन । तर, तमाम गल्तीका वावजुद लेविसम्बन्धी मेरो अर्को लेख (यही पुस्तकको अध्याय ८) मा भनेझैं "लेविले लेखेको नेपालको प्राचीन इतिहाससँग जोडा लाग्न सक्ने पुस्तक अझै निस्कन सकेको छैन" र "त्यही शैलीमा इतिहास लेख्ने काम बाँकी छ ।"

सौरभले सो लेख "समयमै सही अनुवाद नहुँदा फाइदा पुगेको छ लेभीलाई—एक सय वर्षभन्दा बढी, नेपालीले उनलाई नेपालप्रेमी विद्वान् मानिरहे । बेवकुफ भइरहे" भनी टुङ्ग्याएकाले र यही वाक्यलाई "हाइलाइट" पनि गरिएकोले लेविउपर न्याय भएन भन्ने मलाई लाग्छ ।

सौरभको यस लेखको पहिला तीन वाक्य : "'नेपाल– हिन्दू अधिराज्यको इतिहास' सिलभान लेभीले उहिल्यै सन् १९०५ मा लेखेका हुन् । 'प्राचीन नेपाल' मा क्रमशः

छापिएको पनि थियो । तर, सायद अङ्ग्रेजीबाट अनूदित थियो, अहिलेको भने सोझै फ्रेन्चबाट अनूदित हो" मै केही टिप्पणी गरूँ । पुरातत्त्व विभागको पत्रिका *प्राचीन नेपाल*मा लेविको *ल नेपाल* क्रमशः छापिएको सत्य हो । सौरभले "सायद अङ्ग्रेजीबाट अनूदित थियो" लेखेकाले *प्राचीन नेपाल* नपल्टाइकनै उनले यो वाक्य लेखेको ठहरिन जान्छ । किनभने, त्यो उल्था नै अङ्ग्रेजीमा छ, नेपालीमा होइन ।

श्री ३ चन्द्र शमशेरले अङ्ग्रेजीमा *ल नेपाल*को उल्था गराई त्यसका टाइप गराइएका प्रति आफ्ना छोराहरूलाई बाँडिदिए पनि थोरै मानिसको मात्र त्यसमा पहुँच पुग्न सकेको थियो । चन्द्र शमशेरका माहिला छोरा बबर शमशेरकहाँ रहेको *ल नेपाल*को अङ्ग्रेजी उल्थाको पुस्तक बबर शमशेरका जेठा छोरा मृगेन्द्र शमशेर मार्फत रुद्रराज पाण्डेयले केही समयको लागि लिई आए र त्यही पुस्तक उनका ठाहिँला भाइ तोत्रराज पाण्डेयको नाउँसमेत हाली नयराज पन्तले *नेपालको संक्षिप्त इतिहास* (पाण्डेय र पन्त २००४) लेख्दा उपयोग गर्न पाएका थिए । हृषीकेश शाहले आफूले अङ्ग्रेजीमा उल्था गरेको भनी हवाई विश्वविद्यालयमा राखिएको *ल नेपाल*को उल्था श्री ३ चन्द्रका साहिँला छोरा केसर शमशेर कहाँ रहेको प्रतिको सरोट हो भन्ने पनि सुनिएको हो । केसर शमशेरकहाँ रहेको अङ्ग्रेजी उल्थाको प्रतिमा "महाराज चन्द्र शमशेर जङ राणा बहादुर नेपाल प्राइभेट लाइब्रेरी" भन्ने छाप लगाइएको छ भनी नयराज पन्तले लेखेका छन् (२०४३क : ४५) । हिमाल किताबले *ल नेपाल*को नेपाली उल्था छपाउनुभन्दा धेरै अगाडि नै कनक दीक्षितले *ल नेपाल*को अङ्ग्रेजी उल्था छपाउँदैछन् भन्ने हल्ला सुनिएको हो । अङ्ग्रेजी उल्थाको त्यो प्रति श्री ३ चन्द्रका कान्छा छोरा मदन शमशेर कहाँको हुनुपर्छ जस्तो मलाई लाग्छ । श्री ३ चन्द्रले गर्न लगाएको *ल नेपाल*को अङ्ग्रेजी उल्था केसर पुस्तकालयमा रहेको प्रतिबाट वि.सं. २०३० देखि पुरातत्त्व विभागको पत्रिका *प्राचीन नेपाल*मा क्रमशः छापिन थाल्यो । २३ अङ्कदेखि बीबीचमा केही अङ्क छोडेर ११४ अङ्कसम्म छापिँदा वि.सं. २०४६ मा तीनै ठेलीका उल्था पूरा भए ।

लेविको *ल नेपाल*को अङ्ग्रेजी उल्था सौरभले देखेकै रहेनछन् र उनले हेरेको नेपाली उल्था रहेछ भन्ने उनको लेखाइबाट स्पष्ट हुन्छ । *ल नेपाल*का अघिल्ला दुई ठेलीको डिल्लीराज उप्रेतीले गरेको नेपाली उल्था वि.सं. २०६२ मा पहिलो र वि.सं. २०६४ मा दोस्रो ठेली प्रकाशित भयो (उप्रेती सन् २००५, सन् २००७) ।[८]

[८] त्यो पुस्तक नेपालीमा उल्था गराउनको लागि आफ्नो सरकारबाट धन जुटाउने फ्रेन्च विद्वान्हरू त्यस उल्थाबाट सन्तुष्ट भएनन् भन्ने कुरा "मैले पनि त्यो किताब निस्कियो भनेर सुनें, तर हेर्न चाहन्न । मेरा सहयात्रीहरू जसले हेरे, त्यो किताबको अनुवाद देखेर त्यति सन्तुष्ट छैनन्" भनी फ्रेन्च नेपालज्ञ मार्क गाबोरियोले बोलेको विषयमा मैले अन्तअन्त खुलाएर लेखिसकेको छु (हेर्नुहोस् महेशराज पन्त २०६९ : २६०, २०७१ग : ७) ।

लेविका त्रुटि भनी सौरभले औँल्याएका २५ ओटै बुँदामा समयाभाव र स्थानाभावले गर्दा म अहिले जान सक्दिनँ, केही बुँदामा भने लेखिहाल्छु । तेस्रो बुँदामा लेखिएको छ : "शालिग्राममा चुम्बकीय शक्ति हुन्छ, यसको प्रचलन जयप्रकाश मल्लले गरेका हुन् (खण्ड २, पेज १३)" भनी लेविले लेखेकोमा छ । "यसबारेमा धेरै भन्नै पर्दैन, शालिग्रामको नाममा प्रशस्त कुरा सदियौँ-सदियौँ अघि लेखिसकिएको छ । ...अब जयप्रकाश मल्लले सुरु गरेको मात्रै देख्दैनन्, उनी त्यसमा चुम्बकीय शक्ति पनि देख्छन् ।" शालिग्रामको माहात्म्य जयप्रकाश मल्लको पालाभन्दा सयौँ वर्षअगाडिदेखि गाइँदै आएकोले सौरभले भनेको कुरामा मेरो विप्रतिपत्ति छैन; यसमा लेविले गल्ती गरेकै हुन् । नेपालकै राजाको कुरा गर्ने हो भने पनि जयप्रकाश मल्लभन्दा पौने सात सय वर्षअगाडिका शङ्करदेवले जगन्नाथधाममा शालिग्राम चढाएको कुरा प्रकाशमा आइसकेको छ (महेशराज पन्त २०७३क : ४, २०७४ग : २४८–२५२) ।

त्यसै गरी, "दामोदर पाँडे र उनका बाबु अमरसिंह... (खण्ड १, पेज १६)" भनी लेविले लेखेको कुरामा सौरभले पच्चीसौँ बुँदामा "यो एक त्रुटि हो" भनी लेखेकोमा मेरो केही भन्नु छैन; यसमा पनि लेविको गल्ती भएकै हो । नेपालको पछिल्लो कालको इतिहासमा लेविका यस्ता गल्ती अरू पनि छन् । यस विषयमा जयचन्द्र विद्यालंकारले लेखेको कुराको यहाँ उद्धरण गर्नु प्रासङ्गिक नै होला :

> आचार्य सिल्व्याँ लेवी ने नेपाल के प्राचीन और मध्यकालीन इतिहास को जो सुलझाया सो उनका अत्यन्त कीमती कार्य था । किन्तु अर्वाचीन नेपाल की भीतरी प्रेरणाओं तक वे नहीं पैठ सके, अङ्ग्रेजों ने अपने साम्राजिक स्वार्थों से प्रेरित हो उसके चौगिर्द जो धुन्ध फैलाई उसे साफ नहीं कर सके तथा जैसा कि उक्त उदाहरण से प्रकट है, उसकी घटनाओं को भी ठीक–ठीक निर्धारित नहीं कर सके । नेपाली इतिहास की सामग्री की विवेचना उन्होने बडी संग्राहक दृष्टि से १४४ पृष्ठों में की है, जिसमें देसी वंशावलियों अभिलेखों आदि के अतिरिक्त नेपालविषयक प्रत्येक तिब्बती चीनी और युरोपी लेख का भी व्यौरा दिया है । किन्तु आश्चर्य है कि उस व्यौरे में गोरखालियों के विद्यमान नेपाल राज्य के बाहर फैलने विषयक समकालिक वृत्तान्तों तक की पूरी उपेक्षा की गई है ! यों नेपाल का इतिहास लिखते हुए उन लेखों की ओर आचार्य लेवी ने आँख उठा कर भी नहीं देखा ! (विद्यालंकार सन् १९५९ : ४७९)

नेपाल आई शङ्कराचार्यले बौद्ध धर्मको विरोधमा गरेका कुराको चर्चा गरी लेविले लेखेको कुरा (उप्रेती सन् २००५ : १४३) मा सौरभले पहिलो बुँदामा "...वि.सं. ११९९

मा भारतबाट एक शंकराचार्य स्वामी नेपालमा आउन थाले र पटक-पटक आएर आफ्नो मतको प्रचार-प्रसार गरे भन्ने पुष्टि भइसक्यो" भनी लेखेका छन् । यस वेला नेपाल आएका योगी शङ्कराचार्य नभई आगमिक शैवपरम्पराका द्वैतवादी धाराका आचार्य हुन् भनी वि.सं. २०५४ मै सप्रमाण सिद्ध गरिसकिएको हो (आचार्य २०५४क : ७६–८८, २०५४ख : ८६–९६) । तथापि, नेपाल आएका ती योगीलाई वि.सं. २०७१ सम्म पनि कमलप्रकाश मल्ल (सन् २०१५ : ४७९–४८०) ले शङ्कराचार्य भन्ने गरे जस्तै अझसम्म पनि सौरभले त्यस्तै लेखेको देख्दा नयाँनयाँ खोजी भए पनि मूलधारका मसीजीवीहरूकहाँ त्यस्ता खोजी नपुग्ने कुराको नमूनाको रूपमा औँल्याउन सकिन्छ ।

सौरभको पाँचौँ बुँदा "उज्ज्ययनीको विक्रमादित्यले नेपाललाई जितेर नेपालमा आफ्नो संवत् चलाएका थिए । (खण्ड २, पेज ९८)" भनी लेविले लेखेको विषयमा छ । पुराणको ढङ्गले इतिहास लेखिएको वंशावलीको आधारमा प्राचीनकालको इतिहास लेख्दा लेविले यस्तो लेखेकोमा सौरभले "यस विषयका विज्ञहरूले यो संवत् केही समयअघिदेखि मात्रै नेपालमा प्रयोगमा आएको बताएका छन् र बाबुराम आचार्यले विक्रमादित्य दुईजनालाई भनिने, तर त्यो संवत्को सुरुवातताका उज्ज्ययनीमा कुनै विक्रमादित्य नभएको बताइसके" भनी लेखेको विषयमा टिप्पणी गर्नैपर्छ । एक मनले त "उज्जयिनी" लाई दुवैपटक "उज्ज्ययनी" लेखेको देख्दा किन यस्तो विषयमा हात हाल्नु जस्तो मलाई नलागेको पनि होइन ।[९] तर बाबुराम आचार्यको दुहाइ दिएर विक्रमादित्यको विषयमा उनले लेखेको देख्दा बाबुरामकै यही कुराको खण्डन गर्न नयराज पन्तले लेखेको लामो लेख (२०२४ख : २१७–३२८) एकचोटि पढ्ने सल्लाह उनलाई दिन्छु ।

"नरेन्द्रदेवसँग मगर र खसहरू नेपाल आए । (खण्ड २, पेज १४८)" भनी लेविको पुस्तकको नेपाली उल्थाको पृष्ठ सङ्ख्यासमेत दिई सौरभले लेख्दा "मुकुन्द सेन" को ठाउँमा नरेन्द्रदेव हुन गएको छ र "मानदेवकै शिलापत्रमा 'विप्र' शब्द पढेका खस ब्राह्मणहरू र कम्तीमा २३ सय वर्षदेखि छौँ भन्ने मगरहरू यस कुरासँग सहमत होलान् ?" भनी छैटौँ बुँदामा उनी लेख्न पुग्छन् ।

मानदेवको शाके ३८६ तदनुसार वि.सं. ५२२ को ढुङ्गे खामोमा कुँदिएको लेखमा सौरभले भने जस्तै "विप्र" शब्द अवश्य आएको छ । यताबाट कमसेकम साढे पन्ध्र सय वर्षयतादेखि यहाँ बाहुनहरूको उपस्थिति देखिन्छ । याज्ञिक किंवा वैदिक ब्राह्मणहरूको उपस्थिति यहाँ देखिए पनि उनीहरूको जन्मभाषा के थियो भनी निर्क्योल्न त्यति सजिलो छैन । नेपालको महाभारत पर्वतशृङ्खलामा पश्चिमदेखि पूर्वसम्म बसोबास गर्ने नेपाली

[९] यो लेख पढिसकेपछि सौरभले *राजधानी* पत्रिकामा पठाएको पत्रमा उज्जयिनी नै छ, छाप्दा बिग्रेर आएछ भन्ने दलील गरेका छन् (२०७३ग : ९) । त्यही लेख पछि पुस्तकाकार कृतिमा छापिँदा भने उज्जयिनी छापिएको छ (२०७३घ : १८२) ।

भाषा वा त्यसका भेदोपभेद जन्मभाषाको रूपमा बोल्ने ब्राह्मणहरू अहिले "खस ब्राह्मण" कहिन्छन्। यसैअनुसार नेपालको अहिलेको वैनयिक शास्त्रमा अर्थात् आजभोलिको भाषामा संविधानमा (हेर्नुहोस्, नेपाल सरकार २०७२ : भाग-८, ८४ [२], स्पष्टीकरण) मा नेपालीभाषी ब्राह्मणलाई "खस आर्य" भित्र पारिएको हो। तर संस्कृतवाङ्मयमा खसलाई उच्च स्थानमा नराखी किरात, हूण, यवन र म्लेच्छलाई जस्तै "अब्रह्मण्य" अर्थात् "ब्राह्मणद्रोही" भनी लेखिएकोले नेपालका प्रबुद्ध जानपदहरूलाई अर्थात् आजभोलिको भाषामा नागरिकहरूलाई यस नामकरणले सन्तुष्टि दिएको छैन (पन्त २०७०क : ७)। त्यसमाथि, लिच्छविकालको शिलालेखमा देखा परेका ब्राह्मणहरूलाई अहिलेका पर्वते बाहुनहरूका पुर्खा भनी सिद्ध गर्न सकिँदैन। यस कारण सौरभको यो वाक्य हेत्वाभासले दूषित छ भनी भनिरहनु नपर्ला। मुकुन्द सेनसँग मगर र खसहरू नेपाल आए भनी वंशावलीको आधारमा लेविले जुन लेखे, त्यो बाहुनलाई लक्ष्य गरी लेखिएको नभई जातिक्रममा क्षत्रियभन्दा तल पर्ने खसहरूलाई हुनुपर्छ जस्तो मलाई लाग्छ।

"पुख्यौंली कमजोरी भनौँ या स्थानीय आपसी रिसइबीले सिर्जना भएको असमर्थताले भनौँ, लाचार भएर यक्ष मल्लले आफ्नो राज्य तीन टुक्रा गरी छोराहरूमा भाग लगाइदिए (खण्ड १, पेज ११)" भनी लेविले लेखेकोमा उन्नाइसौँ बुँदामा "तर, शार्लमान्यको र यक्ष मल्लको तीन राज्य विभाजन काकताली अंक पर्न जाँदा लेभीको हातबाट त्यसले विचित्रको व्याख्या पाएको छ" भनी सौरभले लेखेको विषयमा केही टिप्पणी गर्नुपरेको छ।

"पवित्र रोमन साम्राज्यका बादशाह" शार्लमेनले आफ्नो साम्राज्य आफ्ना तीन छोरालाई बाँडिदिएकोसँग तुलना गरी लेविले "यक्ष मल्लले आफ्नो राज्य तीन टुक्रा गरी छोराहरूमा भाग लगाइदिए (खण्ड १, पेज ११)" भनी लेखेकोमा सौरभले टिप्पणी गरेका छन्। शार्लमेन र यक्ष मल्लको तुलना गरी लेविले लेखेकोमा सौरभले गरेको टिप्पणीमा बढी कुरा त म अहिले भन्दिनँ, तर "यक्ष मल्लले सम्हाल्नै नपुग्ने तीन सामान्य गाउँ पुत्रगत मायामोहले तीन भागमा विभाजित गरे"[१०] भनी सौरभले लेखेको कुरामा केही लेख्नुपरेको छ।

यूरोपियन "सिटी स्टेट" को परिभाषा नेपालका तीन नेवार राज्यमा लाग्दैन। यी तीन अलगअलग राज्यका राजधानीको दूरी त्यति धेरै नभए पनि यी तीनै राज्य तुलनात्मक रूपले भन्ने हो भने निकै परसम्म फैलिएका थिए। यसैले यी तीन राज्यलाई "सम्हाल्नै नपुग्ने तीन सामान्य गाउँ" भनी सौरभले जो लेखे, त्यसले उनमा इतिहासज्ञानको प्रौढि नभएको झल्काउँछ।

यक्ष मल्लले आफ्नो राज्य आफ्ना तीन छोरालाई बाँडिदिए भनी लेविले जो लेखे त्यसको आधार तात्कालिक आकरको खोजी नभइसकेको अवस्थामा उन्नाइसौँ शताब्दीमा

[१०] मेरो खण्डन आइसकेपछि यो लेख पुस्तकाकार कृतिमा गाभिँदा हटाइएको छ (सौरभ २०७३घ)।

लेखिएको वंशावली थियो । एस.एल.सी.को लागि लेखिएको भए पनि भित्तै पुगेर लेख्ने बानी नयराज पन्तको भएकोले तोत्रराज पाण्डेय र उनको नाउँमा वि.सं. २००४ मा छापिएको *नेपालको संक्षिप्त इतिहास*मा आजभोलिको भाषामा भन्दा "फर्स्ट-रेट रिसर्च" परेको छ । तात्कालिक प्रमाणको आधारमा त्यहाँ (पाण्डेय र पन्त २००४ : २६–२७) यक्ष मल्लको शेषपछि उनका छोराहरू मिलेर राजकाज चलाउन लागे, केही वर्षपछि जेठा राय मल्लसँग विरोध गरेर भाइहरूले राज्य टुक्र्याए भनी लेखिएको छ । तात्कालिक प्रमाण खुलाएर यस विषयमा लेख्ने काम चाहिँ वि.सं. २०११ मा भयो र त्यस विषयमा छुट्टै *इतिहास-संशोधन* निकालियो (पोख्रेल, पाण्डे र नेपाल २०११) । यस विषयमा अझ बढी खोजी गरी खुलाउने काम वि.सं. २०१९ मा भयो (वज्राचार्य २०१९ : १३१–१४४) । वि.सं. १९६२ मा लेविले त्यस्तो गल्ती गरे पनि वि.सं. २००४ मा त्यस कुरामा विप्रतिपत्ति र वि.सं. २०११ मा प्रमाण खुलाई लेखेको झण्डै ६२ वर्ष बितिसक्दा पनि सौरभ अझै यक्ष मल्लले छोराहरूलाई राज्य बाँडिदिए भन्ने कुरा पत्याउँदैछन् भने अरू सर्वसाधारणलाई त के भन्ने ।

"लेभी अध्ययनमा रुचि राख्ने गैरप्राज्ञ थिए, एक सामान्य अध्यापक फ्रेन्च स्कुल अफ ओरिएन्टल स्टडिजका"[११] भनी सौरभले लेखेको देख्दा अचम्म लाग्छ । यूरोपमा प्रमुख विद्याकेन्द्रमध्ये एक मानिएको सोर्बोन विश्वविद्यालयमा प्रोफेसर र जीवनमा एकचोटि व्याख्यान गर्न पाउने अवसरको लागि बडेबडे प्रोफेसर लालायित हुने कलेज द फ्रान्समा आजीवन प्रोफेसर मात्र नभई लेख र पुस्तक गरी ३५४ ओटा कृति छपाएका लेवि कसरी सौरभका लागि गैरप्राज्ञ र सामान्य अध्यापक भए, बुझ्न सकिँदैन ।

सौरभले लेविलाई "यसरी हेर्दा लेभी ज्ञानका संरक्षक, प्रवर्धक र प्रशंसक केही पनि देखिँदैनन् । मात्रै सादा पोसाकमा मिसनरी पादरीबाहेक"[१२] लेखेको देख्दा मलाई झनै आश्चर्य लाग्यो । लेवि क्रिस्तान नभई यहूदी भएको, यहूदीहरूको कल्याणको लागि वि.सं. १९१७ मा प्यारिसमा स्थापना गरिएको अलियन्स इज्राएलित यूनिभर्सलका अध्यक्षमा उनी वि.सं. १९७७ मा चुनिएको, त्यही संस्थाको अध्यक्षको हैसियतले सभा चलाउँदा चलाउँदै वि.सं. १९९२ मा उनी बितेको र वि.सं. १९९७ मा नाजी जर्मनीले प्यारिस कब्जा गरेपछि उनकी पत्नीले उनका कागजात जलाएको कुरा थाहा पाएको भए सौरभ यतिसम्म लेख्न पुग्थेनन् कि ।

[११] मेरो खण्डन आइसकेपछि यो लेख पुस्तकाकार कृतिमा गाभिँदा यो वाक्य हटाइएको छ (सौरभ २०७३घ) ।

[१२] मेरो खण्डन आइसकेपछि यो लेख पुस्तकाकार कृतिमा गाभिँदा यो वाक्य हटाइएको छ (सौरभ २०७३घ) ।

१०

दिव्यदेव पन्त र उनको *शाहवंशचरित*

नेपालको इतिहास प्रकाशित गर्ने कामको शुरूआत पश्चिमाहरूबाट भएको हो । नेपालीहरूले चाहिँ धेरैपछि मात्र यसतर्फ चासो देखाउन थालेका हुन् । नेपालीले लेखेका नेपालको इतिहासमध्ये पहिलो इतिहास अम्बिकाप्रसाद उपाध्यायको *नेपालको इतिहास* (उपाध्याय १९७९) हो । अम्बिकाप्रसादको *नेपालको इतिहास* पहिलोपटक छापिएको १३ वर्षपछाडि तथा तोत्रराज पाण्डेय र नयराज पन्तको *नेपालको संक्षिप्त इतिहास* छापिनुभन्दा १२ वर्षअगाडि वि.सं. १९९२ मा छापिएको दिव्यदेव पन्तको *शाहवंशचरित*को चर्चा "हिस्टोरिओग्राफी" अर्थात् "इतिहास लेख्ने कामको इतिहास" मा चर्चा भएको मैले देखेको छैन । हुन त अम्बिकाप्रसादको *इतिहास* र तोत्रराज र नयराजको *इतिहास*को भन्दा *शाहवंशचरित*को लेखाइको शैली अत्यन्त फरक भएकोले पनि यो पुस्तक इतिहासको कोटिमा नचढेको हुन सक्छ । काव्यात्मक ढङ्गले लेखिएको छन्दोबद्ध *शाहवंशचरित* गद्यमा लेखिने चल्तीको इतिहास लेखाइसँग मेल खाँदैन । काव्यमा जस्तै मङ्गलाचरणपूर्वक सर्गबन्ध गरी लेखिएको यस *चरित*को रूप बाहिरबाट हेर्दा काव्यात्मक नै छ । त्यसमाथि, यो समग्र नेपालको इतिहास पनि होइन ।

ग्रन्थकारले आफ्नो पुस्तकको नाउँ नै *शाहवंशचरित* राखेकाले यसमा शाहवंशको मात्र कुरा आउँछ, अरू वंशको आउँदैन भन्ने थाहा भैहाल्यो । जुन साल दिव्यदेव परलोक भए त्यही साल (वि.सं. १९९२) मा *शाहवंशचरित* प्रकाशित भएकाले आफ्नो अन्तिमअन्तिम अवस्थामा उनले यो पुस्तक छापेको देखिन्छ । दुई सर्ग मात्र गाभिएको यस *चरित*को अन्त्यमा "इति श्रीशाहवंशपूर्वचरिते द्वितीयः सर्गः । इति प्रथमभागः समाप्तः ।" लेखिएकोले यसको दोस्रो भाग पनि छाप्ने उनको इच्छा भएको देखिन्छ । आफ्नो "निवेदन" मा उनले

तस्वीर ९.१ : दिव्यदेव पन्त (नेपालको विद्वत्परम्परा *पुस्तकबाट*) ।

"शाहवंशचरित नामक पुस्तक पूरै प्रकाश गर्ने अभिलाषा थियो तापनी यस कार्यमा अनेक विघ्न बाधा उपस्थित भएकाले अहिले यत्ति प्रथमभाग मात्र पाठकहरूका सामने उपहार गरेको छू" लेखेकाले र *चरित*को अन्तिम श्लोक

मिहिनत गरियो गवेषणामा, तर विधिको करुणा कमै हुँदामा ।
सब चरित प्रकाश गर्नलाई, दिन दिन आश छ कंति नै मलाई । (११२ श्लोक)

भएकोले यस *चरित*को अरू भाग छापिने कुरामा उनले आस मारेको देखिन्छ ।

आफ्नो "निवेदन" मा दिव्यदेवले "श्लोक-माधुर्यमा प्रयत्न गरिएको छैन तापनी मेरो यो सत्य ऐतिहासिक खोजमा गुणैकपक्षपाती निर्मत्सर विद्वान् जरूर स्नेह गर्नेछन् भन्ने आशा छ" लेखेका छन् । अर्थात् श्लोकमाधुर्यमा जोड नदिई ऐतिहासिक खोजमा जोड दिएको कुरा उनले स्पष्ट पारेका छन् । *शाहवंशचरित*मा म आकृष्ट भएको न उनको काव्यशक्तिले हो न उनको ऐतिहासिक खोजले हो । कमल दीक्षितका शब्द सापटी लिएर भन्ने हो भने "जुद्ध शमशेरको समयमा श्री ५ हरूको चरित्र लेख्न सक्ने यी कवि साँच्चीकै आत्मबल भएका व्यक्ति" (दीक्षित २०२८ : ३४७) भएकाले हो । राणा शासनको जल्दोबल्दो अवस्थामा


शाहवंश-चरितम् ।

सम्वत् १९९२

प्रकाराकः—
पं० दिव्यदेव पन्त

तस्वीर ९.२ : दिव्यदेव पन्तको शाहवंशचरित ।

श्री ३ हरूको नभै श्री ५ हरूको चरित लेख्ने आँट उनले गरेका र *शाहवंशचरित* लेख्नुको औचित्य यसरी पेश गरेका छन् :

कस्को गर्नु असल् छ यस् बखतमा मैले कवीता भनी,
मन्मा ध्यान लिञा स्मृती हुन गयो मालीकको गर्भनी ।
को हो मालिक यो विचार गरदा राजा बुझीया तहाँ,
राजाकै कविता म गर्छु खुशि भै जस्तो छ बुद्धी यहाँ ।। (प्रथम सर्ग, ८ श्लोक)

राणावंशलाई राजवंश होइन भनी लेखकले प्रकारान्तरले भनेकाले म यस पुस्तकतर्फ तानिएको हुँ । दिव्यदेवको "नाम नेपालीहरूले धेरै सुनेको काव्यक्षेत्रमा नभएर जूवाको क्षेत्रमा" (दीक्षित २०२८ : ३४७) भएकोले ग्रन्थकारको रूपमा उनलाई चिनाउन यो सानो लेख तयार गरिएको छ ।

पाल्पा हुँगीका नीलदेव पन्तले बङ्गालमा पढी मीमांसा, न्याय र वेदान्तका विद्वान्को रूपमा त्यहीँ र काशीमा ख्याति कमाएका थिए । नीलदेवले नव्यन्यायमा निकै क्रोडपत्र लेखेको चर्चा विद्वन्मण्डलीमा छ (पन्त २०५९ : ५०) । काशीको राजकीय संस्कृत

पाठशालाको पढाइ सिद्ध्याएका र पछि महामहोपाध्याय हुने चित्रधर मिश्रले नीलदेवसँग काशीमा मीमांसा पढेको थाहा भएकोले (उपाध्याय सन् २०१६ : ६४६) त्यहाँ स्वतन्त्र रूपले नीलदेवले विद्यार्थी पढाउने गरेको देखिएको छ । श्री ३ जङ्गबहादुरको पालामा वि.सं. १९२० मा नीलदेवको नाउँ पुस्तककोठामा अर्थात् अहिलेको राष्ट्रिय अभिलेखालयमा वार्षिक ६०० रुपियाँ तलब खाने पण्डितको रूपमा आउँछ (शर्मा भट्टराई २०४२ : ५१, २०५६ : २११) । काठमाडौँमा नयाँ खुलेको पाठशालामा पछि वि.सं. १९२५ मा नीलदेव त्यत्ति नै रुपियाँ खाने पण्डित भएका थिए । उनीसँग पढ्ने विद्यार्थी १० जना हुन्थे । तिनीहरू प्रत्येकले मासिक चार रुपियाँ वृत्ति पाउँथे । निजामती किताबखानाको ढड्डाबाट यी कुरा थाहा हुन्छ (शर्मा भट्टराई २०४२ : ५५–५६, २०५६ : २१५–२१६) । पाल्पामा शिवालय स्थापनाको लागि त्यहाँ २५ रोपनी जति जग्गा गूठीको लागि पाऊँ भनी नीलदेवले वि.सं. १९२६ फाल्गुन कृष्णनवमीको दिन श्री ५ सुरेन्द्रलाई हालेको बिन्तीपत्र गूठी लगत तथा तहसील कार्यालयमा भेटिएको छ (प्रपन्नाचार्य २०४२ : ख, २०४३ : ख) । वि.सं. १९३० भाद्र शुक्लसप्तमीको दिन कमाण्डिङ जरनल बद्रीनरसिंहलाई उनले लेखेको पत्र उनका जनाति भुवनदेव पन्तकहाँ प्रपन्नाचार्यले देखेकाले (प्रपन्नाचार्य २०४३ : ख) वि.सं. १९३० सम्म नीलदेवको अवस्थिति स्पष्ट भएको छ ।

नीलदेव पन्तका छोरा वाचस्पति पनि काठमाडौँमा नयाँ खुलेको पाठशालामा वि.सं. १९२५ मा आफ्ना बाबु जस्तै पण्डित भए । उनीसँग पढ्ने विद्यार्थीको सङ्ख्या पनि उनका बाबुसँग पढ्ने विद्यार्थी जत्तिकै थियो र ती हरेक विद्यार्थीले उनका बाबुका विद्यार्थीले जस्तै महिनाको चार रुपियाँ वृत्ति पाउँथे । वाचस्पतिको तलब भने बाबुको जति थिएन, त्यसको आधा मात्र थियो । बाबु महिनाको ५० रुपियाँ खान्थे, छोरा २५ मात्र (शर्मा भट्टराई २०४२ : ५५–५६, २०५६ : २१५–२१६) ।

*भगवद्गीता*मा प्रक्षिप्तांश अर्थात् थपुवा कुरा छ भन्ने प्रचारको विपक्षमा वाचस्पति पन्तले वि.सं. १९३० मा लेखेको पुस्तिका त्यही साल बनारसबाट छापिएको छ (पन्त १९३०) । यसको झण्डै १०० वर्षपछि उनका नाति शङ्करदेव पन्तले त्यो पुस्तक फेरि प्रकाश गरेका छन् (वाचस्पति पन्त २०२९) । संस्कृत भाषामा त्यति पकड नभएका नातिले संस्कृतविद्याका उद्भट विद्वान् आफ्ना बाजेको कृति प्रकाश गर्दा जान्ने मान्छेहरूलाई देखाएर सावधानीपूर्वक छाप्नुपर्नेमा त्यसो नगरेकाले अनभिज्ञले जबरजस्ती पुस्तक छाप्दा हुने गल्तीले त्यो पुस्तिका भरिएको मात्र छैन, पुस्तिकाको नाउँमा समेत हेरिनसक्नु गल्ती छ (यस विषयमा आचार्य कौण्डिन्न्यायन २०४८ : ३३–३४ पनि हेर्नुहोस्) ।

वाचस्पतिले पाणिनीय *अष्टाध्यायी*माथि *लक्ष्यदर्शिका* भन्ने टीका रचेका थिए र त्यस टीकाको एउटा पुस्तक राष्ट्रिय अभिलेखालयमा छ भनी प्रपन्नाचार्य (२०४३ : ख) ले लेखेका छन् ।

*गीता*मा प्रक्षिप्तांश छ भन्ने कुराको विरोधमा वाचस्पतिले लेखेको पुस्तिकामा उनले आफ्ना बाबु नीलदेवलाई र राजरामलाई गुरु भनी लेखेका छन् (पन्त २०७४घ : ९) । वसन्ततिलका छन्दमा रचिएको यस श्लोकमा आफ्ना गुरुको नाउँको चल्तीको रूप "राजाराम" नलेखी छन्दोऽनुरोधले शुद्ध रूप "राजराम" लेखेको देखिएकोले यी राजारामलाई प्रपन्नाचार्यले काशीका प्रसिद्ध विद्वान् राजाराम शास्त्री भनी ठहऱ्याएका छन् (२०४३ : ख) । प्रपन्नाचार्यको यो ठम्याइ ठीक भए पनि वि.सं. १९१३ देखि १९२६ सम्म राजारामले काशी राजकीय संस्कृत पाठशालामा पढाएको र वि.सं. १९३२ मा उनी परलोक भएकाले (उपाध्याय सन् २०१६ : १७५) राजारामको समय वि.सं १८३३–१९१७ भनी प्रपन्नाचार्यले दिएको चाहिँ मिल्दैन । वि.सं. १९२५ मा काठमाडौँको पाठशालामा अध्यापक भइसकेका वाचस्पतिले वि.सं. १९२६ सम्म काशी राजकीय संस्कृत पाठशालाका अध्यापक राजारामसँग पढ्नु सम्भव देखिन्छ ।

यो पुस्तिका लेख्न रणोद्दीपसिंहले आफूलाई अह्राएको भनी त्यस पुस्तिकामा वाचस्पतिले लेखेकाले रणोद्दीपसिंह श्री ३ नहुँदै वाचस्पति उनको नजिक भइसकेको देखिन्छ । त्यस पुस्तिकामा राजगुरु विजयराज पण्डितको र उनका छोरा नगेन्द्रराजको निकै प्रशंसा परेको र त्यो लेख्न नगेन्द्रराजका छोरा लोकराजबाट उत्साह बढाइदिएको कुरा त्यहाँ लेखिएको छ । विजयराजकी माहिली छोरी प्रेमकुमारीसँग वाचस्पतिको बिहे वि.सं. १९२८ भन्दा अगावै भइसकेकोले (पन्त २०६८ : १४९–१५०; पौडेल २०५१ : ५९४) पनि आफ्नो शक्तिशाली ससुरालीको यो तारिफमा पुट मिलेको हुन सक्छ ।

रणोद्दीपसिंहको पालामा वि.सं. १९४१ देखि नेपाली पञ्चाङ्गले नयाँ रूप धारण गऱ्यो । वि.सं. १९४० सम्म यहाँ लेखोट पात्रोले काम चलाइन्थ्यो भने वि.सं. १९४१ देखि पञ्चाङ्ग छापिन थाल्यो । यस परिवर्तनमा मुख्य हात वाचस्पति पन्तको थियो (नयराज पन्त २०१९क : ११–१३) ।

वाचस्पतिलाई नेपाल सरकारबाट "बडा पण्डित" को पदवी मिलेको थियो भनी उनका नाति शङ्करदेव पन्तले भनेका छन् (शंकरदेव पन्त मेमोरियल ट्रष्ट २०६१ : २०) । बेलायतमा संस्कृतका प्रोफेसर सेसिल बेण्डल वि.सं. १९४१ मा नेपाल आउँदा उनले श्री ३ रणोद्दीपसिंहको दर्शनभेट पाएका, दर्शनभेटमा वाचस्पति पनि उपस्थित भएका र उनले स्पष्ट र विशिष्ट संस्कृतमा कुरा गर्दा श्री ३ महाराज पनि आकलझुकल त्यस कुराकानीमा जोडिन आएका थिए भनी बेण्डलले लेखेको चर्चा यसअघि भैसकेको छ (हेर्नुहोस्, यही पुस्तकको अध्याय ७) । त्यही साल रणोद्दीपसिंह शिकार खेल्न तराई जाँदा वाचस्पति पनि सँगै गएको कुरा काशीनाथ आचार्य दीक्षितले आफ्नो डायरीमा लेखेका छन् (२०३१ : १८–२२) ।

वि.सं. १९४२ मंसिर ९ गते आफ्ना ठाहिँला बाबु रणोद्दीपसिंह र जेठा बाबु जङ्गबहादुरका छोरानातिहरूलाई धीर शमशेरका छोराहरूले मारेपछि धीर शमशेरका जेठा छोरा वीर शमशेर

श्री ३ भए। "आफ्नु सलाम चाकरीमा आयेन भनेर...पं. वाचस्पति पंतलाइ ४३ साल चीफ खड्ग शमशेरको देशनिकालाको मौकामा निकालिबक्सेको थियो" (२०३१ : १९९–२००) भनी काशीनाथ आचार्य दीक्षितले लेखेका छन्। वाचस्पतिका नाति शङ्करदेवले "१९४४ मा खड्गशम्शेर पर्व उठेकाले वहाँ माथि पनि अभियोग लगाइयो। देश निकाला गरियो" (शंकरदेव पन्त मेमोरियल ट्रष्ट २०६१ : २०) भनेका छन्। त्यस्तै, "श्री ३ वीरको शासनकालमा चाँदीको नेल ठोकिई उनी (वाचस्पति) पाल्पातिर धपाइए भन्ने कुरा पनि मैले मातामहबाट सुनेको थिएँ" (पन्त २०२८ : ४२) भनी आफ्ना बाजे भुवननाथ पाँडेको भनाइ नयराज पन्तले अगाडि सारेकाले रणोद्दीपसिंहका पक्षधर वाचस्पति पन्तलाई नयाँ श्री ३ महाराज वीर शमशेरले सर्वसाधारण कैदीलाई जस्तो फलामको नेल होइन कि उनको विद्वत्ताको कदर गर्दै चाँदीको नेल ठोकेर उनको रैथाने घर पाल्पामा धपाएको देखिएको छ।

आफ्ना मालिक रणोद्दीपसिंह मारिएपछि चित्त कुँडिएका वाचस्पतिले नयाँ श्री ३ वीर शमशेरको मानमर्यादा नराखेकाले भाइ खड्ग शमशेरलाई धपाएको मौकामा वाचस्पतिलाई पनि वीर शमशेरले निकालेको देखिन गएको छ।

वाचस्पतिका जेठा छोरा जयदेव पनि संस्कृतमा पुस्तक लेख्थे। उनले लेखेका व्याकरणसम्बन्धी दुई पुस्तिका *कारककलिका* र *समासकलिका* प्रकाशित छन् (पन्त १९६२क, १९६२ख)। आफ्ना बाबुको *लक्ष्यदर्शिका*माथि उनले *लक्ष्यदीर्घिका* लेखेको पनि थाहा भएको छ (प्रपन्नाचार्य २०४३ : ख)। जयदेवका भाइ दिव्यदेवले पनि संस्कृतमा तीन ओटा पुस्तक—*वाणीविलास*, *पुरुषधौरेय*मा टिप्पणी, *हयसुचरित*—लेखेका भए पनि ती अहिले उपलब्ध छैनन् (प्रपन्नाचार्य २०५१ : ५९–६०)। उनको एक मात्र उपलब्ध ग्रन्थ नेपाली भाषामा लेखिएको *शाहवंशचरित* हो।

पितृकुल लब्धप्रतिष्ठ विद्वद्वंश र मातृकुल अधिकारशाली राजगुरुवंश भएका दिव्यदेवको राणाको दरबारमा आवतजावत थियो। बाबुलाई वीर शमशेरले धपाएपछि पनि काशीनाथ आचार्य दीक्षितको शब्दमा "दिव्यदेवले पुराना पुराना पुस्तकहरू चढाइ चाकरीमा लंपट् भै, जुवामा बराबर सामेल भै" श्री ३ वीरलाई "खुसि पार्दै ल्यायेका थिए" (२०३१ : २००)। पछि कुनै कारणले दिव्यदेवसँग वीर शमशेर अप्रसन्न हुँदा दिव्यदेवको जग्गा रोक्का भयो (आचार्य दीक्षित २०३१ : २००)।

वि.सं. १९५७ मा वीर शमशेर बितेपछि श्री ३ देव शमशेरको उदयसँगै दिव्यदेवको प्रभाव बढेको देखिन्छ। देव शमशेरको शिक्षाप्रचार गर्ने नीति भएकाले उनका सहयोगीहरूमा दिव्यदेव पनि थिए (पौडेल २०५१ : ५९४)। सुब्बा दिव्यदेवको मातहतमा वि.सं. १९५९ मा ११ जना पण्डित पाठशालामा पढाउँथे भन्ने कुरा निजामती किताबखानाको दर्शनभेटको ढड्डाबाट थाहा पाइन्छ (शर्मा भट्टराई २०४२ : ६०–६१, २०५६ : २२१)। वीर शमशेरले रोक्का गरेको दिव्यदेवको जग्गा श्री ३ चन्द्र शमशेरको पालामा फुकुवा भयो

(आचार्य दीक्षित २०३१ : १९९–२००) । वि.सं. १९७९ मा भारतबाट आएका स्वामी सच्चिदानन्दले चन्द्र शमशेरको रोहबरमा सिंहदरबारमा पशुबलि शास्त्रविहित होइन भनी बोल्दा हेमराज पण्डित र उनको पक्षका पण्डितहरूले त्यसको विरोध गरे । त्यस सभामा पशुबलिको पक्षमा दिव्यदेवले पनि बोलेका थिए भनी बालकृष्ण सम (२०२९ : ६–८) ले लेखेका छन् । पछि वि.सं. १९८२ तिर चन्द्र शमशेरसँग कुरा नमिल्दा दिव्यदेव काशीतिर लागे । चन्द्र शमशेर परलोक भएपछि मात्र उनी नेपाल फर्के । नयाँ श्री ३ भीम शमशेरले उनलाई भत्ता दिई कदर गरेका थिए (पौडेल २०५१ : ५९४) ।

*शाहवंशचरित*को मुखपृष्ठमा र "निवेदन" मा समेत दिव्यदेवलाई "प्रकाशक" मात्र लेखिएकोले झ्वाट्ट हेर्दा यस पुस्तकका प्रकाशक मात्र दिव्यदेव रहेछन् कि भन्ने लाग्न सक्छ । तर "पब्लिशर" को अर्थमा प्रकाशक शब्द राम्रोसँग रूढ नभइसकेको त्यस जमानामा त्यस शब्दको मूल अर्थ "प्रसिद्ध पार्ने, चम्किलो पार्ने र देखाउने" भन्ने भएकाले दिव्यदेवले आफूलाई ग्रन्थकारकै रूपमा "प्रकाशक" भनेको देखिन्छ ।

दुई सर्ग मात्र प्रकाशमा आएको दिव्यदेवको *शाहवंशचरित*को पहिलो सर्गमा १२५ र दोस्रो सर्गमा ११२ श्लोक छन् । खास गरी शार्दूलविक्रीडित छन्दमा यो *चरित* रचिए पनि ठाउँठाउँमा अन्य छन्दको पनि प्रयोग भएको छ । पहिलो सर्गको अन्त्यमा "इति श्रीशाहवंशपूर्वचरिते प्रथमः सर्गः" र दोस्रो सर्गको अन्त्यमा "इति श्रीशाहवंशपूर्वचरिते द्वितीयः सर्गः" लेखिएकोले *शाहवंशचरित*लाई उनले "शाहवंशपूर्वचरित" र "शाहवंशोत्तरचरित" मा बाँडेको देखिन्छ । प्रकाशित पुस्तकको अन्त्यमा "इति प्रथमभागः समाप्तः" भनी लेखिएकोले दुई सर्गसम्मलाई प्रथम भागमा समेटिएको स्पष्ट हुन्छ ।

गोरखाली शाहवंशलाई राजस्थान मेवाडको राजवंशसँग जोडेर तयार पारिएका पुस्तेवारीका थरीथरीका संस्करण भेटिन्छन् । तीमध्ये कुनैको आधारमा *शाहवंशचरित* रचिएको देखिन्छ । यसको पहिलो सर्गमा लमजुङका राजा नरहरि शाहसम्मको कुरा छ त दोस्रो सर्ग उनका माहिला छोरा द्रव्य शाहका कुराले भरिएको छ । त्यसैले दोस्रो सर्गको नाउँ "द्रव्यशाहचरित" भनी दिव्यदेवले राखेको सार्थक छ । दोस्रो सर्गमा द्रव्य शाहको कुरा अझै नटुङ्गिएकोले उनको कुरा त्यसपछिको सर्गमा पनि जाने स्पष्ट छ । थरीथरीका वंशावलीहरूमा दिइएको शाहवंशको पुस्तेवारीको विषयमा मैले अन्यत्रै लेखेको छु (पन्त २०७०घ : १–१२) । दिव्यदेवले *शाहवंशचरित* प्रकाश गर्नुभन्दा झण्डै ५० वर्षअगाडि छापिएको श्यामलदासको *वीरविनोद*मा परेको "नयपालका इतिहास" (श्यामलदास सन् १८८६ : १८०९–१८८४) मा पनि चल्तापुर्जा विद्वान् दिव्यदेवको आँखा परेको हुनु धेरै सम्भव छ । थरीथरीका वंशावली र श्यामलदासको पुस्तकसँग *शाहवंशचरित*मा दिइएको इतिहासको विवेचना गर्नु आवश्यक छ ।

"अपि माषं मषं कुर्याच्छन्दोभङ्गं न कर्हिचित्" अर्थात् "'माष' लाई 'मष' लेख्नू, छन्दोभङ्गचाहिँ कहिल्यै नगर्नू" भन्ने उक्ति चरितार्थ गर्दै यस *शाहवंशचरित*मा छन्द मिलाउनको लागि शब्दहरू तोडमोड गरिएको छ । संस्कृत व्याकरणमा उनको त्यति बिदि पकड थिएन कि भन्ने शङ्का उनले "नम्र" को ठाउँमा "नम्प्रित" (२ सर्ग, २ श्लोक) लेखेकोबाट उठ्न गएको छ ।

सनातन धर्मको जीवनपद्धतिमा आफ्नो आस्था भएको कुरा दिव्यदेवले द्रव्य शाहको गोरखा विजयको बयान गर्ने क्रममा प्रकट गरेका छन् । त्यो आस्था भारतमा अङ्ग्रेजको शासन आएपछि चातुर्वर्ण्य र त्यसका रीतिरिवाजमा आघात पार्न बनेका ऐनकानूनको विरोधमा प्रतिविम्बित छ (द्वितीय सर्ग, ६२–६५ श्लोक) । जुन वेला *शाहवंशचरित* छापियो त्यस वेला भारतमा अङ्ग्रेजी शासनबाट स्वतन्त्र हुने लहर उर्लिरहेको थियो । यस लहरको बागडोर मोहनदास करमचन्द गान्धीको हातमा थियो । अङ्ग्रेजी शासनको विरोधमा यो लहर उर्लेको भए पनि यसका नायकहरू "भारतीय भए पनि रुचि, विचार, आचरण र बुद्धिले अङ्ग्रेज" नै थिए (लाउरी सन् १८८८ : १८३; अङ्ग्रेजीबाट मेरो उल्था) । नयराज पन्तका शब्द उधारो लिएर भन्ने हो भने "अङ्ग्रेजी शिक्षा पाउनेको सङ्ख्या बढ्ता हुँदै गएकोले सरकारी नोकरी दुर्लभ हुन" जाँदा "यी काला अङ्ग्रेजहरू अङ्ग्रेजी साम्राज्यको विरोधी भएर निस्के, यिनीहरूकै बहुमतले भारतमा अङ्ग्रेजविरोधी आन्दोलन उठ्यो" (पन्त २०५९ : ९) । अङ्ग्रेजी शासनको विरोध गर्दागर्दै पनि गान्धीहरू भारतमा अङ्ग्रेजले चलाएका ऐनकानूनको भने समर्थन गर्थे । यसैले गान्धी तथा उनका सहचर जवाहरलाल नेहरू र मदनमोहन मालवीयलाई द्रव्य शाहले गोरखा जित्नुभन्दा अगाडिका विधर्मी शासकसँग तुलना गरी दिव्यदेवले यस्तो लेखेका हुन् :

> जस्तै धर्म-विरुद्ध ऐन वनिये अङ्ग्रेज का राज्य मा,
> गान्धी नेहरु मालवीय हरु का नेतृत्व-साम्राज्य मा ।
> गोर्खा भित्र पनी उसै तरह ले राजा हुँदा नास्तिक,
> बन्थे मन्परि धर्मनाशक हरे ! कानून नानाविध ।। (२ सर्ग, ६२ श्लोक)

शासकको तारिफ गरी कवि र लेखकहरूले भाटको चरित्र देखाइरहेको जमानामा दिव्यदेव पन्तले मौकापरस्ती नगरीकन लेखेको *शाहवंशचरित*को ठाउँ नेपाली वाङ्मयको इतिहासमा अलि विशिष्ट छ भन्ने यतिसम्मका कुराबाट स्पष्ट हुन्छ ।

११

पर्सिभल ल्याण्डन र उनको नेपालको इतिहास

नेपालसम्बन्धी सिङ्गो पुस्तकको प्रकाशनको शुरूआत वि.सं. १८६८ मा छापिएको विलियम कर्कप्याट्रिकको *एन अकाउण्ट अफ द किङ्डम अफ नेपाउल* (सन् १८११) बाट भएको हो। त्यो पुस्तक निस्केको आठ वर्षपछि छापिएको फ्रान्सिस बुक्यानन ह्यामिल्टनको *एन अकाउण्ट अफ द किङ्डम अफ नेपाल एण्ड अफ द टेरिटोरिज अनेक्स्ड टु दिस डोमिनियन बाइ द हाउस अफ गोर्खा* (सन् १८१९) लाई नेपालको इतिहासको रूपमा उभ्याउन सकिन्छ। तर कर्कप्याट्रिकको पुस्तकलाई जस्तै त्यसलाई पनि नेपालको परिस्थिति बुझ्न खोज्ने ब्रिटिश इष्ट इण्डिया कम्पनीका अधिकारीहरूको गुरु-ग्रन्थ भन्दा फरक पर्दैन। उन्नाइसौँ शताब्दीमा नेपाली भाषामा लेखिएको वंशावलीको अङ्ग्रेजीमा उल्था गराई ड्यानियल राइटले वि.सं. १९३४ मा प्रकाश गराएको *हिस्ट्री अफ नेपाल* (सन् १८७७) भए पनि त्यसले वास्तव इतिहासको प्रतिनिधित्व गर्दैन। त्यो पौराणिक आख्यान, दन्त्यकथा र वास्तव घटनाको घोलमेल गरी लेखिएको वृत्तान्त मात्र हो। त्यो पुस्तक छापिएको तीन वर्षपछि प्रकाशित हेन्री एम्ब्रोस ओल्डफिल्डको *स्केचेज फ्रम निपाल* (ओल्डफिल्ड सन् १८८०) पनि शुद्ध इतिहासको पुस्तक नभई उपयोगिताको दृष्टिले लेखिएको पुस्तक हो भन्दा त्यति फरक पर्दैन। यस्तै कोटिमा जर्ज हार्ट डेस्मण्ड गिम्लेटको *नेपाल एण्ड द नेप्लीज* (सन् १९२८) पर्छ। ब्रिटिश सेनामा गोरखालीहरूलाई भर्ती गर्न थालेपछि तिनीहरूको विषयमा अङ्ग्रेजहरूले लेखेका किताब पनि उपयोगिताकै दृष्टिले नै लेखिएका हुन्। यसरी उपयोगिताको दृष्टिले र नेपालमा आफ्ना अनुभव समेटी अङ्ग्रेजहरूले लेखेका नेपालसम्बन्धी पुस्तक थुप्रै भए पनि नेपालको खास इतिहास उनीहरूको चासोको विषय भएन।

नेपालको इतिहासलाई नै मूल विषय बनाएर लेख्ने कामको शुरूआत विलियम कर्कप्याट्रिकको पुस्तक छापिएको झण्डै पौने शताब्दीपछि बङ्गालीमा लेखिएको पुस्तकबाट शुरू भयो कि जस्तो मलाई लाग्छ । बङ्गालीमा लेखिएको मूल पुस्तक त मैले देखेको छैन, त्यसको हिन्दी उल्था (मिश्र मिति नखुलेको) मात्र मैले देखेको हुँ ।[१] उन्नाइसौँ शताब्दीमा नेपाली भाषामा लेखिएको वंशावलीको ड्यानियल राइटले गराएको उल्था र वि.सं. १९३७ मा भगवान्लाल इन्द्रजीको नेपालका उत्कीर्ण लेखसम्बन्धी (इन्द्रजी र ब्यूलर सन् १८८०) लेख र त्यस्तै अरू कृतिलाई उपजीव्य बनाएर त्यो पुस्तक लेखिएको थियो । वि.सं. १९६२ र १९६५ मा गरी तीन ठेलीमा सिल्विं लेविको *ल नेपाल* (लेवि सन् १९०५ए, सन् १९०५बी, सन् १९०८) छापिएपछि नेपालको इतिहास लेखनले फड्को मार्‍यो । *ल नेपाल* युगान्तकारी पुस्तक भए पनि त्यो फ्रेन्च भाषामा लेखिएकाले हाम्रो यतातिर त्यति प्रचारमा आउन सकेन । श्री ३ चन्द्र शमशेरले अङ्ग्रेजीमा त्यस पुस्तकको उल्था गराई त्यसका टाइप गराइएका प्रति आफ्ना छोराहरूलाई बाँडिदिएकाले थोरै मानिसको त्यसमा पहुँच पुग्न सकेको थियो । अनि वि.सं. १९७९ मा अम्बिकाप्रसाद उपाध्यायको *नेपालको इतिहास* (उपाध्याय १९७९) निस्कियो (हेर्नुहोस् यही पुस्तकको अध्याय १६) । त्यसपछि मात्र वि.सं. १९८५ मा दुई ठेलीमा पर्सिभल ल्याण्डनको *नेपाल* (ल्याण्डन सन् १९२८) निस्किएको हो ।

कर्कप्याट्रिकको नेपालसम्बन्धी पुस्तक छापिएको ११७ वर्षपछि तथा बङ्गाली, फ्रेन्च र नेपाली भाषामा नेपालको इतिहास छापिइसकेपछि मात्र अङ्ग्रेजीमा पहिलो पटक नेपालको इतिहास छापियो । यो देख्दा अङ्ग्रेज जाति उपयोगितामा विश्वास गर्ने जाति हो भनी सुन्दै आएको कुराको अझ पुष्टि भएको जस्तो मलाई लाग्छ । यसरी नेपालको सिङ्गो इतिहास लेख्नमा अङ्ग्रेजहरूको रुचि धेरैपछि मात्र जागेको कुरालाई यूरोपका विश्वविद्यालयमा संस्कृतको पढाइ फ्रान्समा वि.सं. १८७१ मा र जर्मनीमा वि.सं. १८७५ मा, भारतमा राज गरिरहेको बेलायतमा भने वि.सं. १८८९ मा मात्र शुरू भएको र त्यो पढाइ पनि अन्त जस्तो शुद्ध विद्याको अभिवृद्धिको लागि नभई भारतीयहरूलाई क्रिस्तान बनाउने उद्देश्यले क्रिस्तान धर्मका ग्रन्थ संस्कृतमा उल्था गर्नको लागि शुरू भएको कुरासँग जोड्न मन लाग्छ (महेशराज पन्त सन् १९७९ : ७०–७१) ।

[१] "बङ्गालीमा भरखरै प्रकाशित नेपालको इतिहासका कर्ता देशनिकाला गरिएका नेपालीसँग मेरो भेट भयो" (सन् १८८६ : ३; अङ्ग्रेजीबाट मेरो उल्था) भनी सेसिल बेण्डलले वि.सं. १९४२ मा छापिएको यात्रावृत्तान्तमा लेखकले बङ्गालीमा लेखिएको नेपालको यही इतिहासतर्फ औँल्याएको देखिन्छ ।

तस्वीर ११.१ : पर्सिभल ल्याण्डन (इन्टरनेटमा उपलब्ध) ।

तस्वीर ११.१ : पर्सिभल ल्याण्डनको नेपालको आवरण ।

त्यसमाथि, पर्सिभल ल्याण्डनले नेपालको इतिहास आफ्नो इच्छाले लेखेका थिएनन्, उनलाई लेख्न लगाइएको थियो भन्ने हामीलाई थाहा छ। त्यो कुरा अलि तल स्पष्ट पारिनेछ। जे भए पनि, नेपालको इतिहास लेखनको इतिहासमा ल्याण्डनको *नेपाल*को ठूलो ठाउँ छ। यसैले यहाँ ल्याण्डन र उनको नेपालको इतिहासको विषयमा केही लेख्ने प्रयत्न गरिन्छ।

अक्स्फोर्डको हर्ट्फोर्ड कलेजमा पढेका ल्याण्डन ग्रन्थकार र पत्रकारको रूपमा प्रसिद्ध छन्। उनका कृतिमध्ये सबैभन्दा प्रसिद्ध वि.सं. १९६५ मा प्रकाशित उनको कथासङ्ग्रह *रअ एजेज* (सन् १९०८) मा पहिलोपल्ट छापिएको भूतसम्बन्धी कथा "थर्न्ली आबी" हो भनी समीक्षकहरू भन्छन्। वि.सं. १९६१–१९६२ मा फ्रान्सिस यङहज्बण्डको मातहतमा भोटमा हमला गर्न गएको ब्रिटिश भारतको सेनासँगै द *टाइम्स* पत्रिकाका संवाददाता भई उनी गएका थिए। यसैको परिणाम वि.सं. १९६२ मा उनको *ल्हासा* (ल्याण्डन सन् १९०५) निस्कियो।

आफ्नो जीवनचरित्र गुरुज्यू हेमराज पण्डितबाट लेखाउने इच्छा चन्द्र शमशेरले वि.सं. १९६८ मै गरेका थिए। तर वि.सं. १९७२ सम्म पनि हेमराजले "त केही पनि लेखेका रहेनछन, कलमै चोपेका रहेनछन। लौ, तिमीलाई मेरो जीवन चरित्र लेख्ने काम दीए भनेर हुकूम भयो, मैले रुपियाँ राखेर यो कामलाई अंगीकार गरेको थिएं" भनी गोरखाभाषाप्रकाशिनी समितिका अध्यक्ष राममणि आचार्य दीक्षितले लेखेका छन्। जुन दिन श्री ३ चन्द्र र राममणिबीच यस विषयमा कुरा भएको थियो "तेसै दिन वेलुका सिंहदरबारका डोलेहरूले" श्री ३ चन्द्रले हेमराजकहाँ जीवनचरित्र लेख्नका लागि पठाएका पुस्तक जति आफूकहाँ ओसारे भनेर उनले लेखेका छन् (आचार्य दीक्षित २०२९ : ८४)।

"मलाई लेखनू त चन्द्र शंशेरको इतिहास थियो केवल यही जीवनी मात्र लेखनाले पछी यो पुस्तक त्यति उपादेय नहुने संझी यसलाई नै ईतिहासको रूप दीई त्यसमा चन्द्र शंशेरका इतिवृत्तलाई विशदीकरण गरने विचार भएर काम सुरू भएको हो" भनी राममणि आचार्य दीक्षितले लेखेकाले (२०२९ : ८५) नेपालकै इतिहास त्यस पुस्तकमा समाविष्ट गर्ने विचार भएको बुझिन्छ।

काशीनाथ आचार्य दीक्षित कलकत्ता जाँदा त्यहाँ बसी पढ्दै गरेका उनका छोराहरूलाई ट्यूशन पढाउने, एम.ए. बी.एल. पास गरेका टी.एन. रायसँग उनको हिमचिम भयो। टी.एन. ले नेपालमा नोकरी गर्ने इच्छा गरेकाले काशीनाथले चन्द्र शमशेरलाई यो कुरा जाहेर गरे। आफ्नी कान्छी महारानी बालकुमारी तर्फका जेठा छोरा विष्णु शमशेरलाई पढाउने मास्टर चाहिएकोले चन्द्र शमशेरले हुन्छ "झिकाउ, असल रहेछ भने १५० देखी २५० सम्म तलब पाउने हुनेछ" भनेकाले टी.एन. नेपाल आए। चन्द्र शमशेरलाई चित्त बुझेकोले विष्णु शमशेरलाई पढाउने काममा १५० रुपियाँ तलबमा उनी नियुक्त भए (आचार्य दीक्षित २०३१ : २७३)।

राममणिले लेखेको आफ्नो जीवनचरित्र वि.सं. १९७८ मा एकसरो तयार भइसकेपछि त्यसलाई अङ्ग्रेजीमा उल्था गराउने चन्द्र शमशेरको विचार भयो । त्यसैले उनी अङ्ग्रेजीमा उल्था गर्न सक्ने मानिसको खोजीमा थिए । विष्णु शमशेरलाई पढाउन आएका बङ्गाली मास्टर टी.एन. रायलाई उनको तनखामा १०० रुपियाँ थपी राममणिले लेखेको पुस्तकको अङ्ग्रेजीमा उल्था गराउने काम वि.सं. १९७४ मा शुरू भयो । यो उल्था गर्ने काम पनि दुई वर्षमा सकियो र उल्थाको टाइप गरी त्यसलाई पुस्तकको रूप दिने काम सम्पन्न भयो । नेपाली अङ्ग्रेजी दुवै भाषाका जीवनचरित्रमा संशोधन गर्ने काम वि.सं. १९७८ सम्म चलिरहेको थियो । टी.एन.ले गरेको अङ्ग्रेजी उल्था तयार भएपछि उनलाई तलबबाहेक बकस भनेर वि.सं. १९७८ भाद्र ३१ गतेको दिन श्री ३ चन्द्रले ३,३२५ रुपियाँ दिएको कुरा राममणि आचार्य दीक्षितले लेखेका छन् (२०२९ : ८५–८९) ।

राममणिले लेखेको पुस्तकको अङ्ग्रेजीमा गरेको उल्थामा कलकत्ताबाट बी.ए. पास गरी भरखरै फर्केका आफ्नो काहिँलो छोरो यज्ञमणिले केही कुरा सच्च्याएको थियो भनी काशीनाथ आचार्य दीक्षित (२०३१ : २८०) ले लेखेका छन् । उल्थाको काम हुँदा मूल लेखक आफू र आफ्ना अङ्ग्रेजीबाज भाइ यज्ञमणिले सघाएको कुरा राममणि आचार्य दीक्षितले लेखेका छन् (२०२९ : ८६) ।

आफ्नो पुस्तैनी आप्त सेवक राममणिद्वारा आफ्नो जीवनचरित्र लेखाउन थाल्दा नै त्यसको अङ्ग्रेजीमा उल्था गराई छाप्ने विचार चन्द्र शमशेरको थियो । तर टी.एन. राय जस्ता अप्रसिद्ध मानिसको नाउँबाट होइन कि कुनै प्रसिद्ध लेखकको नाउँबाट आफ्नो जीवनचरित्र छाप्ने उनको विचार भएकोले उनी त्यस्तो मानिस खोज्दै थिए । यो कुरा "जीवनीको भूमिका रायले लेखेको लगी नजर गराञे, तेसमा यो उसैले छापछू भन्ने आशय रहेछ. यो उसले कहिले छापने पाउँदथ्यो अर्कै मानिसद्वारा छपाउछू भन्ने भयो. अंदाजले कुनै अंग्रेजमार्फत छपाउने राय बुझें. बेलायत पठाउने रे." (२०२९ : ८९) भनी राममणि आचार्य दीक्षितले लेखेकोबाट बुझिन्छ ।

अङ्ग्रेजीका नामी ग्रन्थकार र पत्रकार पर्सिभल ल्याण्डनले भोटको विषयमा लेखेको पुस्तक वि.सं. १९६२ मै छापिइसकेकोले उनी यतातिर प्रसिद्ध भइसकेका थिए । उनको पहिलो नेपालयात्रा वि.सं. १९६५ मा भएको थियो (ल्याण्डन सन् १९२८ : २ ठेली, ३०१–३०२) । वि.सं. १९७८ मा बेलायतका युवराज अष्टम एडवर्ड चितवनमा शिकार खेल्न दलबलसहित आउँदा उनीसँग आउने ४९ जना यूरोपियनहरूमध्ये ल्याण्डन पनि थिए (ल्याण्डन सन् १९२८ : २ ठेली, १५०) । दुई पटक नेपाल आइसकेका ल्याण्डनबाट आफ्नो जीवनचरित्र लेखाउने विचार चन्द्र शमशेरको भयो । यसैले वि.सं. १९८१ को बर्खामा उनी काठमाडौँ आए (ल्याण्डन सन् १९२८ : २ ठेली, ३०५) । उनको यो नेपालयात्रा राजकीय अतिथिको रूपमा भएको थियो । यो कुरा उनलाई चन्द्र शमशेरका माहिला छोरा

बबर शमशेरको महलमा राखिएकोले (ल्याण्डन सन् १९२८ : १ ठेली, २१२,२ ठेली, २०९; आचार्य दीक्षित २०२९ : ८९), चन्द्र शमशेरकी कान्छी महारानीतर्फका माहिला छोरा शङ्कर शमशेरको विवाह हुँदा उनलाई विवाहोत्सवमा लगिएकोले (ल्याण्डन सन् १९२८ : २ ठेली, २४९–२५०) र उनलाई रातो मत्स्येन्द्रको भोटोजात्रा देखाउन चन्द्र शमशेरले कार पठाएकाले (ल्याण्डन सन् १९२८ : २ ठेली, २१२–२१३) स्पष्ट हुन्छ। ल्याण्डनलाई इतिहास लेख्न सजिलो होओस् भनी चन्द्र शमशेरको हुकूमले उनीकहाँ राममणिको पुस्तकको टी.एन. रायले गरेको उल्था पुऱ्याइयो। इतिहास लेख्ने काममा ल्याण्डनलाई सघाउन श्री ३ चन्द्रले एम.ए. पास गरिसकेका यज्ञमणिलाई खटाएका थिए भनी काशीनाथ आचार्य दीक्षित (२०३१ : २८०) ले लेखेको र बडाकाजी मरीचिमान सिंह, हरिगोपाल बनर्जी, यज्ञमणि र एकजना खरदार साहेबले आफूलाई माया गरी गरेको मदतको सम्झना गरी ल्याण्डनले आफ्नो पुस्तकको प्रस्तावना टुङ्ग्याएको कुराको सम्झना हुन्छ (ल्याण्डन सन् १९२८ : १ ठेली, प्रिफेस ४)। "उनले यसैलाई आफनू अंग्रेजीबाट तयार गरी आफ्नै नामले पछि 'नेपाल' भनी बेलायतबाट २ भागमा प्रकाशित गरे" भनी राममणि आचार्य दीक्षितले लेखेका छन् (२०२९ : ८९)।

यस सन्दर्भमा पर्सिभल ल्याण्डनको *नेपाल* उपर राममणिले गरेको टिप्पणीको यस्तो छ :

> माहाराज चन्द्रको यो काममा पनी दूरदर्शिता नै भएको रहेछ जसतो आज-भोली मलाई लागन लागेको छ। वहाको इच्छा अनुरूप यो कार्य प्रारम्भ भएको हो। यदि नेपालीमा राममणिले या अङ्ग्रेजी अनुवादमा टी. एन. रायको नामले यो पुस्तक प्रकाशित भएको भए सायद यति महत्त्वको स्थान यसले पाउँथ्यो या पाउँदैनथियो, शंकास्पदै छ। 'नेपाल' को छपाई रामरो छ, कागज असल र साथसाथै अंग्रेजी पनि बेलायतीले लेखेको हुनाले वेश छ। धेरै समयको परंपराले हामीहरू धेरै जसोलाई गोराछाला प्रति आरकै भावना वसालेको छ। अंग्रेज जातिको अगाडी आफूलाई नीचातिनीच संझने हिन्दुस्थानी या नेपालीको निमित्त त यो किताब पनी एक प्रामाणिक ग्रन्थ मानिनेनै भयो। एक डेढ लाख रु. बुद्धि पुऱ्याएर खर्च गर्नाले माहाराजको इच्छा साकार भएको देखदा खुशी लागेको छ। (२०२९ : ८९–९०)

आफूले लेखेको इतिहासको टी.एन. रायले गरेको अङ्ग्रेजी उल्थालाई नै आफ्नो अङ्ग्रेजीमा ढाली पर्सिभल ल्याण्डनले *नेपाल* तयार गरेका हुन् भनेर राममणिले दाबी गरे पनि त्यसमा अतिशयोक्ति छ। ल्याण्डनको *नेपाल*मा जे जति विषय समेटिएको छ, त्यो

सबै राममणिको बुताले भेट्टाउने कुरा होइन । यस विषयमा राममणिको भन्दा उनका बाबु काशीनाथ आचार्य दीक्षितको भनाइ बढी संयत छ :

> यसै मौकामा बेलायतको सर्सिभल लन्डन [Perceval London] अंरेज, किताब लेखनमा पूर्ण विद्वान रहेछ, उ नेपाल आयो । उस्को साथमा काम गर्न यज्ञलाइ पनि राखिवक्सीयो । उसले श्री ३ को जीवनी लेखछु भन्ने प्रार्थना गरेछन्, र हुन्छ भन्ने भयेछ । सराजाम नेपालको, हजूर्को इतिहास पाउ, भने छन । त्यो सब राममणिले तयारिकै थियो, सोही टी यन रायले लेखेको किताब वक्सीयो । त्यो हेरेर तेस्मा नपुग्येको कुरा जति माग्यो । अरू जंगबहादुर, रणउद्दिप सिंह, वीर सम्सेर, हरूको र नेपालका पुराना राजघराना श्री ५ सर्कारको स्मेत इतिहास माग्यो । सब वंशावली लेखने हरूसित बाट लिदै, जम्वा गर्दै, सबै वक्सीयो । (२०३१ : २८०)

अङ्ग्रेजीमा आफ्नो जीवनचरित्र लेखाउन पाए देशविदेशमा आफ्नो अनुकूलको कुरा फैलाउन पाइन्थ्यो भन्ने चन्द्र शमशेरलाई पहिल्यैदेखि लागिरहेको हुन सक्छ । यहाँको रीतभाँत नबुझेका लेखकद्वारा आफ्नो जीवनचरित्र झ्वाट्ट लेखाउँदा तलबितल पर्ला भनेर उनले पहिले नेपालीद्वारा नै त्यो काम गराई विदेशीलाई नेपालीले गरेको काम सुम्पी उसले आफ्नो लेखाइमा नेपालीले लेखेको कुरालाई आधारसामग्री बनाओस् भन्ने उनको इच्छा थियो कि जस्तो मलाई लाग्छ । यसैले पहिलेबाट नेपालीमा लेखिएको इतिहासलाई बङ्गालीद्वारा अङ्ग्रेजीमा उल्था गराई त्यो उल्था ल्याण्डनलाई सुम्पिएको हुन सक्छ ।

ल्याण्डनले लेखेको नेपालको इतिहास छपाउन चन्द्र शमशेरले बडाकाजी मरीचिमानसिंहमार्फत १ लाख ६५ हजार भा.रु. दिएका थिए भनी राममणि आचार्य दीक्षित (२०२९ : ८९) ले लेखेका छन् । त्यस रकममा अझै ५०० भा.रु. बढी भएको कुरा प्रमोद शमशेर राणाको लेखाइबाट बुझिन्छ (२०६५ : २९६) । चन्द्र शमशेरबाट आफूले आधुनिक नेपालको इतिहासका त्यति प्रख्यात नभएका अवधि स्पष्ट पार्ने सामग्री पाएको कुरा आफ्नो पुस्तकको प्रस्तावनामा ल्याण्डनले खुलाएर लेखेका छन् । इतिहास लेख्न बस्दा आफूलाई चाहिएको कुनै सूचना पाऊँ भनी महाराजलाई बिन्ती चढाउँदा आफ्नो बुत्ताले भ्याएसम्म उहाँले उत्लिखेरै पूरा नगरिदिएको एउटा कुरा पनि छैन भनी उनले लेखेका छन् । नेपालका त्यति प्रख्यात नभएका जिल्लाहरूमा घुमेका मान्छेहरूलाई चन्द्र शमशेरले आफूसँग जसरी नै खुलस्त ढङ्गले ल्याण्डनलाई बताउनू भनी आफूकहाँ मान्छेहरू पठाएको कुरा पनि उनले लेखेका छन् (ल्याण्डन सन् १९२८ : १ ठेली, ९–१०) । तर ल्याण्डनको *नेपाल* छापिएको तेस्रो वर्षमा प्रकाशित आफ्नो नेपाली कोषमा राल्फ लिली टर्नरले लेखे जस्तो

(सन् १९३१ए : भित्री मुख पृष्ठ र ८) चन्द्र शमशेरबाट पाएको अर्थसहायताबारे ल्याण्डनले केही उल्लेख गरेका छैनन् । ल्याण्डन र टर्नर दुवैले चन्द्र शमशेरबाट अर्थसहायता पाए पनि अघिल्लाले त्यसको चर्चा नगर्नुको कारण चन्द्र शमशेरको स्वेच्छाचारी शासनको समर्थन आफ्नो पुस्तकमा गरे पनि त्यो पुस्तक भाडाको लेखक भई गरेको कुरा प्रचार नहोस् भन्ने मनसाय उनको थियो जस्तो मलाई लाग्छ ।

पर्सिभल ल्याण्डनको *नेपाल*का सात ओटा समीक्षा प्रकाशित भए (हेर्नुहोस् बूल्न्वा र मिलो सन् १९६९ : प्रविष्टि १२४) पनि मैले चाहिँ एउटा मात्र पढ्न पाएको छु । त्यो समीक्षा राल्फ लिली टर्नर (सन् १९३१बी : १९६–१९८) ले लेखेका हुन् । टर्नरको समीक्षा ल्याण्डनको *नेपाल*को निष्पक्ष समीक्षा नभई मूलतः पुरोभागी अर्थात् दोष खोतल्ने खालको हो कि जस्तो मलाई लाग्छ ।

तात्कालिक नेपालसम्बन्धी कागजातमा र हरेक किसिमका सूचनामा ल्याण्डनको पहुँच पुगे पनि भाषाले गर्दा यी सामग्रीमा सीधै खोजी गर्न उनले सके भन्न शङ्कास्पद छ भन्ने टर्नरको भनाइ छ । ल्याण्डनको *नेपाल*को सबभन्दा मूल अवदान भनेको चन्द्र शमशेरको राज्यकालको बयान गरी लेखिएका चार अध्याय नै हुन् भनी टर्नरले लेखेका छन् । यसको मतलब चन्द्र शमशेरको जीवनचरित्र नै ल्याण्डनको *नेपाल*को खास वैशिष्ट्य हो, अरूचाहिँ गतार्थ हुन् भनी टर्नरले भन्न खोजेको देखिन्छ ।

वि.सं. १९३८ देखि १९८२ भित्र नेपाल आउने यूरोपियनहरूको नाम पर्सिभल ल्याण्डनले आफ्नो *नेपाल*को दोस्रो ठेलीको चौबीसौँ परिशिष्टमा दिएका छन् । त्यहाँ केही नाउँ छुटेको कुरा टर्नरले आफ्नो समीक्षामा औँल्याएका छन् । वि.सं. १९७९ मा सगरमाथा चढ्न आएका अङ्ग्रेजमध्ये केहीले अरुण खोलाको खोँचको यात्रा गरेको कुराको बयान वि.सं. १९८० मा *जिओग्राफिकल जर्नल*मा चार्ल्स जोन मोरिसले प्रकाश गराएका छन् । त्यसमा "मैले आफ्नो तर्फबाट लेखेको कुरा पनि गाभिएको छ, आफ्नो *नेपाल*को प्रस्तावनामा ल्याण्डनले मैले लेखेको कुराबाट केही वाक्य मेरो नाउँ नदिएर सार्दा सार्दै पनि त्यस यात्राको कुरा छुटाएकाले अचम्म लाग्छ" भनी टर्नरले लेखेको कुरा चाखलाग्दो छ ।

ल्याण्डनको *नेपाल* प्रेसमा जानुभन्दा अगाडि नै उनी बितेकाले त्यस पुस्तकको विन्यास (अरेन्ज्मेन्ट) र परिष्कार (फिनिश) मा दोष पर्न गएको कुरा टर्नरले त्यस समीक्षामा उदाहरणसहित देखाएका छन् । भाषाशास्त्रको दृष्टिले नेपाली भाषा वस्तुतः हिन्दी नै हो भनी ल्याण्डनले लेखेको कुरालाई संस्कृत र त्यसबाट निस्केका भाषाका शब्दको परिशीलनमा जिन्दगी बिताएका र नेपाली भाषाको तुलनात्मक एवं व्युत्पत्तिमूलक कोषकारसमेत भएका टर्नरले स्पेनिश भाषा वस्तुतः फ्रेञ्च भाषा नै हो भने जस्तै झूटो कुरा हो भनी लेखेका छन् ।

टर्नरले भने जस्तै अगाडिका नौ अध्यायमा सो पुस्तकमा थोरै मात्र नयाँ कुरा छन् । सिल्विं लेविको *ल नेपाल* पढ्न नसक्ने वा ड्यानियल राइटले प्रकाश गरेको वंशावलीमा

अल्मलिनेहरूको लागि यी अध्याय कामलाग्दा छन्, नेपालको इतिहासका अलमल्याउने र अपूर्ण स्रोतबाट भारतमा भएको सिपाही विद्रोहसम्मको जे जति कुरा स्पष्ट हुन्छ, त्यो ल्याण्डनको *नेपाल*मा स्पष्ट पारिएको छ भनी टर्नरले लेखेका छन् । सिपाही विद्रोह दबाउन श्री ३ जङ्गले गरेको मद्दतको विषयमा पहिलो पटक यस पुस्तकमा पूरा खुलाएर लेखिएको छ भनेर पनि उनले लेखेका छन् ।

पौने दश इन्च लम्बा र सात इन्च चौडा, साढे सात सय पृष्ठमा फैलिएको ल्याण्डनको *नेपाल*मा १७ अध्याय र २५ परिशिष्ट छन् । यसबाहेक, नेपालका चार थरी नक्शा र श्री ५ र श्री ३ का वंशक्रम पनि त्यहाँ दिइएका छन् । ल्याण्डनले लेखेको नेपालको इतिहास प्रकाशित भएपछिका ९० वर्षभन्दा बढीको यस अवधिभित्र नेपालको इतिहासको खोजीले निकै फड्को मारिसकेकोले त्यस पुस्तकका मूल अध्याय एक प्रकारले गतार्थ भइसकेका छन्; परिशिष्ट भने अझै उपयोगी छन् । यस प्रसङ्गमा उनले नेपाली टकहरूको विषयमा लेखेको परिशिष्टमा भएको एउटा बुँदाकै कुरा गरूँ । एकापट्टि "श्रीमानाङ्क" र अर्कोपट्टि "श्रीभोगिनी" लेखिएको टकमा भोगिनीको चिनारीको विषयमा निकै कुरा लेखिए पनि तथ्य कुरामा ऐतिहासिकहरू लामो कालसम्म पुग्न सकेका थिएनन् । "श्रीभोगिनीति कथितास्य बभूव देवी" अर्थात् "उहाँ (मानदेव) की श्रीभोगिनी भनी कहिएकी बडामहारानी हुनुहुन्थ्यो" भनी लेखिएको मानदेवकी छोरी विजयवतीको अभिलेख वि.सं. २०१८ मा प्रकाशमा आएकोले (तेवारी र अरू २०१८ : २३–२४) मानदेवकी बडामहारानीको नाउँ भोगिनी भएको थाहा हुन जाँदा मानाङ्कमा "भोगिनी" लेखिएको कुराको अर्थ लाग्न गयो । यो कुरा खुलस्त पार्न "भोगिनी को हुन् ?" शीर्षकको लेख संशोधन-मण्डलले त्यही साल प्रकाशित पनि गऱ्यो (२०१८ : ४) । "मानदेवकी पत्नीको नाउँ भोगिनी भनी कुनै वंशावलीमा लेखेको कुरा आफूले पाएकाले मानाङ्कमा भोगिनी शब्दको प्रयोगद्वारा दोहरो अर्थ बुझाउन खोजिएको हो भन्ने विचार राजगुरु हेमराज पण्डितको छ" (ल्याण्डन सन् १९२८ : २ ठेली, ३११, ७ टिप्पणी; अङ्ग्रेजीबाट मेरो उल्था) भनी विजयवतीको अभिलेख प्रकाशित हुनुभन्दा ३३ वर्षअगाडि नै प्रकाशित *नेपाल*मा ल्याण्डनले लेखेकाले त्यसै वेला भोगिनीको चिनारी एक प्रकारले स्पष्ट भइसकेको थियो भन्ने बुझिन्छ ।

चन्द्र शमशेरको विषयमा लेख्दै जाँदा ल्याण्डनले लेखेको एउटा कुराको उद्धरण गरेर र त्यसबारे केही टिप्पणी गरेर यो लेख टुङ्ग्याऊँ । ल्याण्डनको शब्दमा "उहाँको रुचिको विषय विस्तीर्ण छ । पश्चिममा भूतकालको परिशीलन लग्नू पार्ने आसक्ति भएको कुरा उहाँले ठम्याए पनि यसलाई आफ्नो देशको भौतिक र धार्मिक प्रयोजनभन्दा बढी महत्त्व दिन उहाँको व्यावहारिक बुद्धिले उहाँलाई इजाजत दिँदैन भनी भन्नुपर्दा अपशोच लाग्छ । नेपाल खाल्डो र तराईमा विदेशी पुराविद्हरूले गरेको यस्तो खोजीमा भने उहाँबाट प्रतिबन्ध लगाइएको छैन" (ल्याण्डन सन् १९२८ : २ ठेली, ९१–९२; अङ्ग्रेजीबाट मेरो उल्था) ।

ल्याण्डनको यस लेखाइबाट इतिहासको खोजी चन्द्र शमशेरको अभिप्रेत विषय होइन भन्ने बुझिए पनि उनले खर्च गरी ल्याण्डनलाई किन नेपालको इतिहास लेखाए भन्ने प्रश्न यहाँनिर उठ्छ । इतिहासको खोजी उनको अभिमत विषय नभए पनि आफ्नो प्रशंसात्मक जीवनचरित्र प्रकाशित गराउने थियो । उनको पहिलेदेखिको इच्छा भने राममणिले लेखे जस्तै केवल चन्द्र शमशेरको जीवनचरित्र मात्र लेख्नाले पछि त्यो पुस्तक त्यति उपादेय नहुने सम्झी त्यसलाई इतिहासको रूप दिइएको हो भन्नुपर्छ ।

१२

विद्वच्छिरोमणि हेमराज पण्डित

वि.सं. १९३५ को आषाढशुक्ल द्वितीयामा काठमाडौँमा जन्मेका हेमराज पण्डित माहिला गुरुज्यूको नाउँले प्रसिद्ध थिए । राणाकालमा विद्या र राजकाज दुवैमा छाएका पण्डित हेमराजको खास गरी विद्यामा अवदान यस लेखको विषयवस्तु हो ।

भारतको उत्तराखण्ड राज्यमा पर्ने कुमाउमा काठगोदाम नजिकैको बडखोडा भन्ने ठाउँका काश्यपगोत्री पाँडेहरू कालान्तरमा महाकाली तरी पूर्व लाग्ने क्रममा गण्डकी प्रस्रवण क्षेत्रमा आई बसोबास गर्न थाले । पाँडे नै थर भएका कश्यपगोत्री, गौतमगोत्री र भारद्वाजगोत्रीबाट छुट्ट्याउन काश्यपगोत्री यी पाँडेहरूलाई उनीहरूको मूल थलोको नाउँको यतातिर चलेको उच्चारणअनुसार बडाखोला पाँडे भन्ने गरिन्छ ।

यी बडाखोला पाँडेहरू त्यस क्षेत्रका चौबीसी राज्यमा राज गर्ने केही राजाका गुरु पनि बने । पर्वतका राजा शाह मल्लका गुरु यसै वंशका गौरीश्वर पाँडे थिए । सेन राजाका समेत गुरु बनेका यी पाँडेहरू तनहुँ राज्यका खानदानी राजगुरु हुन पुगे । गोरखाली राजा पृथ्वीपति शाह जीवित हुँदै उनका जेठा छोरा युवराज वीरभद्र शाह परलोक भए । उनका चार रानीमध्ये एक जना तनहुँका राजा दामोदर सेनकी छोरी थिइन् । लोग्ने बित्दा उनी गर्भवती थिइन् र घरमा ठाकठुक परेकोले अगावै माइत गएर बसेकी थिइन् । माइतमै नरभूपाल शाहको जन्म गर्भेटुहुराको रूपमा भयो । पछि उनलाई गोरखा ल्याइयो । गोरखाली राजाहरूका गुरु मिश्र र अर्ज्याल हुँदाहुँदै पनि नरभूपाल शाहको व्रतबन्धमा मावलीपट्टिका गुरु गौरीश्वर पाँडेका साहिँला छोरा जगन्निवासले मन्त्र सुनाए । यसरी नरभूपाल शाहको पालादेखि पाँडेहरू पनि गोरखाली राजगुरु हुन गए ।

तस्वीर १२.१ : हेमराज पण्डित (पं. हेमराज शर्मा : उनका कृति र समीक्षाबाट) ।

गोरखाली राजकाजमा पाँडेवंशको क्रमशः प्रभाव बढ्दै जाँदा वि.सं. १९०२ मा गौरीश्वर पाँडेका जनाति विजयराज धर्माधिकारमा नियुक्त भए। थर पाँडे भए पनि यिनीहरू आफूलाई पाँडे भनेको मन पराउँदैनथे र पछिसम्म पनि यिनीहरूमा पण्डित थर लेख्ने चलन थियो। पण्डितमा आदरार्थी "ज्यू" जोडी यिनीहरू आफैले र यिनीहरूलाई अरूले "पण्डितज्यू" लेख्ने प्रथा पनि थियो।

यिनै विजयराजका पनाति हेमराजले दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेका पनाति पण्डित धीरनाथ पाँडेसँग *अमरकोष*, *रघुवंश* आदि पढेका थिए भनी हेमराजका जेठा नाति प्रकाश ए. राजले लेखेका छन् (२०३५ : ११)। पछि हेमराजले व्याकरण र न्यायका ख्यातनामा विद्वान् गङ्गादत्त गोतामेसँग शास्त्रीसम्मका पुस्तक पढेका थिए भन्ने उनका जेठा छोरा केसरिराजको भनाइ छ (प्रधान २०५६ : १२)। नेपालमै *परिभाषेन्दुशेखर*सम्म व्याकरण पढेपछि वि.सं. १९५५ मंसिरमा काशी गई महामहोपाध्याय गङ्गाधर शास्त्रीसँग पढ्न थालेको कुरा हेमराजले आफ्नो डायरीमा लेखेका छन्। उनले शास्त्रीजीसँग व्याकरणमा फेरि *परिभाषेन्दुशेखर* दोहऱ्याएको; *मनोरमा*, *शब्दरत्न*को केही अंश, *शब्देन्दुशेखर*को केही अंश पढेको; नव्यन्यायमा र साङ्ख्यमा चञ्चुप्रवेश गरेको; साहित्यका लक्षणग्रन्थमा *कुवलयानन्द*, *साहित्यदर्पण* र *काव्यप्रकाश* तथा धर्मशास्त्रमा *याज्ञवल्क्यस्मृति*को *मिताक्षरा* पढेको र

नेपालमा नपढेका केही काव्यनाटक पढेको कुरा बुझिन्छ (नेपाल २०५७ : ७६–७७) । बीस वर्षको उमेरमा पढ्नको लागि काशी जानुभन्दा अगाडि नव्यव्याकरणका आधारभूत ग्रन्थ उनले काठमाडौँमै पढिसकेका थिए भन्ने यसले देखाउँछ ।

कमाण्डर-इन-चीफ धीर शमशेर जनरल छँदैदेखिका उनको दरबारका निजी पण्डित शिरोमणि आचार्यले काशीमा महामहोपाध्याय गङ्गाधर शास्त्री र वामनाचार्यको अगुवाइमा वि.सं. १९५६ मा नामी याज्ञिकहरूद्वारा वैदिक यज्ञहरू सम्पन्न गरे । ती यज्ञ शुरू हुनुअगावै गौरीनाथ दीक्षित र वामनाचार्यहरूसँग आफूले यज्ञका विधिविधानका पुस्तक पढेको र ती यज्ञमा प्रयोग हेरेको कुरा हेमराजले आफ्नो डायरीमा लेखेका छन् (नेपाल २०५७ : ७७) । शिरोमणिले गरेका तीन ओटै यज्ञमा हरदम नजिकै रही सबै कुराको हेरविचार हेमराजले गरेकाले ती यज्ञ कत्ति पनि टूट नभई राम्रोसँग सम्पन्न भयो भनी शिरोमणिका साहिँला छोरा सदाशिव आचार्य दीक्षितको नाउँमा दरिएको *आचार्यवंशावली* (१९५९, पूर्वभाग ३७५ श्लोक) मा लेखिएको छ । "श्रीमाहिला गुरुज्यू श्रीगुरुराज हेमराज पण्डितज्यूबाट पनि पूर्ण दया निगाह गरीबक्सी सारा काम एक एक गरी आफ्ना नजरले नजर गरीबक्सिन्थ्यो । सारा विधिक्रमको पुस्तक लिएर राज हुन्थ्यो । त्येसो हुनाले विधिमा पनि न्यूनाधिक हुन पाएन होला भन्ने हाम्रो कुरा हुन्थ्यो । यज्ञ शुरू भएदेखी काम हुञ्जेल रातदिन मण्डपमा राज हुन्थ्यो । चयन यज्ञ बनाउँदा कम्मर कसिकन इटासमेत आफै बोकिबक्सिन्थ्यो" भनी शिरोमणिका माहिला छोरा काशीनाथ आचार्य दीक्षितले लेखेका छन् (२०३१ : १६८–१६९) । त्यस वेला हेमराजको उमेर २१ वर्ष मात्र थियो । बालकृष्ण समले लेखेका छन् : "यी गुरुज्यू यति साना भए पनि यिनको बुद्धि तीखो छ पछि तिमीहरूलाई धेरै काम दिनेछन् भनी वीर शमशेरले आफ्ना भाइहरूलाई भने" (२०२९ : २९०) ।

वि.सं. १९४२ मा वीर शमशेर र उनका भाइहरूले आफ्ना ठाहिँला बाबु श्री ३ रणोद्दीपसिंहलाई मारेपछि धर्मभीरु यिनीहरूलाई गोत्रहत्याको तापले पिऱ्यो । प्रायश्चित्तको लागि वीर शमशेरले धर्मकर्म गर्ने विचार गरे । तीनधारा पाकशालाको स्थापना जस्तै शिरोमणि आचार्यले गरेका यज्ञ पनि त्यही प्रायश्चित्तका कडी हुन् भनी बुज्रुकहरूले भनेको मैले सुनेको छु । "श्री ३ महाराजबाट पनि त्यो यज्ञ आफ्नै गराई सब खर्च बक्सेकोले, दीक्षा पनि लिबक्सेको भए हुने, सो गर्नलाई काल बखत राजकाजले नहुने, त्यस्तो कुरा विन्ति पनि गर्न नहुने, त्यो यज्ञको पूर्ण फल वहाँलाई नै होओस् भन्ने पिताजीको इच्छा पनि हुनाले वहाँको प्रतिनिधि गराई कुशको र सुवर्णको प्रतिमूर्ति वहाँको एक सिंहासनमा राखी पूजा भयो" (२०३१ : १६९) भनी यज्ञका यजमान शिरोमणिका छोरा काशीनाथ आचार्य दीक्षितले लेखेकोबाट पनि माथिको कुराको पुष्टि हुन्छ । जसले दिएको साइतमा शमशेरबन्धुहरूले ४२ साल पर्व गरे (दिनेशराज पन्त २०६६ : १७; दीक्षित २०७४ : ८३),

खानदानी नबनिसकेका तिनै शिरोमणिले आफ्ना मालिकको फलप्राप्तिको लागि गरेको यज्ञमा यसैले राजगुरु खानदानका हेमराज सघाउन पुगेको देखिन्छ ।

वि.सं. १९६० को वैशाखमा श्री ३ चन्द्र शमशेरले कोटिहोम गर्दा हेमराज पण्डित आचार्य भएको र वि.सं. १९६२ देखि उनले भारादारीको काम गर्न थालेको कुरा उनको डायरीबाट थाहा पाइन्छ (नेपाल २०५७ : ७७–७८) । यसबाट उनको काशीप्रवास चार वर्ष चार महिनाभन्दा बढी नभएको देखिन्छ । हेमराजले गङ्गाधर शास्त्रीसँग काशीको राजकीय संस्कृत पाठशालाको नियमित विद्यार्थी भई नपढेको र निजी ढङ्गले मन लागे जति पढी फर्केको पनि यताबाट देखिएको छ ।

ब्रिटिश इष्ट इण्डिया कम्पनी सरकारले काशीमा वि.सं. १८४८ मै राजकीय संस्कृत पाठशाला स्थापना गरे पनि परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूले प्रमाणपत्र पाउने व्यवस्था भने वि.सं. १८७७ देखि मात्र भयो । ती प्रमाणपत्रमा अहिलेको जस्तो उपाधि नलेखी यी-यी ग्रन्थ पढेको भनेर लेखिन्थ्यो । त्यस्तो प्रमाणपत्र दिने चलन पछिसम्म थियो । हेमराजका बाजे नगेन्द्रराज पण्डितको प्रमाणपत्रमा पनि फलाना-फलाना ग्रन्थ पढेको उल्लेख भएको कुरा म सम्झन्छु । वि.सं. १९३७ मा गेओर्ग फ्रीड्रिख विलियम थीबो प्रिन्सिपल भएपछि मात्र प्रथमा, मध्यमा र आचार्य उपाधि दिइने चलन त्यस पाठशालामा चलेको हो (महेशराज पन्त २०६७ : ७०–७३) । हेमराजले वि.सं. १९५५ मा काशीमा पढ्न थाल्दा प्रथमा, मध्यमा र आचार्य उपाधिको चलन चलिसकेको भए पनि उनले उपाधि किन लिएनन् भन्ने प्रश्न यहाँनिर उठ्न सक्छ । हेमराजले शास्त्रीसम्मका पुस्तक नेपालमै पढिसकेको भए पनि मध्यमा परीक्षा उत्तीर्ण गरेपछि मात्र शास्त्रीको परीक्षा दिन पाइन्थ्यो । हेमराजका छोरा केसरिराजका अनुसार वि.सं. १९४७ मै बाबु लोकराज बितिसकेकाले परिवारको जिम्मेवारी हेमराजमा आइसकेको थियो । त्यसले गर्दा शास्त्री उपाधि लिन छ वर्षसम्म काशीमा बिताउन उनी असमर्थ भए र परीक्षाको लागि नकुरी आचार्यसम्मको पढाइ गङ्गाधर शास्त्रीसँग गरी हेमराज फर्के (प्रधान २०५६ : १२) । हेमराजका छोराले यसो भने पनि शास्त्री परीक्षाको चलन शुरू भएको मिति नपाएसम्म यस भनाइको परीक्षा गर्न सकिँदैन ।

मोतीराम भट्टसँगको सङ्गतले हेमराजको लेख्ने काम शुरू भएको थियो भन्ने कुरा "मोतीरामले मलाई नेपाली भाषाको सेवा गर्ने प्रेरणा दिए" भनी हेमराजले भनेकोबाट थाहा हुन्छ (राज २०३५ : १५) । मोतीरामकी आमा रिपुमर्दिनी राजगुरु विजयराज पण्डितकी भानिजकी छोरी भएकी र हेमराजचाहिँ विजयराजका पनाति भएकाले मोतीराम र हेमराजमा नातासम्बन्ध पनि थियो । मोतीराम वि.सं. १९५१ मा भारतमा पढ्न बस्दा हेमराजले उनलाई भनी त्यही साल किताब झिकाएकाले १६ वर्षको उमेरमै उनले आफ्नो भारती भवन पुस्तकालयको शुरूआत गरेको देखिन्छ (राज २०३० : ७, २०५८ : १३–१४) । हेमराज १६ वर्ष हुँदा उनीहरूको अंशबण्डा भएको र उनले सुनको सिंहासन छोडी अंशमा

पुस्तक लिएको भनी नयराज पन्तबाट सुनिएकोले पनि उनको पुस्तकालयको प्रारम्भ त्यसै वेला भएको मान्न सकिन्छ । हेमराजको पहिलो कृति नेपाली भाषामा लेखिएको नाटक (राज २०३५ : १५) भए पनि उनी पछि साहित्य सिर्जनातर्फ लागेनन् ।

हेमराजको महत्तम अवदान नेपाली भाषाको लेखाइको स्थिरीकरण हो । हेमराज जन्मनुभन्दा आठ सय वर्षजति अगाडिदेखि नै नेपाली भाषा लेखिँदै आए पनि रूपभेद प्रशस्त थियो । पछि पश्चिमी प्रभावमा नेपाली भाषाको रूप स्थिर गर्ने प्रयास वीरेन्द्रकेशरी अर्याल (आचार्य सन् १९८० : ११३–१२०; खरेल के.सी. २०५८ : १७९–२५०), राजा जयपृथ्वीबहादुर सिंह (१९६९) को प्रयासबाट केही काम भयो, ऐकरूप्य भने आउन सकेन । राममणि आचार्य दीक्षितको परम्पराको व्याकरणको अर्कै ढब थियो । उनीहरूले "हलन्त बहिष्कार" को आन्दोलन गरेका थिए र त्यसको लागि व्याकरण नै बनाएका थिए (दीक्षिताचार्य्य सन् १९१३) । कुनै पनि शब्द वा धातुको खुट्टा नकाटी लेख्ने (उदाहरण, "आउँछन्" नलेखी "आउँछन" लेख्ने) नियम नै हलन्त बहिष्कार आन्दोलन थियो । यो नियम कुनै शास्त्रीय आधारमा नभई हिन्दीको अनुकरणमा छापाखानामा सुविधाको लागि बनाइएको थियो । त्यही हलन्त बहिष्कारको अनुगमन गरी राममणि आचार्य दीक्षितले मातृप्रसाद शर्मा अधिकारी भन्ने नक्कली नाममा वि.सं. १९६५ देखि मासिक पत्रिका *माधवी* निकालेका थिए ।

वि.सं. १९६५ देखि हेमराजले नेपाली भाषाको व्याकरण लेख्ने काम थाले । त्यो व्याकरण तयार भएपछि संस्कृत व्याकरणका प्रसिद्धतम ग्रन्थ *सिद्धान्तकौमुदी, मध्यकौमुदी* र *लघुकौमुदी*को उत्तरपद कौमुदी अर्थात् जूनको पर्याय चन्द्रिका र आफ्ना प्रभु चन्द्र शमशेरको नाउँसँग सम्बद्ध गरी उनले शीर्षक हाले । चन्द्र शमशेरको जन्मोत्सवको दिन पारी वि.सं. १९६९ मा त्यसका अघिल्ला दुई प्रकाश (खण्ड) एउटै जिल्दमा उनले निकाले । पछि क्रमशः तेस्रो र चौथो प्रकाश छापिए ।

हेमराजको *चन्द्रिका* व्याकरणअनुसार धातु दुई प्रकारका हुन्छन् । तिनमा कुनै अजन्त अर्थात् अन्त्यमा स्वरवर्ण र कुनै हलन्त अर्थात् अन्त्यमा व्यञ्जनवर्ण भएका हुन्छन् । जस्तै, खानु रूप हुने खा, आउनुको आउ, जानुको जा, रुनुको रु जस्ता धातु अजन्त र पढ्नु रूप हुने पढ्, बस्नुको बस्, हाँस्नुको हाँस्, चोर्नुको चोर् जस्ता धातु हलन्त भनी हेमराजको व्याकरणमा सिद्ध गरिएकोले पढ्छ नलेखी पढछ, बसछ, हाँसछ, चोरछ लेख्नु व्याकरणको दृष्टिबाट नमिल्ने कुरा हो भन्ने स्पष्ट भयो । यसैले *चन्द्रिका* प्रकाशित भएपछि त्यसमा कमीकमजोरी भए पनि त्यो प्रतिष्ठित भएर रहिरहेको छ । उनकै नातिको शब्दमा भन्दा "नेपाली भाषाको विकासमा चन्द्रिकाको मुख्य देन के हो भने नेपाली भाषाको शुद्धाशुद्धि केही अपवाद छाडी अहिलेसम्म पनि यही व्याकरणको आधारमा जाँचिन्छ" (राज २०२९ : ४९) ।


श्रीः

चन्द्रिका.

गोरखाभाषा-व्याकरण.

श्री गुरुराज हेमराज पाण्डितज्यू

विरचित.

प्रथम-द्वितीय-प्रकाश.

ढोकाटोल नेपाल.

१९६९ साल

तस्वीर १२.२ : हेमराज पण्डितको चन्द्रिका. गोरखाभाषा-व्याकरण ।

नेपालमा प्राचीन विद्याको अन्वेषण गर्ने कामको थालनी हेमराजबाट भएको हो । उनीभन्दा अगाडि यहाँ प्राचीन विद्याको पढाइ भए पनि अन्वेषण गर्ने चलन थिएन । उनको *महाभारत*सम्बन्धी लेख वि.सं. १९९२ मा पूनाबाट प्रकाशित हुने पत्रिकामा छापिएको छ (शर्मा सन् १९३५) ।

नेपाल सरकारबाट वि.सं. १९९२ मा विद्वच्छिरोमणिको पदवीले विभूषित हेमराजले वि.सं. १९९५ मा *काश्यपसंहिता*को प्रकाशन गरे । अष्टाङ्ग आयुर्वेदको एक अङ्ग कौमारभृत्यको प्राचीन ग्रन्थ हो त्यो । ताडपत्रमा प्राचीन नेवारी लिपिमा सारिएको त्यस ग्रन्थलाई देवनागरीमा उतारी छापिँदा त्यसले ३३८ पृष्ठ ओगटेको छ (आचार्य र शर्मा १९९५) । त्यस ग्रन्थको विषयमा हेमराजले संस्कृतमा लेखेको उपोद्घात २३३ पृष्ठमा टुङ्गिएको छ (हेमराज शर्मा १९९५) । बम्बईका नामी वैद्य र आयुर्वेदीय प्राचीन ग्रन्थका सम्पादक यादव त्रिविक्रम आचार्य र काठमाडौँको राजकीय संस्कृत पाठशालाका हेड पण्डित सोमनाथ सिग्देलले सम्पादन गरेको त्यस ग्रन्थको वैशिष्ट्य नै हेमराजको उपोद्घात हो । त्यो उपोद्घात एक प्रकारले आयुर्वेदको इतिहासै बन्न गएको छ ।

हेमराजको विद्याको अर्को पक्ष वि.सं. १९७१ मा शुरू भएको प्रथम महायुद्धको वर्णन हो । ठूलो आकारका ३३२ पृष्ठ ओगटेको, नेपाली भाषामा वि.सं. १९७३ मा लेखिएको

त्यस वर्णनका उठानको केही भाग मात्र वि.सं. २०३८ मा प्रकाशमा आएको (पन्त २०३८ : ११–२६) मा वि.सं. २०७५ मा पूरा पुस्तक निस्कियो (पन्त २०७५)। "उहाँलाई व्यावहारिक राजनीतिको ज्यादै सूक्ष्म ज्ञान छ। मैले महायुद्धका कारणको विषयमा उहाँले वि.सं. १९७३ मा लेखेको एउटा अप्रकाशित निबन्ध सुनेपछि मलाई यो कुरा थाहा भयो। मिति दिई दिईकन यूरोपियन शक्तिहरूको बलाबलको सुन्दर विवेचना गरी उहाँले लेख्नुभएको छ" (सांकृत्यायन सन् १९३७ : १५२; हिन्दीबाट मेरो उल्था) भनी राहुल सांकृत्यायनले त्यस वर्णनको तारिफ गरेका छन्।


नेपालसंस्कृतग्रन्थमालायाः प्रथमः स्तबकः।

काश्यपसंहिता।

(वृद्धजीवकीयं तन्त्रं वा।)

महर्षिणा मारीचकश्यपेनोपदिष्टा।

तच्छिष्येण वृद्धजीवकाचार्येण संक्षिप्य विरचिता।
तद्वंश्येन वात्स्येन प्रतिसंस्कृता।

नेपालराजगुरुणा पं. हेमराजशर्मणा
लिखितेन
विस्तृतेन उपोद्घातेन सहिता।

आचार्योपाह्वेन त्रिविक्रमात्मजेन यादवशर्मणा
नेपालदेशीयेन पं. सोमनाथशर्मणा च
संशोधिता।

मुंबईनगर्यां
निर्णयसागरयन्त्राख्ये मुद्रापयित्वा प्रकाशिता।

ई. १९१८.. मूल्यं पञ्चरूप्यकम्। विक्रम संवत् १९९५.

तस्वीर १२.३ : हेमराज पण्डितको उपोद्घात सहितको काश्यपसंहिता।

हेमराजले आफ्नो *चन्द्रिका* व्याकरणमा आफ्ना सहयोगीहरूको नाम उल्लेख गरेका छैनन्। "त्यस वेलाको चलन नै ठूला बडाले अरूलाई लेखाएर आफ्नो नाममा छाप्नु थियो। ...यसरी नै मैले 'चन्द्रिका' मा हात बटाएँ" (कुँवर २०२३ : २६७) भनी हेमराजका

लामो कालसम्मका सहायक सोमनाथ सिग्देलले भनेकाले एउटा किचलो उठेको थियो। ब्रिटिश सरकारले बाल गङ्गाधर तिलकलाई र उनका सहयोगीहरूलाई वि.सं. १९६५ मा कारावासको सजाय दिँदा उनका एक जना सहयोगी भागेर काठमाडौँ आइपुगेका थिए। नाम नखुलेका ती सहयोगी मराठी भाषाव्याकरणका विशिष्ट विद्वान् थिए। हेमराजको सङ्गतमा रहेका ती महाराष्ट्रिय विद्वान्ले *चन्द्रिका* व्याकरण लेख्नमा निकै सरसल्लाह र सहयोग दिएका थिए भन्ने कुरा बाबुराम आचार्य र नयराज पन्तबाट मैले सुनेको थिएँ भनी ज्ञानमणि नेपालले लेखेका छन् (२०५७ : ५)।

हेमराजको *चन्द्रिका* व्याकरणबाट सिद्ध नहुने रूप *चन्द्रिका* छापिएपछिको उनको डायरीमा फेरि छयास्छयास्ती प्रयोग भएको देख्दा आफैले रचेको व्याकरण उनले नपचाइसकेको अनुभव हुन्छ। त्यही डायरीमा संस्कृतका शब्द पनि ठाउँठाउँमा शुद्धसँग लेखिएका छैनन्। हेमराजको चन्द्रिका व्याकरण मूलतः संस्कृत परम्पराको भए पनि ठाउँ कुठाउँमा अङ्ग्रेजी परम्पराबाट अभिभूत छ। यस कुराको सामान्य दृष्टान्तको लागि धातुमा प्रथमपुरुष, मध्यमपुरुष र उत्तमपुरुष भन्ने हाम्रो चलन भएकोमा त्यसको सट्टा थर्ड पर्सन, सेकेण्ड पर्सन र फर्स्ट पर्सनको उल्था क्रमशः तृतीयपुरुष, द्वितीयपुरुष र प्रथमपुरुष गरी पाश्चात्त्य चलनको अन्धानुकरण गरिएको छ र यसको औचित्यको लागि एउटा टिप्पणी नै त्यहाँ जडिएको छ (पण्डितज्यू मिति नखुलेको, ३ प्रकाश : ५६)।

हेमराजको उपोद्धातसहितको *काश्यपसंहिता*को सम्पादनमा "टेक्स्चुअल क्रिटिसिज्म" अर्थात् ग्रन्थ सम्पादनको प्रचलित रीतिअनुसार भन्ने हो भने निकै कमी-कमजोरी देखाउन सकिन्छ। मूल ग्रन्थको भौतिक स्वरूपको विषयमा निकै छोटकरीमा लेखेर (शर्मा १९९५ : २६–२७) र यसका पाँच पृष्ठको फोटो दिएर काम टारिएको छ। *काश्यपसंहिता* सम्पादित भई जुन पाठमा आएको छ त्यो रूप ताडपत्रमा पाइएको पाठभन्दा कति फरक छ त्यो पनि उपोद्धातबाट खुल्दैन।

हेमराजको डायरी ठाउँठाउँमा संस्कृतमा पनि लेखिएको छ। तर उनका प्रकाशित कृतिको जस्तो प्राञ्जल भाषा त्यहाँ नभएकोले उनलाई संस्कृत लेख्नु त्यति सहज थिएन, श्रमसाध्य थियो कि जस्तो लाग्छ। उनको *काश्यपसंहिताको* उपोद्धातमा ठाउँठाउँमा परेका अशुद्ध शब्दको फेहरिस्त नै शिवराज आचार्य (२०३७ : २२५–२२७) ले दिएको कुरा पनि यहाँनिर सम्झनुपर्छ। त्यस्तै, "माहिला गुरुज्यू (हेमराज) टिड्ढाणञ्द्धयसज्दघ्नञ्मात्र-च्तयप्ठक्ठञ्कञ्क्वरपः इत्यादि सूत्र भनी बराबर व्याख्यान छाँट्छन्, पढाउन बसून्, अनि थाहा पाउँछन्" (२०३३ : ९२) भनी पण्डित देवीदत्त पराजुलीले भने भनी नयराज पन्तले लेखेका छन्।

नेपाली भाषाको व्याकरणको स्थिरीकरणमा र नेपालमा पुराविद्याको अन्वेषणको शुरूआतमा ठूलो अवदान भएका हेमराजमा अप्रतिहत पाण्डित्य नभए पनि आफूभन्दा अघिकाले नगरेका विद्यासम्बन्धी काम सम्पन्न गरेर उनी गए भन्ने कुरामा भने शङ्का छैन।

१३

इतिहासशिरोमणि बाबुराम आचार्य

बाबुराम आचार्य वि.सं. १९४४ फागुन २९ गते काठमाडौँमा जन्मेका हुन् । नेपालको इतिहासको प्रामाणिक उपकरणको परिशीलन गर्ने कामको शुरूआत नेपालीहरूमध्ये उनीबाटै भएको हो । बाबुरामका इतिहाससम्बन्धी केही लेख *पुरुषार्थ*मा र *संस्कृत-सन्देश*मा छापिएका छन् । बाबुरामको इतिहासज्ञानबारे मैले तिनै लेखबाट पहिले थाहा पाएको हुँ । संशोधन-मण्डलको पाठशालामा बाबुरामको निकै आवतजावत हुन थालेपछि मैले उनलाई सशरीर पनि देखेँ । राणाकालमै छापिएका बाबुरामका *तुलनात्मक सुन्दरकाण्ड* (२००२), *पुराना कवि र कविता* (२००३) तथा पत्रपत्रिकामा छापिएका अरू लेख पनि मैले पछि पढेँ ।

आफ्नो समयको बहुचर्चित पत्रिका थियो *शारदा* । त्यसमा सम्पादक-प्रकाशक र लेखक-कविहरूका तर्फबाट राणाको जयजयकार गरिएका लेख समेत छापिन्थे ।[१] प्रसिद्ध

[१] *शारदा*को वि.सं. २००७ साउनको अङ्कसम्म पनि "श्री ३ महाराजको छत्र-छायाँमा नेपालका भावना र विचारको उडान यति पर गैसकेको छ कि आज हामीले नारीअंकसम्म निकाल्न पाएका छौँ" (शारदा २००७क) भन्ने लेखी श्री ३ मोहनमा "श्रद्धा र कृतज्ञताको पुष्प-वर्षा" भनी लेखिएको छ । राणाशासन ढल्न ढल्न लाग्दा वि.सं. २००७ माघको अङ्कमा भने "नेपालमा १०४ वर्षको एकतंत्री राणाशाहीले आफ्नो अन्तको सास फेरिरहेछ । ...राणाहरूको कालो मनसाय र अमानुषिकता" (शारदा २००७ख) भनी राणाशासनको बदख्वाइँ गरिएको छ । जुल्फी पालेका, पाश्चात्त्य वेषभूषामा सजिएका श्री ५ त्रिभुवनको तस्वीर हाली माथि "लोकराज जिन्दाबाद" र तल "श्री ५ त्रिभुवन जिन्दाबाद" भनी वि.सं. २००७ फागुनको अङ्कको मुखपृष्ठमा लेखिएको छ । "हामी सारा जनता एकै स्वरमा नेपालको क्रान्तिलाई स्वागत गर्छौं हामी आउन लागेको प्रजातन्त्रलाई स्वागत गर्छौं साथै यस आन्दोलनलाई सहयोग दिने श्री ५ त्रिभुवनलाई स्वागत गर्छौं" (शारदा २००७ग) भनी

कश्मीरी ऐतिहासिक कल्हणको शैलीमा राग र द्वेषलाई बाहिरपाटो लगाई बाबुराम आचार्यले लेखेका इतिहाससम्बन्धी लेख *शारदा*का राणा शासन र त्यसपछि छापिएका अङ्कमा अपवादस्वरूप छापिन्थे । शासकको प्रशंसामा लिप्त किंवा मशगूल भई लेखक-कविहरूले कलम चलाइरहेको अवस्थामा बाबुराम आचार्य र नयराज पन्त सो परम्पराका स्पष्ट अपवादका रूपमा देखिएका छन् । न राणाकालमा छापिएका बाबुरामका ग्रन्थमा राणाको स्तुति छ, न पछि छापिएका उनका कृतिमा नै तात्कालिक शासकको प्रशंसा छ ।[२] राजा महेन्द्रका पालामा दरबारको वृत्तिबाट लेखिई त्यहींकै खर्चबाट छापिएको *नेपालको संक्षिप्त वृत्तान्त* (आचार्य २०२२) र त्यसै गरी दरबारकै वृत्तिबाट लेखिई श्री ५ महाराजाधिराजको संवाद सचिवालयबाट छापिएको *पृथ्वीनारायण शाहको जीवनचरित्र* (आचार्य २०२४क, २०२४ख, २०२५, २०२६क) बाबुरामले राजालाई होइन कि "त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पये" भनी नेपाली जनतालाई समर्पण गरेका छन् । यसले गर्दा उनी न राणा शासकका न त्यसपछिका शासकका प्रियपात्र हुन सके । नयराज पन्तले उनका विषयमा लेखेको तलको पद्यको सम्झना यस प्रसङ्गमा अनायास हुन्छ :

> थिएन तिम्रो मन चाटुकारको, थिएन बोली पनि चाटुकारको ।
> अत्यन्त नै उच्च विचार यो थियो, परन्तु यो दुर्गुण नै यहाँ भयो ।। (२०२९क : १४२, २५ श्लोक)

बाबुरामका लेखमा विषयको प्रस्तुतीकरण बडो रसिलो ढङ्गको हुन्छ । खोजी नभएको, अस्पष्ट विषयलाई त्यति जोड नदिई लेख्ने गरेकाले उनका लेख पढ्दा नेपालको इतिहास अपूरो छ जस्तो लाग्दैन । नेपाल धेरै घुमेकाले र जनसम्पर्क पनि व्यापक भएकोले अरू ऐतिहासिकहरूको लेखमा हतपति नपाइने भुवनकोष अर्थात् भूगोलको भित्तामा इतिहासलाई उभ्याउने काम बाबुरामले गरेका छन् । उनका सबै वाक्य भने प्रमाणकोटिमा नचढ्ने हुनाले

त्यहीँ भित्री पृष्ठमा लेखिएको छ । यसले कमसेकम प्रशंसा र निन्दाको हकमा *शारदा गोरखापत्र*कै कोटिको रहेछ भन्ने देखाउँछ । *गोरखापत्र* त सरकारी अखबार भएकोले सरकारको नीतिअनुसार चल्न ऊ बाध्य थियो होला, छापाखाना चलाई बेपार गर्ने ऋद्धिबहादुर मल्ल र उनका छोराहरूले साहित्यिक पत्रिका *शारदा*को नाउँमा यस्तो मौकापरस्ती गरेको चाहिँ उपयुक्त जँच्दैन ।

[२] बाबुराम आचार्यका कृतिको सूचीपत्र (ठाकुर २०२९ : १२१) मा बाबुरामको "श्री ५ महेन्द्र : राष्ट्रिय एकताको सूत्रधार" भन्ने शीर्षकको लेख चढेको छ । *श्री ५ महेन्द्र अभिनन्दन ग्रन्थ* (२०११ : १७–२५) मा छापिएको यो लेख मैले हेर्न पाएको छैन । त्यस सूचीपत्रमा लेखिएअनुसार सो लेखमा "पञ्चायती व्यवस्था, सामाजिक एकता, राष्ट्रभाषाको संरक्षण आदि क्षेत्रमा राष्ट्रिय एकताको निमित्त मौसूफबाट उठाईबक्सेको विभिन्न कदमबारे सारगर्भित चर्चा" छ (ठाकुर २०२९ : १२१) ।

"नामूलं लिख्यते किंचिन्नानपेक्षितमुच्यते" अर्थात् अप्रामाणिक कुरा लेखिँदैन, नचाहिने कुरा पनि लेखिँदैन भन्ने मल्लिनाथीय परम्पराको विपरीत उनका लेख बहुधा गएका छन् ।



तस्वीर १३.१ : बाबुराम आचार्य (सौजन्य : श्रीधर मानन्धर) ।

नेपाली भाषाका पहिला शास्त्रीय वैयाकरण तथा तात्कालिक नेपालमा विशिष्ट विद्वान् गनिने वीरेन्द्रकेशरी अर्ज्याल, बझाङी राजा जयपृथ्वीबहादुर सिंह र नायब बडागुरुज्यू हेमराज पण्डितसँगको सङ्गतले बाबुराममा परम्परागत पण्डितहरूमा नपाइने दुर्लभ खालको चेतनाको विकास हुन गयो । त्यसैले संस्कृत परम्परामा अपूरो शिक्षा पाए पनि उनी नेपालको इतिहासको अन्वेषणमा प्रवृत्त भए । यसअघि हेमराज पण्डितले यस्तो अन्वेषणमा केही चासो देखाएका भए पनि यस विषयको व्यवस्थित परिशीलनको प्रारम्भ बाबुरामबाटै भएको हो ।

राणा शासनको अन्त्यअन्त्य अवस्थातिर बाबुरामका दुवै आँखा बन्द भएपछि उनको जागिर गयो । पछि उनलाई महिनाको रु. ५० खाने गरी फेरि नियुक्त गरियो र नेपालीभाषाप्रकाशिनी समितितर्फबाट नेपालको समग्र इतिहास लेख्ने जिम्मेवारी दिइयो । आँखा नदेख्ने भएकाले सरकारले उनलाई लेखनदास पनि दिने प्रबन्ध गऱ्यो । त्यसताका नयराज पन्तसँग उनको बाक्लो सम्बन्ध भएकाले आफ्ना नातेदार श्रीनाथ पाँडेलाई बाबुरामको सहयोगीका रूपमा नयराजले उनीकहाँ राखिदिए । श्रीनाथको अन्तै जागिर भएपछि वि.सं. २००६ भदौदेखि

नयराजका शिष्य देवीप्रसाद भण्डारी बाबुरामसँग महिनाको रु. २५ खाने गरी काम गर्न थाले। वि.सं. २००८ को मंसिर महिनासम्म काम गर्दा वि.सं. १८७३ सम्मको इतिहास लेख्ने काम सकिएको थियो; पुस्तक पूरा हुन भने सकेको थिएन। ६० वर्ष नाघेका जागिरदारहरूलाई अवकाश दिने नियम वि.सं. २००८ मा लागू भएकोले बाबुराम सेवानिवृत्त भए। लेखिए जति कापी नेपालीभाषाप्रकाशिनी समितिका हाकिमलाई बुझाइदिने र खेस्रा जति आफूले राख्ने काम देवीप्रसादले गरेका थिए (भण्डारी २०३१ : १५१–१५२)। समितिमा बुझाएका ती कापी पछि भेट्टाइएनन् भन्ने सुनियो। देवीप्रसादसँग रहेका जति कापी वि.सं. २०३१ देखि २०५० सम्म संशोधन-मण्डलको *पूर्णिमा* पत्रिकामा क्रमशः छापिए।

"राणा प्रशासनकालको अन्त्यतिर आँखा बेकम्मा भएपछि पदच्युत भइयो र फेरि एक पटक नेपालको इतिहास लेख्ने काममा नियुक्त भइयो। तर इतिहासका नाममा कलङ्क लाग्ने हिसाबका पुस्तक लेख्ने आग्रह हुँदा मन लागेन र सित्तैमा दिन कटाइयो" (आचार्य २०२२ : प्रस्तावना ४–५) भनी बाबुरामले लेखे पनि यो कुरा पूरै सत्य होइन भन्ने नेपालीभाषाप्रकाशिनी समितिले उनलाई लेखाएको नेपालको इतिहासका *पूर्णिमा*मा छापिएका अंशबाट स्पष्ट हुन्छ।

जागिर गएपछि बाबुराम आचार्यको आर्थिक अवस्था निकै खस्कियो तापनि इतिहासको अन्वेषण गर्ने काम उनले छाडेनन्। राजा जयपृथ्वीबहादुर सिंहले श्री ३ चन्द्र शमशेरकी छोरी बिहे गरेकाले उनीमार्फत बाबुरामको राणादरबारमा आवतजावत थियो र चन्द्र शमशेरका छोराहरू उनलाई राम्ररी चिन्थे (नयराज पन्त २०२९क : १४३–१४४)। यति हुँदाहुँदै पनि शासकबाट उनले केही नपाउनाको कारण उनको आलोचनात्मक प्रवृत्ति हो जस्तो मलाई लाग्छ। "वि.सं. २००८ वैशाखमा प्रधान सेनापति श्रीकेशरशमशेरको उदारताको वा नेपाली काङ्ग्रेसलाई रिझाउने नीतिले नेपाल-सांस्कृतिक-परिषद् खुल्यो। त्यसबाट बाबुराम आचार्यलाई ५,६ महीनासम्म प्रतिमहीना १५०। रु. वृत्ति मिल्यो" (२०२९क : १४६) भनी नयराज पन्तले लेखेका छन्।

राजा त्रिभुवनले आफ्नो जन्मोत्सवको अवसर पारेर वि.सं. २००८ आषाढ १७ गते बाबुरामलाई "इतिहासशिरोमणि" को पदवी दिए। बाबुराम र गणेशमान सिंह दुवैले एउटै थालमा भात खाएकाले बाबुरामलाई यो सम्मान मिलेको हो भनी नेपाली कांग्रेसको प्रतिद्वन्द्वी नेपाली राष्ट्रिय काङ्ग्रेसको बुलेटिनमा लेखिएको छ भनी मैले सुनेको छु, हेर्न भने पाएको छैन। त्यतिसम्म नभए पनि इतिहासशिरोमणिको पदवी नेपाली कांग्रेसका नेता गणेशमान मार्फत मिलेको कुराको यसले केही सङ्केत गर्दछ। त्यस पदवीबापत बाबुरामलाई महिनाको डेढ सय रुपियाँ मिल्थ्यो। धेरै समयपछि राजा महेन्द्रको पछिल्लो शासनमा यो वृत्ति रु. ३०० पुगेको थियो (नयराज पन्त २०२९क : १४६)।

बाबुराम आचार्य र नयराज पन्त दुवै संस्कृत परम्पराका भए पनि संस्कृतको कर्मकाण्डीय परम्परामा उनीहरू थिएनन् । यसो हुँदाहुँदै पनि यी दुईमा ठूलो भेद थियो । ऐतिहासिक काल र पुरातात्त्विक प्रमाणको लागि बाबुरामले पनि पौराणिक काललाई नमानेर आधुनिक ऐतिहासिकहरूले मानेको काल र वस्तुलाई नै अवलम्बन गरेको देखिन्छ । त्यतिमात्र नभएर उनले पुराणको विश्वास गर्नु हुँदैन पनि भनेका छन् । यसबाट उनले "कुनै कुराको तात्त्विक निर्णय पुराणको आधारमा मात्र गर्न नमिल्ने भाव दर्शाएको देखिन्छ" भनी चेतोनाथ शर्मा आचार्य (२०४६ : १२) ले बाबुरामको परख गरेको कुरा नयराजमा पनि लागू हुन्छ ।

रूसमा कम्युनिष्ट शासन आएपछि त्यसको प्रभाव नेपालमा पनि पर्न गयो र यहाँका पठित, कुपठित र अपठितहरूमा कम्युनिज्मको अधकल्चो विचारधारा छायो । त्यसको फलस्वरूप धर्म, रहनसहन र चालचलन जस्ता कुरामा लोकको अश्रद्धा बढ्दै गयो । बाबुरामको संस्कृत भाषा र शास्त्रीय ज्ञानमा त्यति पैठ नभएकोले उनी पल्लवग्राही भारतीय लेखक राहुल सांकृत्यायनका नेपाली संस्करण बन्न पुगी परम्पराको प्रतिकूल गए ।[३] उता

[३] बाबुराम आचार्यको संस्कृत भाषाको ज्ञानको नमूनाको लागि उनले संस्कृत भाषामा आफू एक्लैले लेखेको एउटा मात्र लेख अघि सार्न सकिन्छ । त्यस लेखमा राजन् शब्दको अन्त्यमा न् हुने भएकोले "ध्वजराज" शब्दलाई पनि उनले नकारान्त नै सम्झी "ध्वजराजानौ" लेखेको (आचार्य २०१० : ३२) लाई देखाउन सकिन्छ । हुन त बाबुराम आचार्य र नयराज पन्तको नाउँमा ११ ओटा लेख त्यही *संस्कृत-सन्देश*मा छापिएका छन् । तर तिनमा बाबुराम आचार्यले एक्लै लेखेको लेखमा जस्तो व्याकरणसम्बन्धी गल्ती छैनन् र वाक्यमा पनि प्रौढि छ । तोत्रराज पाण्डेय र मेरो नाउँमा वि.सं. २००४ मा छापिएको *नेपालको संक्षिप्त इतिहास* तयार पार्दा भोटसम्बन्धी अध्याय लेख्न बाबुराम आचार्यबाट मैले निकै मद्दत पाएको थिएँ, त्यसैको ऋण चुक्ता गर्न *संस्कृत-सन्देश*मा छापिएका लेखमा उनको पनि नाउँ मैले राखेको हुँ भनी नयराज वारंवार भन्ने गर्थे । ती संस्कृत लेख बाबुराम आचार्य र नयराज पन्त दुवैको नाउँमा छापिएको भए पनि कामचाहिँ नयराज पन्त एक्लैको हो भन्ने कुरा यताबाट स्पष्ट हुन्छ ।

बाबुराम आचार्यमा शास्त्रीय ज्ञानको कमी भएको कुराको नमूनाको लागि "जीव-पक्ष र मृत-पक्ष भन्ने कल्पना अकबरका समयका वाराणसीमा रहेका फलित ज्योतिषीहरूको एक जंजाल मात्र हो । यस जंजाललाई गोर्खा र चौबीसी ठकुराइका ज्योतिषीहरूले संझन नसकी यसलाई वेद-मन्त्र जस्तै मानेर राजाहरूलाई फसाउने गरेका थिए" (आचार्य २०२४क : २५९) भनी उनले लेखेकोमा वि.सं. १६१२ मा गद्दीमा बसेका अकबरभन्दा धेरै पहिले लेखिएको नेपालमै वि.सं. १३३७ मा सारिइसकेको *नरपतिजयचर्या*मा जीवपक्ष र मृतपक्षको कुरा परिसकेको कुरा अघि सार्न सकिन्छ (नयराज पन्त २०२४ख : २२१–२२६; थप कुराको लागि नयराज पन्त २०२९क : १३५–१३७ पनि हेर्नुहोस्) । विक्रमसंवत् र शकसंवत् कार्तिकादि पनि हुन्छ भन्ने सामान्य कुराको पनि उनलाई हेक्का थिएन भन्ने कुरा वि.सं. २०२९ मा धनवज्र वज्राचार्यले उनलाई सोधेको प्रश्नको उत्तर दिएकोबाट बुझिन्छ (शर्मा २०२९ : २४) ।

नयराज भने कर्मकाण्डीय परम्परामा नहुँदानहुँदै पनि विविध शास्त्रका ज्ञाता भएकाले "तद् गृह्णीमो यत् परीक्षोपपन्नम्" अर्थात् "परीक्षाबाट जे आउँछ, त्यही लिन्छौँ" भनी गङ्गाधर शास्त्रीले भने जस्तै विनापरीक्षा कुनै पनि कुरामा निर्णय नदिने नीतिमा अडिग रहे ।

बाबुराम आचार्य पहिले आफ्ना लेखमा विक्रम संवत्को प्रयोग गर्थे । पछि पश्चिमा भावनाले ग्रस्त हुँदै जाँदा विश्वइतिहासको सन्दर्भमा नेपालको इतिहासको अध्ययन गर्न सजिलो होओस् भनी विक्रम संवत् छोडी ईस्वी संवत्को प्रयोग गर्न थाले । वि.सं. मा अभ्यस्त उनले यसरी सन्मा मिति दिँदा उनी ठाउँठाउँमा चिप्लिएको उदाहरण दिई "स्वदेशी तिथि-मितिलाई छोड्दा आफूलाई कण्ठस्थ भएको शुद्ध इतिहास पनि आफैँले अशुद्ध पारेको तपाईंलाई होश भएनछ । यस विषयमा एकपल्ट विचार गर्नुहोस्" भनी नयराज पन्त (२०१७ख : मुखपृष्ठ) ले लेख्नुपरेको थियो । "तपाईं अङ्ग्रेजी भाषामा लेख लेख्न सक्नुहुन्न । यसमा तपाईंलाई खोप होला । परन्तु यसमा मलाई सन्तोष छ । किनभने तपाईंका विचारलाई हामी स्वदेशी भाषामा पढ्न पाउँछौँ । परन्तु दुर्भाग्यले भनूं वा सौभाग्यले भनूं, तपाईं स्वदेशी तिथिमितिलाई विदेशी रूप दिन सक्नुहुन्छ । यसबाट विदेशीका भक्तहरूलाई तपाईंको लेख अनुवाद गर्न सजिलो हुन्छ । तपाईंले यसो गरिदिँदा हामीलाई आफ्नो देशको ऐतिहासिक घटनाक्रम मिलाउन अप्ठ्यारो पर्छ । हाम्रा धेरैजसा स्वदेशी बान्धवहरूलाई पनि सो कुरो बुझ्न अप्ठ्यारै पर्दो हो" भनी नयराजले त्यहीँ लेखेका छन् (पन्त २०१७ख : ३) ।

वि.सं. २००८ मा इतिहासशिरोमणिको पदवी पाएदेखि वि.सं. २०२० सम्म बाबुरामले कुनै प्रकारको सरकारी सम्मान वा सुविधा पाए जस्तो मलाई लाग्दैन । राजा महेन्द्रबाट रायल नेपाल एकेडेमी खुल्ने निश्चय भएपछि बाबुराम पनि त्यस एकेडेमीको सदस्य बन्ने कुरा चल्यो । आफू सदस्य भएपछि "तिम्रा विद्यार्थीलाई पनि म काम दिलाइदिन्छु, तिमी हामी मिली काम गरौँ" भनी बाबुरामले नयराज पन्तलाई उनकै घरमा गई वि.सं. २०१३ पौष २७ गते पृथ्वीजयन्तीको दिन भने । आफूले चलाइरहेको *इतिहास-संशोधन*को काममा लिखित रूपमा सम्मति दिने आग्रह नयराजले बाबुरामसँग गरे । उनी तत्काल सम्मति दिन तयार भए । बाबुरामले बोलेका कुरा रामजी तेवारीले लिपिबद्ध गर्दै गए । वि.सं. २०१३ शिवरात्रिमा धनवज्र वज्राचार्यको *इतिहास-संशोधन* ७ सङ्ख्यामा त्यो सम्मति छापियो । तर वि.सं. २०१४ आषाढ ९ गते एकेडेमी स्थापना हुँदा उनी सदस्यमा परेनन् । "यस घटनाले ऐतिहासिकशिरोमणिज्यूको मनमा चोट परेछ । मेरो सङ्गतले आफ्नो उन्नतिमा बाधा परेको उहाँले सम्झनुभएछ" (नयराज पन्त २०२९क : १४६) भनी नयराजले लेखेका छन् ।

"इ सं. १९५१ मा राणा प्रशासन टुटेपछि नेपालको इतिहाससम्बन्धी फाटफुट लेख प्रकाशित गरिए र तर आँखा बेकम्मा हुँदा अगाडि बढ्न सकिएन" (आचार्य २०२२ : ५) भनी बाबुराम आफैले लेखेकाले त्यस अवधिमा उनले खास काम गर्न नसकेको स्पष्ट हुन्छ ।

तात्कालिक युवराजाधिराज वीरेन्द्र विदेशमा पढी फर्केपछि उनलाई नेपालको इतिहासको शिक्षा दिने प्रसङ्गमा राजा महेन्द्रबाट बाबुराम दरबारमा भित्र्याइए । यसको मतलब के हो भने राणा शासन गइसकेपछि पनि इतिहासशिरोमणिको पदवी दिनुबाहेक बाबुरामको अन्वेषणमा मद्दत पुग्ने कुनै पनि काम सरकारबाट भएन; खालि उपयोग गर्ने नीतिअनुसार बाबुराम दरबार भित्र्याइए ।

बाबुरामबाट वीरेन्द्रले के-कति इतिहास सिके, त्यो त मलाई थाहा छैन । उनलाई बाबुरामले नियमित पाठ दिई इतिहास पढाएको हो-होइन पनि म भन्न सक्दिनँ । त्यसरी पढाएकै भए पनि वीरेन्द्र पढ्ने खालका होइनन् भन्ने कुरा फ्रेञ्च भाषाका उनका गुरुको लेखबाट थाहा पाइन्छ (गाबोरियो २०६८ : २७८) । बाबुराम दरबार भित्रिएकाले एउटा काम भने भयो । वि.सं. २०२२ मा *नेपालको संक्षिप्त वृत्तान्त* नाउँले उठानदेखि पृथ्वीनारायण शाहसम्मको एउटा पुस्तक छापियो । प्रकाशकमा दरबार आफै नबसी दरबारसँग सम्बद्ध एक जना राणा र दरबारमै जागिरे अर्का राणालाई प्रकाशक बनाइएको थियो । त्यसमा बाबुरामले जीवनभर आर्जन गरेका निकै नयाँ कुरा समाविष्ट भए पनि तिनको पुष्टि प्रमाणद्वारा नगरिएकोले यस किताबको निकै विरोध भयो । खास गरी जर्नेल चन्द्रबहादुर थापाले त्यस पुस्तकको विरोधमा अखबारमा लेखेको म सम्झन्छु (थापा २०२३क, २०२३ख) ।[४] नयाँ-नयाँ खोजीले बाबुरामको सो पुस्तक भरिएको भए पनि प्रमाण नदिँदा त्यो विद्वद्ग्राह्य हुन सकेन र उनको खोजीबाट वर्गविशेषको स्वार्थमा असर परेकोले त्यसको उग्र विरोध भएको हो । त्यसमाथि, इतिहास पढाउने "लाइसेन्स" नभएका बाबुरामको कामबाट विश्वविद्यालयका अध्यापकहरू समेत त्यति नै क्रुद्ध भए । यसैले नेपालमा पहिले-पहिले इतिहास पढाउने लाइसेन्स पाएकाहरूका गुरु तथा बाबुरामभन्दा अघि नै नेपालका इतिहासशिरोमणि भइसकेका इलाहाबाद विश्वविद्यालयका प्रोफेसर ईश्वरी प्रसादको नाउँ लिँदै चन्द्रबहादुर थापाले "त्यो बाबुराम के ईश्वरी प्रसाद हो र, यस्तो मनपरी लेख्ने" भनी मेरै अगाडि गर्जी-गर्जी अरू पनि दुर्वाच्य बोलेको म अझै सम्झन्छु । बाबुरामसँग लाइसेन्स भएको भए आफूलाई मन नपर्ने जेसुकै कुरा लेखे पनि राणा शासनदेखिका बफादार राष्ट्रसेवक चन्द्रबहादुर थापा नतमस्तक भएर सहँदा रहेछन् जस्तो मलाई लाग्यो ।

नेपालको इतिहासका प्रामाणिक साधनको खोजी गर्ने काम विदेशीहरूबाट मात्र भएकोमा बाबुरामको आविर्भावले नेपालीहरू पनि यस्तो काम गर्न सक्ने रहेछन् भन्ने देखिन आयो । उनको शिष्यपरम्परा नभए पनि नेपालको इतिहासमा ठोस काम गरेर गएका सूर्यविक्रम ज्ञवाली, नयराज पन्त र नरहरिनाथ उनको सहयोग पाएर वा उनीबाट अनुप्राणित भएर

[४] यस पुस्तकको विरोधमा *गोरखापत्र*, द *राइजिङ नेपाल* र *समीक्षा*मा पनि लेख निस्किएका थिए । अहिले आफ्नो पासमा सबै नभए पनि हरिहरराज जोशी (२०२३ : ३) को लेख चाहिँ आफूसँग भएकोले फेरि पढेँ ।

यसतर्फ लागेका हुन् जस्तो मलाई लाग्छ । छोटकरीमा भन्दा उनको खास अवदान आफ्नो देशको इतिहासको खोजी गर्न हामी आफै समर्थ छौँ भन्ने भावना पछिल्लो पुस्ताका नेपाली अन्वेषकहरूमा आउनु हो ।

१४

शुक्रराज शास्त्री र उनको शहादत

क्रिस्तान धर्ममा अडिग रहेबापत मृत्युदण्ड भोगेका मानिसको सम्मान गर्दा ग्रीक भाषाको मर्त्यूस शब्दबाट आएको "मार्टर" शब्द अङ्ग्रेजीमा चलेको हो। यही शब्दको अर्थविस्तर हुँदा जुनसुकै राम्रो उद्देश्यको लागि आफ्नो जिन्दगी होमी प्राणदण्ड पाउने मानिसलाई पनि यस शब्दले बुझाउन थाल्यो। हाम्रो यतातिरका भाषामा पाश्चात्त्य शब्द हतपति नभित्र्याउने प्रवृत्ति भएकोले अरबी भाषाको शहीद शब्द समानार्थी रूपमा हिन्दीमा चलाइयो र नेपालीमा पनि त्यही शब्द नै चल्यो। यद्यपि, मेरो विचारमा मार्टरको र शहीदको मूल अर्थमा सूक्ष्म भेद छ—धर्मको लागि ज्यान सजाय भोग्नेलाई मार्टर शब्दले बुझाउँछ, शहीदले चाहिँ धर्मको लागि लड्दा रणभूमिमा प्राण त्याग्नेलाई बुझाउँछ। जे भए पनि दुवै शब्दले धर्मरक्षाको लागि प्राण त्याग्नेलाई बुझाउँछन्। अहिले भने राजनीतिको कारणले ज्यान गुमाएकालाई मार्टर वा शहीद भन्ने गरिएको छ।

प्रत्येक वर्ष माघ १०–१६ लाई नेपालमा शहीद सप्ताहको रूपमा मनाइन्छ। वि.सं. १९९७ माघ १० गते शुक्रराज शास्त्रीलाई फाँसी दिइएकोले बर्सेनि सोही दिन उनको गुणानुवाद गरिन्छ भने माघ १६ गते शहीद दिवस मनाई शहीद सप्ताहको समापन गरिन्छ। धेरै काल यतादेखि शहीद विषयमा र खास गरी शुक्रराज शास्त्रीको शहादतबारे मेरो मनमा खेलिरहेको एउटा कुरा यहाँ लेख्दैछु।

वि.सं. १९९७ मा राणा शासनविरुद्ध लागेको आरोपमा गिरफ्तार गरी राजकाज मुद्दा लागेकाहरूको मुद्दा फैसला हुँदा चार जनालाई सर्वस्वसहित ज्यानसजाय तोकिएको थियो। त्यस वेलाको कानूनअनुसार बाहुनलाई मार्न नहुने भएकोले दुई जनालाई सर्वस्व गरी तिनीहरूलाई मुडी जन्मकैद, तथा अरू केहीको सर्वस्व गरी जन्मकैद गरिएको थियो। त्यस्तै,

तस्वीर १४.१ : शुक्रराज शास्त्री (नेपालभाषा-व्याकरणबाट) ।

अपराध ठहर भएअनुसार थुप्रैलाई दुई महिनादेखि १८ वर्षसम्म कैद, थुप्रैलाई जरिवाना र केहीलाई नेपाल खाल्डोमा बस्न नपाउने गरी सजाय तोकिएको थियो । ज्यानसजाय पाउनेमा शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गङ्गालाल श्रेष्ठ थिए । ज्यान सजाय पाएका यी चार जनालाई प्रजातन्त्रोत्तरकालमा शहीद घोषणा गरियो र त्यसअनुसार सम्मान दिने प्रथा चल्यो । शुक्रराजलाई सबभन्दा बढी महत्त्व दिई अनौपचारिक ढङ्गले भए पनि शहीदशिरोमणि भन्न थालियो । १९९७ सालको त्यस राजकाज मुद्दाको विषयमा धेरैले कलम चलाएका छन्, तर कसैले नछोएको एउटा विषयमा म अहिले लेख्दैछु ।

वि.सं. १९५० मा पाटन बकुंबहालको नेवार जोशी कुलमा शुक्रराज जन्मेका थिए । बाबु माधवराज जोशीको आर्य समाजमा झुकाव भएकाले उनी पनि त्यही परम्परामा रङ्गिएका थिए । त्यसैले उनले सिकन्दराबादको आर्यसमाजी महाविद्यालयमा संस्कृतविद्या पढे । त्यहाँबाट उनले शास्त्रीको उपाधि पाएकाले आफ्नो नाउँ लेख्दा थर नलेखी उपाधि लेख्न शुरू गरे । यसैले उनी शुक्रराज शास्त्री नाउँले बढी प्रसिद्ध भए । शुक्रराजले साना ठूला गरी ११ ओटा पुस्तक लेखेका छन् । तीमध्ये छ ओटा मैले पनि देखेको छु ।

शुक्रराजको *नेपालभाषा-व्याकरण* ने.सं. १०४८ तदनुसार वि.सं. १९८५ मा प्रकाशित भयो । नेवारी भाषामा लेखिएको, नेवारी भाषाको व्याकरणको मुखपृष्ठमा "श्री ३

तस्वीर १४.२ : चन्द्रशमशेर जङ्गबहादुर राणा (नेपालभाषा-व्याकरणबाट) ।

चन्द्रग्रन्थमाला-१" लेखी दोस्रो पानामा त्यस वेलाका श्री ३ महाराज चन्द्र शमशेरको फोटो राखिएको छ । फोटोको परिचयमा "राजर्षि श्री ३ महाराज चन्द्रशंशेर जंग बहादुर राणा, नेपाल" लेखिएको छ । त्यसपछिको अर्को पानामा "धन्यवाद" शीर्षकमा लेखिएको छ :

> नेपालमा चन्द्रधारा, चन्द्रज्योति, चन्द्रटेलिफोन, त्रिभुवनचन्द्र कलेज, त्रिभुवनचन्द्र मिलिटरी अस्पताल तथा रेल स्थापित गरेर नेपाल नगरलाई उज्ज्वल गर्ने राजालाई कसले चिनेको छैन र ? नेपालवासी सबै प्रजाहरूको उपकार गर्ने, हाम्रा राजालाई उहाँ नै हो भनी देखाउनु त सूर्यलाई दिउँसो औँलाले निर्देश गरेर देखाएको जस्तै हुन्छ ।
>
> जसले गर्दा धेरै व्यसन मेटिएर गयो, जसले गर्दा आजभोलि सबै दाजुभाइहरू विद्याभ्यास तथा धनोपार्जन गर्नमा मात्र लागिरहे, जुन महाराजको शासनकालमा

यो नेपाल भाषा-व्याकरणको श्रीगणेश भयो, त्यस्ता महाराजलाई मैले अनेक हार्दिक धन्यवाद चढाएको छु ।

यस्ता देशहितैषी श्रीमान् श्री ३ महाराज चन्द्रशंशेर जंग बहादुर राणा, जी.सी.बी. आदि अनेक पदवीले शोभित भइबक्सेको राजाको गुणकीर्तन हामीले निष्कामनापूर्वक (अर्थात् स्वार्थ सिद्ध गर्ने विचार नगरेर) गरेर राजभक्ति गर्नुपर्छ भनी सारा दाजुभाइहरूलाई बिन्ती गर्ने, महाराजको एक जना अनन्य भक्त शुक्रराज शास्त्री । (शास्त्री ने.सं. १०४८; नेवारीबाट मेरो उल्था)

धन्यवाद ।

—*—

नेपाले चन्द्रधारा, चन्द्रज्योति, चन्द्रटेलीफोन, त्रिभुवन-चन्द्रकालिज, त्रिभुवनचन्द्र मिलिटरी अस्पताल तथा रेल स्थापित याना नेपाल नगरयात उज्ज्वल याःह्म जुजुयात सुनाँ ह्म मस्यू ! नेपालवासी सकल प्रजापिन्त उपकार याःह्म भी जुजुयात थुह्म स्वः धका क्यनेगु ला सुर्योयात न्हिने अंगुलोँ निर्देश याना क्यनेयेँ जुल ।

गुह्मसेँ याना आपालँ व्यसन मिटे जुया वन, गुह्मसेँ याना थौँ कन्हे सकल दाजुकिजापोँ विद्याभ्यास तथा धनोपार्जन याय्गुली जक लगे जुयाच्वन, गुह्म महाराजया शासनकाले थ्व नेपाल भाषा-व्याकरणया श्रीगणेश जुल, उजाह्म महाराजयात जिँ अनेक हार्दिक धन्यवाद चढ़े यानागु दु ।

थुजाह्म देशहितैषी श्रीमान् श्री३महाराज चन्द्रशंशेर जंग बहादुर राणा, जी० सी० बी० आदि अनेक पदवीँ शोभित जुयाच्योँह्म जुजुया गुणकीर्त्तन भोसँ निष्कामना पूर्वक (अर्थात् स्वार्थ सिद्ध याय्गु विचा मयास्य) याना राजभक्ति याय्माः धका सकल दाजुकिजापिन्त विन्ती याईह्म :—

महाराजया छह्म अनन्य भक्त—

शुक्रराज शास्त्री ।

तस्वीर १४.३ : नेपालभाषा-व्याकरणको धन्यवाद पृष्ठ ।

अर्को वर्ष, वि.सं. १९८६ मा, शुक्रराज शास्त्रीले *स्वर्गको दरबार* कलकत्तामा छपाए । चन्द्र शमशेरका उत्तराधिकारी भीम शमशेरको राज्याभिषेकको अवसर पारी उनले त्यो पुस्तक छपाएका थिए । पुस्तकमा छापिएको "सविनय-प्रार्थना" मा लेखिएको छ :

यो मेरो प्रयत्न आफ्ना विद्वत्ता प्रकट गर्नाका निमित्त होइन, किन्तु हाम्रा श्री ३ महाराज भीम शमशेर जंगबहादुर राणाका राज्याभिषेकोत्सवको शुभ समारोहमा स्वयं भाग लिई हर्ष प्रकट गरी श्री ३ महाराजका सेवामा अर्पण गर्नाका निमित्त र जननी जन्मभूमी नेपालका तुच्छ सेवाका निमित्त मात्रै हो। (शास्त्री १९८६ : धन्यवाद पृष्ठ)

तस्वीर १४.४ : शुक्रराज शास्त्रीको संस्कृतप्रदीप ।

वि.सं. १९९० मा उनको *संस्कृतप्रदीप* निस्कियो ।[1] पुस्तकको मुखपृष्ठमै तात्कालिक श्री ३ महाराज जुद्ध शमशेरको फोटो हाली संस्कृतमा मालिनी छन्दका दुई पद्यमा र

[1] वि.सं. १९९० मा निस्केको पुस्तकमा १–३ भाग समेटिएका छन् (शास्त्री १९९०) । वि.सं. १९९२ मा निस्केको पुस्तकमा ४–५ भाग (शास्त्री १९९२क) र त्यही साल नै निस्केको अर्को पुस्तकमा ६–७ भाग समेटिएका छन् (शास्त्री १९९२ख) ।

नेपालीमा पनि श्री ३ को तारिफ गरेका छन् । नमूनाका लागि उनको लामो तारिफको एक अंश उद्धृत गरौँ :

> ऐले पनी गरीव दुःखी नेपाली प्रजाहरूका सव प्रकारका दुःखहरूको उद्धार, सामाजिक सुधार र विद्याको प्रचार आदिले नेपाललाई सव प्रकारबाट उन्नत र उज्ज्वल गर्नालाई निरन्तर तत्पर होई वक्सिने श्री ३ महाराज युद्ध शमशेर जंग बहादुर राणाको सदा जय जय जय । (शास्त्री १९९० : समर्पणम्)



समर्पणम्

) जगति विभवहीना मानवा ये हि दीनाः ,
इह हृदयविभग्ना आपदब्धौ निमग्नाः ।
विविधवहुलकष्टं सर्वमुद्धर्तुकामो
जयतु जयतु देवो युद्धशंशेरभूपः ॥
) अहितविहिततापो राजराजप्रतापः ,
सदयहृदयवर्यो लोकलोकप्रवर्यः ।
सकलकलनिधानः सूनुसूनुप्रधानः ,
श्वसितु स तु चिरस्य त्रासहेतोः परस्य ॥

प्रभो !

सारमा धर्मको अवनति तथा पापको उन्नति भई जव २ प्रजाहरू दुःख र विविध कष्टले पीडित हुन्छन्, तव२ धर्मको स्थापना आदि व्यवस्था गर्नालाई परमेश्व-रको अद्भुत ऐश्वर्यशक्तिको प्रादुर्भाव हुन्छ ।यस नियमले , कृष्ण, व्यास, वुद्ध, शंकर, आदि राऽर्षि महर्षिहरूले य २ मा संसारलाई उद्धार गरे ।

.ऐले पनी गरीव दुःखी नेपाली प्रजाहरूका सव प्रकारका, ःखहरूको उद्धार, सामाजिक सुधार र विद्याको प्रचार दिले नेपालाई सव प्रकारवाट उन्नत र उज्ज्वल गर्नालाई न्तर तत्पर होई वक्सिने श्री ३ महाराज युद्धशंशेर जंग दुर राणाको सदा जय जय जय··· ··· ··· ··· ···

प्रभो ! मैले नेपाली भाषामा संस्कृत-अंग्रेजी भाषाव्याकरण ाहित्यको सजीलो रुपले बोध गराउनालाई यस संस्कृतप्रदीप- रचना गरेको छु, यसवाट चाँडै विद्याको प्रचार हुनेछ । यो नाको तुच्छ उपहार भगवान् श्रीकृष्णजीको निम्नलिखित न स्मरण गर्दै प्रभुलाई समर्पण गर्दै छुः—

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत् ।
यत्तपस्यसि कौन्तेय ! तत्कुरुष्व मदर्पणम् ॥ (गी०९। २७)

प्रभुको एक अनन्य भक्त सेवक–शुक्रराज शास्त्री ।

तस्वीर १४.५ : संस्कृतप्रदीपको समर्पण पृष्ठ ।

आफूले हिन्दीमा गरेको उल्था सहितको *ब्रह्मसूत्रशाङ्करभाष्य*को पूर्वार्ध शुक्रराजले वि.सं. १९९३ मा छपाए । त्यसमा पनि जुद्ध शमशेरको फोटो राखी जयगान गरिएको छ (शास्त्री १९९३) । वि.सं. १९९४ को वैशाखमा भएको प्रदर्शनीमा जुद्ध शमशेरलाई त्यो पुस्तक

चढाउँदा कम्पनी रुपियाँ (अहिलेको भाषामा भा.रु.) १,५०० शुक्रराजले बकस पनि पाए। नेपालीभाषाप्रकाशिनी समितिमा जागिरे रहँदै २–३ महिनाको बिदा लिई शुक्रराज सो पुस्तकको उत्तरार्ध छपाउन भारत गएका थिए, त्यो पुस्तक वि.सं. १९९५ मा छापियो (शास्त्री १९९५)।

वि.सं. १९५० मा जन्मेका शुक्रराजले चन्द्र शमशेर, भीम शमशेर र जुद्ध शमशेर गरी तीन जना श्री ३ महाराजलाई देखे, बेहोरे। यी तीनै जना श्री ३ को शासनकालमा उनका पुस्तक प्रकाश भए। पुस्तकका रचयिता मात्र नभई प्रकाशक पनि शुक्रराज आफै थिए। ती पुस्तक प्रकाश गर्दा जुनजुन वेला जोजो श्री ३ महाराज छन्, तीतीको जयगान उनले आफ्ना पुस्तकमा गरेको कुरा माथि लेखिसकियो। शुक्रराजले राणाजीलाई रिझाउन आफ्ना पुस्तकमा उनीहरूको स्तुतिगान गरेको तथ्यलाई शुक्रराजको *स्वर्गको दरबार*को दोस्रो आवृत्तिका प्रकाशक मोहन दुवालले त्यस वेलाको परिस्थितिको आवश्यकताको रूपमा व्याख्या गरेका छन्। दुवाल लेख्छन् : "राणाजीको चाकरी गरेको नभई राणाजीहरूका प्रशस्ती लेखेर मात्र पुस्तक प्रकाशन गर्न पाइने त्यसताकाको दास-संस्कृतिको मार अन्यले भोगेजस्तै लेखक शुक्रराज शास्त्रीले पनि नैतिक शिक्षा जस्तो कृति स्वर्गको दरबारमा त्यसताकाको कटु सत्य भोग्न बाध्य भएका छन्" (२०६६ : प्रकाशकीय)।

राणा शासकहरू आफूलाई गाली गर्नेलाई सहँदैनथे, यो सत्य हो, तर पुस्तक प्रकाशन गर्न उनीहरूको तारिफ गर्नैपर्छ भन्ने थिएन। उदाहरणका लागि वि.सं. १९९२ मा दिव्यदेव पन्तले *शाहवंशचरित* प्रकाश गरेका थिए (हेर्नुहोस्, यही पुस्तकको अध्याय १०)। दिव्यदेवले त्यस पुस्तकमा राणाजीको तारिफमा एक शब्द पनि बोलेका छैनन्, बरु लेखेका छन् :

कस्को गर्नु असल् छ यस् वखत मा मैले कवीता भनी,
मन्मा ध्यान लिञा स्मृती हुन गयो मालीक को गर्भनी।
को हो मालिक यो विचार गरदा राजा बुझीया तहाँ,
राजा कै कविता म गर्छु खुशि भै जस्तो छ बुद्धी यहाँ॥ (पन्त १९९२ : पृ. २, श्लोक ७)

यस पद्यले घुमाउरो तवरले राणाहरूलाई तिमीहरू राजा होइनौ, खास राजा त शाहहरू हुन् भन्छ। तसर्थ, पुस्तक छाप्न शुक्रराजलाई श्री ३ हरूको जयगान गर्नु आवश्यक थिएन। उनले कुनै लाभको लागि नै स्तुतिगान गरेका थिए। *ब्रह्मसूत्रशाङ्करभाष्य*को पूर्वार्ध छापिसकेपछि उनले जुद्ध शमशेरबाट बकस पाएको कुरा माथि परिसकेको छ।

आफ्ना पुस्तकमा बहालवाला श्री ३ महाराजको फोटो राखी स्तुतिगान गर्ने शुक्रराज शास्त्री पछि नेपालीभाषाप्रकाशिनी समितिमा जागिरे भए। शुक्रराजलाई बिस्तारै राजनीतिको

चस्का लाग्दै गएको कुरा वि.सं. १९९४ मा उनको अध्यक्षतामा गुप्ती रूपमा नागरिक-अधिकार समिति खोलिएकोबाट अनुमान हुन्छ । *ब्रह्मसूत्रशाङ्करभाष्य*को उत्तरार्ध छाप्न भारत जाँदा महात्मा गान्धी र सुभाषचन्द्र बोसलाई भेटेर आयो भन्ने अभियोगमा उनको जागिर खोसियो र उनलाई नेपाल खाल्डो छोड्न नपाउने गरी नजरबन्द गरियो । जागिर खोसिएपछि "म बिरामी छु, घरमा खाने केही छैन यदि अनुमति पाए कलकत्ता गएर आफ्नो रोगको औषधी उपचार गर्दथें र पेट भर्ने मौका पाउँथें" (गौतम २०४६ : ९८) भनी उनले बिन्तिपत्र हाले ।

वि.सं. १९९५ मंसिर ११ गते शनिवार इन्द्रचोकमा शुक्रराजले घण्टाभर जति गीताविषयक व्याख्यान गरे । यसको भोलिपल्ट उनी पक्रिई सिंहदरबार लगिए । अनि कमाण्डर-इन-चीफको गारतमा उनी थुनिए । मंसिर १५ गते बुधवार साँझ ५ बजे उनलाई नेल ठोकी कमाण्डर-इन-चीफको गारतबाट जेल लगियो । शुक्रराजले गीताविषयक व्याख्यान गरेको सभामा गङ्गालाल श्रेष्ठले नेपालका प्रजा भेँडाबाख्रा हुन् भनेका थिए र शुक्रराजले सो कुरामा सही थापेका थिए । सोही कारणले शास्त्रीलाई तीन वर्ष कैद गर्ने गरी सजाय भएको हो (नयराज पन्त २०६९ : ४३३) ।

ज्यानसजाय पाएका शुक्रराजलाई धर्मसम्बन्धी कुरासिवाय कतैबाट कुनै राजनीतिक कुराले छोएको थिएन । उनलाई लगाइएको अभियोगमा गीताको व्याख्यान गरेको, जेलमा कैदी भाँडेको र *ब्रह्मसूत्रशाङ्करभाष्य*को हिन्दी अनुवादसम्बन्धी कुरामा गान्धीलाई भेटेको सिवाय अरू केही थिएन । उनको मुद्दा सुनवाइमा "तँ ज्यापूले गीताको व्याख्या गर्ने ! बडे-बडे नम्बरी पण्डितहरूले गर्न नसक्ने ब्रह्मसूत्र उल्था गर्ने ! तेरो बाबु गान्धी भेट्न जाने !" (२०१४ : २१३) भनी गढ्केको कुरामात्र हामी सुन्थ्यौँ भनी धर्मरत्न "यमि" ले लेखेका छन् ।

यी सबै कुराको सार के हो भने, शुक्रराज शास्त्रीमा राजनीतिसम्बन्धी त्यति धेरै विचार थिएन । राणा शासकलाई रिझाई जीविकोपार्जन गर्नमा उनी लागेका थिए । भारतमा गई अङ्ग्रेजविरोधी भारतीय नेताहरूलाई भेट्यो भन्ने अभियोगमा जागिर खोसी एक प्रकारको नजरबन्दमा राख्नु राणा शासनको ठूलो भूल थियो । यसलाई सामसुम पार्न सकिन्थ्यो । शुक्रराजको मनमा राणाविरोधी प्रबल भावना भएको भए पुस्तक प्रकाश गर्न थालेदेखि अन्त्यसम्म उनले राणा शासकको स्तुतिगान गर्ने थिएनन् । राणा शासकमा श्रद्धाभक्ति देखाउने मान्छेको र शहादतपट्टि अघि बढेको मान्छेको मनःस्थिति नदीका दुई किनारा हुन्, ती कवै मिल्न सक्दैनन् भन्ने कुरा राणा शासकले बुझ्न सकेनन् र शुक्रराजको बेफ्वाँकमा ज्यान गयो ।

गीताविषयक व्याख्यान गरेको अभियोगमा शुक्रराज शास्त्रीलाई तीन वर्षको सजाय दिएकोमा २६ महिना कटिसकेर १० महिना मात्र बाँकी थियो । त्यस्तो अवस्थामा राजकाज मुद्दामा मुछिएका दशरथ चन्द, धर्मभक्त माथेमा र गङ्गालाल श्रेष्ठ सरह उनलाई पनि ज्यानसजाय दिँदा कौटल्यको भाषामा प्रकृतिकोप भई राणा शासनको जग कमजोर हुनुमा यो पनि एउटा कारण बन्न गयो ।

१५

नेपालको इतिहासको खोजी र जूजेप्पे तुच्चि

रोमबाट ६८ कोश उत्तरपूर्वमा रहेको माचेरातामा ३१२ वर्षअघि जन्मेका कास्सिआनो र त्यहीँ १२६ वर्षअघि जन्मेका जूजेप्पे तुच्चिलाई नेपालको इतिहासमा रुचि राख्नेले सम्झने कारण छ । कास्सिआनो कापुचिन पादरी हुन् त जूजेप्पेचाहिँ पुराविद्याका अन्वेषक । क्रिस्तान धर्म फैलाउन ह्रासा हुँदै वि.सं. १७९९ को भदौमा भक्तपुर आई वि.सं. १८०३ को मंसिरसम्म त्यहीँ बसेका कास्सिआनोको डायरी छापिएको छ (पेतेक सन् १९५३) । त्यसबाट तात्कालिक नेपाल खाल्डोको विषयमा केही कुरा बुझ्न सकिन्छ ।

पन्ध्रौँ शताब्दीमा यूरोपमा भएको विद्यासम्बन्धी पुनर्जागरणबाट प्राचीन विद्याको परिशीलन गर्ने जुन परम्परा त्यहाँ बस्यो त्यसले गर्दा पछि गएर पृथ्वीका अरू भागका पनि विद्यासम्पत्ति सँगेट्न थालियो । यसै क्रममा जूजेप्पे तुच्चि पनि पूर्वको ज्ञानमा आकृष्ट भए । रोम विश्वविद्यालयमा कर्लो फर्मिकिसँग संस्कृत पढेका तुच्चि बौद्ध वाङ्मय हुँदै भोटको पुराविद्याको खोजी गर्न लागेका हुन् । इटालीका तानाशाह बेनितो मुस्सोलिनिका कट्टर् समर्थक आफ्ना गुरु फर्मिकिको प्रभाव तुच्चिमा पऱ्यो । आफ्ना गुरुमार्फत मुस्सोलिनिका नजिकका साथी तथा सहयोगी रोम विश्वविद्यालयमा दर्शनशास्त्रको इतिहासका प्रोफेसर जोभान्नि जेन्तिलसँग उनको चिनाजानी भयो । पछि तिनै प्रोफेसरको अधीनमा काम गर्न थाली उनी फासिज्मको पक्षमा उभिन पुगे । मिलानको भाषाशास्त्रीय केन्द्रमा फर्मिकि र फासिज्मका ठूल्ठूला अधिकारीहरूका सामुन्ने बङ्गाली कवि रवीन्द्रनाथ ठाकुरले वि.सं. १९८१ मा प्रवचन गरेका थिए । प्रवचनमा उनले फासिज्मको पनि विरोध गरेका थिए । त्यस प्रवचनको विरोध खुद मुस्सोलिनिले गरेपछि फर्मिकि र तुच्चिले पनि त्यसको विरोध गरे । तुच्चिको भारत, भोट आदि देशको भ्रमणमा जेन्तिलले सहयोग गरे, जेन्तिल र तुच्चिले

मिलेर इस्मेओ अर्थात् मध्य र सुदूरपूर्वसम्बन्धी समिति वि.सं. १९९० मा खोल्दा जेन्तिल अध्यक्ष भए र उनी बितेपछि तुच्चि त्यही पदमा आजन्म रहे । वि.सं. १९९२–१९९३ मा मुस्सोलिनिका प्रतिनिधि भई जापानमा फासिज्मको प्रचार गर्न उनी बसेकोबाट फासिज्मको नजिक तुच्चि थिए भन्ने बुझिन्छ (गर्जिल्लि सन् २००१, सन् २०१५बी) ।



तस्वीर १५.१ : जूजेप्पे तुच्चि (इन्टरनेटमा उपलब्ध) ।

आफ्ना गुरु फर्मिकिसँग वि.सं. १९९० को हिउँदमा तुच्चि नेपाल आएका थिए । तर यसभन्दा अगाडि नै नेपालमा उनको अन्वेषण चलिसकेको थियो भन्ने कुरा उनलाई नेपाल सरकारले मद्दत गरेकोले नै श्री ३ जुद्धलाई इटालियन सरकारले तक्माद्वारा सम्मान गरेको देखिन्छ ।

"१९३० को दशकका पछिल्ला वर्षमा, एशियामा मुस्सोलिनिको राजनीतिको प्रोपोगण्डामा तुच्चि अगुवा थिए" (गर्जिल्लि सन् २०१५बी : इण्ट्रोडक्शन १; अङ्ग्रेजीबाट मेरो उल्था) र "सबभन्दा पहिले त, तुच्चिको काम विद्वान्हरूको नियति फासिज्मको हातमा भएको वेलामा सम्पन्न भयो, त्यस शासनले मद्दत नगरेको भए विस्तीर्ण भूभागमा उनले गरेका थुप्रो पैसा मात्र भएर नपुग्ने, सरसामान मानिस र जनावर पनि चाहिने ठूलठूला अन्वेषणको लागि उनी खर्च जुटाउन सक्ने थिएनन्, तुच्चिद्वारा प्रवर्तित र सूत्रपात भएको, जोभान्नि

जेन्तिलले सन् १९३३ मा स्थापना गरेको इस्मेओ मार्फत प्राच्य संस्कृति र फासिस्ट प्रोपोगाण्डाको प्रसार क्रिश्चियन डेमोक्रेसीको स्वर्णयुगमा उनको (तुच्चिको) अगुवाइमा सन् १९५० को दशकमा पुरातत्त्वसम्बन्धी अन्वेषणको लागि गरिएका यात्राको विषयमा विचार नगरी इतिहासभर महत्तम र इटालीले जन्माएका अनुत्तम बुद्धिजीवीमध्ये एक, भोटविद्याका दक्ष विद्वान् यिनलाई चिन्ने आशा गर्न सकिँदैन" (सन् २०१५बी : इण्ट्रोडक्शन ४०–४१; अङ्ग्रेजीबाट मेरो उल्था) भनी उनकी प्रशिष्या अर्थात् चेलाकी चेली एन्रिक गर्जिल्लिले लेखेको कुरा मननीय छ ।

जूजेप्पे तुच्चि इटालीको फासिस्ट शासनको कति नजिक थिए भन्ने कुराको नमूनाको लागि श्री ३ जुद्धलाई तक्मा चढाउन इटालीको प्रतिनिधिमण्डल यहाँ आएको कुराबाट पनि थाहा हुन्छ । सबभन्दा पहिले, वि.सं. १९८९ चैत ८ गते नेपाल सरकारलाई टेलिग्राम पठाई यस कुराको खबर तुच्चिले गरे । यसको झण्डै १ महिनापछि वि.सं. १९९० वैशाख ५ गते कलकत्ताको इटालियन कन्सुल-जनरलबाट त्यही भावको चिठी आयो । यसपछि वैशाख २२ गते कन्सुल-जनरल जीनो स्कार्पा आफ्ना सहयोगी दोमेनिकोन, एक जना बङ्गाली कारिन्दा, एक जना फोटोग्राफर र दुई जना सेवक लिई काठमाडौँ आइपुगे । राजकीय इटालियन एकेडेमीमार्फत जूजेप्पे तुच्चिले गरेको अन्वेषणमा सहयोग गरेकोमा प्रशंसा गर्दै श्री ३ जुद्धलाई तक्मा चढाई सम्मान गरिएको थियो । आफूले लेखेको श्री ३ जुद्धको चरितमा भारतीय ऐतिहासिक ईश्वरी प्रसादले यस विषयमा लामो लेखेका छन् (सन् १९७५ : ११०–११५) ।

आफूलाई इटालियन सरकारले तक्मा दिएपछि इटालीका राजा तृतीय भित्तोरिओ इमान्युएललाई र प्रधानमन्त्री बेनितो मुस्सोलिनिलाई तक्मा दिने विचार जुद्धको भयो । त्यसैअनुसार राजालाई ओजस्विराजन्य र प्रधानमन्त्रीलाई सुप्रदीप्तमान्यवरनेपालतारा दिने निर्णय भयो । गद्दीनशीन श्री ५ त्रिभुवनको तर्फबाट ती तक्मा चढाउन भनी आफ्ना जेठा छोरा कमाण्डिङ जर्नेल बहादुर शमशेरलाई जुद्धले खटाए । त्यस ताका बहादुर शमशेर बेलायतमा नेपालसरकारको राजदूत भई लण्डनमा बसिरहेका थिए । दूतावासका मिलिटरी अट्याशे लेफ्टनेन्ट कर्नेल शोभागजङ्ग थापा र सुब्बा गुञ्जमान सिंहलाई साथ लिई इटाली पुगेर बहादुरशमशेरले वि.सं. १९९१ असार २८ गतेको दिन राजा भित्तोरिओलाई ओजस्विराजन्यको तक्मा टक्र्याए । राजाले पनि नेपाली दूत मण्डलीका तीनै जनालाई त्यही दिन यथोचित तक्मा दिए (बस्न्यात सन् २०१९ : ४, २३, ४१–४४) । अनि साउन १ गतेको दिन मुस्सोलिनीलाई सुप्रदीप्तमान्यवरनेपालताराको तक्मा चढाइयो (बस्न्यात सन् २०१९ : ६८) ।

राजालाई तक्मा चढाएको पर्सिपल्ट असार ३१ गते नेपाली दूतमण्डलीको स्वागत इटालीको राजकीय एकेडेमीमा भयो । त्यस एकेडेमीका अध्यक्ष रेडियोका नामूद आविष्कारक

गुग्लिएल्मो मार्कोनि थिए । उपाध्यक्षचाहिँ नेपाल आइसकेका संस्कृतज्ञ कर्लो फर्मिकि थिए । उनी र उनका शिष्य तुच्चिले एकेडेमीमा नेपाली दूतमण्डलीको स्वागत गरे । "यस एकेडेमीका विश्वविख्यात अध्यक्ष गुग्लिएल्मो मार्कोनि आज यहाँ उपस्थित हुन नसक्नुभए पनि महाराजबाट उदारतापूर्वक हामीलाई गरिएको मद्दतको सम्झना उहाँ वारंवार गर्नुहुन्छ" (बस्न्यात सन् २०१९ : ६४; अङ्ग्रेजीबाट मेरो उल्था) भनी स्वागतभाषणको शुरूमै फर्मिकिले बोली ठीक्क पारे । उनले थपे : "भारतीय विद्यामा इटालीले गरिरहेको अन्वेषणको काममा महाराजबाट तुच्चि र मउपर भएको आतिथ्य बिर्सिनसक्नुको छ" (बस्न्यात सन् २०१९ : ६४; अङ्ग्रेजीबाट मेरो उल्था) । "हाम्रा यी दुइ देशको बीचमा संस्कृतिसम्बन्धी घना समझ गराउने काममा निमित्त हुनुभएका प्रोफेसर तुच्चिको प्रशंसा नगरी यो अवसर उम्कन म दिन्नँ । पाण्डित्यमय अन्वेषण गर्न नेपाल आउने पहिलो इटालियन विद्वान् उहाँ हुनुहुन्छ । विद्याको लागि उहाँले हालै गर्नुभएको यात्रामा पाउनुभएको साफल्यको लागि उहाँलाई हार्दिक अभिनन्दन गर्न पाउँदा मलाई कम खुशी लागेको छैन" (बस्न्यात सन् २०१९ : ६५; अङ्ग्रेजीबाट मेरो उल्था) भनी बहादुर शमशेरले प्रत्युत्तर भाषण दिए ।

फासिस्ट शासनको निकै नजिक भएका तुच्चिको नेपालका शासकमा कति प्रभाव थियो र नेपालमा इटाली र तुच्चि झण्डै झण्डै पर्याय भएका थिए भनी यताबाट पनि नबुझिने होइन ।

भोटको इतिहासको खोजी गर्दागर्दै तुच्चि नेपालको इतिहासतर्फ आकृष्ट भए । पश्चिमी भोटको गुगेमा झण्डै दुई सय वर्ष जुम्लाका खस-मल्ल राजाहरूले राज्य गरेको कुरा त्यहाँको इतिवृत्तबाट थाहा पाएपछि कुनै समयमा साम्राज्यको रूप लिएको र कर्नाली प्रदेशमा केन्द्र भएको खस-मल्ल राज्यको इतिहासका उपकरणको खोजीमा उनी नेपालमा घुमे । परिणामस्वरूप तुच्चिका दुई ओटा कृति निस्किए (तुच्चि सन् १९५६ए, सन् १९६०) । तिनमा पहिलो अङ्ग्रेजीमा लेखिएको छ त दोस्रो उनको जन्मभाषा इटालियनमा । दुई वर्षपछि इटालियन पुस्तकको अङ्ग्रेजी उल्था पनि प्रकाशित भयो (तुच्चि सन् १९६२) । विद्वद्ग्राह्य पहिलो पुस्तकको सरलीकृत रूप दोस्रो पुस्तक हो भन्दा त्यति फरक नपर्ला ।

वि.सं. २०१३ मा प्रकाशित हुँदा १४४ रुपियाँ पर्ने तुच्चिको पुस्तक (तुच्चि सन् १९५६ए) नेपाली बजारमा सुलभ थिएन । वि.सं. २०१४ मा धनवज्र वज्राचार्यले त्यो पुस्तक वीर पुस्तकालय अर्थात् आजभोलिको राष्ट्रिय अभिलेखालयमा देखेछन् । नेपालमा पुराविद्याको खोजी गर्न आउने विदेशी विद्वान्हरू वीर पुस्तकालयमा अवश्य पुग्ने हुनाले त्यो पुस्तक उपहारको रूपमा त्यहाँ आएको हुनुपर्छ । त्यो पुस्तक सरसरी हेरेपछि आफ्ना सहपाठी ज्ञानमणि नेपाललाई धनवज्र वज्राचार्यले वि.सं. २०१४ मंसिर १५ गते पठाएको चिठीमा त्यस पुस्तकको विषयमा यस्तो लेखेका थिए :

तस्वीर १५.२ : जूजेप्पे तुच्चिको नेपालको आवरण ।

हालै मैले टुचीको "प्रिलिमिनरी रिपोर्ट अन् टु साइन्टिफिक एक्सपिडिशन इन नेपाल" भन्ने पुस्तक वीर पुस्तकालयमा देखें । यथावत् बुझ्न नसकेतापनि यो कुरा लेखेको रहेछ भन्ने आभाससम्म भने पनि मैले त्यसबाट पाएँ । त्यसमा उनले पश्चिम नेपाल यात्रामा पाइएका अभिलेखहरू सचित्र छपाएका छन् । त्यसको विवेचना पनि गरेका छन् । विशेष गरी उनले पृथ्वी मल्लको स्तम्भलेखको लम्बे विवेचना गरेका छन् । परन्तु त्यसमा उनले गोपाल वंशावलीको उपयोग गर्न सकेका छैनन् । त्यसैले खश राजाहरूको कालनिर्णय गर्नामा र उपत्यका आक्रमण जस्तो महत्त्वपूर्ण कुरामा केही पनि प्रकाश पार्न सकेका छैनन् । त्यसैले हामीले झटपट खश-आक्रमण विषयमा इतिहास-संशोधन गर्नु अति समयोचित संझेर त्यही विषयमा इतिहास-संशोधन लेखी ठीक पारेको छु । त्यसमा टुचीको पनि अलिकति संशोधन भएको छ । (नेपाल २०५४क : १६६)

पछि रत्न पुस्तक भण्डारलाई भनेर तुच्चिको त्यो पुस्तक झिकाइयो र संशोधन-मण्डलको पाठशालाका गुरु नयराज पन्तलगायत आठ जनाले जनही अठाह्र-अठाह्र रुपियाँ हाली त्यो पुस्तक किनियो ।


SERIE ORIENTALE ROMA
X
MATERIALS FOR THE STUDY OF NEPALESE HISTORY AND CULTURE
1

GIUSEPPE TUCCI

PRELIMINARY REPORT
ON TWO SCIENTIFIC EXPEDITIONS
IN NEPAL

ROMA
ISTITUTO ITALIANO PER IL MEDIO ED ESTREMO ORIENTE
1960

तस्वीर १५.३ : जूजेप्पे तुच्चिको पश्चिम नेपाल भ्रमणपछि निस्केको पुस्तक ।

खस-मल्ल राज्यको इतिहासका उपकरणको खोजी गर्ने कामको शुरूआत बाबुराम आचार्यको प्रयासबाट राणाकालमै भएको हो । तिनै उपकरणको र नेपालखाल्डोमा पाइएका सामग्रीको आधारमा तोत्रराज पाण्डेय र आफ्नो नाउँमा वि.सं. २००४ मा प्रकाशित *नेपालको इतिहास*मा त्यस राज्यको अलिकता भए पनि इतिहास प्रकाशित गर्न नयराज पन्त समर्थ भएका थिए (पाण्डेय र पन्त २००४ : ३०–३२) । त्यसै क्रममा दुल्लु पाथरनाउलीको, ढुङ्गामा कुँदिएको, शाके १२७६ तदनुसार वि.सं. १४११ को पृथ्वी मल्लको पालाको लेख बाबुराम र नयराजले वि.सं. २०१० मा छपाए (आचार्य र पन्त २०१० : ५३–५५) । त्यसपछि त्यस प्रदेशका अभिलेखका प्रकाशनको शुरूआत भयो । यसको लगत्तैजसो त्यस प्रदेशका अभिलेखहरूको खोजी गर्ने काम नरहरिनाथले तीव्र रूपमा शुरू गरे । लगभग यसै समयमा जूजेप्पे तुच्चिले पनि यस क्षेत्रमा व्यापक खोजी गरे । नरहरिनाथका खोजी

*इतिहास-प्रकाश*का अङ्कमा वि.सं. २०१२–२०१३ मा छापिए तथा तुच्चिको खोजी चाहिँ माथि चर्चित पुस्तकमा वि.सं. २०१३ मा भयो ।

नयराज पन्तमा राजनीतिको गहिरो चेतना भएकोले "प्रायः विदेशी विद्वान्हरू विद्याको लागि मात्रै यहाँ आउँदैनन्, उनीहरूको अरू अरू काम पनि हुन्छ" (२०२९ग : २४६) भन्ने उनको धारणा थियो । यसैले संस्कृतविद्या वा नेपालको इतिहास र नृतत्त्व आदिको खोजी गर्न आउने विदेशी विद्वान्हरूसँग उनी सम्पर्क गर्दैनथे । उनको यस धारणामा कामन्दकको निम्न वचनबाट पनि बल मिलेको थियो : "विद्या पढ्ने र कालीगढीको कामको निहुँले दुवैतिर (स्वपक्ष र परपक्ष) को पैसा खाएका मान्छेसँग सम्बन्ध राखेर कृत्यपक्ष (भड्काउँदा भड्किने मानिस) लाई र त्यहाँका राजाको चेष्टा पनि बुझ्नू । तीर्थ, आश्रम, देवतास्थानमा तपस्वीको भेष लिएका आफ्ना जासूसहरूसँग शास्त्रको चर्चा गर्ने भनेर भेट गर्नू" (*कामन्दकीय नीतिसार* १३ । १३–१४; संस्कृतबाट मेरो उल्था) । विदेशी विद्वान्हरूका कामकारवाई हेर्दा निकै हदसम्म उनको धारणा ठीक हो भन्न सकिन्छ ।

तुच्चिको सन्दर्भमा वि.सं. २००९ तिर हेमराज पण्डित र नयराज पन्तबीच भएको कुरा पनि यहाँनिर उल्लेख गर्नु उपयुक्त हुन्छ । हेमराजले बोलाएकाले नयराज एक दिन उनको घरमा जाँदा हेमराज र उनका जेठा छोरा केसरिराज बसिरहेका रहेछन् । मल्ल राजाहरूले पादरीहरूलाई गरिदिएका पत्रका उतार त्यहाँ राखिएकाले त्यसै विषयमा चर्चा चलेछ । त्यसताका तुच्चि यहीँ भएकाले उनलाई भेट्न जाने हेमराजको कार्यक्रम रहेछ र तुच्चिकहाँ जाने भए हिँड भनेजस्तो भावको कुरा उनले नयराजसँग गरेछन् । तुच्चिहरूले गरिरहेको अन्वेषण विशुद्ध विद्यासम्बन्धी काम मात्र होइन भन्ने आफ्नो दृढ धारणा भएकाले *कामन्दकीय नीतिसार*का माथि चर्चा गरिएका श्लोक हेमराजलाई सुनाई "विदेशीसँग सम्पर्क बढाउने मेरो विचार नभएकोले मैले जाने इच्छा गरिनँ" (२०२९ग : २४६–२४७) भनी नयराज पन्तले लेखेका छन् ।

नेपालमा पुराविद्याको खोजी गर्न आउने विदेशी विद्वान्हरूलाई नयराज पन्त कौटल्यको भाषामा भन्दा "सत्री" अर्थात् "विद्वान्को रूपमा हिँडेका राजकाजी मान्छे" ठान्दथे । उनलाई तुच्चिको सम्बन्ध फासिज्मसँग भएको कुरा पक्कै पनि थाहा थिएन । तैपनि उनमा राजनीतिको गहिरो चेतना भएकोले तुच्चिको कार्यकलाप विशुद्ध विद्याप्रेमबाट प्रेरित थियो भनी उनले ठानेका थिएनन् । "आर्थिक सहयोग राम्रै हुन्छ, बौद्धिक ज्ञान पनि बढ्छ, जान्छौ भने जाऊ न त भनेर बाबुराम आचार्यले" (नेपाल २०५७ : ५३) भन्दाभन्दै पनि विदेशी विद्वान्हरूप्रति आफ्ना गुरुको यस्तो धारणाको प्रभावमा परेर नै होला, तुच्चिको सहायक हुन ज्ञानमणि नेपाल नगएका ।[1]

[1] जूजेप्पे तुच्चिको पश्चिम नेपालको अन्वेषणयात्रामा सहायकको रूपमा आफ्नो नाउँ अघि सारिएको र विदेशीको अनुगामी भएर जान आफूले उचित नठानेको कुरा ज्ञानमणि नेपाल (२०५७ : ५२–५३) ले लेखेका छन् ।

विदेशीहरू नेपालमा खोजी गर्न आउन थालेदेखि नै नेपालीहरू उनीहरूका सहायक भई बस्ने परम्परा थियो। त्यस परम्पराको विरोधमा नयराज पन्त उत्रेकाले तुच्चि र उनका चेला रेन्यरो न्योलिका पुस्तक प्रकाशित हुनुभन्दा अगाडिबाटै संशोधन-मण्डल र इस्मेओबीच "शीतयुद्ध" चलिसकेको थियो। धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको नाउँमा वि.सं. २०१२ मा छापिएको *इतिहास-संशोधन* ५ सङ्ख्यामा परेको तलको वाक्यलाई यसको प्रमाणको रूपमा अघि सार्न सकिन्छ :

> श्रीकेशरवहादुर खत्री क्षत्री एम.ए.ले फैलाउन खोज्नुभएको भ्रमको निराकरण हामीले सप्रमाण खण्डन गरेका उहाँका उक्तिलाई सिद्ध गर्ने प्रमाण उहाँसँग छ वा उहाँले "महापुरुष तथा निष्पक्ष इतिहासकार" भनी प्रख्यापन गरिनुभएको श्रीजिशेप टुचीसँग छ भने पनि सो लिई हामीसंग शास्त्रार्थ गर्न आउनुहोला। (वज्राचार्य र नेपाल २०१२ : मुखपृष्ठ)

केशरबहादुर खत्री क्षत्रीले लेखेको कुराको खण्डन गर्दा *इतिहास-संशोधन*मा तुच्चिलाई मुछनुको कारण यहाँ खुलाउनुपरेको छ। लिच्छविकालका शिलालेख प्रकाशित गर्न मेजर केशरबहादुरलाई राणा शासनमै तुच्चिले प्रेरित गरेका थिए भन्ने कुरा खुद केशरबहादुरको पुस्तकमा छापिएको "परिचय" बाट थाहा पाइन्छ (के.सी. सन् १९७१ : १३)। *अभिसमयालङ्कार*मा विमुक्तिसेनको टीकाको लेखोट पुस्तकको फोटो मेजर केशरबहादुरलाई दिनुभएमा उनले मकहाँ पठाइदिनेछन् (पन्त २०४८क : ५२) भनी वि.सं. २०१० कात्तिक २५ गतेको दिन तुच्चिले हेमराज पण्डितलाई लेखेकाले नेपाल सरकारको शिक्षा सचिव भइसकेका केशरबहादुर तुच्चिको सेवामा लागिरहेको देखिन्छ।

लिच्छविकालका शिलालेख पढ्न केशरबहादुरको कति योग्यता थियो त्यो मलाई थाहा छैन। नेपाल सरकारको माथिल्लो ओहदामा उनी भएकाले र इस्मेओको पैसाको पनि पौल भएकोले उत्कीर्ण लेख पढ्ने काममा केही अनुभव भएका श्रीनाथ पाँडे र पूर्णहर्ष वज्राचार्यको तथा लिपि विशेषज्ञ भनी कहलिएका हेमराज शाक्यको सहयोग उनले पाएका थिए। त्यसमाथि, वि.सं. १९९६ देखि २००२ सम्म काम गरी लिच्छविकालका शिलालेखका मूलपाठ, उल्था र व्याख्यासमेत हाली नयराज पन्तले तयार पारेको अप्रकाशित पुस्तकमा अहिले केशरबहादुरको भित्रिया हुन पुगेका (नेपाल २०५४क : १७५), उनका मामा अर्थात् कान्छा मावली बाजेका छोरा श्रीनाथ पाँडेको पनि पहुँच थियो। यी सबै कारणले गर्दा इस्मेओमा लिच्छवि-शिलालेखको राम्रो सङ्ग्रह भयो।

यसैबीच तुच्चिका चेला रेन्यरो न्योलिको गुप्त लिपिका नेपाली शिलालेखको सङ्ग्रह (न्योलि सन् १९५६) प्रकाशित भयो। पहिले छापिइसकेका र छापिन बाँकी गरी ९२ ओटा

लिच्छविकालका शिलालेख त्यस पुस्तकमा समेटिएका छन्। तीमध्ये भगवान्लाल इन्द्रजीले प्रकाश गरेका १५ ओटा, सेसिल बेण्डलले प्रकाश गरेका चार ओटा, सिल्विं लेविले प्रकाश गरेका २१ ओटा शिलालेख गरी ३९ ओटाभन्दा बाहेक थप ५३ ओटा शिलालेख पढेको श्रेय आफैले लिने कोशिश न्योलिले त्यहाँ गरेका छन्। परन्तु बाबुराम आचार्य, नयराज पन्त, नरहरिनाथ आदि नेपालीहरूले प्रकाशित गरिसकेका १३ ओटा शिलालेख पनि न्योलिको पुस्तकमा परेकाले वास्तवमा उनले पहिलोपल्ट प्रकाशित गरेका शिलालेख ४० ओटा मात्रै हुन्। ती १३ ओटा शिलालेखलाई "अहिलेसम्म अप्रकाशित" को रूपमा देखाई टिप्पणीमा चाहिँ "यसैबीच केही उत्कीर्ण लेख वि.सं. २०१० मा काठमाडौँमा प्रकाशित मासिक पत्रिका *संस्कृत-संदेश* वर्ष १, अङ्क १–१२ मा नेपाली पण्डितहरूद्वारा सम्पादन भएका छन्" (तुच्चि सन् १९५६बी : प्रिफेस ९; अङ्ग्रेजीबाट मेरो उल्था) भनी लेखी फलानो-फलानो उत्कीर्ण लेख यो-यो अङ्कमा यी-यी पृष्ठमा छापिएका भनी खुलाइएकोले नेपालीहरूले गरेको अन्वेषणलाई त्यहाँ दोस्रो दर्जाको ठहऱ्याइएको छ भन्दा अत्युक्ति नहोला।

न्योलिको त्यस पुस्तकको प्रस्तावनामा तुच्चिले यस्तो लेखेका छन् :

> यी उत्कीर्ण लेख पत्ता लाउने श्रेय महामहिमा केशरबहादुरलाई छ। [यसद्वारा] नेपालका विगत कीर्तिमा विरल अनुरागको दृष्टान्त उहाँले आफ्ना देशवासीहरूको अगाडि राख्नुभएको छ। ...यस मुलुकका स्मृतिको लागि निःस्पृह प्रेमको उही भावनाले यस दृष्टान्तको अनुसरण अरूहरूले गरून् भन्ने मेरो इच्छा छ। ...डा. रेन्यरो न्योलिले यो संस्करण महामहिमा केशरबहादुरले जुटाइदिनुभएका उतारको आधारमा तयार गरेका हुन्। महामहिमा केशरबहादुरले दया गरी मद्दत नगर्नुभएको भए यो ठेली कहिल्यै प्रकाशित हुन नसक्ने हुनाले मैले उहाँलाई फेरि पनि आखिरमा धन्यवाद दिनुपर्छ। (तुच्चि सन् १९५६बी : ९–१०; अङ्ग्रेजीबाट मेरो उल्था)

यसबाट लिच्छविकालका शिलालेखको खोजीको विषयमा केशरबहादुर खत्री क्षत्री र उनका सहयोगीहरूको भूमिकाबारे माथि लेखिएको कुराको पुष्टि हुन्छ। "कृतज्ञ भई गरिएको अभिवन्दनको रूपमा महामहिमा केशरबहादुरलाई समर्पण गरिएको" (तुच्चि सन् १०५६बी, समर्पणवाक्य, अङ्ग्रेजीबाट मेरो उल्था) भनी त्यस पुस्तकमा लेखिएकोले त्यस पुस्तकसँग केशरबहादुर कतिसम्म जोडिएका रहेछन् भन्ने स्पष्ट हुन्छ।

"यी लिच्छवि शिलालेखको मैले र न्योलिले मिलेर गरेको अङ्ग्रेजी उल्था दोस्रो ठेलीमा छापिनेछ" (तुच्चि सन् १९५६बी : १०; अङ्ग्रेजीबाट मेरो उल्था) भनी मूलपाठ छाप्दा नै तुच्चिले भने पनि उनको र न्योलिको नाउँमा होइन कि उनको र टोरण्टो विश्वविद्यालयमा संस्कृतका प्रोफेसर वेङ्कटाचार्यले गरेको उल्था प्रकाशमा आएको कुरा

(तुच्चि र वेङ्कटाचार्य सन् १९६६) नेपालसम्बन्धी कृतिहरूको सूचीबाट थाहा भए (बूल्न्वा र मिलो सन् १९६९ : प्रविष्टि ४४९१) पनि त्यो पुस्तक मैले देख्न नपाएको मात्र नभई अरू कसैले चर्चा गरेको पनि थाहा छैन ।

राजगुरु हेमराज पण्डित र तुच्चि दुवै विद्याव्यासङ्गी भएकाले यिनमा मित्रता थियो । तुच्चि नेपाल आउँदा उनीसँग हेमराजको बाक्लो भेटघाट हुन्थ्यो तथा उनीहरूबीच चिठीपत्र पनि हुन्थ्यो । त्यसमाथि, हेमराज र तुच्चिको एउटा बानी पनि मिल्थ्यो । अरूका घरका पुस्तक आफूकहाँ ल्याएर राख्ने र ती पुस्तक कहिल्यै नफर्काउने भनेर हेमराज कहलिएका थिए । त्यस्तै बानीले गर्दा असन तछेबहालका सिद्धिहर्ष वज्राचार्यकहाँ रहेको ताडपत्रमा सारिएको *प्रमाणवार्त्तिक* हेमराजले उनीसँग लिई कहिल्यै फिर्ता गरेनन् (नयराज पन्त २०२९ग : २४५) । *प्रमाणवार्त्तिक*को त्यही पुस्तक पछि हेमराजकहाँबाट तुच्चिकहाँ पुग्यो र त्यहाँबाट त्यो कहिल्यै फर्किएन (सांकृत्यायन सन् १९५७ : १३८) । अरूकहाँको पुरावस्तु उठाएर आफूकहाँ राख्ने मात्र होइन, आफूले लग्न नपाएको खण्डमा त्यस्ता पुरावस्तु नष्ट गर्न समेत तुच्चि पछि हट्दैनथे भन्ने कुरा पनि सुनिएको हो ।

"दिल्लीको राष्ट्रिय अभिलेखागारमा लेखोट पुस्तकहरू राखिएको ठूलो कोठामा तुच्चिले पाइला टेक्दा त्यहाँका अधिकारीहरू उनी फर्केपछि सावधान भई पुस्तक गन्थे भनी भारत सरकारका विभिन्न ओहदामा धेरै वर्ष काम गरेका एक जना प्रख्यात भारतीय विद्वान्ले सन् २००३ को अक्टोबर महिनामा मलाई भने" (गर्जिल्लि सन् २०१५बी : ७८; अङ्ग्रेजीबाट मेरो उल्था) भनी तुच्चिकि प्रशिष्याले लेखेको कुरा पनि यहाँनिर सम्झनुपर्छ ।

बौद्ध धर्मका अध्येता, अन्वेषक र उपासक हुँदाहुँदै पनि तुच्चिले अपरिग्रह र अल्पभाण्डता अङ्गीकार गर्न सकेनन् । यसैले "बौद्ध गुरुहरूका गुरुतर प्राचीन ग्रन्थहरूमध्ये केहीको, कलाकृतिको र पुरातत्त्वसम्बन्धी वस्तुहरूले निजी सङ्ग्रह बनाउने लालचमा तुच्चिले हार खाए । यो यस्तो काम हो, जसले गर्दा सच्चा मनुष्यको रूपमा उनको इमानदारीलाई निस्सन्देह ओझेलमा पार्छ" (गर्जिल्लि सन् २०१५बी : इण्ट्रोडक्शन ४३; अङ्ग्रेजीबाट मेरो उल्था) भनी लेख्न उनकी प्रशिष्या विवश हुनुपर्‍यो ।

समुद्रपारबाट छापिएका पुस्तक अहिलेसम्म त हाम्रा पुस्तक पसलमा पाउन गाह्रो छ भने अहिलेभन्दा ६० वर्षभन्दा अगाडिको अवस्थाको त कुरै नगरूँ । आफ्नो रुचिको कुनै पुस्तक छापिएको थाहा भएपछि पसलेलाई बिन्तिभाउ गरी झिकाउन लगाएपछि मात्र त्यस्तो पुस्तक किन्न पाइन्थ्यो । त्यसैले तुच्चि र उनका चेलाहरूले प्रकाश गरेको पुस्तक यहाँ बजारमा हुने सम्भावनै भएन । तर त्यस्ता पुस्तक वीरपुस्तकालय (अहिलेको राष्ट्रिय अभिलेखालय), ठूलठूला ओहदामा बसेकाहरू र आफ्नो काममा सहयोग गर्नेहरूलाई विदेशी विद्वान्हरू पठाउने गर्थे । नयराज पन्तको जस्तो विदेशीहरूसँग सम्पर्क गर्दै नगर्ने स्वभाव बाबुराम आचार्यको नभएकोले नेपालसम्बन्धी अन्वेषण गर्न आउने विद्वान्हरू उनीकहाँ

पुग्ने गर्थे। यसैले होला, न्योलिले सम्पादन गरेको लिच्छविशिलालेखसङ्ग्रह (सन् १९५६) बाबुरामले पनि पाएका रहेछन्। अनि वि.सं. २०१४ असोजमा उनीकहाँबाट त्यो पुस्तक धनवज्र वज्राचार्यले हेर्न भनी ल्याए (नेपाल २०५४क : १६५)।

त्यस पुस्तकमा भारतका भगवान्‌लालले छपाएका शिलालेख भगवान्‌लालको नाउँमा, बेलायतका बेण्डलले छपाएका शिलालेख बेण्डलको नाउँमा, फ्रान्सका लेविले छपाएका शिलालेख लेविको नाउँमा दर्ता भएका र हामी नेपालीले छपाएका शिलालेखको हकमा चाहिँ जानाजान "अप्रकाशित" भनी लेखिएकोले यो हामी नेपालीको उपरमा अन्याय हो तथा हाम्रो राष्ट्रिय अपमानसमेत हो भन्ने नयराज पन्त र उनका शिष्यहरूलाई लागेकोले उनीहरूले यसको कडा विरोध गरे। न्योलिले "अप्रकाशित" भनी छपाएका शिलालेखमध्ये बाबुराम र नयराजको नाउँमा छापिएका शिलालेख पनि भएकाले बाबुरामको परिश्रमको पनि त्यसमा अपहरण भएको थियो। उनको तर्फबाट न्योलिको यस कामको विरोध हुनुपर्छ भनी नयराजले उनलाई भन्दा उल्टो हामी नेपालीले फ्याक्सिमिलि छपाउन नसकेकाले न्योलिले "अप्रकाशित" भनेका हुन् भनी उनले टारिदिए (पन्त २०७१क : २४३–२४४)।

यसको झण्डै सात वर्षपछिको कुरा हो। तुच्चिकहाँ संशोधन-मण्डलका पाइने जति कृति पठाउने सल्लाह भयो। अनि वि.सं. २०२१ साउन २२ गते चिठी लेखी एउटा पार्सल भोलिपल्ट २३ गते रवाना गरिए। त्यस चिठीको मसौदा मैले गरेको थिएँ। संशोधन-मण्डलको तर्फबाट शिष्टाचारपूर्वक लेखिएको त्यस चिठीमा नेपालीहरूले खोजी गरी प्रकाश गरेका लिच्छवि शिलालेखलाई न्योलिले "अप्रकाशित" मानेको कुरातर्फ सङ्केत गरी संस्कृतमा लेखिएको त्यस चिठीमा "यहाँहरू पनि नेपालको इतिहासलाई लिएर पुस्तक लेख्न लाग्नुभएको छ। तर यो दुःखको कुरा हो कि यहाँहरूले हाम्रो कामको विषयमा विद्वान्‌ले गर्ने व्यवहार गर्नुभएन। भैगो, ज्यादा विस्तार नगरूँ। आइन्दा यस्तो व्यवहार हुनेछैन भन्ने हामीहरू आशा गर्छौं" (संस्कृतबाट मेरो उल्था) भनी चिठी टुङ्ग्याइएको थियो। धेरै समयसम्म त्यस पार्सलको पहुँच नआएकोले मङ्सीर १० गते तुच्चिकहाँ फेरि चिठी पठाइयो। संस्कृतमा लेखिएको यस चिठीको मस्यौदा यसपालि धनवज्र वज्राचार्यले गरेका थिए। हामीले पठाएका पुस्तकपुस्तिका पाइसकेको कुरा सन् १९६५ फेब्रुअरी २४ तारिख तदनुसार फागुन १३, २०२२ गते तुच्चिले लेखेको चिठी हामीकहाँ पछि आयो। त्यो चिठी हामीले जस्तै तुच्चिले पनि संस्कृतमै लेखेका थिए। "एशिया भन्ने नाउँ भएको देशमा धेरै घुमेर यही हप्तामा आफ्नो घर फर्कंदा जुन पुस्तक सौहृद्यद्वारा यहाँहरूले पठाउनुभएको थियो, ती सबै टुटफुट नभईकन पाइए। तर आजसम्म धेरै काम भएकोले ती राम्ररी पढ्न फुर्सद पाएको छैन। अर्को महिना पढेर तिनको समालोचन गर्नेछु भन्ने आशा छ। समालोचन गरेर इष्ट एण्ड वेष्ट नाउँको पत्रिकामा छपाउनेछु" (संस्कृतबाट मेरो उल्था) भनी उनले लेखेका थिए।

१६

अम्बिकाप्रसाद उपाध्याय र उनको *नेपालको इतिहास*

नेपालीले लेखेका नेपालको इतिहासमध्ये अम्बिकाप्रसाद उपाध्याय (१९७९) को *नेपालको इतिहास* पहिलो हो । यसैले यो *इतिहास*को नेपालको इतिहास लेखनको परम्परामा विशेष ठाउँ छ । यस लेखमा त्यस इतिहासका रचयिता र त्यस इतिहासको विषयमा प्रकाश पार्ने कोशिश गरिन्छ ।

वि.सं. १८३९ मा गोरखाले तनहुँ राज्य पूरै जितिसकेपछि पराजित राजा हरकुमारदत्त सेन भागी रामनगर गए । चम्पारन जिल्लामा पर्ने रामनगर त्यस वेला राजपुरको मुख्य शहर थियो । सेन राजाहरूले मुगल बादशाहलाई तिरो तिरी राजपुरको भोगचलन गरी आएकाले राजपुर तनहुँ राज्यको अङ्गको रूपमा रहिआएको थियो । वि.सं. १८२२ मा मुगल बादशाह द्वितीय शाह आलमबाट ब्रिटिश इष्ट इण्डिया कम्पनीले बङ्गाल, बिहार र उडिसाको दीवानी पाएपछि त्यहाँ मुगलको ठाउँ अङ्ग्रेजले लिए । गोरखा र तनहुँको वारंवारको लडाइँको मौका छोपी राजपुरका १५ तप्पामध्ये साढे १२ तप्पा आफ्नो नाउँमा दर्ता गर्न बेतियाका राजा सफल भए । तनहुँबाट भागेर हरकुमारदत्त रामनगर पुगेपछि उनका कान्छा भाइ जानकीदत्तको नाउँमा अढाइ तप्पा मात्र दर्ता हुन सक्यो । पछि हरकुमारदत्तले जानकीदत्तलाई इष्ट इण्डिया कम्पनीको राजधानी कलकत्ता पठाई भाइको नाउँ कटाएर आफ्नो नाउँमा ती तप्पा दर्ता गरे । यसबाट तनहुँले सेनको उत्तराधिकारसहितको राजा पदवी र अढाइ तप्पाबाट हुने राजकीय खानगी कायम रहन गई रामनगर राज्यभित्र ५८४ मौजा पर्न गए ।

आफ्ना डेढ वर्षका छोरा गीर्वाणयुद्धविक्रमलाई वि.सं. १८५५ मा राजा बनाई रणबहादुर शाह आफू जोगी भई बसेका थिए । अर्को वर्ष गीर्वाणयुद्धकी आमा कान्तवती परलोक भएपछि

उनी विक्षिप्त जस्तै भई राजकाजमा हात हाल्न थाले। यसले गर्दा रणबहादुरले राज्य छोडेपछि गीर्वाणयुद्धको नाउँबाट राज्य चलाइरहेका भारदारहरू र उनीबीच सङ्घर्ष भयो। अनि उनी यहाँबाट भागी वि.सं. १८५७ मा काशी पुगे। गोरखा राज्यमा गृहकलह भएको मौका छोपी रणबहादुरको पक्ष लिन हरकुमारदत्त पुगे। रणबहादुरको सेवा गर्न भनी बाटोमा उनले आफ्ना मानिससमेत पठाएका थिए। हरकुमारदत्तको सेवाबाट प्रसन्न भएका रणबहादुरले उनलाई "हिजोदेखिका हाम्रा हुन् भनि सम्झ्या गयेछ र आज हाम्रा सामिल भयादेखि पछि तिम्रो पनि बन्ला" (नरहरिनाथ २०१२ : ९७) भनी चिठी लेखेका थिए। वि.सं. १८६० सम्म काशीमा बसेका रणबहादुरले त्यहीँ आफ्नी छोरी तेजोराज्यलक्ष्मीको विवाह हरकुमारदत्तका छोरा तेजःप्रतापसँग गरिदिए। रणबहादुर नेपाल फर्कँदा जुवाइँ तेजःप्रताप पनि उनीसँगै काठमाडौँ आए। वि.सं. १८६२ मा कारणवश रणबहादुर जुवाइँ तेजःप्रतापसँग रिसाएकाले उनी भागेर रामनगर आए। त्यही साल बाबु हरकुमारदत्त बितेपछि तेजःप्रताप रामनगरको गद्दीमा बसे।

गोरखाले आफ्नो राज्य कब्जा गरेकोले तनहुँले राजपरिवार गोरखाको विरोधी बन्ने नै भयो। त्यसमाथि, गोरखाकी राजकुमारीसँग तेजःप्रतापको विवाह भए पनि राजकुमारी पतिगृह छोडी माइतमा आई बसेकीले ससुरालीसँग तेजःप्रतापको राम्रो सम्बन्ध भएन। यसैले वि.सं. १८७१–१८७२ मा नेपाल र ब्रिटिश भारतको लडाइँ हुँदा नेपालको सुदूरपश्चिम प्रान्तमा हमला गर्न आएका अङ्ग्रेज सेनापति डेभिड अक्टरलोनीको मद्दतका लागि आफ्ना भाइ अमरप्रतापलाई गोरखाविरुद्धको लडाइँमा उनले पठाएका थिए।

निस्सन्तान तेजःप्रताप वि.सं. १८८८ मा परलोक भएपछि दुई वर्षअगाडिको निर्णयबमोजिम उनकी जेठी रानी तिलोत्तमाले रामनगर राज्यमा आफ्नो हक दाबी गरी सरकारी स्रेस्तामा आफ्नो नाउँ चढाउन अदालतमा दरखास्त दिइन्। उता उनका देवर अमरप्रतापले पनि त्यस राज्यमा दाबी गरी मुद्दा हाले। अदालतमा मुद्दा चल्दै गर्दा भाउज्यूलाई झुक्याएर आफ्नो पक्षमा सही गराउन सकेकाले वि.सं. १८९१ मा अमरप्रताप रामनगरको राजा हुन सके। त्यही साल अमरप्रताप बितेपछि उनका उत्तराधिकारीको विषयमा खिचलो उठ्यो। अमरप्रतापकी जेठी रानी अमरराज्यलक्ष्मीलाई अङ्ग्रेज सरकारले रामनगरको गद्दीको हकदार मानेकोले रामनगरमा अमरराज्यलक्ष्मीको राज कायम भयो।

अमरराज्यलक्ष्मी वि.सं. १८९६ मा बितेपछि उत्तराधिकारको विषयमा फेरि खिचलो उठ्दा वि.सं. १९०२ मा मात्र रिसिङका राजा मधुसूदन सेनका वंशधर प्रह्लाद सेन रामनगरको गद्दीमा बस्न सके। आफ्नी एक मात्र जीवित सन्तान छोरी बोधकुमारीको विवाह उनले श्री ५ राजेन्द्रविक्रम शाहकी कान्छी रानी राज्यलक्ष्मीतर्फका कान्छा छोरा वीरेन्द्रविक्रमसँग गरिदिएका थिए। वि.सं. १९३६ मा प्रह्लाद सेन बितेपछि उनकी रानी विन्ध्यवासिनीले रामनगरको गद्दीमा अधिकार जमाइन्। वि.सं. १९४३ मा विन्ध्यवासिनी बितेपछि राज्यको उत्तराधिकारको विषयमा पुनः खिचलो उठ्यो। आफ्नो जीवितावस्थामै प्रह्लाद सेनले वि.सं.

१९३३ मा लेखेको हिदायतनामा अनुसार वि.सं. १९४५ मा उनका दौहित्र मोहनविक्रम शाह रामनगरको गद्दीमा बसे । यसरी वि.सं. १८३९ मा रणबहादुरको पालामा तनहुँ राज्य गोरखाले जित्दा पनि तनहुँले राजाहरूको अधिकारमा रहिरहेको रामनगरको राज्य १०६ वर्षपछि फेरि रणबहादुरका जनाति मोहनविक्रमको अधीनमा आयो ।

गोरखालीसँगको लडाइँमा हारेर रामनगरतिर लाग्दा तनहुँका राजा हरकुमारदत्तसँगसँगै जाने तनहुँलेहरूमा तनहुँ सिम्पानीका पौडेलहरू पनि थिए । त्यही पौडेलवंशका देवीप्रसाद उपाध्याय वि.सं. १९४१ भन्दा अगाडि नै रामनगर राज्यको भित्रिया भइसकेका थिए । आफ्नो मावलीतर्फबाट रामनगरको राज्य मोहनविक्रमले पाए पनि अरू दावेदारसँग मुद्दा लडिसकेपछि मात्र गद्दीमा उनको अधिकार निश्चित हुन सकेको थियो । यस काममा देवीप्रसादले निकै मिहिनेत गरेकाले उनीसँग खुशी भई मोहनविक्रमले उनलाई मुंतजिम अर्थात् म्यानेजरको पदवी दिए । पछि वि.सं. १९५१ मा दुई ओटा गाउँ पनि उनलाई मोहनविक्रमले लेखेर दिए । राजा राजेन्द्रकी कान्छी महारानी राज्यलक्ष्मी वि.सं. १९५६ मा बनारसमा बितेपछि उनको सम्पत्तिमा दाबी गरी हकदारहरूको बीचमा मुद्दा पर्दा पनि देवीप्रसादले बनारसको सब-जजी कचहरीदेखि इलाहाबादको हाईकोर्टसम्म आफ्ना मालिक मोहनविक्रमको तर्फबाट पैरवी गरी मुद्दा जिताएका थिए ।

वि.सं. १९६८ मा मोहनविक्रम परलोक भएपछि गद्दीको उत्तराधिकारको विषयमा फेरि खिचलो उठ्दा वि.सं. १९७४ मा मात्र उनकी रानी क्षेत्रकुमारीको रामनगरको गद्दीमा अधिकार हुन सक्यो । क्षेत्रकुमारीको राज चलेको एक वर्ष पूरा भएको लगत्तै जसो वि.सं. १९७५ मा "विहारका हाकिमहरूले" उनलाई "राज्यप्रबन्ध गर्नामा अयोग्यताको दोषारोपण गरी राज्य कोर्ट गरिदिए ।" त्यसको प्रतीकार गर्दै रानी क्षेत्रकुमारीले कलकत्ता हाईकोर्टमा नालिश गरिन् । सो मुद्दामामिलामा रानीलाई देवीप्रसादका भाइ सिद्धिप्रसाद उपाध्यायका जेठा छोरा, एम.ए., बी.एल. पास गरेका पटना हाईकोर्टका एड्भोकेट अम्बिकाप्रसाद उपाध्यायको मद्दत मिलेको थियो । "हाकिमहरूले" अम्बिकाप्रसादको "योग्यता स्वीकार गरी कोर्ट" छोडिदिए । सो कोर्ट छुटेपछि रानीसाहेबले कलकत्ता हाईकोर्टबाट आफ्नु दरखास्त फिर्ता गराइन् । त्यसै दिनदेखि "रामनगर राज्यमा" रानी क्षेत्रकुमारीको "अकण्टक आधिपत्य स्थापित भयो" (उपाध्याय १९८६ : २९४) ।

रामनगरका फौजदार देवीप्रसाद उपाध्यायको साहित्यमा पनि रुचि भएको कुरा उनका क्रियाकलापबाट थाहा हुन्छ । बनारसबाट नेपालीमा छापिने मासिक पत्रिका *गोर्खा भारतजीवन*को सन् १८८७ जुलाई १८ तारिख तदनुसार वि.सं. १९४४ श्रावण ४ गतेको अङ्कमा यिनले हिन्दीमा एउटा विज्ञापन छपाएका छन् । नयाँ साल अर्थात् सन् १८८८ को जनवरी १ तारिखदेखि *गोर्खा* नाउँको नेपाली भाषामा साप्ताहिक पत्रिका छापिने कुरा त्यस विज्ञापनको मूल विषयवस्तु हो । रामनगर र बनारसको रहनसहनमा हुर्केबढेकाले

देवीप्रसादले नेपाली भाषाको पत्रिकामा अर्को नेपाली-भाषी पत्रिका शुरू गर्नेसम्बन्धी विज्ञापन हिन्दीमा लेखेको हुनुपर्छ । उनले हिन्दीमा लेखेको *सुन्दरसरोजिनी* नाउँको उपन्यास वि.सं. १९५० मा छापिएको थियो । आफ्नी पत्नी नर्मदादेवीको मृत्युशोकमा यिनले हिन्दीमा लेखेको *हृदयोद्गार* नाउँको काव्य वि.सं. १९७० मा प्रकाशित भएको थियो । यिनका नेपाली भाषामा कृति नपाइए पनि *गोर्खापत्र*को वि.सं. १९५८ कात्तिक शुक्लचतुर्दशीको दिन प्रकाशित अट्ठाइसौँ अङ्कमा छापिएको यिनको "प्रेरितपत्र" ले उनी नेपालीका पनि राम्रा गद्य लेखक रहेछन् भन्ने दर्शाउँछ । मोतीराम भट्टले वि.सं. १९४८ मा छापिएको आफ्नो *उषाचरित्र* यिनै देवीप्रसादलाई समर्पण गरेका छन् (शर्मा भट्टराई २०४८ : ६–७, २०५६ : ४–७) । त्यही साल छापिएको आफ्नो अर्को कृति *प्रह्लादभक्तिकथा* चाहिँ मोतीरामले देवीप्रसादका मालिक रामनगरका राजा मोहनविक्रमलाई समर्पण गरेका छन् (शर्मा भट्टराई २०४६ : २४, २०५६ : ८–१०) । यी सबै कुराबाट देवीप्रसाद आफूमात्र लेखक-कवि नभई लेखक कविका भर्ता पनि रहेछन् भन्ने थाहा हुन्छ ।[1]

अम्बिकाप्रसादको जन्म कहिले भयो, मलाई थाहा छैन । उनकी पत्नी अम्बालिकादेवीको जन्म वि.सं. १९५१ मा भएकोले (प्रसाई २०६६ : ७) त्यही समयको आसपास उनको जन्म भएको हुन सक्छ । वि.सं. १९९३ पुस १ गते उनकी पत्नी परलोक गएको पाँच वर्ष बितेपछि अम्बिकाप्रसादको मृत्यु भयो भनी उनकी पत्नीको विषयमा लेख्दा उनकी पत्नीको पुस्तकका पुनःप्रकाशकले लेखेकाले (प्रसाई २०६६ : १६) वि.सं. १९९८ मा अम्बिकाप्रसादको मृत्यु भएको देखिन्छ । ११ वर्ष अगाडि यो फेरि छापिएकोले अहिले सुलभ भएको छ (अम्बालिकादेवी २०६६) ।

अम्बिकाप्रसाद निस्सन्तान भएकाले उनले आफ्ना माहिला भाइ शारदाप्रसादका जेठा छोरा राजेश्वरिप्रसादलाई विधिपूर्वक धार्मिक कृत्य गरी धर्मपुत्र बनाएका थिए (शर्मा २०६० : २९; प्रसाई २०६६ : १४) । तिनै राजेश्वरिप्रसादले वि.सं. २००४ मा अम्बिकाप्रसादको इतिहासको तेस्रो संस्करण निकाले (उपाध्याय २००४) ।

अम्बिकाप्रसाद पटना हाईकोर्टका एड्भोकेट तथा विहार र उडिसाको लेजिस्लेटिभ काउन्सिलका सदस्य मात्र नभई कलकत्ता, पटना र बनारस विश्वविद्यालयको सभाका सदस्य पनि थिए । यी तीनै विश्वविद्यालयमा नेपाली भाषाको पढाइ शुरू गर्ने काममा यिनको हात थियो । लेखपढको माहौल भएको घरमा जन्मेका, भारतमा चलेको अङ्ग्रेजी शिक्षा पद्धतिअनुसार चूडान्त पाण्डित्य हासिल गरेका, प्रभावशाली एड्भोकेट अम्बिकाप्रसादले *नेपालको इतिहास* किन लेखे भन्ने कुरा अनुसन्धेय छ ।

[1] अम्बिकाप्रसादका जेठाबाबु देवीप्रसाद मात्र उपन्यासकार नभई अम्बिकाप्रसादकी पत्नी अम्बालिकादेवी पनि नेपालकी पहिली उपन्यासकर्त्री हुन् । उनीले लेखेको *राजपूत रमणी* उपन्यास वि.सं. १९८९ मा छापिएको थियो ।

तस्वीर १६.१ : अम्बिकाप्रसाद उपाध्याय (नेपालको इतिहास र [रामनगरको इतिहास] बाट) ।

अम्बिकाप्रसाद उपाध्यायको *नेपालको इतिहास* राणा शासनको प्रशंसाले भरिएको छ । त्यसमाथि, अम्बिकाप्रसादले श्री ३ चन्द्र शमशेरलाई सो पुस्तक समर्पण मात्र नगरी गद्दीनशीन श्री ५ त्रिभुवनलाई वास्तै नगरी चन्द्र शमशेरलाई "नेपालदेशका अधिपति," "विष्णुको अंश," "भगवद्वाक्य अर्थात् 'नराणां च नराधिपः' यस उक्तिको उदाहरण स्वरूप" (१९८६ : प्रथम संस्करणको समर्पण वाक्य) भनेका छन् । आफ्ना जेठाबाबु तथा आफूले लेखेको इतिहासका प्रकाशक देवीप्रसादबाट "त्यो ग्रन्थ लेख्दा ठुलो सहायता पायेको" कुरा अम्बिकाप्रसादले "भूमिका" मा लेखेका छन् (१९८६ : प्रथम संस्करणको भूमिका ३) । "अन्तमा श्री पं. काशीनाथ दीक्षिताचार्य एवं मीर सुब्बा पं. राममणि आ,दि, ज्यूबाट पनी एस कार्यमा ठूलो सहायता मिलेको हुँदा वहाँहरू लाई पनी अनेकानेक धन्यवाद चढाउँछु" (१९८६ : प्रथम संस्करणको भूमिका ४) भनी उनले लेखेका छन् । यसले त्यो *इतिहास* लेख्दा काशीनाथ र राममणि दुवै बाबुछोराले अम्बिकाप्रसादलाई मद्दत गरेको स्पष्ट हुन्छ ।

अम्बिकाप्रसादको *इतिहास* छापिँदा राममणिको इतिहास (हेर्नुहोस्, यसै पुस्तकको अध्याय ११) एकसरो तयार भइसकेको थियो । राममणि र अम्बिकाप्रसाद दुवैको इतिहास लेखनको मूल उद्देश्य चन्द्र शमशेरको अनुकूलको इतिहास लेख्नु थियो । अम्बिकाप्रसाद कानून पढी पहिलो नेपाली वकिल हुँदा चन्द्र शमशेरले उनलाई बधाइपत्र पठाएका थिए

भनी उनकी भतिजीले लेखेकीले (शर्मा २०६० : १६) चन्द्र शमशेरको नजरमा उनी चढेको देखिन्छ । पुस्तौँदेखि आफ्नो सेवक भएर रहेका, त्यही सेवाको बदौलत नेपालमा प्रतिष्ठित भए पनि बाहिरफेर कसैले नचिन्ने राममणिको नाउँमा आफ्नो जीवनचरित्र छपाउनुभन्दा भारतको हाइकोर्टमा वकिल भएका अम्बिकाप्रसाद उपाध्यायको नाउँमा आफ्नो जीवनचरित्र छपाउन चन्द्र शमशेरले श्रेयस्कर सम्झेको हुन सक्छ । यसैले चन्द्र शमशेरको हुकूमबमोजिम काशीनाथ र राममणिले अम्बिकाप्रसादलाई *इतिहास* लेख्ने काममा सहयोग गरेको हुन सक्छ ।

राममणिका साँहिला भाइ लक्ष्मणमणिको विवाह अम्बिकाप्रसादका जेठाबाबु देवीप्रसादकी छोरी विष्णुकुमारीसँग वि.सं. १९६६ मा भएकोले चन्द्र शमशेरको जीवनचरित्र राममणिले लेख्ने भन्ने कुरा चल्नुभन्दा पनि अगाडि नै यी दुई परिवार कुटुम्ब भइसकेका थिए । आफ्नी दिदी विष्णुकुमारीका ससुरा काशीनाथ कलकत्तामा औषधि गर्न जाँदा अम्बिकाप्रसादले उनलाई डाक्टरकहाँ लगेकाले (आचार्य दीक्षित २०३१ : २७५) यी दुई परिवार नजिकिएका थिए भन्न सकिन्छ । यस नातासम्बन्धबाट पनि अम्बिकाप्रसादको इतिहास लेखनमा काशीनाथ र राममणिले मद्दत गरेको हुन सक्छ ।

अम्बिकाप्रसादको *नेपालको इतिहास*को वि.सं. १९८६ मा छापिएको दोस्रो संस्करणको "भूमिका" मा ग्रन्थकारले "यस्का दोस्रा संस्करणमा अनेक परिवर्तन र परिवर्धन गरिएका छन् । नेपालका अत्यन्त प्रतिष्ठित विद्वान् पं. काशीनाथ दीक्षिताचार्य ज्यू महोदय तथा मीर सुब्बा पं. राममणि महोदय वाट इतिहाससम्बन्धी अनेक गूढ र अज्ञात विषयको पत्ता पाई एस पाली यस्मा सन्निवेश गरिएको हुना ले एस पुस्तकको गौरव र उपादेयता झन् अझ बढेको छ" भनी लेखेकाले काशीनाथ र राममणिले यस संस्करणमा अझ बढी मद्दत गरेका थिए भन्ने स्पष्ट हुन्छ । दोस्रो संस्करण छापिनुभन्दा एक वर्षअगाडि नै पर्सिभल ल्याण्डनको *नेपाल* प्रकाशित भइसकेकोले र राममणिले लेखेको इतिहास प्रकाशित गर्नेतर्फ कुनै चालचुल नभएकोले राममणिको पुस्तकका केही भाग यसमा परेको हुनु धेरै सम्भव छ । यस विषयमा इदमित्थं त अम्बिकाप्रसादको *इतिहास*लाई राममणिको अझै अप्रकाशित इतिहाससँग दाँजेपछि मात्र थाहा होला ।

नेपाली भाषामा लेखिएका वंशावली र मुख्य गरी अङ्ग्रेजीका नेपालसम्बन्धी पुस्तकको आधारमा अम्बिकाप्रसादले *नेपालको इतिहास* तयार गरेको कुरा उनको "भूमिका" बाट बुझिन्छ (उपाध्याय १९८६ : प्रथम संस्करणको भूमिका २) । आकरको परिशीलन नगरी सामान्यतया द्वैतीयक सामग्रीको आधारमा लेखिएको यस *इतिहास*मा अरूहरूले लक्ष्मीनरसिंह र हरिहरसिंह दाजुभाइ हुन् भनी लेख्दै आएकोमा अम्बिकाप्रसादले भने "हरिहरसिंहका लक्ष्मीनरसिंह र सिद्धिनरसिंह भन्ने दुई पुत्र थिए" भन्ने लेखी टिप्पणीमा "हरिहरसिंहलाई वंशावलीमा भ्रमवश लक्ष्मीनरसिंहका कान्छा भाई भनी लेखेको छ" (उपाध्याय १९८६ : ४०) भनी प्रामाणिक कुरा लेखेकोलाई अपवाद मान्नुपर्छ ।

नेपालको इतिहास

र

(रामनगरको इतिहास)

लेखक

पण्डित अम्बिकाप्रसाद उपाध्याय, एम्० ए० बी० एल, एड-
वोकेट हाईकोर्ट, भूतपूर्व मेम्बर लेजिसलेटिभ
काउन्सील (विहार औ उरिस्सा)

"जननी जन्म-भूमी हुन्, स्वर्ग भन्दा पनी बड़ो ।
जननी जन्म-भूमीको, राख ध्यान घड़ी घड़ी ॥"

पण्डित देवीप्रसाद उपाध्याय (भूतपूर्व मन्त्री रामनगर राज्य
जिल्ला चम्पारन) का प्रबन्धले छापी प्रकाश गरियो ।

सर्वाधिकार प्रकाशकका स्वाधीनमा छ ।

विक्रमीय संवत् १९८६

द्वितीय वार १०००] [मूल्य सजिल्द सार रुपैया

तस्वीर १६.२ : अम्बिकाप्रसाद उपाध्यायको नेपालको इतिहास र (रामनगरको इतिहास) ।

अम्बिकाप्रसादको *नेपालको इतिहास*को दोस्रो संस्करणको एक प्रति नयराज पन्तको सङ्ग्रहमा पनि छ । आफ्नो त्यस निजी प्रतिका कैयन् पृष्ठका दायाँबायाँ र तलमाथिका खाली ठाउँ अम्बिकाप्रसादको लेखाइमा परेका गल्तीको संशोधन गरी उनले भरेका छन् । अम्बिकाप्रसादका गल्तीमध्ये एउटा त सामान्य मानिसले पनि लेखाइमा गडबडी भएको पत्ता लाउन सक्ने गरी व्याघातोक्तिले दूषित छ :

> पाँडे खलक का प्रधान मंत्री लाई भीमसेन ले काटे तर तिन्का छोरा शमशेरजङ्ग बहादुर ठुला बुद्धिमान निस्के । ...शमशेरजङ्ग बहादुर को वंश परिचय का विषयमा ऐत्तिनै भन्नु अलम् होला कि, तिनी रञ्जीत कुँवर का पुत्र बाल नरसिंह का द्वितीय सन्तान हुन् । ...१८ जून १८१७ ई. का दिन जङ्गबहादुर को जन्म भयो । इन्का मातापिता ले इन्को नाम वीरनरसिंह राख्न आंटे थे तर इन्का काका

माथवर सिंह का अनुरोध ले इन्को नाम जङ्गबहादुर राखियो। (उपाध्याय १९८६ : १३६–१३७, २००४ : १३६–१३७)[२]

अम्बिकाप्रसादको यस लेखाइअनुसार जङ्गबहादुरका बाबु पाँडे खलकका प्रधानमन्त्री अर्थात् दामोदर पाँडे र बालनरसिंह कुँवर हुन गए, उनको वंश कुँवर र पाँडे मात्र नभई उनका काका माथवरसिंह [थापा] भएकाले थापा पनि हुन गयो।

श्री ३ जङ्गको वंशको विषयमा अम्बिकाप्रसादको *इतिहास*मा यस्तो गडबडी देखेर नै नयराज पन्तले २६ वर्षको उमेरमा वि.सं. १९९६ मा यस्तो कविता लेखेका थिए :

नेपाल देश हो आफ्नै यसैले यसको पनि
बुझेको छु सबै तत्त्व अन्वेषण गरी गरी ॥
तर यौटा छ यो शंका जो हुन् जंगबहादुर
मामा वा तिनका काका के मातवर पर्दथे ॥ (२०६७ : ८१)

वि.सं. २००९ असोज ५ गते नेपालको विद्यासम्बन्धी इतिहासमा भएको एउटा बीजारोपणसँग अम्बिकाप्रसादको इतिहास जोडिएको कुरा भनी यो लेख टुङ्ग्याइन्छ। त्यस ताका पार्टीहरूले जस्तो पर्चाबाजी गर्थे त्यस्तै पर्चा विद्याको विषयमा पनि त्यस दिन छापिएको थियो। काठमाडौँका मल्ल राजाहरूको वंशक्रममा छोरा बाबु र बाबु छोरा भएर फैलिरहेको भ्रम हटाउन त्यस दिन आठ पृष्ठको त्यो पर्चा (*इतिहास-संशोधन*) निकालिएको थियो।[३] त्यही पहिलो *इतिहास-संशोधन*मा अम्बिकाप्रसादले वंशावलीको आधारमा "ई राजा रत्नमल्लका पछि राजकुमार अमरमल्ल काठमाण्डुका राजा भए। ...इनका शेष पछि सूर्य्यमल्ल काठमाण्डुका राजा भए" (१९८६; २००४ : ३९) भनी लेखेको कुराको पनि सप्रमाण खण्डन गरिएको थियो। यो समेत वि.सं. २००९ देखि २०२५ भित्र निस्किएका सानाठूला ६८ ओटा त्यस्ता *इतिहास-संशोधन* मध्ये नौ ओटामा अम्बिकाप्रसादको नेपालको इतिहासमा परेका अशुद्धिको सप्रमाण खण्डन गरिएको छ (आ.दी., अधिकारी र अधिकारी २००९; पौडेल, वज्राचार्य र नेपाल २०१०क; सुवेदी र अरू २०११; सत्याल र कुइँकेल २०११क, २०११ख; पोख्रेल, पाण्डे र नेपाल २०११; शर्मा र अरू २०११, २०१२; सुवेदी

[२] यी दुई संस्करणमा वर्णविन्यास र पदयोग-वियोगमा कहीँ कहीँ फरक छ, यहाँ १९८६ को संस्करणअनुसार पाठ दिइएको छ।

[३] त्यो पर्चा नाउँ नसुनिएका तीन जना—केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारी—को नाउँमा निकालिएको थियो। ती तीनै जना नयराज पन्तले चलाएको शिक्षाप्रणालीअनुसार चलिरहेको पाठशालाका विद्यार्थी थिए।

र पन्त २०११) । सो पुस्तकमा परेका अरू केही अशुद्धिको निराकरण दिनेशराज पन्तको *गोरखाको इतिहास* (दिनेशराज पन्त २०४१) र सूर्यमणि अधिकारीको *तनहूँको इतिहास* (अधिकारी २०४५) मा गरिएको छ ।

१७

सूर्यविक्रम ज्ञवालीका इतिहास

नेपालको इतिहासको प्रामाणिक रूपले खोजीको थालनी वि.सं. १९३७ मा भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलरको प्रयासबाट भए पनि हेमराज पण्डित र बाबुराम आचार्यको उदय नभएसम्म नेपाली विद्वान्हरूले यसतर्फ चासो राखेका थिएनन् । नेपालको इतिहाससम्बन्धी पुस्तक प्रकाशन गर्ने कामको शुरूआत नेपालबाट होइन, प्रवासबाट भयो । अम्बिकाप्रसाद उपाध्यायको *नेपालको इतिहास* वि.सं. १९७९ मा छापियो । प्रमाणको आधारमा शास्त्रीय ढङ्गले इतिहास लेख्ने कामको थालनी पनि प्रवासबाटै—सूर्यविक्रम ज्ञवालीबाट—भयो । बनारसमा जन्मी, त्यहाँ र कलकत्तामा पढी, दार्जीलिङमा जागिरे भएका सूर्यविक्रमले त्यहीँबाट *रामशाहको जीवन चरित्र* (सन् १९३३क), *द्रव्यशाहको जीवन चरित्र* (सन् १९३३ख), *पृथ्वीनारायण शाह* (१९९२), *वीर बलभद्र* (१९९७), *अमरसिंह थापा* (२०००) र *नेपाली वीरहरू* (सन् १९४९) प्रकाशित गराएका थिए । उनका यी छ ओटा कृतिमध्ये पृथ्वीनारायण शाहको र त्यसपछि अमरसिंह थापाको विषयमा लेखिएका पुस्तक सबभन्दा उम्दा छन् । यी दुई पुस्तक लेख्दा बाबुराम आचार्यले उनलाई नेपालतर्फका सामग्री दिई मद्दत गरेकाले (पन्त २०७१क : १००) पनि यी गहकिला भएका हुन् भनी भन्न सकिन्छ ।

आफ्नो १७ वर्षको उमेरमा अखबारमा लेख प्रकाश गरी लेखनकार्य शुरू गरेका सूर्यविक्रमले ३५ देखि ५१ वर्षको उमेरसम्मका १६ वर्षभित्र प्रकाशित गराएका छ ओटै कृति गोरखाली इतिहासमा उत्कर्षकालको भएकाले उनी इतिहासलाई राष्ट्र वा जातिको गौरवको दृष्टिले हेर्थे भन्ने देखिन्छ । भारतमा अङ्ग्रेजी शासनबाट असन्तुष्ट शिक्षित समुदायले प्रतिक्रियाको रूपमा भारतीय इतिहासको उत्कर्षकालको इतिहास लेखे जस्तै गरी सूर्यविक्रमले पनि गोरखाली कालको इतिहास लेखेको जस्तो मलाई लाग्छ । धेरैजसो



तस्वीर १७.१ : सूर्यविक्रम ज्ञवाली (प्रज्ञा पूर्णाङ्क ५२ बाट) ।

भारतीय विद्वान्हरूले यस्तो पुस्तक आफ्नो भाषामा होइन कि अङ्ग्रेजीमा लेख्ने गरेकोमा त्यस भाषामा आफ्नो अधिकार हुँदाहुँदै पनि सूर्यविक्रमले भने नेपालीमा लेख्नुको कारण सर्वसाधारण नेपालीहरूमा समेत राष्ट्रगौरवको भावनाको अभिवृद्धि गर्न हो भन्ने मैले ठानेको छु । सूर्यविक्रमले गोरखाली शासनको उत्कर्षको इतिहास लेखेकाले नेपालका एकतन्त्र शासकहरूलाई त्यो पचेन र उनका कृति कालो सूचीमा परे (पन्त २०७१क : १००–१०१) । यसको परिणामस्वरूप "राणासरकारको कूटखेलले" वि.सं. २००१ मा भारत सुरक्षासंहितामा पर्दा उनी एक वर्षसम्म थुनामा समेत परे (सुन्दास २०४४ : २) ।

वि.सं. १९७२ असोज ११ गतेदेखि सूर्यविक्रम ज्ञवालीको प्रकाशकत्वमा बनारसबाट नेपाली भाषामा *गोर्खाली* नाउँले साप्ताहिक पत्रिका छापिन शुरू भयो । यस वेला सूर्यविक्रमको उमेर सवा सत्र वर्षको मात्र थियो र भारतीय कानून अनुसार उनी प्राप्तव्यवहार अर्थात् बालिग पनि भइसकेका थिएनन् । त्यसमाथि, उनी विद्यार्थी अवस्थामै थिए र त्यसको अर्को वर्ष मात्र उनले म्याट्रिकुलेशन पास गरेका हुन् । कलिलो उमेरका सूर्यविक्रमलाई *गोर्खाली* पत्रिकाको प्रकाशक किन बनाइयो भन्ने प्रश्न यहाँनिर उठ्छ ।

कारणवश नेपाल छोडी मुगलान पसेका देवीप्रसाद सापकोटाले *गोर्खाली* पत्रिका चलाएका हुन् । तर त्यस पत्रिकाको प्रकाशक आफू नबनेर वा बी.ए. पास गरेको आफ्नो

छोरो पद्मनाभलाई समेत प्रकाशक नबनाएर "प्राइममिनिस्टर जङ्गबहादुरको पालामा नै ...राजकाजको चक्रमा फसी काठमाडौँ छोडी मुगलान पस्न बाध्य भएका" मेजर कप्तान विश्वनाथ ज्ञवालीका पनाति (ज्ञवाली २०५७), बनारसका नामुद नेपाली पुस्तकप्रकाशक माधवप्रसाद शर्माका दाजु राय साहब शिवप्रसाद रेग्मीको देखरेखमा बाबु तिलविक्रम ज्ञवालीको पालादेखि उनकै घरमा बस्ने (भट्टराई २०६४ : २६) सूर्यविक्रमलाई "अवैतनिक" प्रकाशकमा उभ्याई (प्रकाश-पिण्ड २०४१ : २०) देवीप्रसाद आफू र आफ्नो परिवार भने पर्दापछाडि बसेको हो कि जस्तो मलाई लाग्छ (पन्त २०७४क : ९, ११)।

राणा शासन ढलेपछि नेपालमा क्रमशः स्वातन्त्र्यको अनुभूति हुँदै गयो। राणा शासनको थिचोमिचो सहन नसकी मुगलान पसेका नेपालीहरूले केही पुस्ता त्यहीँ बिताएका उनीहरूको आकर्षणको भूमि नेपाल बन्न गयो। चार पुस्ताअगाडि नै काठमाडौँ छोडी मुगलान पस्न बाध्य भएका सूर्यविक्रम पनि यसै क्रममा नेपालतर्फ आकृष्ट भए।

आफ्नो अनुकूलका विद्यावान् र कलावान्हरूलाई आफ्नो आश्रयमा राख्ने राजा महेन्द्रको नीति भएकाले उनले दार्जीलिङतिर पनि चारो छर्ने काम गरेका थिए। यसैले सूधपा अर्थात् सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला र पारसमणि प्रधान मध्ये हाइस्कूलमा मास्टरी गरी रिटायर भएका सूर्यविक्रम र धरणीधर सजिलैसँग नेपालतर्फ तानिए। पाठ्यपुस्तक छाप्ने र छापाखानाको व्यवसाय गरेर बसेका पारसमणिलाई भने महेन्द्रले छरेको चारोले तानेन।

दार्जीलिङको हाइस्कूलको हेडमास्टर पदबाट वि.सं. २०११ मा निवृत्त भएपछि सूर्यविक्रम आफ्नो जन्मथात बनारसतिर लागे। अनि त्यतैबाट काठमाडौँ आई बसे। त्यसै समय उनलाई नेपालसरकारले पुरातत्त्व विभागको डाइरेक्टरमा नियुक्त गऱ्यो। त्यस पदमा छ महिना काम गरेपछि उनलाई पश्चिम बङ्गाल सरकारले सामाजिक शिक्षा विभागको अधिकारीमा नियुक्ति दिएकोले वि.सं. २०१६ सम्म उनी त्यही पदमा रहे (क्षेत्री २०४१ : ३९)।

सूर्यविक्रमका बराजु नै भारततर्फ लागेकाले उनको परिवार भारतमा नेपाली नै भएर बसिरहेको थियो कि भारतीय भइसकेको थियो, मलाई थाहा छैन। जे भए पनि, भारत सरकारको जागिरबाट सेवानिवृत्त सूर्यविक्रम नेपाल आउनासाथ यहाँको पुरातत्त्व विभागको डाइरेक्टर भएको र पछि फेरि भारतकै जागिर खाएको देखिएकोले त्यसताका त्यति कडा नियमकानून थिएन भन्न सकिन्छ।

वि.सं. २०१४ मा राजा महेन्द्रले रायल नेपाल एकेडेमी (नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान) खोल्दा आफ्नो अनुकूलका, नाउँ चलेका लेखक-कविहरूलाई त्यहाँ नियुक्त गरे। त्यही क्रममा वि.सं. २०१६ मा सूर्यविक्रम एकेडेमीका सदस्य-सचिव भए। वि.सं. २०१९ मा उनी राष्ट्रिय पञ्चायतको सदस्यमा पाँच वर्षका लागि मनोनीत पनि भए। अर्को वर्ष उनी नयाँ दिल्लीको नेपाली दूतावासमा सांस्कृतिक सहचारी भए। वि.सं. २०२८ मा एकेडेमीबाट

अवकाश पाएपछि उनलाई त्रिभुवन प्रज्ञा पुरस्कारबाट सम्मानित गरियो । वि.सं. २०३० मा उनी त्रिभुवन विश्वविद्यालय सेवा आयोगका र यसैबीच प्रेस काउन्सिलका सदस्य समेत भए । प्रज्ञा-प्रतिष्ठानको पुनर्गठनपछि उनी वि.सं. २०३१ मा त्यहाँ कुलपति भए । पाँच वर्षसम्म त्यस पदमा रहेपछि उनी प्रज्ञा-प्रतिष्ठानको आजीवन सदस्य भए (दर्नाल २०४२ : ३८) । यसरी नेपाल आएपछि उनले कहिल्यै खाली बस्नुपरेन । आफ्ना दार्जीलिङे साथी धरणीधर र पारसमणिले पाएको त्रिभुवन विश्वविद्यालयको अनरेरी डी.लिट.को उपाधि मात्र उनको हात परेन ।

दार्जीलिङमा हाइस्कूलको हेडमास्टरीबाट रिटायर भएका सूर्यविक्रम ज्ञवाली नेपाल आएपछि क्रमशः प्रतिष्ठित हुँदै गए । उनको प्रतिष्ठाको कारण विद्याभन्दा बढी चाकरी थियो भन्ने कुरा बुझ्न *गोरखापत्र*मा छापिएका उनका लेख हेरे पुग्छ । उदाहरणका लागि निम्न लेखांश पर्याप्त होला :

> श्री ५ महाराजाधिराज सरकारको उच्च आदर्शयुक्त जीवनको नियामकताको महत्त्व बुझी त्यसै अनुकूल आफ्नो जीवन तुल्याई तथा मौसूफ सरकारबाट घोषित गरिबक्सेको विकासको नीतिसित परिचित भई बडो विचक्षणतापूर्वक सहयोग गरी श्री ५ महाराजाधिराज सरकारबाट आरम्भ गरिबक्सेको नेपालका विकास कार्यको भारलाई हलुं गरिदिबक्सेको देख्दा नेपालीहरूका मनमा युद्धको विजय जत्तिकै शान्तिको विजय छ भन्ने कथन खेल्न लागिरहेछ । मौसूफको कुलोचित मर्यादापालन, देशकी प्रथम नारीलाई शोभा दिने आचरणमा अभिरुचि तथा उत्साहपूर्ण भाग ग्रहणको एक स्वरले जय जयकार गर्दैछन् उसै गरी श्री ५ बडामहारानी सरकारको गुण गान गर्दैछन् । (२०३० : ५–६)

एकेडेमीको सदस्य भएपछि सूर्यविक्रम गोरखाली कालको इतिहास छाडेर नेवार कालको इतिहासतिर लागे । त्यस प्रयासबाट वि.सं. २०१९ मा एकेडेमीबाट उनको *नेपाल उपत्यकाको मध्यकालीन इतिहास* प्रकाशित भयो । हुन त उनले यस कामको शुरूआत दार्जीलिङमै वि.सं. २०१३ ताका नै गरिसकेका थिए भन्ने कुरा उनले सन् १९५७ अप्रिल १० तारिख तदनुसार वि.सं. २०१३ चैत ८ गते धनवज्र वज्राचार्यलाई लेखेको चिठीबाट बुझिन्छ (संशोधकहरू २०१५ : १५) । तर त्यस समयका सामग्रीमा प्रयोग भएका लिपि तथा संस्कृत र नेवारी दुवै भाषामा उनको पहुँच नभएकाले उनले त्यस पुस्तकमा नयाँ कुरा दिन सकेनन् । प्रत्युत प्रकाशित सामग्रीको समेत राम्रो ऊहापोह गर्न नसकेकाले उनको त्यो पुस्तक व्याघातोक्तिले पूरै दूषित छ । यसले गर्दा ऐतिहासिकको आफ्नो पुरानो साख उनले कायम राख्न सकेनन् ।

वि.सं. २००९ देखि नयराज पन्तका शिष्यप्रशिष्यहरूको नाउँमा *इतिहास-संशोधन* प्रकाशित हुन थालेदेखि कति थोरै र गलत ज्ञानको पूँजीले यहाँ ऐतिहासिकहरू लब्धप्रतिष्ठ हुन पुगेका रहेछन् भन्ने छर्लङ्ग भयो । सूर्यविक्रमको *नेपाल उपत्यकाको मध्यकालीन इतिहास* (२०१९) निस्केपछि संशोधन-मण्डलले त्यसको पटक पटक धुरन्धार आलोचना गरेकोले त्यसताका नेपाली बुद्धिजीवीहरू निकै तरङ्गित भए र नेपाली अखबारका प्रशस्त पाता पनि रङ्गिए । यसै क्रममा गोरखापत्र संस्थानद्वारा छापिने *नेप्लिज पर्स्पेक्टिभ*को तर्फबाट तीर्थराज तुलाधरले रायल नेपाल एकेडेमीका चान्सलर राजा महेन्द्रको अगाडि अलि घुमाउरो पाराले प्रश्न राखे :

> शाही नेपाल एकाडमीको तत्त्वाधानमा सबै बिचारधाराको प्रतिनिधित्व गर्ने समिति को गठन गरी देशको आधिकारिक र विस्तृत इतिहास तयार गर्न पाए राष्ट्रिय एकतालाई अझ सबल गर्न सकिने भएको हुनाले त्यस दिशातर्फ सरकारबाट यथायोग्य कदम चालिबक्सने बिचार गरिवक्सेको छ वा छैन ? शाही नेपाल एकाडमीबाट कुनै सकारात्मक निर्देशन प्राप्त नभएको हुनाले राष्ट्रको साहित्य र कला क्षेत्रमा स्वस्थ परम्परा हुर्कन नपाएको हो भन्ने आलोचना सरकारमा जाहेर भएकै होला । (नयाँ समाज २०२२)

प्रत्युत्तरमा महेन्द्रले गोलमटोल शब्दमा भने : "त्यस्मा चाहे जति गर्न सकेको छ छैन, म यसै भन्न सक्दिन । तर त्यसवाट प्रशस्त काम हुनु चाहिँ वाकी नै छ जस्तो मलाई लाग्छ । इतिहास पनि त्यस्तो हुनुपर्छ भन्नु बेठीक जस्तो मलाई लाग्दैन, एकेडेमीबाट होस वा अरूवाट होस, ठीक तरिकाले हुनुपर्छ" (नयाँ समाज २०२२) ।

सूर्यविक्रमको *नेपाल उपत्यकाको मध्यकालीन इतिहास*मा धेरै अशुद्धि पर्नुमा एउटा कारण उनको अज्ञान हो र अर्कोचाहिँ नेपाल एकेडेमीका भाइसचान्सलर बालचन्द्र शर्माको दश वर्षभन्दा अगाडि नै छापिएको *नेपालको ऐतिहासिक रूपरेखा* (शर्मा २००८) मा परेका गल्तीलाई ढाकछोप गर्न लाग्नु पनि हो भन्ने धारणा भएकोले संशोधन-मण्डलले यतिसम्म लेख्नुपरेको थियो :

> इतिहासप्रसिद्ध स्वास्नी छोरीको समेत भेद छुट्याउन नसक्ने श्रीबालचन्द्र शर्माजीले जथाभावी लेख्नुभएको कुरालाई इतिहास-संशोधनले सप्रमाण खण्डन गरेको थियो । शर्माज्यूको वकील भई शर्माज्यूको दोष ढाकछोप गर्न श्रीसूर्यविक्रम ज्ञवालीज्यू अनर्थ इतिहास लेखी शर्माज्यूलाई रिझाउन र नेपालको इतिहास भ्रष्ट पार्न लाग्नुभएको छ । (वज्राचार्य, पन्त र पौडेल २०२० : मुखपृष्ठ)

संशोधन-मण्डलले यसरी भित्तैसम्म पुग्ने गरी सूर्यविक्रमको *नेपाल उपत्यकाको मध्यकालीन इतिहास*को आलोचना गरे पनि आफूले निकम्मा ऐतिहासिक साबित गरिएका तिनै सूर्यविक्रमलाई "वैज्ञानिक ढङ्गले अनुसन्धान र विश्लेषण गरी ऐतिहासिक ग्रन्थहरू तयार पारेको" (वज्राचार्य २०४२) भनी उनको माहात्म्य गाउन भित्रबाहिर सबैतिर संशोधन-मण्डलका वरिष्ठ प्रतिनिधि भनी कहलिएका धनवज्र वज्राचार्य पछि पुगे । निष्कलङ्क मसीजीवीहरू पनि पछि लाभको पछाडि दगुर्ने बानी परेपछि कसरी आफ्नो पूर्वचरितको पूरै विपरीत गई पर्लक्क पल्टन्छन् भन्ने यसले देखाउँछ ।

१८

जयचन्द्र विद्यालंकार र नेपालसँग उनको सम्बन्ध

दयानन्द सरस्वतीले वि.सं. १९३१ मा आर्यसमाज नाउँको एउटा संस्था खडा गरे । त्यो संस्था मूलतः सनातन धर्मको पौराणिक स्वरूपको विरोधमा स्थापना गरिएको थियो । सबैले बुझ्ने गरी भन्नुपर्दा, सनातनीहरूका ३३ कोटि देवताको सट्टा आर्यसमाज एउटा मात्र ईश्वर मान्छ । त्यस ईश्वरलाई पनि आर्यसमाजीहरू "अप्रतिम" अर्थात् मूर्ति नभएको मान्छन् । यसैले यस संस्थाको मुख्य उद्देश्य मूर्तिपूजाको विरोध हो भन्दा फरक पर्दैन ।

आफ्नो सिद्धान्तलाई आर्यसमाजले १० सूत्रमा बाँडेको छ । तीमध्ये तेस्रो "वेद भनेको सबै सत्यज्ञानको भण्डार हो । वेद पढ्नु, पढाउनु, सुन्नु, सुनाउनु सबै आर्यहरूको परम धर्म हो" र आठौँचाहिँ "अविद्याको नाश र विद्याको वृद्धि गर्नुपर्छ" हो । "वेद सबै सत्यज्ञानहरूको भण्डार हो" भन्ने सिद्धान्तकै सिलसिलामा वि.सं. १९५८ मा दयानन्दका अनुयायी, पछि सन्न्यास लिई श्रद्धानन्द बनेका मुन्शीरामले स्थापना गरेको गुरुकुल काँगडीमा खास गरी वेद र आर्ष ग्रन्थ अर्थात् सामान्य मानिसले बनाएको नभई ऋषि कहलिएका मानिसहरूले बनाएका पुस्तकको पठनपाठन हुन्थ्यो । संस्कृत व्याकरणको लागि सत्रौँ शताब्दीका भट्टोजि दीक्षितको *सिद्धान्तकौमुदी*को व्यापक रूपले पढाइ हुने त्यस जमानामा गुरुकुल काँगडीमा त्यसको सट्टा पाणिनीय व्याकरण *अष्टाध्यायी*को पठनपाठन हुनुलाई यसको एउटा उदाहरणको रूपमा लिन सकिन्छ ।

सनातन धर्मका विकृति हटाउन आर्यसमाजको स्थापना गरिएको थियो । हुन त त्यस्तै विकृति हटाउन बङ्गालमा वि.सं. १८८५ मा ब्राह्म समाज खडा गरिएको थियो । तर त्यो समाज खास गरी पाश्चात्त्य परम्पराबाट अनुप्राणित अङ्ग्रेजीबाजहरूले स्थापना गरेकाले धार्मिक सुधारको नाउँमा त्यहाँ ईसाइयतको रहनसहन पनि नजानिने पाराले घुसेको

थियो । आर्यसमाजभन्दा अगाडि ब्राह्म समाजको स्थापना भएकोले ब्राह्मसमाजीहरूले आर्यसमाजलाई आफ्नो समाजभित्र समाहित गर्न खोजे । तर दयानन्द सरस्वती भारतीय परम्पराबाट र ब्राह्मसमाजीहरू पाश्चात्त्य परम्पराबाट अनुप्राणित भएकाले आर्यसमाजी र ब्राह्मसमाजीहरूको कुरा मिलेन र ती दुई समाज नदीका दुई धार जस्तै अलगअलग रहे । दयानन्दले मूर्तिपूजाको विरोध गरेकाले पौराणिक धर्म मान्ने सनातनीहरूको पनि ठूलो विरोध झेल्नुपर्‍यो । कुनैकुनै वेला त उनलाई मार्ने प्रपञ्च समेत भएको थियो ।

गुरुकुल काँगडीको उत्कर्षकालमा त्यहाँबाट उत्कृष्ट स्नातकहरूको उत्पादन हुन्थ्यो । गुरुकुल काँगडीमा जो शिक्षा हासिल गर्थे, उनीहरू आफ्नो थरले नचिनिई आफ्नो उपाधि "विद्यालंकार" ले चिनिन्थे । गुरुकुल काँगडीका योग्यतम स्नातकमध्ये वि.सं. १९५५ मा जन्मेका जयचन्द्र विद्यालंकार एक हुन् । उनले खास गरी भारतवर्षको इतिहासमा र केही मात्रामा भारतवर्षको भुवनकोष अर्थात् भूगोलमा तथा नृतत्त्वमा पनि प्रामाणिक काम गरेका छन् । भारतको इतिहासमा गहिरो खोजी गर्नेहरू प्रायः अङ्ग्रेजीमै लेख्छन् । तर गुरुकुल काँगडीका स्नातकहरूले चाहिँ हिन्दीमा लेख्ने गरेकाले उनीहरूको लेखाइबाट हिन्दी भाषाको गौरव समेत बढेको थियो ।

गुरुकुल काँगडीका दुई जना विद्यालंकारले भारतको इतिहासमा काम गरेको मलाई थाहा छ । एक जना जयचन्द्र भइहाले, अर्काचाहिँ वि.सं. १९६० मा जन्मेका सत्यकेतु । गुरुकुल काँगडीको पढाइ सरकारबाट स्वीकृत नभएकोले त्यहाँका स्नातकहरूलाई जीविकोपार्जनमा बाधा पर्थ्यो । जयचन्द्रले आफ्नो पढाइ विद्यालंकारमै सीमित गरे तर सत्यकेतुले फ्रान्स गई पेरिस विश्वविद्यालयबाट डी.लिट. गरे । जयचन्द्रले खास गरी भारतकै इतिहासमा काम गरे, सत्यकेतुले भने भारतको इतिहास र भारतभन्दा बाहिरका इतिहास मात्र होइन, उपन्यास समेत लेख्न भ्याए ।

मरहट्ठा राज्यविस्तार जस्तै गोरखाली राज्यविस्तार पनि हिन्दू पुनरुत्थानको प्रेरणाबाट अनुप्राणित थियो भनी भारतीय इतिहासको सन्दर्भमा लेख्ने भारतीयहरूमा हरप्रसाद शास्त्री र जयचन्द्र विद्यालंकार हुन् । यो कुरा यही पुस्तकको हरप्रसाद शास्त्री सम्बन्धी लेख (अध्याय ६) मा परी पनि सकेको छ ।

पञ्जाबी खत्री अरोराको एक भेद नारंग वंशमा जन्मेका जयचन्द्रको पहिलो पुस्तक मलाई थाहा भएसम्म वि.सं. १९८२ मा प्रकाशित *भारतीय इतिहास का भौगोलिक आधार* हो । त्यसैको परिवर्धित रूप *भारतभूमि और उसके निवासी* वि.सं. १९८८ मा प्रकाशित भयो (विद्यालंकार १९८८) । त्यो पुस्तक उनी आफैले पञ्जाबबाट छपाएका हुन् । आफ्नो ३३ वर्षको उमेरमा प्रकाशित त्यो किताब उनले भरखरै जसो बितेका वामनदास वसुको सम्झनामा समर्पण गरेका छन् ।

वामनदास वसुले अङ्ग्रेजी शासनको विरोधमा चार ओटा प्रामाणिक पुस्तक लेखेका छन् । पहिलो *एजुकेशन इन इण्डिया अण्डर द रुल अफ दि इष्ट इण्डिया कम्पनी* (बसु सन् १९२२), दोस्रो *राइज अफ द क्रिश्चियन पावर इन इण्डिया* (बसु सन् १९२३ए), तेस्रो *द कन्सोलिडेशन अफ द क्रिश्चियन पावर इन इण्डिया* (बसु सन् १९२३बी) र चौथो *रुइन अफ इण्डियन ट्रेड एण्ड इण्डस्ट्रीज* (बसु सन् १९३५) हो । यी चार पुस्तकमध्ये उनी बित्दा छापिँदै रहेको *राइज अफ द क्रिश्चियन पावर इन इण्डिया*को दोस्रो संस्करण (बसु १९३१) मैले हेरेको छु । अङ्ग्रेजी शासनको विरोधको भावनाले त्यो पुस्तक ओतप्रोत छ । त्यसले आफ्नो जमानामा तहल्कै मच्चाएको थियो । वामनदासको अङ्ग्रेजविरोधी यही भावनाबाट अनुप्राणित भई खास गरी उनकै किताबको आधारमा हिन्दीमा लेखिएको र वि.सं. १९८५ मा छापिएको सुन्दरलाल (सन् १९६० [३ आवृत्ति], सन् १९७० [३ आवृत्ति]) को *भारत में अंगरेजी राज*ले त अझै तहल्का मच्चायो । यसैले स्वदेशी परम्पराको गुरुकुल काँगडीका स्नातक जयचन्द्र विद्यालंकार प्रतिष्ठित र प्रभावशाली वामनदाससँग लहसिएका थिए र आफूले गुरु मानेका गौरीशङ्कर हीराचन्द ओझा र काशीप्रसाद जायसवाललाई जस्तै सम्मान ठानी उनलाई आफ्नो पुस्तक जयचन्द्रले समर्पण गरेको म ठान्छु ।

अङ्ग्रेजी शासनको विरोधमा लागेका नेताहरूले वि.सं. १९७८ मा पटनामा सदाकत आश्रम खोले । त्यो आश्रम महात्मा गान्धी भनी कहलिएका मोहनदास करमचन्द गान्धीको मातहतमा पछि भारतको पहिला राष्ट्रपति हुने राजेन्द्रप्रसादको अग्रेसरतामा स्थापना भएको थियो । त्यही आश्रमअन्तर्गत अङ्ग्रेजी भाषाको दबदबा भएको त्यस जमानामा विहार विद्यापीठको नाउँले हिन्दी भाषाद्वारा उच्च शिक्षा दिने एउटा संस्था खुलेको थियो । त्यस विद्यापीठमा पढाइ त हुन्थ्यो, पढाइभन्दा बढी राजनीति चल्थ्यो । राणाकालमा राणाहरूलाई खुशी पारी धन कमाएका कृष्णप्रसाद कोइराला श्री ३ चन्द्र शमशेर रिझिन छोडेपछि वि.सं. १९६८ तिर नेपाल छोडी सदाकत आश्रममा आश्रय लिन पुगेका थिए । त्यस समयमा जयचन्द्र विद्यालंकार विहार विद्यापीठमा अध्यापक थिए । उनी त्यहाँ अध्यापक हुँदा कृष्णप्रसादका जेठा छोरा मातृकाप्रसादले वि.सं. १९८४ देखि १९८७ सम्म त्यहाँ पढेका थिए । चन्द्र शमशेर बितेपछि उनका भाइ भीम शमशेर श्री ३ भए । आफ्ना दाजुबाट सताइएकाहरूलाई आफ्नो पक्षमा लिने विचारले भीम शमशेरले कृष्णप्रसादलाई माफी दिएपछि उनी नेपाल फर्के । उनका माहिला छोरा विश्वेश्वरप्रसादको भनाइअनुसार अङ्ग्रेज सरकारलाई रिझाउँदा रिझाउँदै पनि अङ्ग्रेजको विरोधमा उत्रेको भारतीय काङ्ग्रेससँग भीम शमशेरले प्रच्छन्न रूपमा सम्बन्ध बढाउन खोजेका थिए । यसैले काङ्ग्रेसी नेताहरूसँग चिनजान भएका कृष्णप्रसादमार्फत उनले यो काम गर्ने विचार गरे । अङ्ग्रेजविरोधी भावना भरपूर भएका विहार विद्यापीठका अध्यापक जयचन्द्रको सहायताले कृष्णप्रसादले यो काम गर्ने विचार गरे भन्ने कुरा विश्वेश्वरप्रसादले बोलेकोबाट थाहा हुन्छ (नयाँ पत्रिका २०६४ : ८–९) ।

जयचन्द्रको लामो कालसम्म जीवनवृत्ति भएन जस्तो मलाई लाग्छ । राजेन्द्रप्रसादको अग्रेसरतामा वि.सं. १९९४ मा भारतको विस्तीर्ण इतिहास तयार गर्ने योजना बन्यो । त्यसअनुसार भारतीय इतिहास परिषद्ले *अ न्यू हिस्ट्री अफ दि इण्डियन पिपल* शीर्षकमा २० ठेलीमा इतिहास निकाल्ने भयो । त्यस इतिहासको सम्पादनको लागि सात जनाको समिति बनाइएको थियो । त्यसमा अध्यक्ष मुगलकालका नामी ऐतिहासिक यदुनाथ सरकार थिए । अरू छ जनामा काशीनाथ नारायण दीक्षित, कल्लिदैकुरुचि अय्य नीलकण्ठ शास्त्री, मोहम्मद हबीब, रमेशचन्द्र मजुमदार र प्रबोधचन्द्र बागची जस्ता ख्यातनामा ऐतिहासिक थिए । जयचन्द्र सोही समितिका सचिव थिए । सो परियोजना अन्तर्गत अरू ठेली त छापिएको जस्तो मलाई लाग्दैन, छैटौँचाहिँ रमेशचन्द्र मजुमदार र अनन्त सदाशिव अलतेकरको सम्पादकत्वमा द *वाकाटक गुप्त एज* (मजुमदार र अलतेकर सन् १९४६) छापियो । त्यस ठेलीमा ठेलीका दुवै सम्पादकको र सम्पादक समिति भित्रका काशीनाथ र नीलकण्ठको तथा बाहिरका दीनेशचन्द्र सरकार आदि अरू चार जना ऐतिहासिकका लेख छापिएका छन् । ठूलठूला अङ्ग्रेजीबाज ऐतिहासिकहरू भएको सम्पादन समितिमा जयचन्द्रलाई सचिवको अभिभारा पनि सदाकत आश्रमदेखि राजेन्द्रप्रसादको नजिकी भएको नाताले नै दिइएको हो जस्तो मलाई लाग्छ ।

वि.सं. १९९९ मा "भारत छोडो" आन्दोलन हुँदा जयचन्द्र पनि त्यस आन्दोलनमा लागेका थिए । सोही क्रममा जेल परेका उनी वि.सं. २००३ मा छुटे । भारत स्वतन्त्र भएपछि सरकारबाट सुविधा पाउने आस उनले गरेका थिए भन्ने कुरा आफ्नो *भारतीय इतिहास की मीमांसा*मा उनले लेखेको प्रस्तावनाबाट थाहा हुन्छ । सन् १९५९ मार्च ११ तारिख तदनुसार वि.सं. २०१५ फागुन २८ गते लेखिएको त्यस प्रस्तावनामा उनले लेखेका छन् : "आफू शान्तिसँग बस्न पाउँला र अभीष्ट सुविधा पाउँला भन्ने मैले आश गरेको थिएँ । त्यस वेलादेखि अहिलेसम्म पौने १३ वर्ष बितिसकेको छ र यस बीचमा जो अनुभव भयो, त्यो अनौठो छ । शान्तिसँग बस्न र आफ्नो पुस्तक लेख्ने काममा सहयोगी पाउनु त टाढाको कुरा, यस अवधिको धेरै अंश खुद मलाई आर्थिक बेकारी र जीविकाको चिन्तामा बिताउनुपरेको छ" (विद्यालंकार सन् १९५९ : ङ; हिन्दीबाट मेरो उल्था) । "सन् १९५१ देखि १९५६ सम्म त आफ्नो र परिवारको लागि ओत लाग्ने ठाउँसम्म थिएन । हामीहरूले आफ्ना कुनै नातेदार वा साथीकहाँ खालि एउटा कोठामा जसोतसो गरी काल काटेर रह्यौँ । ...सन् १९५० को अन्तमा मैले आफ्ना पुस्तकपात्रा जसरी पोका पोका पारेर राखेको थिएँ, अहिले पनि ती पोका म बसिरहेको ठाउँभन्दा साढे छ सय माइल टाढा त्यस्तै अवस्थामा छन्" (विद्यालंकार सन् १९५९ : ङ–ढ; हिन्दीबाट मेरो उल्था) भनी उनले लेखेकाले स्वतन्त्र भारतमा उनको हैसियत अझ खस्किन गएको देखिन्छ ।

जयचन्द्र विद्यालंकारका एक दर्जन ज़ति कृति प्रकाशित छन् । मेरो विचारमा उनको "म्याग्नम ओपस" दुई ठेलीमा छापिएको *भारतीय इतिहास की रूपरेखा* (विद्यालंकार सन् १९३३) हो । "आर्य राज्य" को उदयदेखि "अश्वमेध-पुनरुद्धार-युग" सम्मको इतिहास यस *रूपरेखा*मा १०८० पृष्ठमा समेटिएको छ । अङ्ग्रेज ऐतिहासिकहरू भारतको प्रामाणिक इतिहासको शुरूआत मुश्किलले अलेक्जेण्डरको हमलाभन्दा ३०० वर्ष अगाडिसम्म पुऱ्याउँछन् । तीमध्ये प्रखर मुखर भिन्सेण्ट अर्थर स्मिथले आफ्ना *दि अक्स्फोर्ड हिस्ट्री अफ इण्डिया* (स्मिथ सन् १९१९) र *दि अर्ली हिस्ट्री अफ इण्डिया* (स्मिथ सन् १९०४) मा भारतको इतिहासको यसरी प्रारम्भ नै गरेका छन् । स्मिथको लेखाइको विरोधमा सबभन्दा पहिले विनयकुमार सरकारले लेखेका हुन् (सन् १९२२) । जयचन्द्र विद्यालंकारको *भारतीय इतिहास की रूपरेखा* (सन् १९३३) स्मिथको *दि अर्ली हिस्ट्री अफ इण्डिया* (सन् १९१९) सँगको प्रतिस्पर्धामा खरो उत्रन्छ भन्ने मलाई लाग्छ । मेरो विचारमा *भारतीय इतिहास की रूपरेखा*को अर्को एउटा राम्रो पक्ष पाश्चात्त्य ऐतिहासिकहरूले "सनातन धर्म" बुझाउन चलाएको "ब्राह्मनिज्म" शब्दको प्रतिवाद हो (विद्यालंकार सन् १९३३, जिल्द १ : २५५–२५९) ।

जयचन्द्र विद्यालंकारको "म्याग्नम ओपस" *भारतीय इतिहास की रूपरेखा* भए पनि उनको ज्यादै प्रख्यात पुस्तकचाहिँ *इतिहास-प्रवेश* (सन् १९४०) हो । त्यस पुस्तकमा एउटै ठेलीमा प्रारम्भिक कालदेखि पुस्तक लेखिएको समयसम्मको इतिहास समेटिएको छ । वि.सं. १९९७ मा पहिलोपटक छापिएको सो पुस्तकको वि.सं. २०१३ मा पाँचौ संस्करणसम्म भएको मलाई थाहा छ । पछिल्लो संस्करणमा उनले आफ्नो पुस्तकको नाउँ *इतिहास-प्रवेश*को सट्टा *भारतीय इतिहास का उन्मीलन* (विद्यालंकार सन् १९५६–५७) राखेका छन् । पाठ्यपुस्तकको रूपमा लेखिएको *इतिहास-प्रवेश* संशोधन-मण्डलको पाठशालामा पनि भारतीय इतिहासको पाठ्यपुस्तकको रूपमा जस्तै चलेको थियो । संशोधन-मण्डलका कृतिमा त्यसको उद्धरण भएकोबाट सन्दर्भग्रन्थको रूपमा पनि सो पुस्तकको उपयोग हुन्थ्यो भन्ने जानिन्छ (उदाहरणका लागि वज्राचार्य २०१३ : ११) । संस्कृत भाषाको दृष्टिले उत्कृष्ट ठहरिएका पाँच ओटा भारतीय उत्कीर्ण लेखको सम्पादन, संस्कृतमा टीका र हिन्दीमा उल्था गरी जयचन्द्रले तयार गरेको *उत्कीर्णलेखाञ्जलिः* (विद्यालंकार १९९३) पनि हामीले रफत गरेका पुस्तकमध्ये पर्छ ।

दत्तात्रेयका २४ गुरु भने जस्तै प्रत्यक्ष भेटसम्म नभए पनि उनका कृतिको आधारमा उनीउपर मेरो मनमा निकै श्रद्धा थियो । एकपटक नयराज पन्तसँग जयचन्द्रको विषयमा कुरा गर्दा उनले त्यति श्रद्धा गरेर कुरा गरेको जस्तो मलाई लागेन । नयराजको विद्वत्ताको दाँजोमा मेरो ज्ञानको परिधि निकै सानो भएकाले मैले जयचन्द्रलाई ठूला विद्वान् माने पनि उनले जयचन्द्रलाई त्यति श्रद्धा नगरेको जस्तो मलाई लाग्यो ।

प्राचीन कालदेखि विजयनगर साम्राज्यको पतन नभएसम्मको काललाई "हिन्दू काल," फेरि आठ सय वर्षपछि फर्केर भारतमा मुसलमानी धर्मको प्रवेश भएदेखि वि.सं. १९१४ मा मुगल बादशाह द्वितीय बहादुर शाहको पतन नभएसम्मको काललाई "मुसलमानी काल" र फेरि चार सय वर्षपछि फर्केर पोर्चुगीज आएदेखिको काललाई "ब्रिटिश काल" मानी अङ्ग्रेज ऐतिहासिकहरूले गरेको भारतीय इतिहासको कालविभाजनमा जयचन्द्रको घोर आपत्ति थियो। अङ्ग्रेजले गढेका "हिन्दू," "मुसलमानी" र "ब्रिटिश" कालको सट्टा क्रमशः "प्राचीन," "मध्य" र "अर्वाचीन" काल भन्ने गरे पनि भित्री विषयविभाजन उस्तै भएकोले शब्द मात्र पारेर केही हुँदैन भन्ने उनको दलील थियो (उदाहरणको लागि विद्यालंकार सन् १९५६–५७ : ऐ–औ)।

जयचन्द्रको यस्तो तर्कसँग अवगत हुँदै गएपछि नेपालको इतिहासको कालविभाजन तर्फ म आँखा लगाउन थालें। यसैले नेपालसंवत् शुरू नभएसम्मको समयलाई "प्राचीन काल," त्यसपछि पृथ्वीनारायण शाहले नेपालखाल्डो नजितेसम्मको काललाई "मध्य काल" र त्यसपछिदेखि अहिलेसम्मको अवधिलाई "आधुनिक काल" मानेको तर्फ मलाई चित्त बुझ्न छोड्यो। संवत् फेरिँदैमा राजवंश फेरिँदैन भन्ने दृष्टान्तको लागि सबैले "प्राचीन काल" नै मानेको लिच्छविकालमा पालैपालोसँग शकसंवत् र मानदेवसंवत् चलनचल्तीमा थियो। यसैले नेपालसंवत् चल्न थालेदेखि राज्य गर्दै आएका देवान्तनामधारी राजाहरू पनि लिच्छवि नै हुन् भन्ने कुरा क्रमशः सिद्ध हुँदै आएकोले (महेशराज पन्त २०५० : ६६–७१, २०७३क : ३–४, २०७४ग : २४८–२५२) स्थितिराज मल्लको उदय हुनुभन्दा अगाडिसम्मको अवधिलाई अहिले प्राचीन काल भन्ने गरिएको अवधिभित्र राख्नुपर्ने निष्कर्षमा म पुगेको छु (महेशराज पन्त २०७३ख : ९)।

जयचन्द्रका भाइ इन्द्रचन्द्र नारंगले हिन्दी-भवन नाउँ दिएर एउटा प्रकाशन संस्था जालन्धर र इलाहाबादमा खोलेका थिए। उनले आफ्ना दाजुका पुराना किताबका नयाँ आवृत्ति र नयाँ पुस्तक त्यही संस्थाबाट छपाउने गरेका थिए। त्यहींबाट वि.सं. २०१३ मा छापिएको, जयचन्द्रको *भारतीय इतिहास का उन्मीलन* मैले वि.सं. २०२१ मा काठमाडौंमै किनेको थिएँ। त्यहींबाट प्रकाशित जयचन्द्रको *गोरखाली इतिहास की मुख्य धाराएँ* (विद्यालंकार सन् १९६२) पनि मैले काठमाडौंमै किनें।

जयचन्द्र विद्यालंकारको इतिहास लेखाइको ममा प्रभाव परेको र संशोधन-मण्डलका कुनै पनि कृति उनले देखेको छनक उनको लेखाइबाट नआएकोले हाम्रो खोजी उनीकहाँ पुऱ्याउन मलाई मन लाग्यो। त्यसैले उनका फलानाफलाना किताब आफूले हेरेको, तीमध्ये *भारतीय इतिहास का उन्मीलन*मा नेपालको इतिहाससम्बन्धी केही गल्ती देखेको र संशोधन-मण्डलको कामको विषयमा वि.सं. २०२१ भदौ २३ गते उनलाई संस्कृतमा चिठी लेखी उनको पुस्तकका प्रकाशक तथा भाइ इन्द्रचन्द्र नारंगको हिन्दी-भवनको ठेगानामा पठाएँ।

तस्वीर १८.१ : जयचन्द्र विद्यालंकारको गोरखाली इतिहास की मुख्य धाराएँको आवरण ।

धेरै समयसम्म त्यसको प्रत्युत्तर आएन । *गोरखाली इतिहास की मुख्य धाराएँ* जयचन्द्रको *भारतीय इतिहास की मीमांसा* (विद्यालंकार सन् १९५९) को १ खण्ड भएकोले त्यस पुस्तकको मोल कति छ, कहाँबाट किन्न पाइन्छ भनी इन्द्रचन्द्रलाई वि.सं. २०२२ वैशाख ३ गते चिठी लेखेँ ।

जयचन्द्रलाई चिठी पठाएको झण्डै एक वर्षपछि सन् १९६५ सेप्टेम्बर १ तारिख तदनुसार वि.सं. २०२२ भदौ १६ गतेको दिन उनले संस्कृतमा इटालीको टुरिन शहरबाट लेखेको चिठी वि.सं. २०२२ असोज २७ गते हात पऱ्यो (तस्वीर १८.२) । उनले त्यो चिठी लेखेको सवा दुई वर्षअगाडि नै भारत छोडी इटालीमा आफ्नो एक मात्र सन्तानकहाँ गई उनी बसेका रहेछन् भन्ने सो चिठीबाट थाहा भयो । यसैले मैले वि.सं. २०२१ भदौमा पठाएको चिठी छ महिना आफूसँगै राखी उनका भाइले फागुन महिनामा मात्र उनीकहाँ पठाइदिएका रहेछन् । मेरो चिठी हात परेको छ महिनापछि मात्र आफूले जवाफ फर्काउन सकेकोमा सो चिठीमा

उनले विनयपूर्वक क्षमाप्रार्थना गरेका छन् । उनका छोरा अरुण नारंग टुरिनको कुनै ठूलो कारखानामा प्रोजेक्ट इन्जिनियर रहेछन् । उनले त्यस चिठीमा "कारखाना" को अर्थमा "कर्मान्त" शब्द प्रयोग गरी कोष्ठमा "कारखाने में" लेखी चिठीमा पनि पादटिप्पणी हाली "कर्मान्तशब्दः कौटलीयेऽर्थशास्त्रेऽस्मिन्नर्थे प्रयुक्तः" अर्थात् "*कौटलीय अर्थशास्त्र*मा यस अर्थमा कर्मान्त शब्दको प्रयोग भएको छ" भनी लेखेको देख्दा मलाई उनको पाण्डित्यमा अझ श्रद्धा भयो । त्यसमाथि, धेरैले लेख्ने गरेको "कौटिलीय" नलेखी व्याकरणसम्मत "कौटलीय" लेखेको देख्दा आनन्द लाग्यो । हामी संशोधन-मण्डलकाहरूले पनि "कौटलीय" लेख्ने गरेकाले हाम्रो कुरासँग उनको कुरा मिल्न गयो ।

उनले त्यस चिठीमा लेखेका छन् :

> तपाईंले मेरा पुस्तक राम्ररी चाख मानी पढेको र तपाईं साथीहरूसँग मिली इतिहासको अनुशीलनमा र त्यस अनुशीलनको फलस्वरूप पुस्तक आदि प्रकाश गर्न दत्तचित्त भएको थाहा पाउँदा ज्यादै खुशी लाग्यो । तपाईंको संशोधन-मण्डलबाट छापिएका पुस्तक आदि हेर्ने इच्छा पनि मेरो मनमा उठ्यो । मेरो *भारतीय इतिहास की मीमांसा* तपाईंले हेर्नुभएको छ कि छैन ? नहेरेको भए अवश्य पढ्नुहोला । नेपालको इतिहाससँग सम्बद्ध जुनजुन गल्ती यहाँले मेरो पुस्तकमा देख्नुभयो तीबारे मलाई अवश्य सूचना दिनुभएमा मेरो ज्यादै उपकार हुन्थ्यो । (संस्कृतबाट मेरो उल्था)

त्यसपछि संशोधन-मण्डलको तर्फबाट वि.सं. २०२२ असोज २९ गते जयचन्द्रकहाँ इटालीकै ठेगानामा त्यस वेलासम्म छापिएका हाम्रा *इतिहास-संशोधन*, *अभिलेख-संग्रह*, *पूर्णिमा* आदि पठाइयो र एउटा चिठी पनि लेखियो । हामीले पुस्तक पठाएको महिनौं बित्दा पनि पहुँचबारे उनले नलेखेकाले मैले उनलाई वि.सं. २०२२ पुस १६ गते अर्को चिठी लेखें । यो चिठी पठाएको तीन दिनपछि पुस १९ गते उनको एउटा चिठी हात पऱ्यो । त्यो चिठी उनले सन् १९६५ डिसेम्बर २३ तारिख तदनुसार वि.सं. २०२२ पुस ८ गते लेखेका रहेछन् । उनीकहाँ हाम्रा पुस्तक संशोधन-मण्डलको तर्फबाट पठाइएकोले उनले चिठीमा संशोधन-मण्डलका सबै सदस्यलाई समेट्ने गरी "श्रीमन्तः" भनी सम्बोधन गरेका छन् ।

हिन्दीमा लेखिएको यस चिठीको मुख्य विषय संशोधन-मण्डलले पठाएका किताबको पहुँच भए पनि त्यहाँ अरू दुई विषय समेत परेका छन् । पहिलो "श्रीमहेशराज पन्तले मेरो ग्रन्थ *भारतीय इतिहास की उन्मीलन*मा केही अशुद्धि देखेको कुरा लेख्नुभएको थियो । ती अशुद्धि कुनकुन हुन् र यहाँहरूले पठाउनु भएका पुस्तक आदिमा ती विषयमा कहाँकहाँ विवेचना गरिएको छ, त्यो लेख्नुभएको खण्डमा धेरै अनुगृहीत हुन्छु" र दोस्रोचाहिँ "मेरा

पुराना (सन् १९२७–३० का, बिहार विद्यापीठ पटनाका) शिष्य श्रीमातृकाप्रसाद कोइराला अब नेपालमै छन् कि अथवा नेपाली राजदूतको पदमा कहीँ विदेशमा छन्। उनको ठेगाना लेखेर मलाई पठाउनुभएमा ठूलो कृपा हुनेछ" (हिन्दीबाट मेरो उल्था)।


Presso Ing. ARUN NARANG
Corso Peschiera 277
TORINO (Italia)

तस्वीर १८.२ : जयचन्द्र विद्यालंकारले महेशराज पन्तलाई लेखेको चिठी।

मेरो वि.सं. २०२२ पुस १६ गतेको चिठीको जवाफमा जयचन्द्रले सन् १९६६ जुलाई ५ तारिख तदनुसार वि.सं. २०२३ असार २१ गते लेखेको चिठी मैले पाएँ। यो चिठी पनि संशोधन-मण्डललाई लेखेको चिठी जस्तै हिन्दीमा थियो। उनको *गोरखाली इतिहास*

की मुख्य धाराएँमा "पूर्वांश" लेखिएकोले बाँकी अंश कहिले छापिन्छ भनी मैले लेखेको कुराको जवाफमा सन् १९६७ को मध्यसम्ममा लेखिसिद्ध्याउने अभिलाषा भएको कुरा उनले त्यस चिठीमा लेखेका छन् । त्यस विषयका आफ्ना कागतपत्र प्रयागमा रहेकाले अब आउने जाडोमा त्यहीँ आई पूरा गर्ने विचार भएको कुरा त्यहाँ लेखिएको छ । "केही गरी अब आउने कात्तिकमा भारत आउन सकेँ भने त्यही साल फागुन-चैतमा नेपालमा बसेँरै आफ्नो त्यो कृति पूरा गर्ने कल्पना पनि मनमा छ । हुन त यसलाई सपना नै भन्नुपर्छ । हेरौँ विधाताको इच्छा के हुन्छ । जसरी पनि त्यस ग्रन्थको पूर्ति मेरो जीवनका बाँकी इच्छाहरूमा मुख्य छ । अब आउने जाडोमा भारत आउन सकिनँ भने त्यो कामसम्बन्धी मेरा सबै कागतपत्र यहीँ पठाइदेऊ भनी भाइलाई लेख्छु । उनले सावधानीपूर्वक पठाउन सके भने यहाँ बसेर त्यही काम गर्छु" (हिन्दीबाट मेरो उल्था) ।

नेपाल आउन सक्ने सम्भावना देखाई लेख्दा आफूले पहिले गरेको नेपाल यात्राको सम्झना पनि जयचन्द्रले गरेका छन् । वि.सं. १९८८ को शिवरात्रिमा नेपाल आएका जयचन्द्र काठमाडौँमा कृष्णप्रसाद कोइरालाका अतिथि भएर २०–२५ दिन बसेका रहेछन् । त्यस वेला यहाँ श्री ३ भीम शमशेरको शासन चलिरहेकोले र उनको कृपाले कृष्णप्रसाद फर्कन पाएकाले यस यात्रामा जयचन्द्रलाई सजिलो भएको यताबाट देखिएको छ । यस चिठीमा उनले कृष्णप्रसादलाई "अपने मित्र" भनेकाले सदाकत आश्रममा बस्दा दुई जनाको मित्रता भएको थाहा हुन्छ । त्यसैले भीम शमशेरको इच्छाबमोजिम भारतीय काङ्ग्रेससँग सम्बन्ध बढाउने काममा कृष्णप्रसादले जयचन्द्रलाई उपयोग गर्न खोजेको देखिन्छ ।

त्यसै वेला कृष्णप्रसादले राजगुरु हेमराज पण्डितसँग जयचन्द्रको परिचय गराए । घुमफिरपछि बचेको समय आफूले हेमराजकहाँ नै बिताउने गरेको कुरा पनि त्यस चिठीमा लेखिएको छ । उनले आफ्नो भरखरै जसो छापिएको *भारतभूमि और उस के निवासी* (विद्यालंकार १९८८) हेमराजलाई दिएका रहेछन् । "माउण्ट एभरेष्ट" भनी कहलिएको हिमालयको स्थानीय नाउँ के हो भनी खोज्नुपर्ने भएको छ भनी आफ्नो त्यस पुस्तकमा लेखेको कुरा (विद्यालंकार १९८८ : १५५–१५६) तर्फ राजगुरुको ध्यान आफूले आकृष्ट गरेको र आफ्नो सुझाउअनुसार राजगुरुको प्रेरणाले केही वर्षपछि श्रीबाबुराम खरदारले त्यस हिमालयको नाउँ "सगरमाथा" भएको पत्ता लगाए भनी उनले लेखेका छन् ।[1]

जयचन्द्र विद्यालंकारले सन् १९६९ फरवरी १४ तारिख तदनुसार वि.सं. २०२५ फागुन ३ गते मलाई पछिल्लोपटक चिठी लेखे । श्री ३ चन्द्र शमशेरको पालामा पञ्जाबबाट आफ्ना काकासँग नेपाल भित्रिएका गोकुलचन्द मलहोत्रा पछि यहीँ प्रोफेसर भएका थिए । उनले आफूले लेखेको *हिस्टोरिकल ग्लिम्प्सेज अफ मोडर्न नेपाल* (शास्त्री मिति नखुलेको) जयचन्द्रकहाँ पठाएका रहेछन् । यस चिठीमा जयचन्द्रले उनलाई "अपने भूतपूर्व शिष्य"

[1] चिठीको यस अंशको मूल नयराज पन्त २०२९ख : २३३ मा प्रकाशित छ ।

लेखेकाले जयचन्द्रले गोकुलचन्दलाई कुनै वेला पढाएको देखिन्छ । आफ्नो थर मलहोत्रा नलेखी गोकुलचन्दले "शास्त्री" लेख्ने गरेकाले उनले पञ्जाबबाट शास्त्री गरेको र उनलाई त्यसैताका जयचन्द्रले पढाएको अनुमान हुन्छ । त्यही चिठीमा "गत ५ दिसंबर १९६८ को मेरी आयुके ७० वर्ष पूर्ण हुए; अब ७१ वां चल रहा है" लेखी सन् १९६६ को चिठीमा जस्तै उनले यस चिठीमा पनि "*गोरखाली इतिहास की मुख्य धाराएं* को पूरा करना चाहता हूं, पर उसके सम्बन्ध के मेरे सब कागद-पत्तर भारत में पडे हैं । भारत लौट सकूं तो उस कार्य को पूरा करूं । उसके लिए बहुत उत्सुक हूं" भनी लेखेका छन् । तर जयचन्द्रको यो इच्छा पूरा भएन जस्तो मलाई लाग्छ । पछि उनीसँग मेरो पत्राचार छुट्यो । भारत स्वतन्त्र भएपछि पनि उनको खास प्रतिष्ठा नभएकोले होला उनको फोटो र उनी कहिले परलोक भए भन्ने जानकारीसम्म पनि इन्टरनेटमा चहार्दासमेत मैले भेट्टाउन सकिनँ ।

माथिल्लो तहको विद्वत्ता हुँदाहुँदै पनि विद्वत्ता नाप्ने प्रचलित पद्धतिबाट जयचन्द्र विद्यालंकारले हार खानुपर्‍यो । भारत स्वतन्त्र भएपछि आफ्नो कदर होला भनी उनले ठानेको कुरा गलत हुन गयो भन्ने कुरा उनका माथि उद्धरण गरिएका वाक्यबाट स्पष्ट हुन्छ । स्वातन्त्र्योत्तर भारतमा मन्त्री स्वदेशी भए पनि विज्ञको रूपमा कि विदेशी कि विदेशी परम्पराका "काला अङ्ग्रेज" हरूले मान्यता पाउने भएकाले जयचन्द्र जस्ता विद्वान् मरीच चाउरिए जस्तो चाउरिनुपर्‍यो र स्वदेशमा टिक्न नसकी विदेशमा धन-इज्जत कमाउन होइन कि त्यहाँ काम गरिरहेका छोराकहाँ गई बस्नुपर्‍यो ।

१९

बालकृष्ण सम, अनि उनको विषयमा नयराज पन्त

अखिल भारतवर्षका अरूअरू नव्यभाषामा जस्तै नेपाली भाषामा पनि काव्यबन्धको शुरूआत संस्कृत काव्यको ढाँचामा भएको हो र कविहरूका उपजीव्य ग्रन्थ *रामायण*, *महाभारत* आदि पनि संस्कृतकै ग्रन्थ हुन्। त्यो परम्परा धेरैपछिसम्म नेपाली भाषामा चलेको थियो। बालकृष्ण शमशेर जङ्गबहादुर राणाको नेपाली साहित्यमा प्रवेश भएपछि त्यस परम्परामा केही परिवर्तन आयो र उनका केही कृतिका उपजीव्य ग्रन्थ संस्कृतवाङ्मयका भए पनि लेखाइको शैली फरक हुँदै गयो। उनका प्रमुख नाटक अङ्ग्रेजीका कवीन्द्र विलियम शेक्स्पीयरका नाटक "ब्ल्याङ्क भर्स" मा छन्दोबद्ध भए जस्तै अनुष्टुभ्मा छन्दोबद्ध छन्। संस्कृत साहित्यमा पैठ भएकाहरूलाई बालकृष्णले लेख्न थाल्नुभन्दा अगाडिका नेपाली भाषाका कृति—आफ्नो भाषामा लेखिएको कृति हो भन्ने ममता नराख्ने हो भने—खासै आकर्षक छैनन्। तिनमा भएका सूक्ति पनि संस्कृत साहित्यबाटै अनुप्राणित हुन्थे। तर बालकृष्णका सूक्तिचाहिँ अलि फरक ढङ्गका छन् र त्यस्ता सूक्ति सहृदयका जिब्रामा सजिलै झुण्डिन्छन् :

अब चित्त बुझ्यो, छोडे गधे-पच्चीस वर्षले,
एक एक गरी फेरि उम्रे बत्तीस दन्त यी,
आशा थियो, गयो; संख्या बढ्यो केवल वर्षको,
यसको मूर्खता उस्तै छ जस्तो पहिले थियो। (*मुटुको व्यथा*, अङ्क १, दृश्य १)
को गरीब बनी सुन्ला लेखेको यो गरीबले,
यस्तो गरीब शैलीमा यो गरीब विचारले,
आँटेर तैपनी लेख्यो, आठै रस गुमे पनि
घृणा सबैको पाएमा बीभत्स-रस मान्दछ। (*मुटुको व्यथा*, अङ्क १, दृश्य १)

अभागी म जहाँ जाऊँ, साथी मेरो अभाग्य छ, (*मुटुको व्यथा*, अङ्क १, दृश्य १)
धनको चाहना छैन, मन साझा भए पुग्यो,
धुरी चाहिन्न धनको, खालि पेट भरे पुग्यो । (*मुटुको व्यथा*, अङ्क १, दृश्य३)
एकको घर रित्तिन्छ, अर्कोले घर भर्दछ,
सप्रँदैन कुनै अर्को नबिग्रेर कहीँ पनि (*मुटुको व्यथा*, अङ्क २, दृश्य २)
गठेमंगलका औंठी आए कति गए कति,
विवाहको हुँदो हो ता अनि बात जुदै थियो, (*मुटुको व्यथा*, अङ्क ५, दृश्य ३)
बत्ती तेल जलाएर आफै जल्दछ आखिर,
रहन्छ बाँकी निस्सार खरानी मात्र आखिर । (*मुटुको व्यथा*, अङ्क ५, दृश्य ३)
सहू सहू सहू बाबु सहनै नसके पनि (*ध्रुव*, अङ्क २, दृश्य १)
मुठी बाँधी यहाँ आयो, मुठी खोलेर जानु छ (*मुकुन्द इन्दिरा*, अङ्क २, दृश्य २)
स्वास्नीमानिसको जाल लोग्नेमानिसको बल
दुवै सँगै रहे हुन्थे सबै मानिस राक्षस । (*मुकुन्द इन्दिरा*, अङ्क २, दृश्य २)
देशभक्ति त मर्दैन, चुत्थै देश भए पनि (*मुकुन्द इन्दिरा*, अङ्क ४, दृश्य ४)

तस्वीर १९.१ : बालकृष्ण सम (इन्टरनेटमा उपलब्ध) ।

बालकृष्ण शमशेरका कृतिसँग नयराज पन्त १७ वर्षको उमेरमै परिचित र उनको लेखाइबाट प्रभावित भइसकेका थिए । नयराज पन्तले लेखेका छन् : "वि.सं. १९८६ तिरै मेरो हातमा कवि बालकृष्ण शमशेरको मुटुको व्यथा पऱ्यो । व्याकरणअनुसार लेख्ने कविजीको प्रवृत्तिले म अत्यन्त प्रभावित भएँ । त्यसै गरी लेखहरू लेख्न सके त बढिया हुँदो हो भन्ने भाव मेरो मनमा उठ्यो" (२०५०: ७) ।

बालकृष्णलाई नयराज पन्त एक प्रकारले गुरु नै मान्थे भन्ने कुरा उनको तल उद्धृत वाक्यले देखाउँछन् :

> प्रह्लादनामक नाटक नेपाली भाषामा लेखिएको विचारप्रधान भएको पहिलो नाटक हो । यस नाटकका कर्ता नेपाली भाषाका बलियो खामो बनेका प्रसिद्ध विद्वान् हुन् । यिनै विद्वान्को उद्योगले हामीले नेपाली भाषामा योग्य नाटकहरू हेर्न पाएका छौँ । अझ साच्चि भनूँ भने त यिनै नाटककारको नाटक देखेर नै यस प्रबन्धको लेखकले नाटक भन्ने वस्तु सर्वप्रथम चिह्नेको हो । यस कारण यी नाटककारलाई यस प्रबन्धको लेखकले सोझै नभए तापनि आफूभन्दा ५०० वर्ष अघि भएका ब्रह्मगुप्तलाई भास्करले आफ्नो गुरु मानेभन्दा त वरैको नाताले गुरु मानेको छ । (पन्त २००७क : २९५)



तस्वीर १९.२ : नयराज पन्त (सौजन्य : कमल दीक्षित) ।

त्यस समयका मुट्ठीभर विशिष्ट विचारकमध्ये बालकृष्ण पर्छन् । उनमा बौद्धिक भोक उग्र थियो । राणाकुलमा जन्मेर पनि मसीजीवीको वृत्ति लिई उत्कृष्ट कविको रूपमा प्रतिष्ठित बालकृष्णको चरित केही मात्रामा लोकोत्तर थियो । सयौँ वर्षदेखि एक प्रकारले टपरे बाहुनको पेवा जस्तो भएको संस्कृत भाषा आफ्नो एक मात्र छोरा जनार्दन शमशेरलाई परम्परागत ढङ्गले पढाउनु पनि उनको लोकोत्तर चरितको एउटा नमूना हो ।

बालकृष्णको चरितको एक पाटो लोकोत्तर भए पनि अर्को पाटो मौकापरस्ती हो । वि.सं. १९९७ को बी.ए.को नेपाली भाषाको परीक्षाको उत्तरपुस्तिकामा परीक्षार्थी लक्ष्मीनन्दन चालिसेले "नपुंसक राणाजीहरू" लेखेका रहेछन् । आफूभन्दा माथिल्ला अधिकारीहरूले त्यस कुरालाई नचम्काई दबाउने सल्लाह गर्दागर्दै बालकृष्णले श्री ३ जुद्ध शमशेरकहाँ उत्तरपुस्तिका पुऱ्याएको र ती परीक्षार्थीलाई थुनाई आफूले प्रमोशन खाएको तथा राणा शासन जानेजाने वेलामा राणाविरोधी भई बालकृष्ण सम भएको तथ्यले पनि उनको मौकापरस्ती छर्लङ्गिन्छ ।

नयराज पन्तले वि.सं. १९९७ को मंसिर महिनामा २७ वर्षको उमेरमा भाषानुवाद परिषद्मा जागिर खाए । सो अड्डाका हाकिम पुष्कर शमशेर थिए । उनका भाइ बालकृष्णचाहिँ नेपालीभाषाप्रकाशिनी समितिका हाकिम थिए । भाषानुवाद परिषद्मै जागिर खाई बस्ने नयराजको इच्छा भए पनि आफ्ना बाजे भुवननाथ पाँडेको जोडले गर्दा तीन महिना नपुग्दै उनी रानीपोखरी संस्कृतपाठशालामा जागिर खान पुगे । तथापि, भाषानुवाद परिषद् र नेपालीभाषाप्रकाशिनी समितिसँग उनको सम्बन्ध पछिसम्मै रह्यो । नयराजले लेखेका छन् : "कवि बालकृष्णशमशेरज्यूको वाक्चातुरीले पनि मलाई आनन्द दिलाउँथ्यो । ...बालकृष्णशमशेरज्यूले सोध्नुभएका कुरा आफूले बुझेका भए भनिदिन्थें" (नयराज पन्त २०१९क : ३१) ।

वि.सं. १९९९ मा नयराज पन्त नेपालीभाषाप्रकाशिनी समितिको उपसमितिको सदस्य र वि.सं. २००० मा शिक्षा समितिको सदस्य भए । नेपालीभाषाप्रकाशिनी समितिमा प्रकाशनार्थ आएका पुस्तक समितिका सदस्यहरूले आपसमा भाग लगाई संशोधन गर्ने चलन भएकोले नयराजले पनि त्यो काम उत्साहपूर्वक गरे । यसको साथसाथै आफूले लेखेका *इतिहास-सहायक*, *ज्यौतिष*, *बीजगणित* र लेखनाथ पौड्यालको *बुद्धिविनोद*को समश्लोकी उत्तर उनले समितिमा छाप्न दिए । सो समितिको उपसमितिले वि.सं. २००४ मा ती पुस्तक प्रकाश गर्न स्वीकृतिसमेत दियो (पन्त २०१४ : ६) ।

बालकृष्णका छोरा जनार्दन शमशेरको पुस्तक *प्रेमी प्रतीक्षा* (२००५) को नयराज पन्तले संस्कार गरेको कुरा मैले सुनेको हुँ । त्यसपछि जनार्दनले जमानाअनुसार साम्यवाद किंवा समाजवादबाट अनुप्राणित कृति लेखेर नयराजलाई देखाउन खोज्दा "बाबुसाहेब, हजुरले यस्तो कृति लेख्नुभन्दा अगाडि राणाकुलमा जन्मेर पाएको विशिष्ट अधिकारको पगरी

उतार्नुपर्छ" भनी त्यो पुस्तक नहेरेको नयराजकै मुखबाट मैले सुनेको छु । बालकृष्णकहाँ धेरै वर्ष सहायक भई काम गरेका लीलाध्वज थापा क्षत्रीको वि.सं. २००२ मा छापिएको *अमरमाया* नाटकमा लक्ष्मीप्रसाद देवकोटा, पुष्कर शमशेर, बालकृष्ण शमशेर, नयराज पन्त र शेषराज शर्मा समेतको टिप्पणी छापिएको थियो (देवकोटा र अरू २००२ : क–ज) । यी सबै कुराले बालकृष्णसँग उनको धेरै नजिकको सम्बन्ध भइसकेको देखाउँछ ।

वि.सं. २००३ मा बालकृष्णको नाटक *म* छापियो । आफूलाई मन नपराएको लोग्नेलाई आफूतर्फ तान्न स्वास्नीले प्रेमिकाको रूप लिई लोग्नेलाई फसाएको कथा सो नाटकमा छ । दण्डीको *दशकुमारचरित*को छैटौँ उच्छ्वासमा परेको एउटा कथाको विषयवस्तु पनि त्यस्तै छ । सो कथालाई नयराज पन्तले उल्था गरी *म* नाटक छापिएको लगत्तैजसो *शारदा*को वि.सं. २००३ फागुन-चैतको अङ्कमा छपाए (२००३ : ८५–८७) । सो कथाले गर्दा बालकृष्णको अपूर्व भनिएको कल्पनाशक्तिमा शङ्का उत्पन्न गऱ्यो । त्यसैले त्यो कथा अहिल्यै किन छपाउनुपऱ्यो भनी बालकृष्णले नयराजलाई भनेको सुनिएको हो ।

नयराज पन्तले माथि नाउँ लिइएका आफ्ना चार ओटा पुस्तक प्रकाशनार्थ नेपालीभाषाप्रकाशिनी समितिमा बुझाएपछि समितिका हाकिम बालकृष्णले "अहिले पुस्तक छोडेर पैसा लिएर जाऊ, यी बिस्तारै छापिन्छन्" भनेछन् । प्रत्युत्तरमा नयराजले "पहिला पुस्तक छापियून्, अनि पैसा लैजाउँला, म पुस्तक नछापिईकन पैसा लिएर जान्नँ" भनेछन् । "लक्ष्मीप्रसाद देवकोटाले पनि "पैसा लगे त भइहाल्छ नि पण्डितजी" भने रे । तर, नयराजले पुस्तक नछापिई रोयल्टी नबुझ्ने जवाफ दिएपछि "तिमी त्यसै भन्छौ होइन त ?" भनेर बालकृष्णले ३ चोटी झर्केर सोधे रे" (पौडेल २०६५ : ५४–५५) ।

किताब छापिनुभन्दा अघिबाटै किताब लेखेबापत पाइने रकम लिएर जाऊ भनी हाकिम बालकृष्णले अनुग्रह गर्दा पैसा लिन अस्वीकार गरेकोले उनीसँग नयराजको सम्बन्ध चिसिन थालेको हुनुपर्छ । त्यसैले, वि.सं. २००४ मै पास भएका नयराजका चार ओटै पुस्तक तत्काल छापिएनन् । वि.सं. २००७ मा मात्र *इतिहास-सहायक*, त्यसको तीन वर्षपछि वि.सं. २०१० मा *ज्यौतिष* र वि.सं. २०१५ मा *बुद्धिविनोद*को उत्तर छापिए; *बीजगणित* चाहिँ नछापिइकनै बेपत्ता भयो (पन्त २०१०, २०१५) ।

वि.सं. २००७ असोजको *पुरुषार्थ*मा नयराज पन्तको "एउटा शंका" शीर्षकको लेख छापियो । वि.सं. १९९५ मा प्रकाशित बालकृष्णको *प्रह्लाद* नाटकको सो लेखमा प्रशंसा त गरिएको छ तर सँगै नारदले प्रह्लादलाई सङ्खिया विष खान सिकाएको र त्यो विष प्रह्लादलाई पचिसकेकोले उनलाई गोमन साँपले टोक्न लाउँदा उल्टो गोमन मरेको, प्रह्लादलाई भने केही नभएकोले "दैत्यहरू विष खुवाएर मात्रै मार्दैनन्, पर्वतवाट खसाल्छन्, आगोमा हाल्छन्, तरवारले ठुङ्ठुङ्याउँछन्, हात्तीले कुल्चाउँछन् भन्ने यति जाबो कुरा पनि नारदको बुद्धिमा सुझ्दैनथ्यो ? फेरि नारदलाई परमेश्वरको नामले सारा आपत् हटाउन सक्तछ भन्ने

कुरामा विश्वास थियो-थिएन ? थिएन भने बिचरा बालकलाई सुऱ्याएर कालको मुखमा पठाएर तिनलाई के फाइदा थियो ? थियो भने विष्णु परमेश्वरको नाम साथसाथै सङ्खियाको अम्मल सिकाउनाको के जरुरत ?" भनी प्रश्न गरिएको छ (नयराज पन्त २००७क : २९६)।

आफ्नो डायरीको वि.सं. २००७ चैत ८ गते बुधवारको प्रविष्टिमा नयराजले बालकृष्णको यसरी चरित्रचित्रण गरेका छन् :

तिमीहरू त बाँउँठै रहेछौ

बालकृष्ण शमशेर नेपाली भाषाका प्रख्यात कवि हुनुहुन्छ। *मुटुको व्यथा, ध्रुव, मुकुन्द इन्दिरा, प्रह्लाद, अन्धवेग, भक्त भानुभक्त, म* नाउँका आफूले बनाएका नाटकले गर्दा उहाँ कवि प्रसिद्ध हुनुहुन्छ। उहाँको *नियमित आकस्मिकता* नाउँको ग्रन्थ पनि प्रकाशित भएको छ। उहाँका अरू साना कथा पनि प्रकाशित भएका छन्।

उहाँका कृतिमा सर्वत्र गरीबउपर दया देखाइएको हुन्छ। यताबाट कविजी दयालु हुनुहुँदो रहेछ भन्ने बुझिन्छ। राजामा र स्वदेशमा उहाँको गाढा भक्ति भएको पनि त्यहाँबाट स्पष्ट हुन्छ। उहाँको स्वभाव पनि मिलनसार छ। तर्करसिक उहाँ कवि आफ्नो मीठो बोलीले गर्दा सर्वसाधारणलाई र विद्वान्हरूलाई पनि रत्याउन सक्नुहुन्छ। तसवीर लेख्नमा नाउँ चलेका उहाँ कविवर नाटक खेल्न र गानाबजानामा पनि सिपालु हुनुहुन्छ। यसरी आफ्ना मीठा कविताले र कलाले गर्दा नेपालीहरूमा उहाँ कविवरको ठूलो नाउँ छ। यसरी टाढाबाट हेर्दा सज्जन देखिनुहुने उहाँ कविवरलाई गढेर हेर्ने हो भने उहाँ अर्कै जस्तो देखिनुहुन्छ।

वि.सं. १९९७ मा परीक्षार्थी कवि लक्ष्मीनन्दनले बी.ए.को जाँचमा नेपाली भाषाको उत्तरपुस्तिकामा प्रसंगवश नपुंसक राणाजीहरू भनी लेखेको लेख मुखले धेरै किसिमले जनहितको कुरा फलाकेर हिँड्ने उहाँ कविले श्री ३ जुद्ध शमशेरकहाँ पठाउनुभएछ। जसले गर्दा राणा सरकारले ती लक्ष्मीनन्दनलाई झ्यालखानामा हाल्यो। बूढा भएका बाबुआमालाई रुवाउँदै, भरखरकी स्वास्नी र सानो छोरो छोडेर ती बिचरा परीक्षार्थी तीन चार वर्षपछि झ्यालखानामै मरे। यसो गरी राणाराज्यलाई दरिलो पार्न उद्योग गर्ने उहाँ कविवरलाई राणा सरकारले मन पराएको थियो।

वि.सं. २००७ कात्तिकमा श्री ५ त्रिभुवनवीरविक्रमलाई राज्यच्युत गर्न भेला भएका, श्री ३ मोहनका अनुयायीहरूमा उहाँ कवि पनि हुनुहुन्थ्यो। राजा त्रिभुवनवीरविक्रमलाई राज्यच्युत गर्न लेखिएको पत्रमा प्रकाशित नामावलीमा बालकृष्ण शमशेर भन्ने नाउँ सबैले हेर्न सक्छन्। श्री ५ ज्ञानेन्द्रवीरविक्रमको

सिंहासनारोहण हुँदा उहाँ कविवर छोरासमेत आफूसरहका अरूहरूसँगै फोटोग्राफर भएर आउनुभएको हामीहरूले आफ्नै आँखाले देखेको हो ।

रोलबाट हटाइएका राणाजीहरू चन्द्र शमशेरका छोराहरूको रिसले काङ्ग्रेससँग मिल्न गई नेपालमा विद्रोहको आगो बाल्दा, राजा त्रिभुवन भारत सवारी भएकोले मौका छोपी नेपाललाई सर्वथा आफ्नो प्रभावमा राख्न भारतले मध्यस्थको स्वाङ गर्दा, झूटो लोभ देखाएकोले मन चञ्चल भएका दुनियाँहरूले सबैतिर राणावंशको द्वेष फैलाउँदा, आफ्नो दुर्नीतिको फल प्रकट भएको देखी चन्द्र शमशेरका छोराहरूले बिलखबन्दमा परेर भारतको उपदेशले आफ्नो अधिकार छोड्न लाग्दा उहाँ कविवर जनहित गर्ने मान्छेको स्वाङ गर्दै १५ दिन थुनामा बसी देशोद्धारक बन्नुभयो । काङ्ग्रेसीहरूको निगाहले उहाँले फेरि इज्जत र पुरानै जागिर पाउनुभयो ।

मुखले अर्कै कुरा भनेर, मनले अर्कै कुरा विचार गरेर, कामले अर्कै कुरा गरेर आएका, स्वार्थले आँखा टालिएकोले विवेक गर्ने शक्ति हराइसकेका मानिसको लागि गर्न नहुने काम पृथ्वीतलमा के छ र ? (नयराज पन्त २०४१ : २८–२९; संस्कृतबाट मेरो उल्था; महेशराज पन्त २०४१ : ३२–३३)

नेपालीभाषाप्रकाशिनी समितिमा आफ्ना पुस्तक छाप्न दिँदा समितिका हाकिम बालकृष्ण शमशेरले आफूलाई अनुग्रह गरी अधिबाटै रोयल्टी दिँदा आफूले पुस्तक छापिनुभन्दा अगाडि नै त्यो लिन नमानेकोले त्यसको फल कस्तो भयो भन्ने विषयमा नयराज पन्तले वि.सं. २०१४ मा यस्तो लेखेका छन् : "दुइ पुस्तक बल्लतल्ल प्रकाशित भए । दुइ पुस्तक कहाँ छन् पत्तो छैन । यसैले मैले बुझें, काममात्रै गरेर हुँदो रहेनछ । विषम-समको ताल पनि बुझ्नुपर्दो रहेछ । भइगयो, मेरो वेला आएको रहेनछ भनी म लेख्तै थन्क्याउने तथा पढ्ने-पढाउने कामतिर लागें" (२०१४ : ६) ।

बालकृष्णको मौकापरस्तीको विषयमा वि.सं. २०३१ मा नयराज पन्तले प्रसङ्गवश छोटकरीमा लेखेको कुराबाट यो लेख टुङ्ग्याउँछु : "राणाकालमा बालकृष्णशमशेर तथा रुद्रराजका ग्रन्थमा राणा शासकका स्तुति हुन्थे, पछि यी झिकिए, यो कुरो मलाई थाहा छ । बलेको आगो ताप्ने सिद्धान्तको फल यो हो । बालकृष्णशमशेरका लेखमा आदर्श रूपमा रहेका राणा शासकहरू बालकृष्ण समका लेखमा निन्द्यचरित्र भई देखा परे, कोइराला शासकचाहिं आदर्श भई अगाडि आए, यो कुरो पनि मलाई थाहा छ" (२०३१ : २४३) ।

२०

ब्राह्मणमहासम्मेलन र जगन्नाथ गुरागाञी

भारतमा सयौँ वर्ष राज गरेका मुसलमानहरूले हजारौँ वर्षदेखि चलिआएको हिन्दूहरूको रीतिरिवाजमा खासै चासो राखेनन्, त्यति हात पनि हालेनन् । भारतमा अङ्ग्रेजी शासन चलेपछि भने त्यहाँ परम्परादेखि चलिआएका केही रीतिरिवाज अङ्ग्रेज सरकारको आँखामा बिझ्दा ती रीतिस्थिति हटाउन अङ्ग्रेज शासक लागिपरे । भारतीय विचारकहरूमध्ये कसैले अङ्ग्रेजले गरेका ती "सुधार" को समर्थन र कसैले विरोध गरे । विरोध गर्नेको लहरमा लक्ष्मण शास्त्री द्रविड पनि एक थिए ।

मद्रास प्रान्तमा पर्ने कुम्भकोणम्को त्रिसिनील्लुर भन्ने गाउँबाट बनारसमा बसाइँ सरेको र कृष्णयजुर्वेदको घनपाठमा ख्याति कमाएको ब्राह्मणवंशमा लक्ष्मण शास्त्रीको वि.सं. १९३१ मा जन्म भएको थियो । वेदमा कृष्णयजुर्वेद र ऋग्वेद तथा दर्शनमा वेदान्त, साङ्ख्य र न्यायमा पारङ्गत यिनले अङ्ग्रेज सरकारले खोलेका बनारस र कलकत्ताका संस्कृत कलेजबाट उच्चतम परीक्षा उत्तीर्ण गरेका थिए । बनारसको रणवीर संस्कृत पाठशालामा २८ वर्षको उमेरमा अध्यापक भई त्यहाँ लक्ष्मणले ११ वर्ष बिताए । त्यसपछि कलकत्ता विश्वविद्यालयमा यिनको नियुक्ति भयो । त्यहाँ १४ वर्ष दर्शनशास्त्र पढाएपछि यिनले आफूखुशी अवकाश लिए । यिनको विद्वत्ताको कदर गर्दै अङ्ग्रेज सरकारले यसै अवधिमा यिनलाई महामहोपाध्यायको पदवीले विभूषित गऱ्यो ।

कलकत्ता विश्वविद्यालयबाट अवकाश लिएपछि बनारस फर्केर सनातन धर्मको रक्षा र संस्कृतविद्याको प्रचारको लागि लक्ष्मण शास्त्रीले थरीथरीका काम थाले । यिनको पहिलो काम वि.सं. १९८४ मा वर्णाश्रम स्वराज्यसङ्घको स्थापना गर्नु हो । यस संस्थाको उद्देश्य वर्णाश्रमधर्मको रक्षा गर्नु र भारतलाई अङ्ग्रेजको शासनबाट छुटकारा दिलाउनु थियो । प्राचीन

पद्धतिले वेद र वेदाङ्गको पढाइ चलाउन बनारस रामघाटमा साङ्गवेद विद्यालयको स्थापना कलकत्ता विश्वविद्यालयमा पढाउँदा पढाउँदै वि.सं. १९७७ मा यिनले गरिसकेका थिए ।

सनातन धर्मको ह्रास हुँदै गएकोले सो रोक्न चारै पीठका शङ्कराचार्य, रामानुज, वल्लभ, माध्व र निम्बार्क सम्प्रदायका पीठाध्यक्ष तथा अनेकन् विद्वान्हरू भेला भई यिनै लक्ष्मण शास्त्रीको अगुवाइमा वि.सं. १९८५ कात्तिकमा बनारसमा ब्राह्मणमहासम्मेलन गरिएको थियो । रजस्वला भइसकेपछि मात्र गरिने विवाह, विधवा विवाह र छुवाछूत नबार्ने जस्ता विषयमा सुधारवादीहरूले समर्थन गरेकाले ती विषयमा धर्मशास्त्रअनुसार विचार गर्न सो सम्मेलनको आयोजना गरिएको थियो ।

लक्ष्मण शास्त्री द्रविडले अरू दुई समानधर्मा अर्थात् उस्तै विचार भएका महामहोपाध्याय वामाचरण भट्टाचार्य तथा महामहोपाध्याय पञ्चानन तर्करत्न भट्टाचार्यसँग मिलेर साङ्गवेद विद्यालयको आयोजनामा वि.सं. १९८५ देखि संस्कृत मासिक पत्रिका *ब्राह्मणमहासम्मेलन* चलाउन थाले । त्यस पत्रिकाका सम्पादकमा महामहोपाध्याय अनन्तकृष्ण शास्त्री, पछि महामहोपाध्याय हुने हाराणचन्द्र शास्त्री भट्टाचार्य, लक्ष्मण शास्त्री द्रविडका छोरा पण्डितराज राजेश्वर शास्त्री द्रविड, वामाचरण भट्टाचार्यका माहिला भाइ ताराचरण भट्टाचार्य र पञ्चानन तर्करत्न भट्टाचार्यका छोरा श्रीजीव न्यायतीर्थ भट्टाचार्य थिए । त्यसै वेलादेखि लक्ष्मण शास्त्रीकै अग्रेसरतामा *ब्राह्मणमहासम्मेलन*कै नाउँले हिन्दीमा साप्ताहिक पत्र चलाउन थालियो । नयाँ सालको शुरूदेखि हुनुपर्छ, त्यस साप्ताहिक पत्रको नाउँ *पण्डित-पत्र* थपी त्यसको नाउँ *ब्राह्मणमहासम्मेलन पण्डित-पत्र* राखियो । "बेलायतपन्थी सुधारकहरू र आर्यसमाजीहरूको बीचमा हलचल ल्याइदिने" (हिन्दीबाट मेरो उल्था) भनी संस्कृत मासिक पत्रिका *ब्राह्मणमहासम्मेलन*मा छापिएको सो साप्ताहिक पत्रिकाको प्ररोचना अर्थात् विज्ञापनमा लेखिएकोले त्यसको उद्देश्य स्पष्ट हुन्छ ।[1]

संस्कृतमा छापिने *ब्राह्मणमहासम्मेलन* पत्रिकामा लक्ष्मण शास्त्रीको प्रशंसामा लेखिएको तलको पद्यबाट मात्र पनि यस पत्रिकाको उद्देश्य छर्लङ्गिन्छ :

यूरोपीयकुशिक्षया कवलिते धर्माश्रिते भारते,
लोके मानस-काय-कर्म-वचनैर्दासेयतामापिते ।
दुःशिक्षां व्यपनीय धर्मधनुषोद्धर्तुं पुनर्भारतं,
सर्वस्वेन कृतोद्यमान्गुरुवरान् साष्टाङ्गपातं नुमः ।। (ब्राह्मणमहासम्मेलन शाके १८५२)

[1] *ब्राह्मणमहासम्मेलन*, शाके १८५२, ३ वर्ष, ३ सङ्ख्यादेखिका अङ्कमा र शाके १८५५, ६ वर्ष, ३ सङ्ख्यादेखिका अङ्कमा हिन्दीमा विज्ञापन छैन, संस्कृतमा छ । संस्कृतमा भने त्यस्तो वाक्यांश छैन ।

अर्थात् "धर्ममा आश्रित भारत युरोपियन कुशिक्षाले ग्रस्त हुँदा मन, शरीर, काम र बोलीद्वारा दुनियाँ दासत्वमा पुऱ्याइँदा दुःशिक्षा हटाएर धर्मरूपी धनुद्वारा भारतको फेरि उद्धार गर्न सबै तरहले उद्योग गर्ने गुरुवरलाई साष्टाङ्ग दण्डवत् गर्छौं।"



चतुर्थ-वर्षे | सौर-पौषः शकाब्दाः १८५३। | नवम-सङ्ख्या।

स्वर्गीयधर्मप्राणश्रीलक्ष्मणशास्त्रिभिः,
म० म० स्वर्गीयश्रीवामाचरणभट्टाचार्यैः,
त्यागमूर्ति श्रीपञ्चाननतर्करत्न भट्टाचार्यैश्च प्रवर्तितम्—

ब्राह्मणमहासम्मेलनम्।

(मासिकं संस्कृतपत्रम्)

निरीक्षकाः—

महामहोपाध्यायश्रीयुक्तानन्तकृष्णशास्त्री, पं० श्रीताराचरणभट्टाचार्यः,
श्रीहाराणचन्द्रशास्त्री, श्री श्रीजीवन्यायतीर्थः एम० ए०,
पण्डितराजश्रीराजेश्वरशास्त्री द्राविड़ः।

सम्पादकः—

पं० जगन्नाथ शर्मा गुरागाञी।

प्रकाशकः—

पं० श्रीताराचरणभट्टाचार्यः,

अग्रिमवार्षिकं मूल्यम्, रूप्यकत्रयम्।

छात्राणां कृते वार्षिकं रूप्यकद्वयम्।

तस्वीर २०.१ : जगन्नाथ गुरागाञीद्वारा सम्पादित ब्राह्मणमहासम्मेलन।

राजस्थानी आर्यसमाजी हरविलास सारडा बालविवाहका मुखर विरोधी थिए। अङ्ग्रेज सरकारबाट यिनी रायसाहिबको पदवीले भूषित थिए। आफ्नो राज्यभर बालविवाह रोक्ने उद्देश्यले वि.सं. १९८६ असोज १३ गते अङ्ग्रेज सरकारले ऐन बनाएको थियो, जुन त्यही साल चैत १९ गतेदेखि लागू भयो। तिनै हरविलासको थरबाट सारडा याक्ट नाउँले त्यो ऐन प्रसिद्ध भयो। त्यो ऐन आएपछि सारडा याक्ट धर्मविरोधी हो भनी लक्ष्मण शास्त्री द्रविडले र उनका सहयोगी पञ्चानन तर्करत्न भट्टाचार्यले महामहोपाध्याय पदवी परित्याग गरे। सारडा याक्ट बनेको लगत्तैजसो यो ऐन लागू हुनु अगाडि नै प्राचीन परम्पराका

पक्षपातीहरूले ठाउँठाउँमा विरोधसभा गरेको खबर *ब्राह्मणमहासम्मेलन*मा छापिएको थियो (ब्राह्मणमहासम्मेलन शाके १८५१क : १९४, १८५१ख : २१७–२१८, १८५१ग : २४२–२४३) र त्यस ऐनलाई सारडासर्प भनी त्यस पत्रिकामा लेखिएको थियो (शाके १८५१घ : २४३)।

संस्कृतमा छापिने *ब्राह्मणमहासम्मेलन*को जम्मै अङ्क मैले हेर्न पाएको छैन। खालि शाके १८५१ कात्तिकमा निस्केको दोस्रो वर्षको ७ सङ्ख्यादेखि शाके १८५६ कात्तिकसम्म निस्केको सातौँ वर्षको ४–७ सङ्ख्या गरी जम्मा ३३ ओटा अङ्क मात्र हेरेको छु। तीमध्ये आठ ओटा अङ्कमा जगन्नाथ गुरागाञीका १० ओटा लेख छापिएका छन्।[२]

शाके १८५३ असोजमा छापिएको वर्ष ४, सङ्ख्या ६ सम्म अनन्तकृष्ण शास्त्री, राजेश्वर शास्त्री द्रविड, हाराणचन्द्र शास्त्री, ताराचरण भट्टाचार्य र श्रीजीव न्यायतीर्थ सम्पादक छन्। त्यसपछिका दुई अङ्क मैले देखेको छैन। त्यही साल पुसको अर्थात् वर्ष ४, सङ्ख्या ९ देखि जगन्नाथ गुरागाञी मात्र सम्पादक देखिन्छन्। मैले देखेको अन्तिम अङ्क अर्थात् शाके १८५६ कात्तिकमा प्रकाशित वर्ष ७, सङ्ख्या ४–७ सम्म यिनको सम्पादकत्व कायमै छ।

*ब्राह्मणमहासम्मेलन*का पुराना सम्पादक अनन्तकृष्ण शास्त्री, ताराचरण भट्टाचार्य, हाराणचन्द्र शास्त्री, श्रीजीव न्यायतीर्थ र राजेश्वर शास्त्री द्रविड निरीक्षकमा रही त्यस पत्रिकामा लेख छापिँदै आएका जगन्नाथ गुरागाञी पछि सम्पादक बनाइए। पछि निरीक्षक समूहमा देवनायकाचार्य पनि थपिए।

ताप्लेजुङ जिल्लाको हाङदेवा गाउँमा जन्मेका जगन्नाथ गुरागाञीको नेपाली भाषामा छन्दमा लेखिएको *गुणरत्नमाला* संस्कृत परम्परामा हुर्केका पूर्वका नेपालीभाषी पहाडिया समुदायमा अत्यन्त प्रसिद्ध छ र त्यसका निकै पद्य धेरैको मुखमा झुण्डिएका छन्। त्यत्तिकै प्रसिद्ध नभए पनि यिनको अर्को नेपाली काव्य *नम्र निवेदन* पनि चल्तीमै छ। *नम्र निवेदन* वि.सं. १९९६ मा र *गुणरत्नमाला* वि.सं. १९९७ मा छापिएका हुन्। यी दुवै काव्य पटक-पटक छापिएको मैले देखेको छु। चन्द्रप्रसाद न्यौपाने (२०७१ : ७) का अनुसार जगन्नाथको अर्को काव्य *मन्त्रीको गुणदोष* वि.सं. २०२६ मा छापिएको थियो।

जगन्नाथको जन्म वि.सं. १९५९ मा भएको मानिए (दीक्षित, शर्मा र भट्टराई २०५३ : २९०; भट्टराई २०५६ : २३५; प्रभात २०७० : १९३; न्यौपाने २०७१ : ७) पनि यिनको

[२] जगन्नाथ गुरागाञी *ब्राह्मणमहासम्मेलन*का सम्पादक भएदेखिका मैले हेरेका अङ्कमध्ये उनको नाउँमा दरिएको लेख एउटा मात्र छ (गुरागाञी शाके १८५६), सम्पादक मात्र भनी कर्ताको नाउँ नखुलाई छपाइएका चाहिँ थुप्रै छन्। त्यो एउटा लेख पनि विषयसूचीमा सम्पादक मात्र भनिए पनि लेखको पुछारमा उनको नाउँ दिइएकोले जगन्नाथको नाउँमा दरेको हुँ। सम्पादक भएपछि निजी नाममा जगन्नाथका लेख आउन छोडे पनि ती लेख उनकै हुँदाहुँदै पनि सम्पादक मात्र भनिएका लेख मैले यहाँ गनेको छैन।

मृत्युवर्षमा भने एकमत छैन । डिल्लीराम तिमसिना (२०३० : १५) ले जगन्नाथ बितेको मिति १९६६ नोभेम्बर १ तदनुसार वि.सं २०२३ कात्तिक १६ गते; दीक्षित, शर्मा र भट्टराई (२०५३ : २०९) ले वि.सं. २०२६ तथा घटराज भट्टराई (२०५६ : २३५) ले वि.सं. २०२२ मानेका छन् । जगन्नाथको मरणको महिना र तारिखसमेत डिल्लीरामले दिएकाले र ती दुवैले बनारसमा धेरै वर्ष बिताएकाले उनले दिएको मिति सही ठानेकोमा केही वर्ष अगाडि चन्द्रप्रसाद न्यौपाने (२०७१ : ७) ले जगन्नाथको मृत्यु वि.सं. २०३३ मा भएको भनी लेखेकाले अहिले यस विषयमा पुनर्विचार गर्नुपर्ने अवस्था आएको छ ।[३]

तस्वीर २०.२ : जगन्नाथ गुरागाञी (नम्र निवेदन *तेस्रो आवृत्तिबाट*) ।

जगन्नाथ गुरागाञीको विषयमा बढी खुलाएर डिल्लीराम तिमसिनाको माथि चर्चा गरिएको निबन्धमा लेखिएको छ । बनारसमा जगन्नाथका गतिविधिबारे डिल्लीराम तिमसिना (२०३० : १५–१६) लेख्छन् : "जगन्नाथले काशीमा बसेर सीता राम शास्त्रीसंग संस्कृत

[३] डिल्लीरामलाई जगन्नाथको विषयमा बढी थाहा होला भन्ने ठानेर र *एउटा अर्को बुइँगल* (२०५३)का तीन जना ग्रन्थकारमध्ये एक जना अर्थात् घटराज भट्टराई *नेपाली लेखककोश* (२०५३) का ग्रन्थकार भए पनि अघिल्लोमा जगन्नाथ गुरागाञीको मृत्युसंवत् एक थरी र पछिल्लोमा अर्को थरी दिइएको देखेर मैले जगन्नाथको विषयमा प्रसङ्गवश लेख्दा यिनको मृत्युसंवत् डिल्लीराम तिमसिनाअनुसार हालेको थिएँ (पन्त २०६५ : ४–५) ।

शास्त्रादिको अध्ययन गरी संस्कृत ब्राह्मण महा सम्मेलनद्वारा परिचालित मासिक तथा साप्ताहिक सम्मेलन पत्रिकाको पुगनपुग आठ नौ वर्ष जति कुशलतापूर्वक सम्पादन कार्य पनि गरेका हुन् ।" हिन्दीमा निकालिने *ब्राह्मणमहासम्मेलन पण्डित-पत्र*को एउटा अङ्क पनि मैले देखेको छैन । डिल्लीरामका अनुसार त्यस हिन्दी साप्ताहिकको सम्पादन पनि जगन्नाथले गरेका रहेछन् । *संस्कृत ब्राह्मणसम्मेलन*का पुराना-पुराना अङ्कमा छापिएका, हिन्दी *ब्राह्मणसम्मेलन*का प्ररोचनामा त्यसको सम्पादक पण्डित आत्मारामशास्त्री लोकरे छन् भनी लेखिएकोले संस्कृत *ब्राह्मणसम्मेलन*को जस्तै हिन्दी *ब्राह्मणसम्मेलन*को पनि पछि मात्र जगन्नाथ सम्पादक भएका देखिन्छन् ।

ब्राह्मणमहासम्मेलन संस्कृत मासिकको मैले देखेसम्मका अङ्कमा जगन्नाथको पहिलो लेख (गुरागाञी शाके १८५१क) सारडा याक्टको विरोधमा र अन्तिम लेख (गुरागाञी शाके १८५६) गोहत्या र पाश्चात्त्यीकरणको विरोधमा छ । त्यस पत्रिकामा यिनको दोस्रो लेख पुराण र काव्यमा वर्णित विमानको विषयमा (गुरागाञी शाके १८५१ख), तेस्रो लेख वि.सं. १९८६ पुसमा लाहुरमा भएको भारतीय राष्ट्रिय काङ्ग्रेसको अधिवेशनमा वर्णाश्रम स्वराज्यसङ्घका सभासदहरू उपस्थित भई काङ्ग्रेसको सनातनधर्म विरोधी क्रियाकलापको विरोधमा काङ्ग्रेसीहरूसँग गरेको वादविवादको विषयमा (गुरागाञी शाके १८५१ग) र चौथो लेख शरीरशुद्धिको विषयमा (गुरागाञी शाके १८५१घ) छ । पाँचौँ लेख पद्यमा छ र यसका दुई खण्ड छन् (गुरागाञी शाके १८५२क) । पाँच पद्यको पहिलो खण्डमा भगवान्लाई पुकारिएको छ र छ पद्यको दोस्रो खण्डमा वर्णाश्रमधर्ममा भएको प्रहारको विषयमा लेख्दै सारडा याक्टलाई वर्णाश्रमको वैरी भनिएको छ (वैरी वर्णाश्रमाणां प्रतपति नितरां सारडाजन्मसारो) । छैटौँ लेखमा प्रातःस्नानको महिमा गाइएको छ (गुरागाञी शाके १८५२ख) । सातौँ, युवकहरूमा देशोद्धारको भावना जाग्रत् गर्न वैतालीय छन्दका १७ पद्यमा लेखिएको छ (गुरागाञी शाके १८५२ग) । आठौँ लेख वेद कण्ठस्थ गरेर मात्र पुग्दैन, त्यसको अर्थ पनि बुझ्नु जरुरी छ भन्ने विषयमा छ (गुरागाञी शाके १८५२घ) । वेद कण्ठस्थ हुनेलाई वेदको अर्थ नलाग्ने अवस्था अहिले मात्र होइन, निरुक्तकार यास्क र महाभाष्यकार पतञ्जलिकै समयमा देखा परिसकेकोले (पन्त सन् १९७९ : १८–२२) शिक्षामा यो कमजोरी धेरै पहिलेदेखि ज्यूँकात्यूँ रहिआएको स्पष्ट हुन्छ । नवौँ लेख पश्चिमा प्रथामा अनुरागभाव त्यागेर, शिक्षामा परिवर्तन गरेर र आफ्नो शास्त्रमा विश्वास गरेर मात्र अङ्ग्रेजी शासनबाट छुटकारा पाइन्छ भन्ने विषयमा छ (गुरागाञी शाके १८५२ङ) । दशौँ लेख भारतमा धेरै कर तिराउनुको अर्थ छैन, भारतीयहरू स्वदेशमै उत्पन्न वस्तुद्वारा निर्वाह गर्छन्, भारतको रक्षाको लागि जति खर्च लाग्छ, त्यति मात्र कर भारतमा लगाएको खण्डमा दुनियाँदारमा अशान्ति हुँदैन इत्यादि विषयमा छ (गुरागाञी शाके १८५२च) । यस लेखको शीर्षकको उल्था नेपालीमा गर्दा भारतेश्वर अर्थात् भारतका राजाको नजिकमा निवेदन भन्ने हुन्छ । यो

लेख छापिँदा भारत अङ्ग्रेज बादशाहको राज्यभित्र पर्ने हुनाले बेलायतका बादशाहलाई यसमा भारतेश्वर भनी सम्बोधन गरिएको छ । त्यस वेला पाँचौँ जर्ज बेलायतको गद्दीमा भएकाले यिनलाई भारतेश्वर भनी जगन्नाथले लेखेका हुन् । भारतेश्वर भनी राजोचित मान गरी लेखे पनि ब्रिटिश शासनप्रति आफ्नो असन्तोष यस लेखमा ठाउँठाउँमा व्यक्त छ ।

गोपूजा शीर्षक भएको अन्तिम लेख गानाको शैलीमा ध्रुपद हाली लेखिएको छ । यी पद्यको बोल "अद्य माता हैन्दवी गौः प्राकृतैः संहार्यते" अर्थात् "हिन्दूहरूकी आमा गाई आज गँवारहरूद्वारा मारिन्छिन्" भन्ने छ । "काऽप्यनर्था क्लिष्टभाषा भारते विस्तार्यते" अर्थात् "कुनै, अनर्थक, गाह्रो भाषा भारतमा फैलाइन्छ" भनी अङ्ग्रेजी भाषाको प्रसारको विरोध त्यहाँ छ । "भव्यभावानार्यशावान् स्कूलकोष्ठाभ्यन्तरे । सम्प्रवेश्योन्मादकर्त्री काऽपि शिक्षा धार्यते" अर्थात् "राम्रो विचार भएका, आर्यका बच्चाहरूलाई स्कूलको कोठाभित्र हुलेर उन्मत्त पारिदिने कुनै शिक्षा लिन लाइन्छ" भनी अङ्ग्रेजी शिक्षाको विरोध गरिएको छ । "सारहीनैरप्रमाणैर्हन्त मिथ्याकल्पितैः । स्वानुकूलैश्चेतिहासैरायुरेषां हार्यते" अर्थात् "अपशोच लाग्छ; सारहीन, अप्रामाणिक, झूटा कल्पना गरी बनाइएका आफ्नो अनुकूलका इतिहासहरूद्वारा यिनीहरूको आयु हरिन्छ" भनी भारतको, अङ्ग्रेजको अनुकूलको इतिहासको पढाइको विरोध गरिएको छ । "एष देशस्त्वन्त्यजानां यूयमत्राऽभ्यागताः । इत्थमध्याप्य स्वदेशस्वत्वमेषां खण्ड्यते" अर्थात् "यो देश त अन्त्यजहरूको हो, तिमीहरू यहाँ आगन्तुक हौ, यसरी पढाएर स्वदेशमा यिनीहरूको आफ्नोपनाको खण्डन गरिन्छ" भनी माथिल्ला जात जति बाहिरबाट आएका हुन् भनी पढाइने कुराको विरोध गरिएको छ । "स्त्रीभिरत्रत्याभिरार्याः सङ्गताश्चेत्यादिभिः । वर्णसाङ्कर्य्योद्भवत्वं तेषु तैरारोप्यते" अर्थात् "यहाँका स्वास्नीमान्छेहरूसँग आर्यहरूले सम्पर्क गरे इत्यादि कुराद्वारा वर्णसाङ्कर्यबाट तिनीहरूको जन्म भएको कुराको आरोप लगाइन्छ" भनी यहाँ कुनै पनि जात शुद्ध छैन भनी प्रचार गरिएको कुराको प्रत्याख्यान गरिएको छ । "भारतीयत्वं स्वकीयं रक्षितुं चेदिष्यते । आर्यमाता कामदा गौः सेव्यतां भो हिन्दवः" अर्थात् "आफ्नो भारतीयत्वको रक्षा गर्न खोज्ने हो भने हे हिन्दूहरू, इच्छा पुऱ्याइदिने, आर्यहरूकी आमा गाईको सेवा गर" भनी पद्यात्मक यो लेख टुङ्ग्याइएको छ ।

जगन्नाथ गुरागाञीको सम्पादकत्वमा वि.सं. १९९० चैतमा छापिएको *ब्राह्मणमहासम्मेलन*को अङ्कमा "नेपालभूपतेधर्मरक्षापरायणता" अर्थात् "नेपालका राजाको धर्मरक्षामा लगाव" भन्ने शीर्षकमा एउटा खबर छपिएको छ (शाके १८५५ : ३६१–३६२) । त्यस लेखमा ब्राह्मणहरूलाई बोलाएर आफ्नो जातअनुसारको धर्मकर्म ब्राह्मणहरूले अवश्य गर्नू, अवसर मिले धर्मकर्ममा व्यवधान नगरी सकिन्छ भने राजसेवा पनि गर्नू भनी ब्राह्मणहरूलाई बोलाएर श्री ३ जुद्धले भने भनी त्यहाँ लेखिएको छ । त्यसमा भएको सबभन्दा चाख लाग्ने कुरा त अब क्षत्रियहरूको कुलमा वर्णसाङ्कर्य नहोओस्

भनी सवर्ण स्त्रीलाई छोडेर अरू जातिका स्त्रीलाई कुनै पनि राजकुमारले पत्नीको रूपमा स्वीकार गर्नु हुँदैन । स्वीकार गरिएको खण्डमा तिनीहरूबाट असवर्ण स्त्रीमा जन्मेका सन्तानको बाबुको अंश पाउँदैनन् भन्ने नियम बनाइबक्स्यो भनी त्यहाँ लेखी त्यसलाई शास्त्रसम्मत सिद्ध गर्न खोजिएको छ । असवर्ण स्त्रीबाट जन्मेका राणाजीको रोल वि.सं. १९९० चैत ५ गते काटिएको (सम २०२९ : २३१–२३४) लगत्तै त्यही साल चैत महिनाको *ब्राह्मणमहासम्मेलन*को अङ्कमा त्यसको समर्थनमा लेख्न जगन्नाथले भ्याइसकेको देखिन्छ ।

आफूले स्थापना गरेको काशीको नेपाली छात्रावासका ४० जना विद्यार्थीहरूद्वारा वि.सं. २००२ वैशाख १९ गते सोमवारको दिन श्री ३ जुद्धको ७१ वर्ष प्रवेशको अवसरमा काशीका देवस्थलमा जपपाठ गराई उनको दीर्घजीवनको कामना जगन्नाथ गुरागाञीको प्रबन्धबाट गरिएको थियो । नेपाली धर्मशालामा त्यही दिन अपराह्णमा सभा आयोजना गर्दा जगन्नाथले आफूले श्री ३ जुद्धको गुणगान गरी बनाएको "श्रीमहाराज शरणम्" भन्ने कविता पढेर सुनाएका थिए ।[४] असवर्ण विवाहबाट जन्मेका राणाजीहरूको वि.सं. १९९० मा रोल काटिएकोमा समर्थन गरी लेख्ने, *ब्राह्मणमहासम्मेलन* पत्रिकाका सम्पादक जगन्नाथले श्री ३ जुद्धको जन्मोत्सवमा वि.सं. २००२ मा उनको स्वस्त्ययन गरेको र गराएको देख्दा जुद्धतर्फ उनी लहसिएको देखिन्छ ।

*ब्राह्मणमहासम्मेलन*को उद्देश्य सनातन धर्मको प्रचार गर्नु र त्यस धर्ममा व्याघात पर्ने पश्चिमी विचारधाराको विरोध गर्नु थियो । त्यसैले जगन्नाथ गुरागाञीका सनातन धर्मको

[४] "सम्वत् २००२ वैशाख १९ गते सोमवारका दिन नेपालनरेश श्री ३ जुद्धशमशेर महाराजका ७० बाट ७१ वर्ष प्रवेश हुने जन्मदिनको उत्सव मनाउने उपलक्षमा काशी नेपाली छात्रावासका ४० जना विद्यार्थीद्वारा बिहान श्रीविश्वनाथजी, गभस्तीश्वर, मङ्गलागौरी, मृत्युञ्जय र राममन्दिरमा जपपाठ गरेर महाराजको दीर्घआयुष्यको प्रार्थना गर्ने र जयकार मनाउने काम गरियो ।

बेलुका चारबजेदेखि नेपाली धर्मशाला भवनमा अनेक श्रीमान् सुप्रतिष्ठित सज्जन र पचासौँ वृद्ध माताहरु तथा छात्रहरु सम्मिलित भै पं. जगन्नाथ उपाध्याय गुरागाञीका प्रस्तावानुसार पं. बुद्धिसागर उपाध्यायका सभापतित्वमा सभा प्रारम्भ भयो ।

पं. जगन्नाथ उपाध्याय गुरागाञीले श्री ३ महाराजका गुणगानका साथै आफूले बनाएका 'श्रीमहाराज शरणम' भन्ने कविता पढेर सुनाउने र महाराजका दीर्घ आयुका निमित्त प्रतिदिन गङ्गादि देवस्थानमा र सर्वत्र यथाशक्ति जपसमेत जय मनाउनु प्रत्येक नेपाली नरनारीको आवश्यक कर्तव्य हो भन्ने आशयको प्रार्थना गरिसकेपछि पं. कोशराज उपाध्याय, पं. क्षमराज उपाध्याय, डाक्टर मणिराम वर्मा महोदयहरुका अनुमोदन समर्थन स्वरूप सदुपदेश भएर सभापतिको सुधारु भाषण भयो । अन्त्यमा ६/७ वर्ष सम्मका घोर परिश्रमले यस्ता छात्रावास र धर्मशाला स्थापना गरेर यीनैद्वारा अब विद्याको धर्मको पुराणहरुको प्रचार गराउँदैरहेको तथा यस्ता यस्ता जन्मोत्सव गर्न पनि हामीले स्थान पाएकाले पं. जगन्नाथ गुरागाञीजीलाई धन्यवाद दिएर सभा विसर्जन भयो" (मणिराम २००२ : १) ।

पक्षमा र पश्चिमी विचारधाराको विपक्षमा लेखिएका निबन्ध र कविता त्यस पत्रिकामा छापिएका हुन्। पछि उनी त्यस पत्रिकाका सम्पादकै हुन पुगे। यसले उनलाई पूरा सनातनी विचारका पण्डित देखाए तापनि उनको वेषभूषा सनातन धर्मको पूरै अनुकूल थिएन कि भन्ने कुरा मैले देखेको यिनको चित्रबाट झल्कन्छ। प्राचीन परम्पराका दिग्गज भारतीय विद्वान्हरूले चलाइआएको पत्रिकाको सम्पादकमा एक जना नेपाली यसरी आफ्नो विद्याबलद्वारा उभिनुलाई राष्ट्रगौरवको दृष्टिले कम आँक्न सकिँदैन।

२१

यदुनाथ खनाल, अनि उनीसँग नयराज पन्त जोडिएको कथा

नयराज पन्तलाई वि.सं. २०५३ मा र यदुनाथ खनाललाई वि.सं. २०५५ मा आदिकवि भानुभक्त पुरस्कारले सम्मान गरेको नेपाली शिक्षापरिषद्ले यी दुई मनीषीको जन्मशताब्दी वि.सं. २०७० असोजमा मनायो। उमेरको हिसाबले नयराजभन्दा दुई दिन कान्छा यदुनाथ नयराजभन्दा झण्डै २३ महिनापछि बिते। आफूले उही पारितोषिकद्वारा सम्मान गरिएका, उही वर्ष जन्मेका यी दुई विद्वान्को जन्मशताब्दी यसैले नेपाली शिक्षा परिषद्लाई एकै दिन मनाउन प्रेरणा मिलेको हुनुपर्छ।

त्यस सभामा केही विद्वान्हरूले दुवैका गुणानुवाद गरे। नयराज पन्त र यदुनाथ खनालको बीचमा लिखित रूपमा भएको वादविवादको चर्चा भने त्यस सभामा कसैले गरेनन्। "सत्यं ब्रूयात् प्रियं ब्रूयान्न वदेत् सत्यमप्रियम्" (*मनुस्मृति* ४।१३८) अर्थात् "साँचो कुरा बोल्नू, प्यारो कुरा बोल्नू, साँचो भए पनि अप्रिय कुराचाहिँ नबोल्नू" भन्ने वचनको अनुसरण गरेर नै ती दुई मनीषीमा भएको सङ्घर्षको चर्चा यदुनाथ खनालका दुई भिन्नाभिन्नै चरितका रचयिताले अर्थात् आजभोलिको भाषामा जीवनी लेख्नेले (आचार्य २०५९; भट्टराई २०६२क, २०६२ख) नगरे जस्तै ती वक्ताहरूले पनि नगरेको हुनुपर्छ।

यदुनाथ खनालसँग नयराज पन्त जोडिएको पहिलो प्रसङ्ग वि.सं. १९९० तिर हो। त्यस वेला एस.एल.सी.को तयारीमा लागेका यदुनाथलाई उनले २/३ महिना जति दिनको १ घण्टा जस्तै गणित, खास गरी बीजगणित, निःशुल्क पढाइदिएका थिए (पन्त २०३० : ७५–७६)।

"यदुनाथ कूटनीतिमा कौटल्य र किसिन्जर दुवै बुझ्ने र आफ्नो व्यवहारमा ढाल्न सक्ने व्यापक बौद्धिक व्यक्तित्व हुन्" (आचार्य २०५९ : ग) भनी यदुनाथको प्रशस्तिका कर्ताले



तस्वीर २१.१ : यदुनाथ खनाल (इन्टरनेटमा उपलब्ध) ।

लेखेका छन् । उनैका अनुसार "यदुनाथ खनालको जीवनीबाट नेपाल जस्तो अविकसित समाजमा एक विद्वान्, समालोचक र कूटनीतिज्ञको निर्माण कसरी हुन्छ भनी बुझ्न मद्दत मिल्छ" (आचार्य २०५९ : क) ।

राणाहरूले धर्मको दृष्टिले बाहुनका छोराहरूलाई पढ्न, बस्न र खान पैसा तिर्नु नपर्ने व्यवस्था गरिदिएका थिए । त्यसैले असम्पन्न पहाडिया ब्राह्मणकुलमा जन्मेको मान्छेले संस्कृत पढेको र पछि आँत पुरिँदै आएपछि संस्कृतको पढाइ बीचैमा छोडी अङ्ग्रेजीपट्टि लागी धनमान कमाएको सन्देश दिनुभन्दा बढी यदुनाथको चरित अर्थात् जीवनीबाट आउने जस्तो मलाई लाग्दैन ।

अध्यात्मवाद किंवा वैराग्यवादको बाढीले सयौँ वर्षअगाडि बगाइसकेको *कौटलीय अर्थशास्त्र*को पुनरुद्धार सय वर्षभन्दा अगाडि भए पनि परम्परा टुटिसकेकोले धेरै विद्वान्हरूले निरन्तर प्रयास गर्दागर्दै पनि अझै दुरूह नै रहेको *कौटलीय अर्थशास्त्र* यदुनाथले के बुझे होलान् ? सन्तानलाई व्यवहार कुशल पार्न अघिका पुस्ताले रटाउने गरेको *चाणक्यनीति*लाई र संस्कृत पढ्दा पढ्नुपर्ने *किरातार्जुनीय*को पहिलो सर्ग र *शिशुपालवध*को दोस्रो सर्गलाई नै कौटल्यको पर्याय भनी यदुनाथका प्रशस्तिकर्ताले सम्झेको भए मलाई केही भन्नु छैन ।

रह्यो उनको दौत्यकर्म अर्थात् कूटनीतिसम्बन्धी कामको कुरा । "'प्रभुसत्तासम्पन्न राष्ट्र' भनी सबै देशद्वारा स्वीकृत यस राज्यको सरकारले कुनै पनि अवस्थामा सहिछाप नगर्नुपर्ने

पत्रमा अर्थात् वि.सं. २०२१ को भारत-नेपाल शस्त्रास्त्र प्राप्ति सन्धिमा हाम्रो दौत्यकर्मसम्बन्धी कर्मचारीहरूका बाबुसरह पूजनीय यदुनाथ खनाल जस्तोले पनि खुशीसाथ सही गरेकाले उनी दौत्यकर्मको कौशलमा विज्ञ थिएनन् । त्यसो हुँदाहुँदै पनि ह्यारोल्ड जे. लास्कीलाई सर्वज्ञ लास्की भने जस्तै गरेर होला, यदुनाथ नेपालमा अझै सर्वज्ञ खनाल भनी मानिन्छन्" (खनाल सन् २००४ : ४; अङ्ग्रेजीबाट मेरो उल्था) भनी कसैले उनको कामको विषयमा लेखेका छन् । "विशेषतः नेपालको कूटनीतिको क्षेत्रमा एकछत्र प्रभाव पारेका व्यक्तित्व प्रा. खनाललाई कुनै पनि अन्य मुलुकमा भए यति अवसर र प्रतिष्ठा आर्जन गर्न सम्भव हुने थिएन" (भट्टराई २०६२क : ७३) भनी कसैले उनलाई आँकेका छन् । छोटकरीमा भन्ने हो भने गरीबको छोरा भई जन्मेर धनीको बाबु हुने दौडमा लागेकाहरू (पन्त २०६४ : २) मध्ये उनलाई पनि अग्रगण्य भने मान्नैपर्छ ।

*हिमाल खबरपत्रिका*मा "हाई ! अङ्ग्रेजी !!" शीर्षकमा एउटा लेख छापिएको थियो । "संस्कृत पृष्ठभूमि र अङ्ग्रेजी दक्षताका कारण नाम, प्रतिष्ठा कमाएका डा. जयराज आचार्य, महेशराज पन्त, ऋषिकेश उपाध्याय, डा. बद्री पोखरेल आदिका प्रेरक थिए सरदार यदुनाथ खनाल" (पेशल पोखरेल २०६२ : ४४) भनी सो लेखमा लेखिएको छ । "यहाँ नाउँ किटिएका अरूको विषयमा त मलाई थाहा छैन, मैले भने यदुनाथ खनालबाट कत्ति पनि प्रत्यक्ष वा परोक्ष प्रेरणा पाएको होइन र त्यसमाथि म उनलाई कुनै विषयको पनि पारङ्गत विद्वान् ठान्दिनँ । उनको बौद्धिक बेइमानीको विषयमा बुझ्न *पूर्णिमा* (३० पूर्णाङ्क, ७५–१११ पृ. र ३२ पूर्णाङ्क, २३६–२४९ पृ.) मा छापिएको श्रीमान् यदुनाथ खनालज्यूले आफ्नो विद्वत्ता देखाउने समय आएको छ भन्ने लेख पढ्नु नै पर्याप्त होला" इत्यादि लेखी सो लेख छापिएलगत्तै मैले सो पत्रिकामा ईमेल पठाए पनि त्यो छापिएन ।

यस लेखको उठानमै भने जस्तो नयराज र यदुनाथका बीचमा लिखित रूपमा वादविवाद भएको कुरा मैले त्यहाँ उल्लेख गरेको थिएँ । सोही वादविवादलाई यहाँ अलि खुलाएर चर्चा गरौँ ।

नेपालको वर्तमान संस्कृत शिक्षाको इतिहासमा सोमनाथ सिग्देलको ठूलो नाउँ छ । नेपालमा संस्कृत शिक्षाबाट प्रतिष्ठितमध्ये धेरैजसो उनकै परम्पराका हुन् । उनी परलोक भएपछि उनका शिष्य नयराज पन्तले आफ्ना गुरुको प्रशंसात्मक होइन कि वास्तव चरित छपाउँदा (२०२९क) यहाँ एउटा हङ्गामा जस्तै भयो ।

सोमनाथ सिग्देलको विषयमा नयराजले लेखेको कुराको विरोधमा यदुनाथ खनाल (मिति नखुलेको : ४३–४४) ले "जसलाई हजुरका केही शिष्यहरू दोष भनी तर्कना गर्छन्, ती त मानवताका प्रतीक हुन्" (संस्कृतबाट मेरो उल्था) भन्ने कुरा चारौँ श्लोकमा लेखी त्यसको टिप्पणीमा "चारौँ र पाँचौँ २ ओटा पद्यमा भएको भाव श्रीनयराज पन्तले बनाएको १३

पद्यको पण्डितराजचरितमा प्रतिविम्बित चित्रको अलिकति मात्र भए पनि संशोधन होओस् भनी अभिव्यक्त छ" (संस्कृतबाट मेरो उल्था) भनी लेखे ।

हचुवा बोलीमा संशोधन गर्नू भनी लेखेको कुरामा चित्त नबुझाई आफ्नो लेखमा संशोधन गर्न आफू तयार भएको, तर लेखमा कहाँ के-के दोष परेको छ, ती दोष देखाइदिए बढिया हुन्थ्यो भनी नयराज पन्त (२०३०) ले एउटा लामै लेख शास्त्रीय ढङ्गले लेखी प्रकाश गराए । विदेशीलाई नेपालका प्राचीन ऐतिहासिक सामग्री सुम्पने केशरबहादुर खत्री क्षत्रीको वकालत गर्न अहिले आएका यदुनाथ खनाल (नयराज पन्त २०३० : ९८–९९) लाई "मैले नेपालको विद्यापरम्पराको इतिहासमा पण्डितराज सोमनाथ गुरुको विषयमा *पूर्णिमा* २८ पूर्णाङ्कमा लेखेको हुँ, स्तोत्रावली लेखेको होइन" (पन्त २०३० : १०८) भनी त्यही लेखमा उनले लेखेका छन् ।

सोमनाथ सिग्देलको जमानामा आचार्य परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण हुनेले "आचार्य" र द्वितीय श्रेणीमा उत्तीर्ण हुनेले "उपाध्याय" उपाधि पाउने नियम थियो । सोमनाथ द्वितीय श्रेणीमा उत्तीर्ण भएकाले नयराज पन्तले उनलाई "उपाध्याय" लेखेकोमा (नयराज पन्त २०२९क : २०५) चित्त नबुझाई उनका अन्धभक्तहरूले सोमनाथलाई "आचार्य" नै लेखिरहे (पौडेल २०२९ : ६२; अधिकारी र ढुङ्गेल २०२९: ५) । त्यस्तै, माहिला गुरुज्यू हेमराज पण्डितको आश्रयमा पहिलेदेखि बसेका सोमनाथले राणा शासन गएपछि उनको आश्रय छोडे भनी लेखेको (नयराज पन्त २०२९ख : २१६–२२१) कुरामा पनि यदुनाथ खनालले विप्रतिपत्ति उठाए (२०३१ : १०५–११०) । त्यसको प्रतिवादमा नयराज पन्तको अर्को लेख आयो (२०३१ : २३६–२४९) ।

नेपालमा आलोचनात्मक ढङ्गले कुनै विषयको वा व्यक्तिको समग्र परिशीलन गर्ने पद्धति बसिसकेको छैन । एकाधले त्यस्तो काम गरे पनि ती अपवाद हुन् । यसैले सोमनाथ सिग्देलको विषयमा यदुनाथका लेख नेपालमा परम्परादेखि चलेर आएका प्रशंसात्मक वा विद्वेषात्मक लेखका एउटा कडी मात्र हो ।

आइ.एस्सी. पास गरेपछि यदुनाथको इच्छा डाक्टरी पढ्ने थियो । तर शिक्षा विभागका तालुकवालाको पेचले गर्दा उनले डाक्टरी पढ्न पाएनन् (आचार्य २०५९ : १४) । अनि बाध्य भई उनले बी.एस्सी. पढ्न थाले । बी.एस्सी. गरेपछि एम.एस्सी. नगरी उनले अङ्ग्रेजी साहित्यमा एम.ए. गरे । त्यसताका विज्ञानको पढाइमा भन्दा अङ्ग्रेजीको पढाइमा चाँदी थियो । विज्ञानका एक जना प्रोफेसर आफूले पढेको विषयबाट सन्तुष्ट नभई अङ्ग्रेजी साहित्य पढेको भए ट्युशन गर्न पाइन्थ्यो भनी कल्पने गर्थे भनी अङ्ग्रेजी साहित्यका एक जना प्रोफेसरले लेखेका छन् (भण्डारी २०६८ : २, २०६९ : २) । विज्ञानको पढाइबाट त्यति अर्थोत्पादन हुन नसक्ने भएकोले नै यदुनाथ पनि अङ्ग्रेजी साहित्यतर्फ तानिएका हुन् । "काम खोज्ने सहज बुद्धिले नै तिमी अन्त्यमा अङ्ग्रेजी साहित्यमा पुग्यौ भनी पछि पश्चिम

बङ्गालका गभर्नर भएका कलकत्ता विश्वविद्यालयका प्रोफेसर एच.सी. मुखर्जीले मलाई एकपल्ट जिस्क्याएका थिए" (खनाल सन् २००० : १६७; अङ्ग्रेजीबाट मेरो उल्था) भनी खुद यदुनाथ खनालले लेखेकोबाट र यस्तै कुरा उनको प्रशस्तिका कर्ताले पनि लेखेकाले (आचार्य २०५९ : १६–१७) पनि यो कुरा स्पष्ट हुन्छ ।

परराष्ट्र सचिव; भारत, अमेरिका र चीनको लागि राजदूत; त्रिभुवन विश्वविद्यालय सेवा आयोगको र लोकसेवा आयोगको अध्यक्ष आदि पद यदुनाथले शासकका कृपाले पाएका हुन् । यो कुरा अरूले पनि नबुझेका होइनन् :

> नेपालको पृष्ठभूमिमा लामो समयसम्म पदमा रहिरहने व्यक्तिहरू मनग्गे छन् । प्रा. खनाल जति विभिन्न ओहदामा लामो समयसम्म काम गर्ने अवसर पाइरहने र त्यसका साथै त्यति ठूलो प्रतिष्ठा लगातार आर्जन गर्न सक्ने व्यक्ति सायद अरू कमै छन् । पचास वर्षसम्म प्रशासन र कूटनीति गरी अरू एक दशकभन्दा बढी प्राध्यापन समेत गरी छ दशकमा उहाँले राणा शासकहरू, श्री ५ महाराजाधिराज, विभिन्न व्यवस्था र प्रकारका प्रधानमन्त्रीहरूको अटुट विश्वास, श्रद्धा र अनुग्रह पाए पनि मेरो मूल्यांकनमा कता हो कता उहाँ एक सधैँ असन्तुष्ट व्यक्तित्व हो कि भन्ने पाएको छु । (भट्टराई २०६२ख : ७३)

म.वी.वि. शाह अर्थात् राजा महेन्द्रको *उसैको लागि* भन्ने काव्यको पक्षमा यदुनाथले जे लेखे त्यो उनका प्रशंसकलाई सुद्धा पचेको देखिँदैन । कमलप्रकाश मल्ल लेख्छन् : "पूरा किताबमा खालि एउटा अर्थात् *उसैको लागि*को विषयमा लेखिएको निबन्ध मात्र विवादास्पदताको निकै नजिक छ" (सन् १९७९ : १७६; अङ्ग्रेजीबाट मेरो उल्था) । र, थपेका छन्, "उसैको लागिको विषयमा प्रोफेसर खनालले लेखेको कुरा मलाई केही मात्रामा शङ्कास्पद लाग्छ" (मल्ल सन् १९७९ : १७७; अङ्ग्रेजीबाट मेरो उल्था) ।

यदुनाथ खनालले यस्तो :

> झण्डै चार दशक लामो मेरो कूटनीतिक र प्रशासनिक सेवाकालमा मेरो सानिध्यता राजा श्री ५ वीरेन्द्रभन्दा श्री ५ महेन्द्रसँग बढी रहन गयो । श्री ५ महेन्द्रको "नेटिभ इनटेलिजेन्स" बाट म साँच्चै प्रभावित छु । श्री ५ वीरेन्द्रसँग भने मौसुफ युवराजाधिराज छँदैको धेरै सानिध्यता मात्रै हो । तैपनि मैले ३५–४० वर्षअघि नै "आजका राजा" को "इमेज" लाई मनमा राख्न पाएको हुँ । ...यो सन् १९६४ (वि.सं. २०२२) तिरको कुरा हो । राजा श्री ५ वीरेन्द्र (तत्कालीन युवराजाधिराज) भारत, ग्वालियरका राजा माधवराव सिन्धियाको विवाहमा सवारी होइबक्सेको

थियो । त्यसवेला म भारतका लागि राजदूत थिएँ । त्यही हैसियतमा सरकारसँग म पनि साथै गएको थिएँ । नैनिताल पुगेपछि युवराजाधिराजले आकस्मिक रूपमा मलाई सोधिबक्स्यो : "यदुनाथ, म तिम्रो स्केच कोर्न चाहन्छु, अनुमति दिन्छौ ?" र, मैले पनि "हुन्छ सरकार" भनी जवाफ दिएँ । सरकारले त एउटा खेस्रा कागजमा ५–७ मिनेटकै अन्तरमा मेरो मुखाकृति उतारिबक्स्यो । मलाई त्यसवेला रमाइलो पनि लाग्यो र सरकारको लुकेको कलाप्रतिभा मैले पहिलोपटक त्यहीं नै देख्न पाएको हुँ । त्यो स्केच पूरा भएपछि मैले सरकारसँग भनें : "सरकार, यसमा हजुरको एउटा हस्ताक्षर पनि पाए हुन्थ्यो ।" मौसुफले तत्कालै हस्ताक्षर पनि दिइबक्स्यो । (भट्टराई २०५७ : घ)

भनेकाले उनी राजा महेन्द्र र वीरेन्द्रको कति नजिकमा पुगेका थिए भन्ने कुरा छर्लङ्ग हुन्छ । यी सबै कुराको मतलब के हो भने यदुनाथका लागि विद्या साध्य थिएन, त्यो उनको जीविकाको साधन मात्र थियो । गद्दीमा बसेको मान्छेको अनुकूल हुनु, आफ्नो विद्याबलको उपयोग गरी शासकको विचारअनुसार काम गर्नु नै उनको लक्ष्य थियो ।

२२

डिल्लीरमण रेग्मीको *मेडिइभल नेपाल* र संशोधन-मण्डल

नेपालको राजनीति र इतिहासलेखनमा प्रसिद्धि पाएका डिल्लीरमण रेग्मीको जन्मशताब्दी २०७० पुस ३ गते पूरा भयो । यसै सन्दर्भमा ऐतिहासिक अर्थात् चल्तीको भाषामा इतिहासकारको रूपमा उनको परख गर्ने अभिप्रायले यो लेख जन्मिए पनि लेखको आकार ज्यादै बढेकोले उनको मुख्य कृति *मेडिइभल नेपाल* अर्थात् मध्यकालको नेपालको विषयमा यो लेख सीमित छ ।

पटनाबाट छापिने पुराविद्यासम्बन्धी पत्रिकामा वि.सं. १९९८ मा नेपालको मध्यकालको इतिहासका आकरको विषयमा लेख प्रकाशन गरेर डिल्लीरमणले इतिहाससम्बन्धी आफ्नो परिशीलनको शुरूआत गरेका हुन् (रेग्मी सन् १९४२ : २४–४२) । उनले वि.सं. २००६ मा राणा शासनको इतिहास प्रकाशित गरे (रेग्मी सन् १९५०) । वि.सं. २००८ मा उनको *एन्सियण्ट एण्ड मेडिइभल नेपाल* निस्क्यो (रेग्मी सन् १९५२) भने वि.सं. २०१७ मा *एन्सियण्ट नेपाल* छापियो (रेग्मी सन् १९६०) । वि.सं. २०१८ मा *मोडर्न नेपाल* उनले प्रकाशन गरे (रेग्मी सन् १९६१) । यसको पाँच वर्षपछि उनको *मेडिइभल नेपाल*का पहिलो, दोस्रो र तेस्रो भाग निस्किए । अनि अर्को वर्ष यसैको चौथो भाग निस्कियो । यी चार भागमा नेपाल संवत्को शुरूआतदेखि मल्लराज्यमा पृथ्वीनारायण शाहको अधिकार नभएसम्मको इतिहास र त्यस सम्बन्धी आकर समेटिएका छन् । वि.सं. २०२६ मा उनको *एन्सियण्ट नेपाल*को अर्को संस्करण प्रकाशित भयो (रेग्मी सन् १९६९) । वि.सं. २०३२ मा *मोडर्न नेपाल*को परिवर्धित संस्करण दुई भागमा प्रकाशित भयो (रेग्मी सन् १९७५) । वि.सं. २०४० मा लिच्छविकालका शिलालेखको पुस्तक तीन भागमा प्रकाशित भयो (रेग्मी सन्

१९८३) । उनका फुटकर लेख वि.सं. २०५१ सम्म पनि छापिएकाले ५३ वर्षको लामो कालसम्म नेपालको इतिहासको परिशीलनमा डिल्लीरमण लागिरहेको देखिन्छ ।



तस्वीर २२.१ : डिल्लीरमण रेग्मी (इन्टरनेटमा उपलब्ध) ।

वि.सं. २००९ असोज ५ गते नेपालको विद्यासम्बन्धी इतिहासमा एउटा बीजारोपण भएको थियो । त्यसताका पार्टीहरूले जस्तो राजनीतिक पर्चाबाजी गर्थे, विद्याको विषयमा त्यस्तै पर्चा त्यस दिन छापियो । काठमाडौँका मल्ल राजाहरूको वंशक्रम (छोरालाई बाबु र बाबुलाई छोरा भनिएको) बारे वर्षौंदैखि फैलिरहेको भ्रम हटाउन त्यस दिन आठ पानाको *इतिहास-संशोधन* नाउँको पर्चा निकालिएको थियो (आ.दी., अधिकारी र अधिकारी २००९) । पर्चाको मुनि संख्या १ लेखिएकाले यस्ता संशोधन अरू पनि आउने सङ्केत त्यसले दियो । त्यो पर्चा त्यसअघि नाउँ नसुनिएका तीन जनाको नाउँमा निकालिएको थियो । ती तीनै जना नयराज पन्तले चलाएको शिक्षा प्रणालीअनुसार चलिरहेको पाठशालाका विद्यार्थी थिए । त्यसपछि विद्यार्थीका डफ्फाडफ्फाले *इतिहास-संशोधन* प्रकाशित गर्न थाले । चार वर्ष जति त *इतिहास-संशोधन*ले आन्दोलनकै रूप लियो । विद्यार्थीका डफ्फाको परस्परको केही प्रतिस्पर्धामा भने जस्तै वि.सं. २०११ मा *इतिहास-संशोधन*हरू अरू सालमा भन्दा बढी छापिए । त्यो साल एकै दिनमा दुइटासम्म पनि *इतिहास-संशोधन* निस्किएका थिए ।

विद्वान् कहलिएकाहरूको "ज्ञान" माथि प्रश्न उठाइएकोले धेरै लब्धप्रतिष्ठहरू यस पद्धतिको विरोधी भए। तर जनमानसमा *इतिहास-संशोधन*को कामले गर्दा प्रचलित शिक्षा प्रणालीबाट नेपालको इतिहासको खोजीको लागि काम हुन सक्दैन भन्ने भावना फैलियो।

वि.सं. २०१८ मा नयराज पन्तको मातहतमा संशोधन-मण्डलको नाउँमा इतिहास-संशोधकहरू सङ्घट्टित भई काम गर्न थाले। नियत समयमा छापिने प्रकाशनको आवश्यकता देखेर वि.सं. २०१८ वैशाख सङ्क्रान्तिदेखि तीतीन महिनामा *अभिलेख-संग्रह* छापिन थालियो। कहिल्यै प्रकाशमा नआएका शिलापत्र आदि उत्कीर्ण लेखको प्रकाशन *अभिलेख-संग्रह*मा हुन्थ्यो र हरेक अङ्कमा १२ ओटा त्यस्ता ऐतिहासिक सामग्री नयराज पन्तको वक्तव्यसहित छापिन्थे। यसरी तीन वर्षसम्म *अभिलेख-संग्रह* चल्दा १४४ ओटा नयाँ ऐतिहासिक सामग्री प्रकाशमा आए। त्यसपछि वि.सं. २०२१ मा *अभिलेख-संग्रह*को ठाउँ इतिहास-प्रधान त्रैमासिक पत्रिका *पूर्णिमा*ले लियो।

पुराना लिपि, पुराना भाषा र पुराविद्याका भेदोपभेदमा डिल्लीरमण रेग्मीको खासै गति देखिन्न। उदाहरणका लागि, वि.सं. २००८ मा प्रकाशित उनको *एन्सियण्ट एण्ड मेडिइभल नेपाल* (रेग्मी सन् १९५२) नेपाली भाषामा उन्नाइसौँ शताब्दीमा लेखिएको वंशावलीलाई ड्यानियल राइटले अङ्ग्रेजीमा उल्था गराई वि.सं. १९३४ मा प्रकाशन गरेको *हिस्ट्री अफ नेपाल* (राइट सन् १८७७) र नेपालको इतिहासका प्रामाणिक आकरको आधारमा बीसौँ शताब्दीमा लेखिएका अरू किताबको तेरीज खिची तयार गरिएको र आफ्नो तर्फबाट केही खोजी नगरिएको पुस्तक हो। लूछ्याह्रो पेतेकले यसैले डिल्लीरमणको सो कृतिलाई "अ डिस्अप्वाइण्टिङ वर्क" अर्थात् "हिस्स पार्ने किताब" भनेका हुन् (पेतेक सन् १९५८ : २)।

इतिहास-संशोधन नेपाली भाषामा लेखिएका र त्यहाँ छापिएका नयाँनयाँ तथ्यको बाहिरफेर खास प्रचार नभएकाले तिनलाई आफ्नै खोजी जस्तो पारी आफूले अङ्ग्रेजीमा लेखेको पुस्तकको अर्को संस्करणमा अन्तर्भूत गर्न सके पेतेकले आफूलाई लाएको दोष हट्ने मात्र नभई अग्रगण्य ऐतिहासिकको रूपमा प्रसिद्ध हुने इच्छा डिल्लीरमणमा जागेकोले *इतिहास-संशोधन*मा छापिइसकेका उत्कीर्ण लेखलाई अप्रकाशित र इतिहास-संशोधनमा प्रमाणद्वारा पुष्ट गरिसकिएका कुरालाई आफूले शोधखोज गरेको पारी उनले वि.सं. २०१७ मा *एन्सियण्ट नेपाल* (रेग्मी सन् १९६०) प्रकाशन गरे। डिल्लीरमणको त्यस्तो काम उदाङ्ग पार्दै नयराज पन्तले एउटा पुस्तिका निकाले (२०१७क)।

वि.सं. २०२१ देखि संशोधन-मण्डलले प्रकाशन गर्न शुरू गरेको *पूर्णिमा*का २०२३ श्रावणसम्म १० अङ्क बजारमा आइसकेका थिए। १० अङ्क छापिएको लगत्तैजसो डिल्लीरमणको *मेडिइभल नेपाल*का अघिल्ला दुई भाग र तेस्रो भाग त्यही साल शरद् ऋतुमा बजारमा आए। बजारमा यी तीनै भाग २०२३ मा मात्र आए पनि ग्रन्थकारको

तर्फबाट लेखिएका तीनै भागका प्रस्तावना (प्रिफेस) मा भने सन् १९६१ जून १ को मिति दिएर र दोस्रो भागमा छापिएको प्रकाशकको "नोट" मा १९६६ अगष्टको मिति हालेर "*मेडिइभल नेपाल*को गुरुकापी १९६१ को जूनको कुनै वेला हामीकहाँ आइपुग्सिकेको थियो । तैपनि टारिनसक्ना परिस्थितिले गर्दा केही बियाँलोपछि अहिले त्यो पुस्तक प्रकाश गरिँदैछ भनी भन्न हामीलाई अपशोच लाग्छ" (रेग्मी सन् १९६६ए, पब्लिशर्स नोट; अङ्ग्रेजीबाट मेरो उल्था) भनी लेखियो ।

प्रकाशककहाँ वि.सं. २०१८ जेठ (१९६१ जून) मा गुरुकापी आइपुगिसकेको दाबी गरिए पनि त्यसको ११ महिनापछि वि.सं. २०१९ वैशाख १९ गते मात्र वीर पुस्तकालयले खरीद गरेको एउटा लेखोट किताबलाई वीर पुस्तकालयले भखरै हासिल गरेको (रेग्मी सन् १९६६ए : २१४; अङ्ग्रेजीबाट मेरो उल्था) र वि.सं. २०१९ माघ २३ गते मात्र त्यस पुस्तकालयमा भित्रिएको अर्को पुस्तकलाई वर्ष दिनअगाड़ि वीर पुस्तकालयलाई बेचिएको (रेग्मी सन् १९६६ए : १७; अङ्ग्रेजीबाट मेरो उल्था) भनी लेखिएकोले १९६१ को जूनमा *मेडिइभल नेपाल*को गुरुकापी प्रकाशककहाँ पुगेको भन्ने कुरा झूटो ठहर्छ (महेशराज पन्त २०६६ग : २४०–२४२) ।

वि.सं. २०१९ माघ २३ गते वीर पुस्तकालयले किनेको पुस्तक वि.सं. २०२० कात्तिक १० गते त्यही पुस्तकालयबाट शङ्करमान राजवंशीको सम्पादकत्वमा *ऐतिहासिक-घटनावली*को नाउँले प्रकाशित भयो (राजवंशी २०२०) । त्यही पुस्तक *मेडिइभल नेपाल*को तेस्रो भाग दोस्रो खण्डको ५६ पृष्ठदेखि ८७ पृष्ठसम्म "ठ्यासफू डी" नाउँले उतारिएको छ । "ठ्यासफू डी प्रकाशित हुनुभन्दा धेरै धेरैअगाडि मैले त्यो हेर्ने र सार्ने काम गरिसकेको थिएँ" (रेग्मी सन् १९६६सी : पोष्टस्क्रिप्ट) भनी डिल्लीरमण रेग्मीले *मेडिइभल नेपाल*को चार भागमा अभिलेखका पाठ दिन थाल्नुभन्दा अगाडि शुरूमै लेखे पनि "रेग्मीज्यूले पहिले आफैले पढी आफैले प्रकाश गरे जस्तो गरी अरूले छपाएको सम्पूर्ण पुस्तक केवल क्रम तलमाथि पारी जस्ताको तस्तो सारी आफ्नो नाउँमा दर्ता गर्ने उद्योग गर्नुभएको छ" (२०२३ : २४) भनी शङ्करमान राजवंशीले लेखे । डिल्लीरमणको *मेडिइभल नेपाल*का दोस्रो र तेस्रो भाग वि.सं. २०२० कात्तिकसम्म पनि पूरै तयार भइसकेका थिएनन् भन्ने यसबाट पुष्टि हुन्छ ।

रोलम्ब पत्रिकाका सम्पादकसँग डिल्लीरमण रेग्मीले वि.सं. २०३८ मा भनेका छन् : "आफ्नो मध्यकालको इतिहास सन् १९६१ को निगल्दो मैले पूरा गरें । *मेडिइभल नेपाल*को पहिलो भाग मैले त्यस वर्ष लेखी प्रकाशककहाँ पठाएँ । यसको छपाइ सन् १९६४ को निगल्दो पूरा भयो र सन् १९६५ को शुरूतिर यो निकालियो । अर्को ठेली सन् १९६६ मा निस्कियो । तेस्रो ठेली र चौथो ठेली त्यसपछि निस्किए । ती चार ठेलीमा जम्माजम्मी झण्डै ३,००० पृष्ठ भएकाले छापाखानामा स्वभावतः ३–४ वर्ष लाग्यो" (रेग्मी सन् १९८१ : १०; अङ्ग्रेजीबाट मेरो उल्था) । *मेडिइभल नेपाल*का तीनै भागका

प्रस्तावनामा ग्रन्थकारको तर्फबाट १९६१ जून १ को मिति दिइएको र *मेडिइभल नेपाल*को गुरुकापी आफूकहाँ १९६१ जूनमा आइसकेको थियो भनी प्रकाशकको तर्फबाट लेखिएको भए पनि डिल्लीरमण रेग्मीको भनाइको माथि उद्धृत अंशबाट सन् १९६१ को अन्ततिर मात्र पहिलो भाग सिद्धिएको बुझिन्छ। यसरी आफ्नो ग्रन्थका तीनै भाग जुन मितिमा तयार भएका हुन् भनी उनले पहिले लेखेका थिए, त्यस मितिभन्दा सात महिनापछि पहिलो भाग तयार भएको उनी आफै भन्न पुगेका छन्। वि.सं. २०१९ जेठ २९ गते छापिएको वीर पुस्तकालयको *बृहत्सूचीपत्र* तेस्रो भाग (वीरपुस्तकालय २०१९) को सन्दर्भ *मेडिइभल नेपाल*को पहिलो भागमा ठाउँठाउँमा (रेग्मी सन् १९६५ : ४४८, ४६२, ४६३, ६३६) दिइएकोले पहिलो भाग वि.सं. २०१८ पौषमा प्रकाशककहाँ पठाइसकेको थिएँ भनी वि.सं. २०३८ मा उनले भनेको कुरा पनि वि.सं. २०१८ जेठमा तीनै भाग तयार भइसकेका थिए भनेको जस्तै ढाँट कुरा हो।



तस्वीर २२.२ : डिल्लीरमण रेग्मीको मेडिइभल नेपालको पहिलो भागको आवरण।

वि.सं. २०१८ वैशाख सङ्क्रान्तिको दिन निस्केको *अभिलेख-संग्रह*को पहिलो भागमा लिच्छविकालका शिलालेख मात्र परेकाले तिनको दरकार नेपालको मध्यकालको इतिहास लेख्न लागेका डिल्लीरमणलाई तत्काल नपरेको र वि.सं. २०१८ श्रावण संक्रान्तिको दिन निस्केको *अभिलेख-संग्रह*को दोस्रो र त्यसपछिका भागमा छापिएका उत्कीर्ण लेख मात्र उनलाई अहिले चाहिएकोले वि.सं. २०१८ श्रावण सङ्क्रान्तिभन्दा अघिल्लो मिति अर्थात् वि.सं. २०१८ ज्येष्ठ १९ गतेको मिति उनले आफ्नो ग्रन्थमा हालेको देखिन्छ । यसरी जालझेल गरी बजारमा आएकोभन्दा पाँच वर्षअगाडि नै तयार भई प्रकाशककहाँ *मेडिइभल नेपाल* थन्किइरहेको भन्ने साबित गर्न जति होश पुऱ्याउनुपर्थ्यो, त्यति उनले पुऱ्याउन नसकेको स्पष्ट हुन्छ ।

डिल्लीरमणले यसरी दाउपेच गरी संशोधन-मण्डलले खोजी प्रकाश गरेका उत्कीर्ण लेख मात्र होइन, वि.सं. २००९ देखि २०२२ सम्म मण्डलले पहिलोपल्ट सप्रमाण प्रकाश गरेका इतिहासका कैयन् तथ्य पनि आफ्नै खोजी जस्तो गरी प्रस्तुत गरेका छन् । यसको विरोधमा वि.सं. २०२३ कात्तिक १७ गते एउटा पर्चा (संशोधन-मण्डल २०२३क), वि.सं. २०२३ पुसमा सबै कुरा खुलाई उनको बेइमानीका केही नमूना पनि दिई दुई ओटा लामै लेख (राजवंशी २०२३ : १७–२४; संशोधन-मण्डल २०२३ख : १०१–११८) र वि.सं. २०२४ असारमा एउटा पर्चा (संशोधन-मण्डल २०२४क) प्रकाश गरियो । डिल्लीरमणले गरेको त्यस नकामको विषयमा अखबारहरूमा चर्चा आएकोले पनि त्यसताका निकै हल्लाखल्ला भएको थियो ।

वि.सं. २०२४ असारमा डिल्लीरमणको *मेडिइभल नेपाल*को चौथो भाग बजारमा आयो । अघिल्ला तीन भागका प्रकाशक कलकत्ताको नामी प्रकाशन संस्था फर्मा के.एल. मुखोपाध्याय भएकोमा चौथो भागको चाहिँ डिल्लीरमण आफै प्रकाशक भए । आफ्नो पुस्तक छापिन गइरहेको वेलामा केही उत्कीर्ण लेख अरूहरूले छपाए पनि तिनको सङ्ख्या धेरै छैन भन्ने डिल्लीरमणको सो पुस्तकको शुरूमै दावी छ (रेग्मी सन् १९६६सी : पोष्टस्क्रिप्ट) ।

वि.सं. २०२० कात्तिकसम्म पनि डिल्लीरमणको *मेडिइभल नेपाल*का दोस्रो र तेस्रो भाग पूरै तयार भइसकेका थिएनन् । उनले ती उत्कीर्ण लेख अरूहरूले पढेर छाप्नुभन्दा अघिबाटै पढेको भए कमसेकम वि.सं. २०२० कात्तिकसम्म त्यही *मेडिइभल नेपाल*मा चलिरहेका उनलाई यसै बीचमा फलाना फलाना उत्कीर्ण लेख अरूहरूले छपाए भन्न किन सङ्कोच भयो ? त्यसमाथि, चौथो भागमा संशोधन-मण्डलको *अभिलेख-संग्रह*बाट सारी उत्कीर्ण लेख छपाउँदा त्यहाँ कहींकहीं सो मण्डलका पुस्तकको नामोल्लेख गरिएकोमा त्यसलाई केरेर कागत टाँस्न उनलाई किन आवश्यक पऱ्यो ?

आफूले पहिलोपटक छपाएका अभिलेखलाई अप्रकाशित भनी उनले छपाएकोमा मात्र संशोधन-मण्डलको विरोध थिएन; वि.सं. २००८ मा प्रकाशित उनको *एन्सियण्ट*

एण्ड मेडिइभल नेपाल (रेग्मी सन् १९५२) मा भएका प्रशस्त गल्तीको संशोधन इतिहास-संशोधनहरूमा प्रकाशित खोजीबाट भएकाले वि.सं. २०२३ मा प्रकाशित *मेडिइभल नेपाल*मा ती गल्ती मात्र सच्चिएका छैनन्, उनको त्यस पुस्तकको परिवर्धित रूपको कायाकल्प पनि भएको छ । तर कहीँ पनि *इतिहास-संशोधन*हरूको नाउँ नलिई आफ्नै खोजी जस्तो गरी लेखेकोमा पनि संशोधन-मण्डलले विरोध गरेको थियो । यस विषयमा उनले एक शब्द पनि बोल्ने आँट गरेनन् ।

*मेडिइभल नेपाल*को चौथो भागमा १८८ ओटा उत्कीर्ण लेख छापिएका छन् । तीमध्ये कुनै पूरा र कुनै अंशतः गरी ९१ ओटा संशोधन-मण्डलले पहिले पत्ता लाई प्रकाश गरिसकेको हो (संशोधन-मण्डल २०२४ख : ९३–९८) । तर ती उत्कीर्ण लेख फेरि छपाउँदा उनले टिप्पणी वा अन्त कतै त्यसको उल्लेख गरेका छैनन् । यसरी अरूले परिश्रमपूर्वक खोजी पत्ता लगाई प्रकाश गरिसकेका कैयौँ उत्कीर्ण लेख अप्रकाशित भन्दै तिनको खोजी गरेको श्रेय डिल्लीरमण आफैले लिएका छन् । यसको विरोधमा वि.सं. २०२४ साउन ६ मा त्रिभुवन विश्वविद्यालयको इतिहास संघद्वारा आयोजित प्रवचनसभामा संशोधन-मण्डलको तर्फबाट धनवज्र वज्राचार्यले वक्तव्य बाचेका थिए र त्यही महिनामा *पूर्णिमा*मा त्यो वक्तव्य प्रकाशित पनि भयो (संशोधन-मण्डल २०२४ख : ९१–९८) ।

डिल्लीरमणले यसरी लेखेको २,६०० पृष्ठ ओगटेको *मेडिइभल नेपाल*बाट पनि उनले आफूले इच्छा गरे जस्तो प्रतिष्ठा कमाउन सकेनन् भन्ने कुरा "मैले प्रो. पेटेकलाई डा. रेग्मीका ग्रन्थहरू विषयमा सोधेथेँ । रेग्मीका कृतिहरूबाट उहाँ कुन्नि के कारणले सन्तुष्ट देखिनुभएन" (२०२४ : ५) भनी धूस्वां सायमिले लेखेका छन् । डिल्लीरमणको यो ग्रन्थ विद्वज्जनग्राह्य नभएको कुरा अरूअरू विद्वान्का लेखबाट पनि बुझिने कुरा मैले अन्यत्रै (महेशराज पन्त २०६६ग : २४७–२५६) पनि लेखिसकेको छु । यतिसम्मका कुराबाट नेपालको इतिहासलेखनको इतिहासमा *मेडिइभल नेपाल*को स्थान स्पष्ट भएको छ जस्तो मलाई लाग्छ ।

२३

योगी नरहरिनाथ

नेपालको इतिहासको खोजी र राजनीति दुवैमा छाएका योगी नरहरिनाथ १० वर्षको उमेरमा गोरखनाथी सम्प्रदायमा दीक्षित भए । नेपालको इतिहासको खोजीमा उनको अवदान र उनका दौँतरी नयराज पन्तसँग उनको सम्पर्कको विषयमा यो लेख कोरिएको छ ।

नरहरिनाथले कहिलेदेखि रचना प्रकाश गर्न थाले, ठ्याक्कै भन्न सकिन्न । तर वि.सं. २००६ मै पत्रिका प्रकाशनमा उनी अग्रेसर भएको देखिन्छ । २००६ साल पुसदेखि प्रकाशन शुरू भएको *पुरुषार्थ* मासिकको सम्पादक मण्डलमा नरहरिनाथ अध्यक्ष, संरक्षकमा मीर सुब्बा गोविन्दप्रसाद ढुङ्गाना र कविराज हरिप्रसाद खकुरेल, सम्पादकमा बुद्धिसागर पराजुली र शेषराज रेग्मी तथा मन्त्रीमा पूर्णप्रसाद ब्राह्मण र ऋषभदेव शर्मा भएको पाइन्छ । यी सात जनामध्ये अघिल्ला तीन जना राणा शासनसँग गाँसिएका बडादमी थिए । तात्कालिक कमाण्डर-इन-चीफ बबर शमशेरसँग नरहरिनाथको सम्बन्ध गाँसिएको थियो भन्ने सुनिन्छ ।[१] मीर सुब्बा गोविन्दप्रसाद ढुङ्गाना श्री ३ चन्द्रकी कान्छी बडामहारानी बालकुमारी तर्फका हजुरिया रुद्रप्रसाद ढुङ्गानाका छोरा हुन् । काशीनाथ आचार्य दीक्षितसँग रुद्रप्रसाद र उनका छोरा गोविन्दप्रसादको श्री ३ चन्द्रको दरबारमा अधिकारको विषयमा प्रतिस्पर्धा थियो भन्ने कुरा काशीनाथको आत्मकथाबाट थाहा हुन्छ (आचार्य दीक्षित २०३१ : २३४–२३५, २४२) । हरिप्रसाद चाहिँ श्री ३ जुद्ध शमशेरको पालादेखिकै शासकका प्रियपात्र भई धनमान जोड्न सफल पुरुष हुन् ।

[१] ज्ञानमणि नेपालअनुसार नरहरिनाथको नाता मोहन शमशेरकी रानीसँग पर्थ्यो (२०५४ख : ३०१) ।



तस्वीर २२.१ : योगी नरहरिनाथ (इन्टरनेटमा उपलब्ध) ।

खास गरी सनातन धर्मको प्रख्यापनको लागि *पुरुषार्थ* निकालिएको थियो । त्यसैले, केही अपवाद छोडेर, *पुरुषार्थ*मा त्यस्तै खालका लेख छापिन्थे । अपवादात्मक लेख लेख्नेमा बाबुराम आचार्य र नयराज पन्त थिए । वि.सं. २००७ मा राणा शासन अस्ताएपछि *पुरुषार्थ* पनि बिस्तारै ओरालो लाग्यो र वि.सं. २०१० को जेठसम्म जेनतेन चल्यो ।

मुख्यत: नरहरिनाथको प्रयासमा निक्लेको *पुरुषार्थ*मा नयराज पन्तका १५ ओटा लेख छापिए ।[२] सनातन धर्मको प्रख्यापनको लागि निकालिएको पत्रिकामा नयराजका धर्म प्रख्यापन नगर्ने त्यतिविदि लेख किन छापिए भन्ने प्रश्न उठ्न सक्छ । नयराज ऐहलौकिक र नरहरिनाथ आध्यात्मिक भए पनि दुवै जना संस्कृतविद्याका पक्षपाती भएकाले उनीहरू दुवैको मिलनबिन्दु संस्कृत थियो । यसैले सनातन धर्मको प्रख्यापन गर्न छापिने *पुरुषार्थ*मा नयराजका अर्कै विषयका लेख छापिन सम्भव भयो जस्तो मलाई लाग्छ ।

[२] नरहरिनाथसँग आफ्नो सम्पर्कको विषयमा लेख्दा नयराज पन्त (२०५४ : ३२५) ले *पुरुषार्थ* पत्रिकाको कुरा नउठाएकाले त्यस पत्रिकामा उनका लेख नरहरिनाथ मार्फत छापिएका होइनन् कि जस्तो लाग्छ ।

नरहरिनाथसँग नयराज जोडिएको अर्को एउटा कुरा पनि यहाँ लेखिहालूँ। सरकारिया पढाइको दाँजोमा नयराजको पाठशालाको पढाइबाट संस्कृतमा विद्यार्थीको कम समयमै राम्रो अधिकार भएको अनुभव गरेर नरहरिनाथ अध्यक्ष भएको ब्रह्मचर्याश्रममा पनि सोही पद्धतिअनुसार पढाउने सल्लाह भयो। वि.सं. २००६ को फागुनको मासान्तदेखि नयराजका दुई चेला भोलानाथ पौडेल र ज्ञानमणि नेपाल त्यहाँ पढाउन गए। *पुरुषार्थ*का संरक्षक हरिप्रसाद खकुरेल ब्रह्मचर्याश्रमका समेत संरक्षक थिए। अध्यक्ष र संरक्षक दुवै राणा शासनसँग सम्बन्ध गाँसिएका बडादमी भएकाले विद्यार्थीहरूलाई राणा शासनको समर्थनमा प्रयोग गर्न खोजियो। शासन र राजनीतिबाट अलग्गिएर सर्वतोभावले विद्यामा लागेका सामान्य अध्यापक नयराजका चेलाको हैसियतले पढाउन गएका भोलानाथहरूबाट भएको विरोध अध्यक्ष र संरक्षकहरूलाई सह्य भएन र दुई पक्षमा सङ्घर्ष चर्कियो। ब्रह्मचर्याश्रमका अधिकारीहरूकै विरोधमा गई त्यहाँ बसिरहनु उपयुक्त नजँचेकोले १४ महिनामै भोलानाथहरू त्यहाँबाट बाहिरिए। यसरी राणा शासन ढल्नुभन्दा वर्ष दिनअगाडि ब्रह्मचर्याश्रममा भित्रिएका उनीहरू राणा शासन ढलेको तीन महिनापछि त्यहाँबाट निस्कनुपऱ्यो (महेशराज पन्त २०६६ख : १७९, १८५–१८६)।

वि.सं. २०१० वैशाख २६ गते नरहरिनाथले एउटा भेला बोलाएका थिए। सो भेलामा मन्त्रिमण्डल सरहको परामर्शदातृमण्डलमा शिक्षासम्बन्धी तालुकवाला जनरल शारदा शमशेर ज.ब.रा., नायब बडागुरुज्यू विद्वच्छिरोमणि हेमराज पण्डित, इतिहास शिरोमणि बाबुराम आचार्य, संस्कृत महाविद्यालयका प्रधानाध्यापक र उपप्रधानाध्यापक, संस्कृत शिक्षाका डाइरेक्टर, वीर पुस्तकालयका अध्यक्ष तथा संस्कृत शिक्षाका अरू १३ जना विद्वान् सहित २१ जना उपस्थित थिए। सो भेलाले *संस्कृत-सन्देश* नाउँको संस्कृत मासिक पत्रिका चलाउने निर्णय गऱ्यो र तदनुसार त्यही महिनादेखि *संस्कृत-सन्देश* छापियो। सभासमितिमा बसी काम गर्दा राम्रो प्रतिफल नआएको अनुभव गरेका नयराज पन्त त्यस सभामा थिएनन्, तर *संस्कृत-सन्देश*को पहिलो अङ्कदेखि नै उनका लेख छापिन थालेकाले नरहरिनाथसँग उनी तेस्रोपटक जोडिन पुगे। *संस्कृत-सन्देश*को तेस्रो अङ्कदेखि त उनका चेलाहरूको समेत लेख छापिन थाल्यो। पाँचौँ अङ्कदेखि नयराज र उनका चेलाहरूका लेखले त्यसका पृष्ठ झन्झन् ओगटिँदै गए। अलिपछि नयराजका चेलाका पनि चेलाका लेख त्यहाँ छापिन थाले। *संस्कृत-सन्देश*को सम्पादकमा पहिलो वर्ष नरहरिनाथ र बुद्धिसागर पराजुली थिए। दोस्रो वर्ष अरू तीन जना थपिए। थपिनेमा वीर पुस्तकालयका प्राचीन लिपि जान्ने पण्डित रत्नबहादुर वज्राचार्य र नयराजका दुई अग्रगण्य शिष्य धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल थिए।

पुरुषार्थ र *संस्कृत-सन्देश* नरहरिनाथकै परिकल्पनामा चलाइएका र दुवैमा संस्कृतज्ञहरू नै लागिपरेका भए पनि ती दुवैका उद्देश्य भिन्न थिए। माथि भनिए झैँ, *पुरुषार्थ* सनातन

धर्मको प्रख्यापनको लागि निकालिएको थियो, *संस्कृत-सन्देश* चाहिँ संस्कृतमा लेखिएका, नेपालमा पाइने, दुर्लभ, पुराना लेखोट पुस्तक चिनाउन र नेपालको इतिहासका आकर प्रस्तुत गर्न प्रकाश गरिएको थियो । कुनै आकर नेवारी वा नेपालीमा भए मूल जस्ताको तस्तै दिई त्यसको संस्कृतमा उल्था गरी त्योसमेत छापिन्थ्यो ।

*संस्कृत-सन्देश*को पहिलो वर्षका नौ अङ्क राम्ररी चलेपछि त्यसपछिको अङ्कलाई संयुक्ताङ्क बनाई १०–१२ अङ्क छापियो । त्यसपछि दोस्रो वर्षमा त्यसका दुई अङ्क छापिए, अघिल्लो १–३ अङ्कको र पछिल्लो ४–६ अङ्कको संयुक्ताङ्क छापी जेनतेन डेढ वर्ष कटाइयो ।

संस्कृत-सन्देश चलुञ्जेलसम्म नयराज पन्त र नरहरिनाथको सम्बन्ध राम्रै थियो । राजनीतिको गहिरो परिशीलन गर्ने बानी भए पनि राजनीतिमा लाग्ने मनसुबा नयराजको थिएन; नरहरिनाथ भने राजनीतिमा क्रमशः आकृष्ट हुँदै गएका थिए । "अस्माभिः संस्कृतज्ञैः शिक्षामन्त्रिभिर्भवितव्यम्" अर्थात् "संस्कृत पढेका हामीहरू शिक्षामन्त्री हुनुपर्छ" भनी नरहरिनाथले भन्दा नयराज नसुने जस्तो गरी बस्थे । राजनीतितर्फ डोरिँदै जाँदा नरहरिनाथले वि.सं. २०१२ मा कर्मवीर महामण्डल खोली साप्ताहिक *कर्मवीर* चलाए ।

*पुरुषार्थ*बाट अभीष्टसिद्धि नभएपछि नरहरिनाथले *संस्कृत-सन्देश* निकालेका हुन् । त्यसबाट पनि आफूले चिताएको नपुगेर त्यसलाई अकाण्डमै छोडी *इतिहास-प्रकाश*को प्रकाशनको लागि आफूसमेत १९ जना भएको इतिहास-प्रकाश-मण्डलको स्थापना उनले गरे । बाबुराम आचार्यको अध्यक्षतामा गठित मण्डलमा खास गरी अङ्ग्रेजीबाज र पुराना भाइभारदार सामेल थिए । वि.सं. २०१२ वैशाख १ गतेको मितिमा *इतिहास-प्रकाश*को पहिलो अङ्क छापियो । नेपाली भाषामा छापिएको त्यो पत्रिका *पुरुषार्थ* र *संस्कृत-सन्देश* जस्तो नियतकालिक थिएन । यसको दोस्रो अङ्क तीन भागमा गरी वि.सं. २०१३ मा छापिए । *इतिहास-प्रकाश*को प्रकाशन शुरू हुँदासम्म नरहरिनाथसँग नयराजको सम्बन्ध पातलिइसकेको थियो तापनि पहिलो अङ्कमा नयराजको एउटा लेख छापियो; उनका शिष्यप्रशिष्यका लेख त्यहाँ परेनन् । नयराजका शिष्य शङ्करमान राजवंशी प्राचीन लिपि र चित्रकला दुवैमा कुशल थिए । नरहरिनाथले *इतिहास-प्रकाश*को मुखपृष्ठमा छाप्न लिच्छविकालमा चलेको गुप्तलिपिमा "श्रीः इतिहास प्रकाश" लेख्न शङ्करमानलाई अह्राउँदा उनले निःशुल्क लेखिदिए । सो लेखोट शङ्करमानले लेखिदिएको हो भनी *इतिहास-प्रकाश*को त्यस अङ्कमा छापिनुपर्छ भनी नयराजले वारंवार नरहरिनाथलाई भन्दा बडो गाह्रो मान्दै शङ्करमानको नाउँसम्म उनले राखिदिएका थिए ।

पुरुषार्थ र *संस्कृत-सन्देश*मा जस्तै *इतिहास-प्रकाश*मा पनि नरहरिनाथकै हालीमुहाली भए पनि अघिल्ला दुई पत्रिकामा जस्तो *इतिहास-प्रकाश*को प्रस्तुति सङ्घट्टित थिएन । यसो हुनुमा *पुरुषार्थ*मा नरहरिनाथ संरक्षक, *संस्कृत-सन्देश*मा उनी सम्पादकमध्ये एक र

*इतिहास-प्रकाश*मा चाहिँ उनी मात्र सम्पादक भएकाले तथा अघिल्ला दुई पत्रिकाको दाँजोमा पछिल्लो बृहत्काय भएकोले सह्याल्न नसक्दा प्रस्तुति राम्रो हुन नसकेको हो जस्तो मलाई लाग्छ । कतिपय लेखका प्रस्तोता (सर्जक) समेत खुट्ट्याउन सकिन्न । पहिलो अङ्कमा जसोतसो सूचीपत्र त छ, तर त्यो अपूरो छ र मुख्य केही शीर्षक नै छुटेका छन् । दोस्रो अङ्कमा त सूचीपत्रसम्म पनि छैन । यसो हुँदाहुँदै पनि *इतिहास-प्रकाश* पश्चिम नेपालको खस साम्राज्यको इतिहासको लागि अपरिहार्य छ । त्यसअघि खस साम्राज्यको एउटा मात्र अभिलेख प्रकाशमा आएको थियो (आचार्य र पन्त २०१० : ५३–५५) ।

दुई अङ्क निस्केपछि *इतिहास-प्रकाश* पनि बन्द भयो । त्यसपछि केही वर्ष नरहरिनाथले कुनै पत्रिका चलाएनन् । वि.सं. २०१६ को विजयादशमीदेखि उनको उद्योगमा त्रैमासिक *हिमवत्संस्कृति* शुरू भयो । पाँच जनाको सम्पादकमण्डलमा नरहरिनाथ आफै, *संस्कृत-सन्देश*का सम्पादक भइसकेका बुद्धिसागर पराजुली, चूडानाथ भट्टराय, भीमनिधि तिवारी र केशव "दीपक" थिए । पत्रिकाको परिकल्पना आफैले गरेको भए पनि उनले विनयवश आफ्नो नाउँ सबभन्दा पछाडि राखी *हिमवत्संस्कृति* निकाले । जम्मा तीन अङ्क छापिई त्यो पत्रिका पनि बन्द भयो ।

मेरो दृष्टिमा *हिमवत्संस्कृति*को मुख्य अवदान पन्ध्रौँ शताब्दीको—पछि *गोपालराजवंशावली* भनी कहलिएको—इतिवृत्तको प्रकाशन थियो । सेसिल बेण्डलले वीर पुस्तकालयमा वि.सं. १९५५ मै सो *वंशावली* देखेका र त्यसको उपादेयता समेत बुझेका भए पनि लिपि, भाषा, आदिको कारणले गर्दा त्यसको समग्र रूप प्रकाश गर्ने आँट गरेनन् । उनीपछिका पुस्ताका ऐतिहासिकहरूले पनि तिनै कारणले त्यो इतिवृत्त छोएनन् । *गोपालवंशावली*मा भिन्नाभिन्नै इतिवृत्तको सँगालो छ । त्यसको एक खण्ड संस्कृतमा भए पनि व्याकरणले नबाँधिई अशुद्ध संस्कृतमा लेखिएकाले त्यो त्यति सुबोध छैन । त्यसमाथि, तात्कालिक नेवारीमा लेखिएको खण्ड त पूरैजसो दुर्बोध छ । प्राचीन नेवारी लिपिको भेद भुजिमोलमा लेखिएको त्यो इतिवृत्त देवनागरीमा उतारी त्यसको संस्कृत खण्डको उल्था यथाकथंचित् नरहरिनाथले गरे । तर तात्कालिक नेवारीमा लेखिएको खण्ड अहिलेको चलनचल्तीको नेवारीभन्दा निकै फरक भएकोले उनले त्यसको अर्थ गर्न सकेनन् र "तात्कालिक भातगाउँले भाषाको अनुवाद गर्नेले त्यो पनि गरुन्" (नरहरिनाथ २०१६ : ३२) भनी छोडिदिए ।

त्यसबखत नयराजका शिष्यहरू रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य केसर पुस्तकालयमा सङ्गृहीत सो वंशावलीको ऐनामा खिची राखिएको प्रति (ग्लास नेगेटिभ) हेरी पाठनिर्णय गर्ने र त्यही निर्णीत पाठको आधारमा उल्था गर्ने काममा लागेका थिए । ती पाँच जनामध्ये दुई जना नेवार भएकाले वंशावलीको नेवारी खण्डको भाव बुझ्न उनीहरूलाई केही सजिलो थियो । संस्कृतको प्रसिद्ध कोष *अमरकोष*मा भएका शब्दको नेवारी पर्याय दिई त्यही इतिवृत्त लेखिएताका तयार

भएका पुस्तकका आधारमा त्यसको अर्थ गर्न तिनीहरू लागे र काममा केही उल्लेख्य प्रगति समेत गरे । आफूले *गोपालराजवंशावली* छाप्ने भएपछि त्यो उल्था हात पार्न नरहरिनाथ नयराजकहाँ आए । विद्वान्का हैसियतले समाजमा प्रतिष्ठा कमाएकाहरूको ज्ञानको घेरा नयराजले थालेको *इतिहास-संशोधन*को कामले छर्लङ्ग्याइदिएको थियो । आफ्नो प्रतिष्ठा र पेशामा हान्ने सम्भावना देखेर ती प्रतिष्ठितहरूले नयराजका कामको विरोधमा प्रचार गर्न थाले । जो *इतिहास-संशोधन*को कामको महत्ता बुझ्थे उनीहरू नै स्वार्थवश विरोधी भएका र आफै परीक्षा गरी हेर्न नसक्ने सामान्यजनको समाजमा आधिक्य भएको हुँदा लोकमा यस कामको नराम्रो प्रभाव पर्न गयो । यसैले नयराजले आफ्ना सम्पर्कमा आएकाहरूसँग आफ्नो कामका विषयमा लिखित रूपमा राय माग्न थाले । नरहरिनाथले अनुवाद माग्दा नयराजले आफ्नो कामको परख गरिदिने शर्त अघि सारे । तर नरहरिनाथले लेखेर दिएको राय त्यति स्पष्ट नभएकोले *गोपालराजवंशावली*को नेवारी उल्था छाप्ने काममा नयराजबाट उनले सहयोग पाएनन् । यसैले "तात्कालिक भातगाउँले भाषाको अनुवाद गर्नेले त्यो पनि गरुन्" भनी उनले लेखेका हुन् ।

नरहरिनाथले वि.सं. २०२२ मा *इतिहासप्रकाशमा सन्धिपत्रसंग्रह* नाउँले महाकाय ग्रन्थ छापे । शीर्षकबाट यो पुस्तक भारतमा अङ्ग्रेजी शासन हुँदा धेरै भागमा छापिएको *अ कलेक्शन अफ ट्रिटीज, इन्गेज्मेण्ट्स एण्ड सनद्स* जस्तो होला भन्ने लाग्न सक्छ । उठानका केही पृष्ठ त त्यस्तै पनि छन् । ठूलो आकारमा ८०० पृष्ठ ओगटेको यो पुस्तकमा वि.सं. २०२१ सम्म छापिएका धेरैजसो आकर गाभिएका छन् । *संस्कृत-सन्देश, इतिहास-प्रकाश, पूर्णिमा, हिमवत्संस्कृति* आदिमा छापिएका अभिलेख यसमा पुनर्मुद्रित गरिएको पाइन्छ । तर, दुःखको कुरा, *इतिहास-प्रकाश*को सम्पादनमा देखिएका कमीकमजोरी यसमा अझ उजागर भएको छ ।

प्रपन्नाचार्यको अग्रेसरतामा *योगी नरहरिनाथ अभिनन्दनग्रन्थ* निकालिने भएपछि नयराजसँग पनि लेख मागियो । उनले "योगी नरहरिनाथजीसँग मेरो सम्पर्क" भन्ने लेख दिए (पन्त २०५४ : ३२५) । लेख निकै छोटो भए पनि नयराजले बुँदाबुँदा दिई नरहरिनाथसँग आफ्नो सम्बन्धको विषयमा त्यसमा लेखेका छन् । वि.सं. २०११ ताका नरहरिनाथ राजनीतिमा लागिसकेका थिए । त्यही साल एउटा भेटमा "भवान् महनीयो विद्वान् वर्तते, राजनीतेः सम्पर्को भवतो विद्याभ्यासे काञ्चिद् बाधामुत्पादयेत्" अर्थात् "तपाईं ठूला विद्वान् हुनुहुन्छ, राजनीतिको सम्पर्कले तपाईंको विद्याभ्यासमा कुनै बाधा पुऱ्याउला" भनी नरहरिनाथलाई नयराजले भन्दा "भवानपि दरिद्रः, अहमपि दरिद्रः, द्रव्यं नास्ति, द्रव्यं विना कार्यं न चलति, किं कर्तव्यम्" अर्थात् "तपाईं पनि दरिद्र, म पनि दरिद्र, पैसा नभई काम चल्दैन, के गर्ने" भनी उनले जवाफ दिएका थिए (पन्त २०५४ : ३२५) । वि.सं. २००७ पछिको नेपालको इतिहासमा खोजी गर्ने अध्येताले नरहरिनाथले बोलेको यस वाक्यको

पनि उपयोग गरी उनको यथोचित विश्लेषण गरे राम्रो होला भन्ने मलाई लाग्छ । "यसपछि बिस्तारै योगीजीसँग मेरो सम्पर्क घट्दै गयो" भनी नयराजले लेखेकाले वि.सं. २०११ पछि दुईको सम्बन्ध पातलिँदै गएको देखिन्छ ।

नेपालका धनाढ्यमा किंवा नवधनाढ्यमा आफ्नो आम्दानीको थोरै अंश अक्षता छरे जस्तो गरी दान गर्ने प्रवृत्ति बढ्दैछ । यो प्रवृत्ति ठीक हो, होइन अहिले नलेखिहालूँ । दिवङ्गत पति बलराम जोशीको सम्झनामा अङ्गूरबाबा जोशीले पुरस्कार स्थापना गरेकी छन् । त्यो वार्षिक पुरस्कार वि.सं. २०५७ को लागि नरहरिनाथलाई दिइने भएछ । नयराज पन्तबाहेक अरूको हातबाट पुरस्कार नथाप्ने नरहरिनाथले भनेकाले नयराजको हातबाट उनलाई त्यो पुरस्कार दिइने भयो । रोगावस्थामा रहेका नयराज बाहिर जान नसक्ने भएकाले उनकै घरमा वि.सं. २०५७ कात्तिक ९ गते नरहरिनाथलाई सो पुरस्कार दिइयो । त्यस वेला नयराजले नरहरिनाथको र अङ्गूरबाबा जोशीको गुणानुवाद गरी बोलेको वक्तव्य प्रकाशित छ (नयराज पन्त २०६२ : ९६–९८) । यो नै नयराज र नरहरिनाथको सम्पर्कको अन्तिम कडी हो ।



तस्वीर २३.२ : योगी नरहरिनाथ (दायाँ) लाई माला लगाउँदै नयराज पन्त (सौजन्य : अङ्गूरबाबा जोशी) ।

यतिसम्मका कुराबाट नेपालको इतिहासको खोजीमा नरहरिनाथको अवदान र नयराज पन्तसँग उनको सम्बन्ध स्पष्ट भएको छ जस्तो मलाई लाग्छ ।

२४

धनवज्र वज्राचार्य र ऐतिहासिक आकरको परिशीलन

नेपालको इतिहासको आकरको खोजीमा धनवज्र वज्राचार्यको ठूलो अवदान छ । आज नेपालको इतिहासको कुनै पनि कालका अभिलेखको प्रामाणिक आकरग्रन्थको लागि धनवज्रकै किताब अघि सार्नुपर्छ । वि.सं. १९८८ चैत १६ गते जन्मेका धनवज्र ६२ वर्षको उमेरमा वि.सं. २०५१ आषाढ २० गते परलोक भए । सरदर नेपालीको आयु पनि भोग्न नपाएका उनी नेपालको इतिहासको खोजीमा ठूलठूला काम गरेर गए ।

धनवज्रले उत्कीर्ण लेखको साथै वंशावली, ठ्यासफू, ताडपत्रमा लेखिएका लिखत, कागजात आदिको समेत परिशीलन गरेका भए पनि उनको खास अवदान उत्कीर्ण लेखको परिशीलनमा नै छ । वि.सं. २०१३ मा रेन्यरो न्योलि (सन् १९५६) को नेपालका गुप्ताक्षरी अभिलेख १७ वर्ष नपुग्दै धनवज्र वज्राचार्य (२०३०) को *लिच्छविकालका अभिलेख* प्रकाशित भयो । न्योलिको पुस्तकमा उत्कीर्ण लेखका पाठ मात्र भएकोमा धनवज्रको पुस्तकमा उल्था र व्याख्या समेत छापिए ।

धनवज्रको *लिच्छविकालका अभिलेख* छापिएको ४६ वर्ष नाघिसक्यो । यो अन्तरालमा उनकै पुस्तक ओल्टाई पल्टाई स्वदेश र विदेशबाट केही पुस्तक निस्के पनि सो पुस्तकलाई उछिन्ने खालको एउटै पुस्तक अझै निस्कन सकेको छैन । धनवज्रको सो पुस्तकमा १९० ओटा उत्कीर्ण लेख भएकोमा त्यसपछि लिच्छविकालका थप ३० ओटा उत्कीर्ण लेख प्रकाशमा आइसकेका छन् । तर, तीमध्ये धेरैको पाठ धनवज्रले छपाएका उत्कीर्ण लेखको दाँजोमा आउँदैनन्; उल्था र व्याख्या त टाढाको कुरा भयो ।

यति लामो अवधिभर लिच्छविकालका उत्कीर्ण लेखको अर्को परिष्कृत ग्रन्थ किन आउन सकेन ? हाम्रा विश्वविद्यालयका "प्रा.डा." हरूबाट त्यस्तो पुस्तक आउने आशा



तस्वीर २४.१ : धनवज्र वज्राचार्य (कन्ट्रिब्युशन्स टु नेप्लिज स्टडिज *वर्ष २३, संख्या १ बाट*) ।

गर्नु "आकाशको फल आँखा तरी मर्" नै हो । त्यस्तो पुस्तक तयार गर्न चाहिने लिपिको र संस्कृत भाषा र वाङ्मयको ज्ञान अहिले हामीकहाँ चलेको शिक्षा पद्धतिबाट हासिल हुन असम्भवप्रायः भएकाले यो स्थिति आएको हो ।

धनवज्रको कामले खास गरी नेपालको विभिन्न कालका उत्कीर्ण लेखको प्रामाणिक पाठ, उल्था र व्याख्या तयार भए । यसबाट लिच्छविकाल, लिच्छविपछिको काल, मल्लकाल र शाहकालका उत्कीर्ण लेखको ठोस संस्करण तयार भए । यद्यपि, उनको जीवनकालमै ती सबै ग्रन्थ प्रकाशित हुन सकेनन् । उनी परलोक भएपछि उनका उत्कीर्ण लेखसम्बन्धी दुई ग्रन्थ (वज्राचार्य २०५६, २०६८) प्रकाशमा आए पनि सम्पादनमा त्यति मिहिनेत नपुगेकोले तिनले धनवज्रको इज्जत धान्न सकेका छैनन् ।



तस्वीर २४.२ : धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेखको आवरण ।

धनवज्रको अवदानलाई दुई अवधिमा बाँड्न सकिन्छ । पहिलो, वि.सं. २००९ देखि २०२७ सम्म र अर्को, वि.सं. २०२८ पछिको अवधि । पहिलो अवधिमा उनी संशोधन-मण्डलसँग आबद्ध थिए । दोस्रो अवधिमा भने उनी संशोधन-मण्डलसँग पूरै नाता तोडी त्रिभुवन विश्वविद्यालयसँग नारिन पुगेका थिए । धनवज्रको यत्रो अवदान कसरी सम्भव भयो ? यसको जवाफको लागि नेपालको शिक्षाको इतिहास पल्टाउनुपर्छ ।

प्राचीन कुराको आधुनिक ढङ्गले खोजी गर्ने कामको शुरूआत नेपालमा हेमराज पण्डितले गरेका हुन् । त्यसपछि बाबुराम आचार्य यतापट्टि लागेका हुन् । यस्तो कामको लागि चाहिने शिक्षा पद्धतिको शुरूआतचाहिँ नयराज पन्तबाट भएको हो । नयराजले पाठशाला नै खोली विद्यार्थीहरूलाई पढाउने उद्योग गरे ।

नयराज पन्तको उदय हुनुभन्दा अगाडि नेपालीहरूले प्राचीन लिपिमा लेखिएका अभिलेख पढ्ने उद्योग त्यति गरेका थिएनन् । वज्राचार्यहरूमा प्राचीन लिपिको सामान्य ज्ञान जीवित भएकोले अड्डाअदालतमा मुद्दामामिला पर्दा मुद्दा छिन्नको लागि र वीर पुस्तकालयको सङ्ग्रहको लागि त्यहाँका गुभाजू पण्डित कुलमान वज्राचार्य र उनीपछि उनका चेला सिद्धिहर्ष वज्राचार्य र सिद्धिहर्षका छोरा चित्तहर्षले प्राचीन अभिलेखको छापा लिने, पढ्ने र उल्था गर्ने काम गर्थे । त्यस्तै, विदेशी विद्वान्, संस्कृतज्ञ यहाँ आउँदा उनीहरूलाई यी गुभाजू पण्डितहरूले सहयोग गर्थे । तर उनीहरूको संस्कृतको ज्ञान त्यति माथिल्लो तहको नभएको र शास्त्रीय ज्ञान समेत नभएकोले त्यति राम्रो ढङ्गबाट काम सम्पन्न हुन सकेको थिएन भन्ने कुरा उनीहरूले पढेका अभिलेखका पाठ र तिनका उल्थाबाट प्रकट हुन्छ (उदाहरणको लागि, महेशराज पन्त २०६२ : ४–८ हेर्नुहोस्) । त्यस्तै, बाबुराम आचार्यको पनि संस्कृत भाषा र शास्त्रीय ज्ञानमा त्यति पैठ नभएकाले त्यति राम्रोसँग उनीबाट काम हुन सकेन (हेर्नुहोस्, यसै पुस्तकको अध्याय १३) ।

मैले अन्यत्र (पन्त २०६४ : ५–६) लेखिसकेको कुरामा अलिकति थपथाप गरी भन्नुपर्दा लिच्छविकाल, लिच्छविपछिको काल, मल्लकाल र शाहकाल यी चारै कालको इतिहासका उपकरणको पाठ, उल्था र व्याख्या धनवज्रले अप्रतिहत रूपले गरे । यसरी चारै कालमा कलम चलाउने ऐतिहासिक कमै छन् । संशोधन-मण्डलको परिपाटीमा दीक्षितहरूमध्ये उनको वैशिष्ट्य सर्वतोभावले नेपालको इतिहासका उपकरणको खोजीमा डुब्नु हो । उनका लेख विविध विषयमा छरिएका छैनन् । उनले इच्छा गरेको भए, उदाहरणका लागि, आफ्ना सहपाठी ज्ञानमणि नेपाल जस्तै उनी पनि नेपालमा रचिएका संस्कृत र पुराना नेपालीका काव्यको सम्पादनतिर पनि हात हाल्न नसक्ने थिएनन् । अझ, संशोधन-मण्डलभन्दा पनि पल्तिर हेर्ने हो भने चित्तधर "हृदय" को *नेपालभाषा साहित्यया जातः* (२०२८), कमलप्रकाश मल्लको *क्लासिकल नेवारी लिटरेचर : अ स्केच* (सन् १९८२) र जनकलाल वैद्यको *नेपाल भाषाया प्राचीन काव्य सिर्जना* (२०५९) भन्दा गहकिला प्राचीन नेवारीवाङ्मय, वाङ्मयको इतिहास र नेवारी काव्यसम्बन्धी पुस्तक धनवज्रबाट आउन सक्ने थिए ।

भारतीय उत्कीर्ण लेखका प्रसिद्ध सम्पादक दीनेशचन्द्र सरकारसँग दाँजी धनवज्रलाई कसैकसैले "नेपालको दिनेशचन्द्र सरकार" (वैद्य २०५४ : १००) भनी लेखेका छन् । तर, भारत र नेपालको सुदीर्घकालको इतिहासको परिशीलनको लागि नभई नहुने संस्कृत भाषाको ज्ञान धनवज्रमा निकै बढी थियो । यो कुरा ती दुई जनाले संस्कृतमा लेखेका कुरा दाँजेर हेरे छर्लङ्ग हुन्छ (पन्त २०६४ : ६–१०) । त्यसमाथि, दीनेशचन्द्रको दाँजोमा धनवज्रले पहिलोपटक मूलबाट पढी पाठसम्पादन र उल्था गरेका उत्कीर्ण लेखको सङ्ख्या धेरै त छ नै, तिनको प्रामाण्य पनि बढी छ ।

सरकारिया प्रचलित शिक्षा प्रणालीअनुसार आफैले आचार्यसम्म पढाई तयार गरेका १६ जनै विद्यार्थीहरू (नयराज पन्त २०५० : १३) मध्ये "कुनैले आफूले पढेको विषयमा केही गहकिलो काम गरेका छन् जस्तो मलाई लाग्दैन" भनी ती सबै विद्यार्थीको ल्याकतको विषयमा आफ्नो असन्तुष्टि नयराज पन्तले छापैरै जाहेर गरेका छन् । संशोधन-मण्डलको परिपाटीअनुसार आफूसँग पढेका विद्यार्थीको विषयमा नयराजले त्यस्तो लेखेका छैनन्, तथापि उनी ती विद्यार्थीको विद्यासम्पत्तिबाट पनि त्यति सन्तुष्ट थिएनन् । संशोधन-मण्डल पाठशालाको मूल पाठ्यग्रन्थ *अष्टाध्यायी* उपस्थित राख भनी गुरुले चेलाहरूलाई वारंवार भन्नुपरेको र अरूको त कुरै छोडूँ, खुद धनवज्रको लेखमा पनि *अष्टाध्यायी*बाट अशुद्ध ठहर्ने शब्दको प्रयोग भएकोले विद्यार्थीहरूले गुरुले चिताए जति विद्यालाभ गर्न नसकेको स्पष्ट हुन्छ । संस्कृत भाषा र वाङ्मयको ज्ञानको कमीले धनवज्रका लेखमा गल्ती हुन गएका केही उदाहरण मैले अन्यत्र देखाइसकेको छु (पन्त २०३२, २०४२, २०४४, २०६०, २०६४) ।

धनवज्रका कृतिमा "म्याग्नम ओपस" *लिच्छविकालका अभिलेख* हो । त्यस ग्रन्थको बीजारोपण र यसले आकार कसरी लियो भन्ने विषयमा मैले अन्त लेखिसकेको (पन्त २०६४ : ११–१३) भए पनि छोटकरीमा फेरि दोहोऱ्याउनु उपयुक्त नै हुन्छ ।

वि.सं. १९९६ जेठ ४ गते बुधवारदेखि लिच्छविकालका उत्कीर्ण लेखका मूलपाठ, उल्था र व्याख्यासमेत हाली पुस्तक तयार गर्ने उद्योगमा नयराज पन्त लागे र वि.सं. २००२ सम्म त्यसका तीन कापी तयार भइसकेका थिए । त्यसै वेलातिर सो पुस्तक सिद्ध्याई प्रकाश गराउने उनको विचार थियो । उनको हृदयमा बाबुराम आचार्यउपर त्यसताका अत्यन्त आदर भएकोले लिच्छविकालका उत्कीर्ण लेखसम्बन्धी आफ्नो ग्रन्थ बाबुरामलाई समर्पण गर्ने विचारले उनले संस्कृतमा पद्यसमेत बनाइसकेका थिए (नयराज पन्त २०२९क : १२७–१२८) ।

आफ्ना भक्त विद्वान् नयराजको पुस्तक छापिनु बाबुराम आचार्यको पनि अभीष्ट थियो । सूर्यविक्रम ज्ञवालीले *पृथ्वीनारायण शाह* (१९९२) र *अमरसिंह थापा* (२०००) लेख्दा बाबुरामले उनलाई धेरै मद्दत गरेकाले उनीसँग बाबुरामको त्यसताका निकै बाक्लो सम्बन्ध थियो । सूर्यविक्रमसँग नयराजको पनि बनारसमा पढ्न बस्दाखेरिदेखि नै चिनजान थियो । त्यसैले दार्जीलिङको नेपाली साहित्य सम्मेलनसँग सूर्यविक्रमको सम्बन्ध भएको र नेपालको इतिहाससम्बन्धी उनका पुस्तक त्यहाँबाट छापिएकाले नयराजले तयार गरेको लिच्छविकालका उत्कीर्ण लेखको पुस्तक पनि दार्जिलिङबाट छाप्ने कुरा भयो । सूर्यविक्रमले लेखेका शाह राजाहरूका जीवनचरित्रमा यसबीच यहाँ एक प्रकारको बन्देज लाग्यो र नेपाली साहित्य सम्मेलन राणाराज्यको कालो सूचीमा पऱ्यो । यसैले लिच्छविकालका उत्कीर्ण लेखको पुस्तक छाप्ने नयराजको इच्छा त्यसै तुहियो (पन्त २०६४ : ११–१२) ।

नेपालको इतिहासमा नयराज पन्तले गरेको अन्वेषणका केही अंश वि.सं. २००९ देखि उनका शिष्यप्रशिष्यका नाउँमा खण्डशः छापिन थालेका *इतिहास-संशोधन*पत्रमा र वि.सं.

२०१० देखि *संस्कृत-सन्देश*मा खुद नयराजको, बाबुराम आचार्यको र उनको तथा उनका शिष्यप्रशिष्यका नाउँमा आउन थाल्यो। त्यस वेलासम्म प्रकाशमा नआएका लिच्छविकालका चारओटा उत्कीर्ण लेख बाबुराम र नयराजको संयुक्त नाममा र त्यति नै सङ्ख्याका उत्कीर्ण लेख नयराजका शिष्यप्रशिष्यको नाउँमा *संस्कृत-सन्देश*मा छापिए। वि.सं. २०१८ देखि संशोधन-मण्डलले तीन वर्षसम्म त्रैमासिक रूपमा *अभिलेख-संग्रह* र वि.सं. २०२१ देखि तीन-तीन महिनामा *पूर्णिमा* पत्रिका छाप्न थालेपछि लिच्छविकालका उत्कीर्ण लेख कुनै नयाँ र कुनै नयराजले नै खोजी, पढी तथा उल्था गरी राखेका छापिन थाले।

यी सबै अन्वेषण र प्रकाशनको परिबृंहित रूप नै धनवज्रलाई अतिप्रसिद्ध पार्ने, जापानीमा पनि उल्था भइसकेको (साएगी सन् १९९९) *लिच्छविकालका अभिलेख* (वज्राचार्य २०३०) हो। भनाइको मतलब, वि.सं. १९९६ देखि चलेको लिच्छविकालका उत्कीर्ण लेखको अन्वेषण र परिशीलन गर्ने कामको परिणति वि.सं. २०३० मा छापिएको धनवज्रको *लिच्छविकालका अभिलेख* हो र त्यसमा धनवज्रको मात्र होइन, नयराजको धेरै र उनका अरू शिष्यप्रशिष्यको पनि धेरथोर पसिना चुहिएको छ। यो कुरा बुझ्नेले बुझेका पनि छन् (तमोट २०३१ : १५–१६)।

गुरुले चिताए जति विद्या हासिल गर्न नसके पनि संशोधन-मण्डलको परिपाटीबाट शिक्षा पाएका धनवज्रलगायत नयराज पन्तका चेलाहरूले नेपालको विद्यासम्बन्धी इतिहासमा युगान्तकारी काम गरे। नयराज र उनका शिष्यप्रशिष्यले नेपालको इतिहासको खोजी गर्नुभन्दा अगाडि छापिएका इतिहासका चलनचल्तीका साधारण पुस्तक र अहिले बजारमा चलिरहेका पुस्तक दाँजेर हेर्ने हो भने त्यसको धेरैजसो भाग गुरु र उनका शिष्यप्रशिष्यको खोजीबाटै निस्केको हो।

"युनिभर्सिटी-इन्टेलेक्चुअल" अर्थात् मेरो परिभाषामा कीर्तिपुरका अल्पपठित अध्यापकहरूको माझ धनवज्र नायक भए। "उनको सबभन्दा नराम्रो अरू कसैको सबभन्दा राम्रोभन्दा राम्रो छ" भनी विलियम हेज्लिटले लेखे जस्तै धनवज्रको साधारण ज्ञान पनि अरूको लागि अहो भयो। त्रिभुवन विश्वविद्यालयमा जागिरे, इतिहासका अन्य अध्यापक-अन्वेषकभन्दा धनवज्रको ल्याकत कता हो कता माथिल्लो भए पनि प्रचलित पद्धतिबाट उनी पराजित हुन पुगे। त्यही पराजयको विषादले गर्दा उनी क्रमशः आधिव्याधिले ग्रस्त भई अकालमै कीर्तिशेष हुन गए।

२५

नेपालमा पुराविद्याको खोजी

यस लेखको शीर्षकमा परेको पुराविद्या शब्दको परिभाषा उठानमै गर्नु आवश्यक छ। कोषमा यो शब्द चढेको देखिँदैन र अरूहरूले पनि यसको प्रयोग गरेको आँखामा परेको छैन। यो शब्द मैले *राजधानी* दैनिकमा वि.सं. २०७० साउन १ गते छापिएको लेख (पन्त २०७०ख) मा प्रयोग गरेको थिएँ। पुराविद्याको शब्दशः अर्थ पुरानो विद्या हो। त्यस लेखमा मैले पुराविद्याको परिभाषा नगरे पनि यसअन्तर्गत सोसल साइन्सेज अर्थात् आजभोलिको नेपालीमा सामाजिक शास्त्र कहिने विद्याभित्र पर्ने इतिहास, संस्कृतविद्याका केही हाँगाबिँगा तथा कुनैकुनै प्राचीन भाषाको चर्चा गरेको छु। मेरो परिभाषामा पुराविद्याको अर्थ संस्कृतविद्या तथा स्रोत जति संस्कृतमा भएकोले नेपालको प्राचीन इतिहास, संस्कृतबाट निस्किएका भाषा र मूलतः संस्कृत भाषाको परिवारमा नपरे पनि पछि गएर संस्कृत भाषाबाट पूरै प्रभावित भाषाहरूको परिशीलन हो। यो छोटो लेखमा पुराविद्याका सबै विषयमा नेपालमा भएको कामबारे परख गर्न सम्भव नभएकोले अहिलेका लागि राजनीति-इतिहास, लिपि र प्रतिमालक्षण अर्थात् देवदेवीको रूपको वर्णन गरिएको शास्त्रसम्बन्धी खोजीको विषयमा मात्र केही चर्चा गरिन्छ।

विक्रम संवत् २००९ असोज ५ गते छापिएको एउटा पुस्तिकाको शीर्षक थियो— *इतिहास-संशोधन, संख्या १ : इतिहासकारहरूको असावधानीले गर्दा छोरा बाबु, बाबु छोरा भएर कान्तिपुरे मल्ल राजाहरूको वंशमा गडवडी हुँदा त्यस भ्रमको प्रमाण सहित निराकरण*। राणा शासन ढलेको १९ महिनापछि छापिएको यस पुस्तिकाको प्रकृति त्यसताका बहुधा छापिने पुस्तिकाको भन्दा नितान्त फरक थियो। त्यसताका यस्ता पुस्तिका-पर्चा राजनीतिसम्बन्धी अथवा राजकाज गरिरहेकाको समर्थन वा विरोधमा निस्कन्थे, तर यो

पुस्तिकाचाहिँ ऐतिहासिकका रूपमा प्रतिष्ठितहरूको लेखाइमा परेका गल्तीको विषयमा थियो ।


इतिहास संशोधन
[संख्या १]
इतिहासकारहरूको असावधानीले गर्दा छोरा
बाबु, बाबु छोरा भएर कान्तिपुरेमल्ल-
राजाहरूको वंशमा गडबडी
हुँदा त्यस भ्रमको
प्रमाण सहित
निराकरण

लेखक र प्रकाशकः—
केशवमणि आ. दी.
महेन्द्रनाथ अधिकारी.
सुरेन्द्रनाथ अधिकारी.
२००९ । ६ । ५

तस्वीर २५.१ : इतिहास संशोधन [संख्या १] को पहिलो पृष्ठ ।

यो पुस्तिका छापिएको तेह्रौँ दिनमा अर्को एउटा पुस्तिका बजारमा आयो—*कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या, १ संख्या, राणाराज्यमा कौटल्यको विचार* । विभिन्न सिद्धान्तको आधारमा इतिहासको व्याख्या गर्ने परम्पराअनुरूप मार्क्सवादको दृष्टिले इतिहासको व्याख्या गरिए जस्तै *कौटलीय अर्थशास्त्र*को दृष्टिले नेपालको इतिहासको व्याख्या गर्ने उपक्रम यो दोस्रो पुस्तिकाबाट भयो । इतिहासको यस्तो व्याख्या पश्चिमबाट अनाक्रान्त विद्वत्ताको परिणाम थियो ।

पहिलो पुस्तिकाका लेखक र प्रकाशक केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी, सुरेन्द्रनाथ अधिकारी र दोस्रो पुस्तिकाका लेखक भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र



श्रीः

कौटलीय अर्थशास्त्रको
ऐतिहासिक व्याख्या

१ संख्या

नीतिशास्त्रामृतं श्रीमानर्थशास्त्रमहोदधेः ।
य उद्दध्रे नमस्तस्मै विष्णुगुप्ताय वेधसे ॥
[कामन्दकः]

[समुद्र जस्तो अर्थशास्त्रबाट अमृत जस्तो नीतिशास्त्र जसले निकाले, प्रजापति जस्ता श्री कौटल्यलाई नमस्कार छ]

लेखक र प्रकाशक---
भोलानाथ पौडेल
धनवज्र वज्राचार्य
ज्ञानमणि नेपाल

मूल्य।६

२००६।६।१७।५

सरस्वती प्रेस, महाबौद्ध, माईगल्ली, चोकमित्र ।

तस्वीर २५.२ : कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या १ *संख्याको पहिलो पृष्ठ ।*

ज्ञानमणि नेपाल हुन्। यीमध्ये सबभन्दा पाका भोलानाथ पौडेल र सबभन्दा कान्छा सुरेन्द्रनाथ अधिकारी हुन्। यी पुस्तिका निस्कँदा भोलानाथको उमेर ३१ वर्षको थियो, धनवज्रको उमेर २० वर्ष र ज्ञानमणिको उमेर १९ वर्ष थियो। बाँकी तीन जना मध्ये केशवमणि १८ वर्षका, महेन्द्रनाथ १७ वर्षका र सुरेन्द्रनाथ पनि त्यस्तै-त्यस्तै उमेरका थिए।

नेपाल खाल्डोको समशीतोष्ण हावापानीले गर्दा होला संस्कृतवाङ्मयका पुस्तकका प्राचीनतम प्रति यहाँ सुरक्षित छन्। *शुक्लयजुर्वेदसंहिताको*, *वाल्मीकीय रामायणको*, *महाभारतको* र आयुर्वेदीय शल्यतन्त्र अर्थात् चिरफारसम्बन्धी *सुश्रुतसंहिताको* पुस्तक यसका केही उदाहरण हुन्। नेपाल खाल्डोमा पुस्तक सार्ने व्यवसाय प्राचीनकालदेखि चल्दै आएकाले यहाँका शाक्य-वज्राचार्य प्राचीन लिपिबाट पूरै अनभिज्ञ थिएनन्। हजार वर्ष अगाडिसम्मका यहाँ चलेका लिपि पढ्ने र त्यस्ता लिपिमा लेखिएको कुरा चलनचल्तीको लिपिमा उतार्ने काम उनीहरू मजासँग गर्थे। भारतमा जस्तो पुरानो लिपि यहाँ पूरै नबिर्सिए

पनि हजार वर्षभन्दा अगाडिका लिपि पढ्न भने शाक्य-वज्राचार्य धरमराउँथे । तथापि, काम पर्दा उनीहरू लिच्छविकालका शिलालेख पनि जसोतसो गरी हाट्टहुट्ट पढ्थे भन्ने कुरा गुठीअड्डामा सङ्गृहीत उनीहरूले पढेका पाठबाट थाहा पाइन्छ ।

मौर्य सम्राट् अशोकले भारतवर्षभर ठाउँठाउँमा ढुङ्गाका खम्बामा र चट्टानमा कुँदाएका आफ्ना धर्मलिपिमध्ये पञ्जाबको अम्बाला जिल्लाको टोपरा तथा मिरात भन्ने ठाउँमा ढुङ्गे खम्बामा कुँदिएका धर्मलिपि पनि पर्छन् । दिल्लीका सुल्तान फीरोज शाह तुगलकले ती दुई ओटा स्तम्भलेख दिल्लीमा ल्याई ठड्याए । भारतमा प्राचीन लिपि पढ्ने परम्परा धेरैअगाडि टुटिसकेकाले तिनमा के लेखिएको रहेछ भन्ने थाहा पाउन फीरोज शाहले धेरै विद्वान्लाई भेला गराई ती स्तम्भलेख पढाउन कोशिश गरे, तर सफल भएनन् । मुगल बादशाह अकबरले पनि यसै गरी ती स्तम्भलेख पढाउन खोज्दा उनले पनि सकेनन् (ओझा १९७५ : भूमिका २) । भारतमा अङ्ग्रेजी शासन दरो हुँदै आएपछि पुराविद्याको अन्वेषण गर्ने प्रथा चल्यो र कलकत्तामा यस उद्देश्य पूर्तिको लागि वि.सं. १८४० मा एशियाटिक सोसाइटीको स्थापना भई भारतमा प्राचीन लिपिमा लेखिएका शिलालेख आदिको अन्वेषण शुरू भयो ।

नेपालमा चाहिँ शाक्य-वज्राचार्यले पुस्तक सार्ने पेशा लिएकाले लिपिको ज्ञान केही मात्रामा बचे पनि पुराविद्याको अन्वेषणको परम्परा भने पछि मात्र बस्यो । यहाँ पुराविद्याको अन्वेषण गर्न आउने विदेशी विद्वान्हरूलाई यी शाक्य-वज्राचार्यले लिपि पढ्ने काममा धेरथोर मद्दत पुऱ्याउँथे । उदाहरणका लागि, सिल्विं लेवीले नेपालका शिलालेखहरूको खोजी गर्दा सिद्धिहर्ष वज्राचार्यले मद्दत गरेका थिए ।

नेपालीहरू आफै अघि सरेर आफ्ना लागि शोध, अनुसन्धानको काम गरेको भने पाइँदैन । यस परम्परामा व्यतिक्रम हेमराज पण्डितबाट भयो । वि.सं. १९९२ मा पूना शहरको भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरको पत्रिकामा *महाभारत*सम्बन्धी लेख प्रकाश गरेर उनले पुराविद्याको अन्वेषणको काम शुरू गरे । ताडपत्रमा प्राचीन नेवारी लिपिमा सारिएको अष्टाङ्ग आयुर्वेदको एक अङ्ग कौमारभृत्य अर्थात् प्रसूति र बालरोग-विद्याको प्राचीन ग्रन्थ *काश्यपसंहिता*को प्रकाशन पुराविद्याको क्षेत्रमा हेमराजको ठूलो अवदान हो । त्यो *काश्यपसंहिता* उनले लेखेको विस्तृत उपोद्घातसहित वि.सं. १९९५ मा बम्बईबाट प्रकाशित छ । उनको त्यो उपोद्घात एक प्रकारले आयुर्वेदको इतिहासै बन्न गएको छ (हेर्नुहोस्, यसै पुस्तकको अध्याय १२) । नेपालको इतिहासको खोजी गर्ने उपक्रम पनि उनले गरेको कुरा गोरखाको इतिहाससम्बन्धी टिपोटबाट थाहा पाइन्छ (दिनेशराज पन्त २०६५) । यसरी नेपालमा पुराविद्याको जग हाल्ने काम हेमराजबाट भयो भन्दा अत्युक्ति हुँदैन ।

हेमराजपछि बाबुराम आचार्य नेपालको इतिहासको खोजीतिर लागे (हेर्नुहोस्, यसै पुस्तकको अध्याय १३) । बाबुरामको अन्वेषण स्वान्तःसुखाय थियो । उनलाई न सरकारी न अरू कसैको सहयोग थियो, उल्टो अवरोध थियो । आफ्नै इच्छाले नेपालको इतिहासको

खोजी गर्न थाले पनि उनका लेखमा प्रमाणका साथै गल्पको पनि प्राबल्य रह्यो । त्यही परम्परामा दार्जीलिङका सूर्यविक्रम ज्ञवालीले गोरखालीहरूको वीरगाथा गाउन थाले (हेर्नुहोस्, यसै पुस्तकको अध्याय १७) । यसरी नेपालीहरूले आफ्नै लागि इतिहासको खोजी गर्न थाले पनि पूरै प्रमाणकोटिमा चढ्ने ढङ्गले काम अगाडि बढेको थिएन ।

आफ्नो परीक्षाको प्रश्नपत्रमा समेत गल्ती भेट्टाउन सक्ने ल्याकत भए पनि आफ्नो पढाइ अपूरो भएको अनुभव गरेका नयराज पन्तले वि.सं. १९९५ मा पढाइ सिद्ध्याई बनारसबाट फर्केपछि आफूले विचार गरेको ढङ्गले पढाउन भनी वि.सं. १९९७ देखि संस्कृत पाठशाला चलाउन थाले । चलनचल्तीको पढाइमा तीन खण्डको एक खण्ड मात्र पढे पनि परीक्षा उत्तीर्ण गर्न सकिने भएकाले समग्र पाठ्यवस्तु उपस्थित गराई विद्यार्थीहरूलाई योग्य बनाउनु त्यस पाठशालाको उद्देश्य थियो । हुन पनि त्यस पाठशालामा २।३ वर्ष मात्र पढेका विद्यार्थीको पनि आफ्नो जन्मभाषामा जस्तै संस्कृत भाषामा अधिकार भएको कुराको अनुभव पारखीहरूले गरिसकेका थिए । संस्कृत भाषामा यसरी अधिकार भएपछि ती विद्यार्थीहरूलाई नेपालको इतिहासका आकरमा उपयोग गरिएका थरीथरीका लिपि सिकाउने काम भयो । नेपालको इतिहासका सयौँ वर्षका आकर खास गरी संस्कृत भाषामा भएकाले संस्कृत जानिसकेका ती विद्यार्थीहरू लिपि चिनेपछि ती उपकरण पढ्न र तिनको अर्थ गर्न सक्ने भए । ती विद्यार्थीमध्ये केही नेवार भएकाले तिनीहरूले र तिनीहरूको सङ्गतले अरू विद्यार्थीले पनि नेवारीमा लेखिएका आकरको समेत अर्थ क्रमशः गर्न थाले । पुरानो नेवारीमा लेखिएका आकरमा भएका तथ्य पनि यसरी बिस्तारै खोतलिन गयो । अघिबाटै केही ज्यौतिष पढेका विद्यार्थीहरूले इतिहासका आकरमा पाइएका तिथिमिति जाँच्ने काम गर्न थाले । वि.सं. २००९ देखि नेपालको इतिहाससम्बन्धी पुस्तिका निकाल्ने यी छवै जना नयराजले खोलेको त्यही पाठशालाका विद्यार्थी थिए ।

नेपालको इतिहाससम्बन्धी यस्ता पुस्तिका वा पर्चा यी छ जना विद्यार्थीलगायत अरू १५ जना विद्यार्थीले प्रकाश गर्न थाले । त्यसले गर्दा चलनचल्तीको ढङ्गले इतिहास पढेका मानिसहरू खासमा केही जान्ने रहेनछन् भन्ने भाव जनमानसमा पर्न गयो । यी *इतिहास-संशोधन*मा पहिले थाहा नभएका प्रशस्त कुरा भएकाले नेपालको इतिहासको खोजीले एकदमै फड्को माऱ्यो । वि.सं. २०१८ देखि संशोधन-मण्डलको नाउँले यिनीहरूले काम गर्न थाले । नयराज पन्तको यस कामले गर्दा कमसेकम विद्याको एउटा हाँगामा गुरुकिल्ली पश्चिमबाट फर्केर नेपाल आयो । नयराज र उनका चेलाचपेटाको अन्वेषण प्रकाशमा आउनुभन्दा अगाडि नेपालको इतिहासको खोजीमा विदेशी विद्वान्हरूको आधिपत्य थियो, अब रोमका रेन्यरो न्योलि र लूछ्याह्रो पेतेकका लेखमा भन्दा काठमाडौँका नयराज र उनका शिष्य धनवज्रहरूका लेख बढी प्रामाणिक हुन्छन् भन्ने जनविश्वास बढ्यो । खुद पेतेकको मध्यकालको नेपालको इतिहासको दोस्रो संस्करण (सन् १९८४) का पाना पल्टाए

मात्र पनि यो कुरा छर्लङ्ग हुन्छ । संशोधन-मण्डलको काम अद्यापि चल्दैछ र त्यहाँबाट प्रकाशन हुने इतिहासप्रधान त्रैमासिक पत्रिका *पूर्णिमा*का १४४ पूर्णाङ्क छापिइसकेका छन् ।

तस्वीर २५.३ : डल्लुमा हाल संशोधन-मण्डलको अड्डा (सौजन्य : रोशनी श्रेष्ठ) ।

वि.सं. २०१४ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान र वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यालय खुलेपछि नेपालमा संस्थागत रूपले पुराविद्याको अन्वेषण गर्ने क्रम बस्यो । मैले सम्झेसम्म प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित पुराविद्यासम्बन्धी पहिलो कृति सूर्यविक्रम ज्ञवालीको वि.सं. २०१९ मा निस्केको *नेपाल उपत्यकाको मध्यकालीन इतिहास* हो । त्यस पुस्तकको तहको विषयमा संशोधन-मण्डलबाट निस्केका थरीथरीका *इतिहास-संशोधन* र *सावधान-पत्र* हेरे पुग्छ ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट नेपालको इतिहाससम्बन्धी अर्को कृति पनि प्रकाशमा आएको थियो—प्रज्ञा-प्रतिष्ठानकै खर्चमा तयार भएको सत्यमोहन जोशीको *कर्णाली लोक संस्कृति-इतिहास*, खण्ड १ (२०२८) । तर, त्यस पुस्तकमा वि.सं. २०२२ मा छापिएको धनवज्र वज्राचार्यको एउटा लेखमा भए जति तथ्य पनि समेटिन सकेको छैन (वज्राचार्य २०२२) ।

विश्वविद्यालय खुलेपछि बिस्तारै एम.ए. र पीएच.डी.का थेसिस लेख्ने क्रम शुरू भयो । एम.ए. थेसिसको त कुरै छाडौँ, पीएच.डी. थेसिसमा पनि नयाँ कुराको खोजी अथवा नयाँ

व्याख्या थोरै नै पाइन्छ । यस्तो हुनुको मूल कारण प्राचीन भाषा र लिपिको पढाइ नहुनु हो । आजभोलि लिपिको सामान्य ज्ञान दिइन थाले पनि नेपालको प्राचीन र मध्यकालका आकरको भाषा संस्कृत भए पनि त्यो पढ्दै नपढी विद्यार्थीहरूको प्राचीन इतिहासको पढाइ टुङ्ग्याइन्छ ।

त्यसैले प्रचलित शिक्षा पद्धतिबाट पुराना लिपि र भाषामा अधिकार नहुने हुनाले त्यो शिक्षा पाएका मानिसहरूले पुराना अभिलेखको पाठ पढ्दा वा त्यसको उल्था गर्दा हुने गल्तीको बयान गरी साध्य छैन । अन्यापेक्षया एउटा नयाँ कृतिबाट त्यसको सामान्य दृष्टान्त यहाँ दिइन्छ ।

लिच्छविकालका त कुरै छोडूँ, मल्लकालका अभिलेख पनि उतार्न सक्ने ल्याकत अन्वेषकहरूमा छैन भन्ने कुराको टड्कारो नमूना वि.सं. २०६० मा प्रकाशित वीणा पौड्यालको *सर्वेश्वर महादेव*मा छापिएका अभिलेखमा पाइन्छ । स्थितिराज मल्लको पालाको ने.सं. ५१२ तदनुसार वि.सं. १४४९ वैशाख कृष्णषष्ठी आदित्यवारको मिति भएको शिलापत्र पहिल्यै छापिइसकेको हो । त्यो शिलापत्र नेपाल खाल्डोमा पाइएका देवनागरी लिपिका प्राचीनतम नमूनामध्ये एउटा हो (महेशराज पन्त २०६९ : १०४–१०६) । यो शिलापत्र सबभन्दा पहिले वि.सं. १९४२ मा सेसिल बेण्डलले आफ्नो यात्रा वर्णनमा फ्याक्सिमिलिसहित छपाएका हुन् (बेण्डल सन् १८८६ : ८३–८५) । मूलको आराधितो महादेवस्तेन कुंभेश्वरः स्मृतः (शिलापत्रका १०–११ पङ्क्ति) *सर्वेश्वर महादेव* (पौड्याल २०६० : १८०) मा आराधितो महादेव स्तमे कंभेश्वर स्मृतः भई छापिएको छ । *सर्वेश्वर महादेव*मा छापिएको पाठबाट मूलको आशय राम्रोसँग नबुझिने स्पष्ट छ । मूलको दाता (१७ पङ्क्ति) *सर्वेश्वर महादेव*मा हाता (पौड्याल २०६० : १८१), मूलको पुत्रोत्तमोयं गुणवर्म्मणोऽसौ साक्षात् हरिश्चन्द्र इवैष धीरः (१७–१८ पङ्क्ति) *सर्वेश्वर महादेव* (पौड्याल २०६० : १८१) मा पुत्रोत्तमोयं गणवर्म्मणेऽसौ साक्षात् हरिश्चन्द्रवैष धीर भई आएको छ । यी त दृष्टान्त मात्र हुन्, मूलसँग दाँज्दा *सर्वेश्वर महादेव*मा यस्ता अपपाठ छयास्छयास्ती पाइन्छन् । प्रतिष्ठित अन्वेषकहरूमा समेत मूलबाट अभिलेख पढ्न सक्ने योग्यता त कता हो कता अरूले छपाइसकेको अभिलेख उतार्नसम्म सक्ने क्षमता पनि छैन भन्ने यसले इङ्गित गर्छ । यस्ता अन्वेषकहरूले अभिलेखहरूबाट उतारेका पाठ विश्वसनीय हुँदैनन् र ती अभिलेख आफैले नहेरी तिनमा के लेखिएको छ भन्ने कुरा थाहा पाउन सकिँदैन । यस्तो खालको अन्वेषणबाट खालि फलानो ठाउँमा फलानो अभिलेख रहेछ भन्नेसम्म खबर मात्र पाठकले पाउँछ र अर्को अन्वेषक त्यही ठाउँमा गएर शुरूदेखि अन्त्यसम्म आफैले अभिलेख पढ्नमा मात्र उत्प्रेरित हुन्छ ।

मूलधारको इतिहासको पढाइ कति कमजोर छ भन्नेकुराको अर्को सानो उदाहरण हेरौं । वि.सं. १७२९ मा भक्तपुरका राजा भई वि.सं. १७५३ मा राज्य छोडी वि.सं. १७६५

मा परलोक भएका जितामित्र मल्लको मुकुटलाई करिबकरिब चार सय वर्ष पुरानो भनी मिति तोक्ने; पाचौँ जर्जकी हजुरमुमा इङ्ल्याण्डकी महारानी भिक्टोरियालाई पाचौँ जर्जकी रानी (नेपाल समाचारपत्र २०७० : ५) भन्ने पुरुषसम्पद् भएको हनूमान्ढोकाको ढुकुटीको तालिका तयार गर्न खटिएका विद्वान् भनाउँदाहरूको टोलीको विषयमा प्रसङ्गवश वि.सं. २०७० साउन १५ गतेको *राजधानी*मा मैले लेखेको थिएँ (महेशराज पन्त २०७०ग : ७) । फेरि हनूमान् ढोकाको ढुकुटीको विषयमा लेख्दा १३ महिनाअगाडि गरिएका गल्ती दोहरिएको (ढकाल २०७१ : १, ९) देख्दा इतिहाससम्बन्धी पुरुषसम्पत् कति कमजोर छ भन्नेकुरा छर्लङ्ग हुन्छ ।

अब प्रतिमालक्षणसम्बन्धी खोजीको विषयमा पनि केही लेखूँ । संस्कृतविद्याको परम्परा उच्छिन्नप्रायः भएको र त्यसमाथि प्रतिमालक्षणको पठनपाठनको परम्परा छुटिसकेको यस अवस्थामा पाश्चात्त्यविद्याबाट अनुप्राणित, संस्कृत भाषा र विद्यामा त्यति पकड नभएका मानिसहरूले प्रतिमालक्षणका प्राचीन ग्रन्थहरूको सम्पादन गर्न बस्दा त्यसको फल त्यति राम्रो भएन । उदाहरणको लागि, भारतीय वास्तुविद्याको इतिहासका ख्यातनामा विद्वान् प्रसन्नकुमार आचार्यले गरेको *मानसार*को सम्पादन (आचार्य सन् १९३४ए) र उल्था (आचार्य सन् १९३४बी) कै कुरा गरूँ । सामान्य संस्कृत जान्ने मान्छेले भेट्टाउने जस्ता अशुद्धिको संशोधन उनले कोष्ठभित्र गर्ने प्रयास त गरेका छन्, तर धेरै ठाउँमा उनले त्यसै लत्तो छाडिदिएका छन् (महेशराज पन्त २०६६क : १०५–१०८) । प्रसन्नकुमारभन्दा २४ वर्षपछि यस विषयमा पुस्तक प्रकाश गर्ने द्विजेन्द्रनाथ शुक्ल (सन् १९५८) ले प्रसन्नकुमारले कोष्ठमा पढेको पाठ नै आँखा चिम्लेर मानेका छन् । त्यति मात्र होइन, अर्का एक जना पूर्वसूरिले संशोधन गरेअनुसार एक ठाउँमा उनले पाठ सच्च्याएको र अर्को ठाउँमा त्यही पाठ नसच्च्याएको देख्दा हल्का तवरले उनले काम गरेको देखिन्छ (महेशराज पन्त २०६६क : ९६) । बडोदाको प्राच्यविद्यासम्बन्धी संस्थाबाट प्रकाशित *अपराजितपृच्छा* (मंकड सन् १९५०) को सम्पादन पनि गतिलो छैन (महेशराज पन्त २०६६क : ९६) ।

ब्रुनो दान्येले सम्पादन र उल्था गरेको *मयमत*को विषयमा पनि यसै प्रसङ्गमा केही कुरा गर्नु उपयुक्त हुन्छ । दान्येले सम्पादन गरेको *मयमत*का दुवै संस्करणमध्ये अघिल्लो संस्करण (दान्ये सन् १९७६) भन्दा पछिल्लो संस्करण (दान्ये सन् १९९४) भ्रष्ट देख्दा त्यसबाट कपिला वात्स्यायनको मातहतमा चलेको कलासम्बन्धी इन्दिरा गान्धी राष्ट्रिय केन्द्रको स्तर मात्र खुल्दैन कि एउटै रचयिताको उही कृतिका संस्करणको पनि प्रकाशकअनुसार स्तर फरक हुँदो रहेछ भन्ने देखिन्छ । *मयमत*को केही वर्षअगाडि मात्र बनारसबाट छापिएको हिन्दी उल्था (पाण्डेय सन् २००७) ले त ठाउँठाउँमा भ्रम नै पार्छ (महेशराज पन्त २०६६क : ९६–९७) ।

टी.ए. गोपीनाथ रावले प्रतिमालक्षणका ग्रन्थबाट उद्धरण गरेका अंशको भाषा शुद्ध भए पनि कुन-कुन पुस्तकका आधारमा उनले पाठसम्पादन गरेका हुन् त्यो कुरा नखुलाएकाले

(सन् १९१४) ती पाठमा वैयाकरणको कैंची चलेको अडकल गर्न सकिन्छ (महेशराज पन्त २०६६क : ९७)।

संस्कृत भाषा र विद्यामा त्यति पकड नभएका मानिसहरूले गरेको सम्पादन मात्र होइन, दान सोहर्नु र ग्रन्थ सम्पादन गर्नुलाई समदृष्टिले हेर्ने संस्कृतज्ञ पण्डितहरूको काम पनि राम्रो हुँदैन भन्ने कुराका उदाहरणका लागि बुद्धिसागर पराजुलीको मातहतमा पहिले वीर पुस्तकालय र पछि त्यही पुस्तकालय राष्ट्रिय अभिलेखालयमा परिणत भएपछि त्यहाँबाट प्रकाशित हुन थालेका लेखोट पुस्तकहरूका सूचीपत्रहरूमा र संस्कृतका प्राचीन ग्रन्थ—कृष्णप्रसाद भट्टराईले सम्पादन गरेको छोडेर—हेरे पुग्छ। यसको मतलब बुद्धिसागर पछिका अभिलेखालयका हाकिमहरूको मातहतमा छापिएका पुस्तकका तह माथिल्लो छ भन्न खोजेको होइन, तिनको तह त जतिजति पछि भयो, झन् झन् खस्कँदै गएको छ।

वीर पुस्तकालयबाट प्रकाशित *प्रतिष्ठालक्षणसारसमुच्चय* (शर्मा २०२३, २०२५) बाटै कुरा उठाऊँ। यस पुस्तकको सम्पादन ज्यादै नै भ्रष्ट छ भन्ने कुरा त्यसका पत्रपत्रबाट देखिन्छ।[१] *प्रतिष्ठालक्षणसारसमुच्चय*को छैटौँ विधि अर्थात् अध्यायको पाठ र राष्ट्रिय अभिलेखालयबाट छापिएको संस्करणमा उपयोग गरिएका सात थरी लेखोट पुस्तकमध्ये एउटा पुस्तक (राष्ट्रिय अभिलेखालय चौथो लगतको ३३१ सङ्ख्या) बाट त्यस विधिको फोटोसमेत हाली *प्रतिष्ठालक्षणसारसमुच्चय*को विषयमा एउटा पुस्तक वि.सं. २०४७ मा टोकियोबाट छापियो (ब्यूह्लेमन र ताचिकावा सन् १९९०)। जर्मन संस्कृतज्ञ र जापानी संस्कृतज्ञ मिली तयार गरेको यस पुस्तकमा राष्ट्रिय अभिलेखालयबाट छापिएको पाठ भ्रष्ट छ भनी थाहा पाउँदा-पाउँदै पनि (ताचिकावा सन् १९९० : प्रिफेस) मूलपाठको पुनःसम्पादन गर्ने कष्ट गरिएको छैन र राष्ट्रिय अभिलेखालयबाट छापिएको त्यही अशुद्ध पाठकै फोटोकपी गरी चित्त बुझाइएको छ।

यतिसम्मका कुराबाट पुराविद्याका केही शाखाप्रशाखाका खोजीको विगत र वर्तमान अवस्था स्पष्ट हुनुपर्छ।

[१] जर्मन प्राच्यविद्यापरिषद्ले नेपालको राष्ट्रिय अभिलेखालयमा रहेका लेखोट पुस्तकहरूको माइक्रोफिल्म गर्न भनी आफूलाई खटाएपछि नेपाल आउन लाग्दा त्यही *प्रतिष्ठालक्षणसारसमुच्चय*को पुस्तक देखाएर यस्तो अशुद्ध पुस्तक छाप्ने अड्डामा तिमी काम गर्न जान लागेको भनेर आफ्ना गुरु मार्बुर्ग विश्वविद्यालयका संस्कृतका प्रोफेसर विल्हेल्म राउले भन्नुभयो भनी कील विश्वविद्यालयका संस्कृतका प्रोफेसर बेर्नहार्त कोल्फरले पछि मलाई सुनाएका थिए।

सन्दर्भ सामग्री

अधिकारी, वद्रीनाथ र हरिनाथ ढुङ्गेल । २०२९ । *पण्डितराज श्रीसोमनाथशर्मणो जीवनचरितम्* । काठमाडौँ : ललितादेवी सिग्देल ।

अधिकारी, सूर्यमणि । २०४५ । *तनहूँको इतिहास* । चितवन : चन्द्रप्रभा प्रकाशन ।

अन्धवेग – हेर्नुहोस्, जङ्गबहादुर राणा १९९६ ।

अम्बालिकादेवी । २०६६ । *राजपूत रमणी* । २ आवृत्ति । काठमाडौँ : नइ प्रकाशन ।

अर्ज्याल, मुकुन्दराज, सं. । २०५९ । *पं. अमृतानन्द शाक्यको धर्मकोश-सङ्ग्रह* । काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

आ.दी., केशवमणि, महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारी । २००९ । *इतिहास संशोधन* (संख्या १) । काठमाडौँ : केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारी ।

आचार्य कौण्डिन्न्यायन, शिवराज । २०४८ । *कतिपयनेपालसंस्कृतग्रन्थकार-परिचयः* । काठमाडौँ : स्वाद्ध्यायशालाकुटुम्ब ।

आचार्य, जयराज । २०५९ । *यदुनाथ खनाल : जीवनी र विचार* । काठमाडौँ : साझा प्रकाशन ।

आचार्य, दिवाकर । २०५४क । मध्यकालमा नेपाल आएका योगी शङ्कराचार्य होइनन् । *ऋतम्भरा* २ : ७६–८८ ।

आचार्य, दिवाकर । २०५४ख । मध्यकालमा नेपाल आएका योगी शङ्कराचार्य होइनन् । *ऋतम्भरा* ३ : ८६–९६ ।

आचार्य, बाबुराम । २००२ । *तुलनात्मक सुन्दरकाण्ड* । काठमाडौँ : नेपालीभाषाप्रकाशिनी समिति ।

आचार्य, बाबुराम। २००३। *पुराना कवि र कविता*। काठमाडौं : नेपालीभाषाप्रकाशिनी समिति।

आचार्य, बाबुराम। २०१०। त्र इत्यस्य मानं ३ उत ९। *संस्कृत-सन्देश* १(३) : ४१–४२।

आचार्य, बाबुराम। २०११। श्री ५ महेन्द्र : राष्ट्रिय एकताका सूत्रधार। *श्री ५ महेन्द्र अभिनन्दन ग्रन्थ*, पृ. १७–२५। काठमाडौं : नेपाली साहित्यिक संस्थान।

आचार्य, बाबुराम। २०२२। *नेपालको संक्षिप्त वृत्तान्त*। काठमाडौं : प्रमोद शंशेर र नीर बिक्रम "प्यासी"।

आचार्य, बाबुराम। २०२४क। *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी*। १ भाग। काठमाडौं : श्री ५ महाराजाधिराजका प्रेस सचिवालय।

आचार्य, बाबुराम। २०२४ख। *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी*। २ भाग। काठमाडौं : श्री ५ महाराजाधिराजका प्रेस सचिवालय।

आचार्य, बाबुराम। २०२५। *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी*। ३ भाग। काठमाडौं : श्री ५ महाराजाधिराजका प्रेस सचिवालय।

आचार्य, बाबुराम। २०२६क। *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी*। ४ भाग। काठमाडौं : श्री ५ महाराजाधिराजका प्रेस सचिवालय।

आचार्य, बाबुराम। २०२६ख। एउटा चिठी। *नेपाली* ४१ : ६३।

आचार्य, बाबुराम र नयराज पन्त। २०१०। दुल्लुपाथरन्याउलीस्थोऽभिलेखः। *संस्कृत-सन्देश* १ (१०–१२) : ५३–५५।

आचार्य, यादव त्रिविक्रम र सोमनाथ शर्मा, सं.। १९९५। *काश्यपसंहिता*। *(वृद्ध-जीवकीयं तन्त्रं वा।) महर्षिणा मारीचकश्यपेनोपदिष्टा। तच्छिष्येण वृद्धजीवकाचार्येण संक्षिप्य विरचिता। तद्वंश्येन वात्स्येन प्रतिसंस्कृता।* मुंबई।

